# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **समालोचक जयप्रसाद ढकाल र उनका समालोचनाको अध्ययन** रहेको छ ।

## १.२ शोधार्थीको पुरानाम : कुलप्रसाद सापकोटा

## १.३ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा एम ए. दोस्रो वर्षको  दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.४ विषयपरिचय

प्रस्तुत शोधपत्रको शीर्षक "समालोचक जयप्रसाद ढकाल र उहाँका समालोचनाको अध्ययन" रहेको हुनाले समालोचक ढकालका समालोचनाहरूको अध्ययन, उहाँको व्यक्तित्व प्रतिभा तथा समालोचनात्मक कृतिलाई प्रकाशमा ल्याउने उद्देश्य नै शोधपत्रको विषय रहेको छ ।

## १.५ शोधकार्यको समस्याकथन

समालोचक जयप्रसाद ढकाल नेपाली साहित्यको आधुनिक कालका बहुलबादी व्यक्तित्व हुन् । उनको जीवनी, व्यक्तित्व र समालोचना प्राप्तिका बारेमा निरूपण गर्नु पर्ने विषयका केन्द्रमा रहेर अध्ययन गर्दा आउने समस्याहरू निम्नानुसार रहेका छन् :

क) समालोचक जयप्रसाद ढकालको विभिन्न विधाका कृतित्व सम्बन्धमा अध्ययन अनुसन्धान भएको नपाइनु ?

ख) समालोचक जयप्रसाद ढकालको लेखन यात्रा कसरी विकसित भएको छ ?

ग) समालोचक जयप्रसाद ढकालको समालोचना कृतिहरू के कस्ता छन् ?

घ) समालोचक जयप्रसाद ढकालको समालोचनागत विशेषता के के छन् ?

## १.६ शोधकार्यको उद्देश्य

समालोचक जयप्रसाद ढकाल नेपाली साहित्यको आधुनिक कालका बहुलवादी व्यक्तित्व हुन् । उनको जीवनी, व्यक्तित्व र समालोचना प्राप्तिका बारेमा निरूपण गर्नु पर्ने विषयका केन्द्रमा रहेर अध्ययन गर्दा निरूपण गर्नु पर्ने उद्देश्यहरू निम्न प्रकारका छन् :

क) जयप्रसाद ढकालको जीवनी र व्यक्तित्वका आयम  के कस्ता छन् सो को चर्चा गर्नु,

ख) समालोचक जयप्रसाद ढकालको लेखन यात्रा कसरी विकसित भएको छ भनी सो को निरूपण गर्ने,

ग) समालोचक जयप्रसाद ढकालका समालोचना कृतिहरू केकस्ता छन् ? सो को विवेचना गर्नु,

घ) समालोचक जयप्रसाद ढकालको समालोचनागत विशेषताको चर्चा गर्नु ।

## १.७ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको शीर्षक समालोचक जयप्रसाद ढकाल र उनका समालोचना कृतिको अध्ययन रहेकाले समालोचक ढकालको पारिवारिक अवस्था, शिक्षा ग्रहण, बाल्यकाल लगायतका जीवनका आरोह अवरोहका साथै विशेष गरी साहित्यको समालचेना सम्बन्धी सिर्जना तथा विवेचनाका सम्बन्धमा विभिन्न समयमा विभिन्न साहित्यकार, लेखक, पत्रकारहरूले पत्रपत्रिका तथा पुस्तकहरूमा व्यक्त गरेका विचार तथा धारणाहरू फरकफरक विषय र प्रसङ्गमा प्रकाशित भएर आएका छन् । त्यसता सामग्रीहरूको जानकारी गराउन तिनको तथ्याङ्क, लेखक र प्रकाशित मिति समेत उल्लेख गर्ने प्रयास गरिएको छ । सो को विवरणको समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ :

रोहिणीविलास लुईटेलले “मालिका” साप्ताहिकमा ‘जयप्रसाद यथार्थवादी समालोचक’ हुन् भन्ने मत प्रकट गर्दै समालोचक ढकालका पुस्तक तथा फुटकर सिर्जनाको टिप्पणी गरेर ढकाललाई मुख्यतः निबन्ध र समीक्षाका प्रतिभा हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् । (रोहणीविलास लुईटेलले, २०५१, असार ७, पृ. ६)

वासुदेव त्रिपाठीले ‘मन्तव्य’ शीर्षकमा ढकालको साहित्य र संस्कृति शीर्षकको कृतिको समीक्षा गर्दै यस ग्रन्थलाई वर्तमान समयको पढनीय ग्रन्थ भनेका छन् । यस कथनले ढकालको कृतिको पूर्णरूपमा समीक्षा गर्न सकेको छैन । (वासुदेव त्रिपाठी, २०५२, पृ. क-ठ)

दान खालिङले ‘साहित्य र संस्कृतिमा जयप्रसाद ढकाल’ शीर्षकमा  साहित्य र संस्कृतिको विवेचना गर्दै जयप्रसाद ढकालको समालोचना पद्धतिलाई यथार्थवादी समालोचना भनेका छन् । (दान खालिङ, समकालिन साप्ताहिक, २०५२, चैत्र, पृ. ६)

रविमान लमजेलले 'जयप्रसाद ढकालः साहित्य र संस्कृतिभित्र' शीर्षकमा जयप्रसाद ढकालका लेखहरूको समीक्षा गर्दै ढकाल साहित्यका फाँटमा स्वतन्त्र, बौद्धिक प्रस्तोता र इमानदार व्याख्याता भनी व्याख्या गरेका छन् । (रविमान लमजेल, समकालिन साप्ताहिक, २०५५, भदौ, पृ. ६)

गोपालप्रसाद सङ्ग्रौलाले 'झापाका चार चर्चित प्रसादः धर्म, देवी र जय' शीर्षकमा जयप्रसाद ढकालका व्यक्तित्व र कृतित्वको बारेमा टिप्पणी गर्दै उनलाई समालोचकका रूपमा दोषज्ञ भन्ने ठहऱ्याएका छन् । (गोपालप्रसाद सङ्ग्रौला, मालिका साप्ताहिक,२०५५, माघ, पृ.६)

होम जोशीले 'साहित्य र संस्कृति अद्योपान्त' शीर्षकमा समालोचक ढकाललाई विसङ्गतिवादी साहित्यको खण्डन गर्ने आलोचनाको क्षेत्रमा नयाँ दिशाको सङ्केत गर्ने साहित्यकार हुन् भनी व्याख्या गरेका छन् ।

देवी पन्थीले 'जयप्रसाद ढकालको जय होस्" शीर्षकमा उनी डी.पी. अधिकारी तथा बालचन्द्र शर्माबाट प्रभावित समालोचक हुन्, उनी प्रगतिवादी समालोचक डा. तारानाथ शर्माका "घोतल्याइ" का दाँजामा आउन सक्ने साहित्यकार भनी चर्चा गरेका छन् । (देवी पन्थी, २०५५, असार, पृ. ६)

मोहनप्रसाद घिमिरेले आफ्ना कवितामा जयप्रसाद ढकाललाई ठाडो समालोचकका रूपमा प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् । (मोहनप्रसाद घिमिरे, समता साप्ताहिक परिवार, मेची दर्पण, २०५५, पृ. १३१)

नरनाथ निरौलाले 'स्वर्गीय लप्टन वाः अविनारायण ढकाल' शीर्षकको पुस्तकमा समालोचक जयप्रसाद ढकालको पुर्ख्यौलीसम्बन्धी नजिकबाट जान्ने नेपाली समालोचनाका फाँटमा हल्लीचल्ली मच्चाउने साहित्यकार भन्दछन् । (नरनाथ निरौला, पूर्वाञ्चल दैनिक, २०५६, पृ. ३)

सोमनाथ पौड्यालले 'जयप्रसाद ढकालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोधपत्रमा समालोचक ढकालमा सरलता, स्पष्टता, सहयोगी भावना तथा अध्ययनशीलता जस्ता विशेषताहरू पाइन्छ भने उनको यथार्थपरक मौलिक समालोचनाले नेपाली साहित्य सिर्जना जगत्मा सकारात्मक प्रभाव पार्ने कुरा स्वतः छर्लङ्गिन्छ भनी उल्लेख गरेका छन् । (सोमनाथ पौड्याल, शोधपत्र, २०५६, भदौ, पृ. ११)

रविमान लमजेल सदस्य **प्रज्ञासभा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान**ले 'लेखक परिचय-आधुनिक नेपाली समालोचना' नामक पुस्तकमा साहित्यकार ढकालको आधुनिक नेपाली समालोचनाको लेखक परिचयमा जयप्रसाद समालोचनामा ऐतिहासिक चेत छ : अकाट्य तर्क र भाषाशैली आदि परिमार्जित छन् भनी व्याख्या गरेका छन् ।

परशु प्रधानले अध्यक्ष वाणी प्रकाशनमा समालोचक ढकालका सम्बन्धमा लामो खण्डमा उहाँका समालोचनात्मक लेखहरूमध्ये केही समालोचनात्मक लेख, संस्मरण, परिशिष्ट आदि यसमा संलग्न छन् । यी मध्ये केही समालोचनात्मक लेख, संस्मरण, परिशिष्ट आदि यसमा संलग्न छन् । यी लेखहरू विचारोत्तेजक, छलफल र मनन्योग्य मात्र होइनन् कतिपय दृष्टिकोणमा पर्याप्त भिन्नता पनि पाइन्छ भनी उल्लेख गरेका छन् । (परशु प्रधान, आधुनिक नेपाली आलोचना भूमिका, वाणी, २०५७)

मदनमणि दीक्षित (२०५९) ले **मेरो शुभकामना** पत्रिकामा 'आधुनिक नेपाली पत्रजगत् समीक्षा' नामक शीर्षकमा प्रस्तुत गर्नुभएको अध्ययनले नेपाली पत्रकारिताको भौतिक स्थितिसित बढी सम्बन्ध राखेको देखिएको छ । मेची अञ्चलमा पत्रकारिताबारे लेखकले विस्तृत र उपयोगी भौतिक जानकारी प्रस्तुत गर्नुभएको देखिन्छ । चौध अञ्चलबाट यसरी नेपाली पत्रकारिताबारे लेखिए अझ वेश हुनेछ । लेखक साहित्यकार भएर पनि पत्रकारिताको क्षेत्रमा प्रवेश गर्नु ढकालका निम्ति अर्को उपलब्धि हो भनी उल्लेख गरेका छन् । (मदनमणि दीक्षित, २०५९, भदौं, पृ. क-ञ)

देवी पन्थीले 'स्वर्णीय जया अमर' नामक शीर्षकमा समालोचक जयप्रसाद ढकालकी श्रीमती स्वर्गीय जया 'चुनु' ढकालको स्मृति जीवन स्मारकमा श्रद्धाञ्जलीका शब्दहरू राख्दै देवी पन्थी प्रसङ्गवश जयप्रसाद ढकालको साहित्यकारितामा उहाँको तेस्रो कृति आधुनिक नेपाली जगतको लोकार्पण गर्दै प्रसिद्ध भाषाशास्त्री विद्वान् बालकृष्ण पोखरेलले यस पुस्तकलाई पत्रकारिता जगतको अनुपम र अद्वितीय पुस्तक भएको बताएका छन् । (देवी पन्थी, पूर्वाञ्चल दैनिक, २०६०, असार, पृ. ६)

डिकमान विरहीले 'यथार्थवादी लेखनमा हिमायती' शीर्षकमा यथार्थवादी साहित्य लेखनका कट्टर हिमायती अनि उत्तरआधुनिक साहित्य लेखनका विरोधी ढकाल अयथार्थवादी साहित्य चिन्तनले नेपाली समाजमा विकृति र विसङ्गति भित्र्याएको चिन्ता व्यक्त गर्दै नयाँ पुस्ताका स्रष्टा र साधकहरूलाई अयथार्थवादी साहित्यिक चिन्तन र लेखनबाट सतर्क र सजक रहन आवश्यक भएको धारणा व्यक्त गर्नुहुन्छ उहाँ उत्तरआधुनिक साहित्यलाई तिलाञ्जली नै दिनुपर्ने दावी कडाइका साथ गर्नुहुन्छ भन्ने विवेचना गरेका छन् । (डिकमान विरही, जनआन्दोलन साप्ताहिक, २०६४, साउन, पृ. ४)

मोहन काजीले 'जयप्रसाद ढकालको व्यक्तित्व' शीर्षकमा यथार्थवादी समालोचक ढकाल नाम र दयाका लागि शक्ति र भक्तिको "फर्मुला" प्रयोग गर्ने काइतेहरूको भीडमा स्वच्छ पहिचान राख्दछन् । पैसाले दोसल्ला साट्ने कमिसनमा पुरस्कार लेनदेन गर्ने विकृति मौलाउँदै गएको समाजमा साधकहरूको सही मूल्याङ्कन नहुने उनको धारणा छ । पुरस्कार र सम्मानमा गुठबन्दी र पक्षपात हावी रहेको दावी गर्दै उनले यसलाई चिरेर जान नयाँ पुस्ताका प्रतिभाहरूलाई आग्रह गरेका छन् भनी उल्लेख गरेका छन् । (मोहन काजी, साप्ताहिक सनसत्ता, २०६४, माघ, पृ. २)

हरि गौतमले 'निःस्वार्थी साधक जयप्रसाद' शीर्षकमा साहित्यिक फाँटमा अध्ययनशील, यथार्थवादी र सिद्धहस्त समालोचकका रूपमा पसिरचित जयप्रसाद नाम कमाउने र पुरस्कार पाउने स्वार्थ र सूत्रका

पछि कहिल्यै लागेनन् । त्यसैले पनि होला उनी ओझेलमा परेकाजस्ता देखिन्छन् तर उनलाई यस परिस्थितिसँग कुनै लेनदेन छैन । साहित्यका नाममा मौलाउँदै गएको विकृतिप्रति उनलाई खेद छ । तर असल साधकको मूल्याङ्कनमा यसले प्रभाव पार्दैन भन्नेमा उनी ढुक्क देखिन्छन् भनी उल्लेख गरेका छन् । (हरि गौतम, हिमालय टाइम्स, २०६४, चैत्र)

रविमान लमजेलले 'जयप्रसाद ढकालको समालोचनात्मक दृष्टि' शीर्षकमा जयप्रसाद ढकालको दृष्टिमा कुनै पनि कृतिलाई ऐतिहासिक पृष्ठभूमिको कसिमा राखेर मूल्याङ्कन नगर्दा अधुरो हुन्छ । भारतीय नेपाली साहित्यको इतिहासमा भिन्नता देखाई चर्चा गर्ने ढकाल महत्त्वपूर्ण व्यक्ति हुन् । अहिलेसम्म लेखिएका नेपाली साहित्यको इतिहासमा गुणदोष छ, आलोचना छैन । यस्तो लेखनले सबल साहित्यिकता ग्रहण गर्न सक्दैन भनी विवेचना गरेका छन् । (रविमान लमजेल, ताप्लेजुङ साप्ताहिक, २०६५, वैशाख)

सम्पादकले 'सम्पादकीय जीवन स्मारक' शीर्षकमा भाषा र साहित्यका अन्य उपासक जयप्रसाद ढकालका हातबाट भाषा साहित्यकै क्षेत्रमा टेवा पुग्ने काम भएको छ भनी उल्लेख गरेका छन् । (सम्पादक, प्रेस, २०६५, भदौ)

## १.८ शोधकार्यको औचित्य र महत्त्व

यस शोधकार्यको शीर्षक "समालोचक जयप्रसाद ढकाल र उनका समालोचनाको अध्ययन" अन्तर्गत ढकालले नेपाली भाषा साहित्यका क्षेत्रमा २०१३ साल अर्थात पाँच दशकभन्दा बढी समयदेखि विभिन्न विधाका सिर्जना तथा समालोचना के कति र के कस्ता रहेका छन् । उहाँले गर्नुभएको समालोचनाको सङ्कलन तथा मूल्याङ्कन हुनुपर्दछ भन्ने यस शोधकार्यको औचित्य कायम गरी यसबाट जयप्रसाद ढकालको साहित्यिक यात्रा तथा समालोचकीय सिद्धान्त, प्रवृत्ति, विचार तथा उद्देश्यलाई समग्र रूपमा सङ्कलन तथा विश्लेषण गर्नाले नेपाली साहित्यका साधक यथार्थवादी समालोचनाले नेपाली साहित्य जगत्मा एउटा महत्त्वपूर्ण कार्य साबित हुनाका साथै नेपाली साहितयका लेखक, पाठक तथा शोधार्थीहरूलाई महत्त्वपूर्ण सामग्री बन्नेछ । यसबाट नयाँ अनुसन्धानकर्तालगायत प्रत्यक्ष वा परोक्ष रूपमा यससँग सम्बन्ध राख्ने सबैका लागि लाभ लिन सक्ने छन् ।

## १.९ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक "समालोचक जयप्रसाद ढकाल र उनका समालोचनाको अध्ययन" रहेकाले उनको साहित्य साधना तथा सिर्जनाहरूको अध्ययन गर्दै जाँदा पारिवारिक पृष्ठभूमि, जन्म, बाल्यकाल, शिक्षादीक्षा, जीवनका आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिकघटनाबाट उनको व्यक्तित्व विकासमा पुगेका तथा उनले सहन गरेका घटनाका साथै साहित्यका विभिन्न विधामा कलम चलाए पनि उनको रुची तथा मुख्य रूपमा अगाडि बढेको समालोचनाको क्षेत्रमा पुऱ्याएको योगदानलाई ध्यानमा राखेर उनीबाट सिर्जना भएका कृतिहरू विशेष गरेर समालोचनामा दिएको योगदानको विश्लेषण गर्ने साथै

उहाँको योगदानको चर्चा गर्दै विभिन्न पत्रपत्रिकामा फरक समयमा र साहित्यकारहरूद्वारा गरिएका चर्चा, लेख, टिप्पणी, मन्तव्य आदिको अध्ययनबाट उहाँको प्रतिभा र योगदानलाई प्राथमिकता दिँदै शोधनायक जयप्रसाद ढकाल र उनका समालोचनालाई प्रमुख अध्ययनको क्षेत्र निर्धारण गरिएको छ । साथै समालोचनाभन्दा बाहेकका सामग्रीलाई यस शोधकार्यमा अध्ययनको विषय बनाइएको छैन ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्य समालोचक जयप्रसाद ढकालको जीवनीसँग सम्बन्धित रहेकाले उनको साहित्यिक यात्रामा विशेषगरी समालोचनाहरूको अध्ययनमा केन्द्रित रहेकाले साहित्यिक अनुसन्धानका लागि परम्परित र वैज्ञानिक दुवै पद्धतिहरूको आवश्यकताअनुसार उपयोग गरिएको छ । उनका कृतिपरक अध्ययनका लागि निगमनात्मक र आगमनात्मक दुवै पद्धतिको उपयोग गरिएको छ । जीवनी तथा व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक समालोचना प्रणालीलाई अपनाइएको छ । यसका अतिरिक्त विषयवस्तुको प्रकार अनुसार तुलनात्मक एवम् ऐतिहासिक पद्धति अबलम्बन गरेर शोधकार्य सम्पन्न गरिएको छ । अध्ययनका निम्ति शोधनायकसँग लिइएको अन्तर्वार्ता, पुस्तकालय तथा विशेषज्ञहरूबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्नका लागि निम्नअनुसार परिच्छेद र शीर्षकमा तयार पारिएको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : समालोचक श्री जयप्रसाद ढकालको जीवनी र व्यक्तित्व

परिच्छेद तीन : जयप्रसाद ढकालको कृतित्वको अध्ययन

परिच्छेद चार : साहित्य र संस्कृति

परिच्छेद पाँच : आधुनिक नेपाली आलोचना

परिच्छेद छ : आनुधिन नेपाली पत्रजगत्

प्रस्तुत शोधकार्यमा उपर्युक्त पाँच परिच्छेदहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी जयप्रसाद ढकालको समालोचनाको अध्ययन गरिएको छ । अन्त्यमा शोधकार्यमा प्रयोग भएका पुस्तक, पत्रपत्रिका, शोधपत्रहरूको सूची र परिशिष्टसमेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

## समालोचक श्री जयप्रसाद ढकालको संक्षिप्त जीवनी

### २.१ जयप्रसाद ढकालको पुर्ख्यौली र जन्म

झापा जिल्लाको शनिश्चरे गा.वि.स. वडा नं. ३ सपरिवारका साथ स्थायी रूपमा बसोबास गरिरहेका लेखक तथा समालोचक जयप्रसाद ढकालको पुर्ख्यौली थलो नेपालको मध्यमाञ्चलमा पर्ने सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती नदीको पारिपट्टि रहेको शिखरपुर भन्ने ठाउँमा भएको कुरा जानकारी हुन्छ । जयप्रसाद ढकालका हजुरबुबा इन्द्रलाल ढकाल सिन्धुपाल्चोकको शिखरपुरबाट बसाई सरेर पूर्वाञ्चलमा पर्ने इलाम जिल्लाको नामसालिङ्ग भन्ने ठाउँमा जग्गा जमीन किनेर स्थायी रूपमा बसोबास गर्न थालेको कुरा जानकारी हुन्छ । (शोधार्थीले शोधनायकसँग लिइएको अन्तर्वार्तावाट जानकारी भए अनुसार) इन्द्रलाल ढकालका पाँच भाइ छोराहरूमध्ये काइँला (चौथो) छोरा कप्तान अविनारायण ढकाल र मदनकुमारी ढकालका छोराहरूमध्ये काइँला (चौथो) छोराकै क्रममा वि.सं. १९९० साल असोज १४ गते इलाम जिल्लाको नामसालिङ्गमा जयप्रसाद ढकालको जन्म भएको हो । कप्तान अविनारायण ढकालका दुई श्रीमतीहरू मध्ये जेठी श्रीमती रत्नकुमारीका तर्फबाट तीन छोरा र एक छोरी गरी जम्मा चार सन्तान भए भने कान्छी श्रीमती मदनकुमारीका तर्फबाट आठ छोरी र दुई छोरा गरी दस सन्तानमा जयप्रसाद ढकाल कान्छी श्रीमतीका जेठा छोरा हुन् । आफ्नो पैतृक थलो इलाम जिल्लाको नामसालिङ्ग स्थायी रूपमा बसाई सरेर जयप्रसाद ढकाल झापा जिल्लाको शनिश्चरे गा.वि.स. वडा नं. ३ मा पर्ने शनिश्चरे बजारमा घरजम गरी बस्दै आएको कुरा जानकारी भएको छ ।

### २.२ बाल्यकाल

जयप्रसाद ढकालका हजुरबुबा स्व. इन्द्रलाल सिन्धुपाल्चोकबाट इलामको नामसालिङ्ग प्रशस्त जग्गाजमिन किनेर बसाई सरेको बुझिन्छ भने उनँका बुबा स्व. लप्टन अविनारायण ढकाल तत्कालीन राणाशासन कालमा लप्टन भएकोले पनि जयप्रसाद ढकालको बाल्यकाल सुखमय रहेको थाहा हुन्छ । साथै गाउँको सम्पन्न परिवार तथा धेरै दिदीहरू दाजुहरू पछिका सन्तान भएकाले पनि उनको बाल्यकाल ममतामयी रूपमा बितेको देखिन्छ । नामसालिङ्गको स्वच्छ गाउँले वातावरणमा चन्चले स्वभाव तथा तीक्ष्ण बुद्धि भएको ढकालको व्यक्तित्व विकासमा समय र परिवेशअनुसारको सुख र सम्पन्नताका साथ बाल्यकाल बितेको कुरा जानकारी भएको छ ।

### २.३ शिक्षादीक्षा

कुनै पनि व्यक्तिको जीवनमा शिक्षा अभिन्न अङ्ग मानिन्छ । आफ्नो घरपरिवार नै बालकको पहिलो पाठशाला हो । घरपरिवार तथा समाजको परिवेशले बालकको व्यक्तित्व विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

जयप्रसाद ढकाल एक सम्पन्न र शिक्षित परिवारमा जन्मने सौभाग्य प्राप्त व्यक्तिका रूपमा मानिनु हुन्छ । उहाँका दाजु तथा दिदीहरू सबै शिक्षित हुनाका साथै उहाँका पिताजी सरकारी जागिरे भएका कारण देश विदेशको अनुभवले गर्दा छोराछोरीको शिक्षादीक्षामा सचेत हुनुहुन्थ्यो । हुन त त्यसबेलाको सामाजिक अवस्थामा शिक्षाको विकास शून्यप्राय नै थियो । तत्कालीन समय राणाशासनकाल भएकोले समाज शिक्षाको उज्यालो घामको अभावमा अन्धकारमय रूपमा गुज्रीरहेको थियो भने छिमेकी राज्य भारतको दार्जिलिङ्मा पश्चिमी  मोडलका अङ्ग्रेजी स्कुल र कलेज थिए । दार्जलिङ्गको शिक्षाबाट प्रभावित ढकालका पिता लप्टन अविनारायण ढकालले दार्जिलिङ्बाट अङ्ग्रेजी पढाउन सक्ने शिक्षक घरैमा ल्याएर आफ्ना छोराछोरीका निम्ति अङ्ग्रेजी माध्यमबाट प्रारम्भिक शिक्षा दिने वातावरण मिलाएका कारण उनको बाल्यकालको शिक्षा घरैमा भएको कुरा जानकारी प्राप्त छ ।

उनको प्रारम्भिक शिक्षा घरैमा भए पनि औपचारिक शिक्षा चाहिँ दार्जिलिङ्को सरकारी हाइस्कुलबाट सन् १९४७ मा भर्ना गरिएपछि त्यहीको कर्माइकल छात्रवासमा बसेर अध्ययन गर्न सुरु गरेको बुझिन्छ । उनी त्यस छात्रवासमा बस्दा छात्रवासका सुपरिटेन्डेन्ट पण्डित धरणीधर कोइराला हुनुहुथ्यो । त्यहाँ ढकालले दुई वर्षको अध्ययन पूरा गरी घरैमा आएको जानकारी हुन्छ ।

जयप्रसाद ढकाल आएपछि इलाम जिल्लाको सदुरमुकाममा स्थापना भएको इलामकै प्रथम पटक स्थापना भएको पद्मम आर्दश माध्यमिक विद्यालयमा अध्ययन सुरु गरेको केही समयपछि माध्यमिक तहको अध्ययन अगाडि बढाउन पुनः दार्जिलिङ् नै गएर अध्ययन अगाडि बढाए पनि माध्यमिक तहको अध्ययन चाहिँ आफ्ना मातापिताका साथ वनारसमा गएपछि त्यहीँको अथवा वनारसकै वी.एच.यू.. विद्यालयबाट उत्तीर्ण गरेको जानकारी प्राप्त भएको छ । माध्यमिक तहको अध्ययनका समयमा उनी किशोर अवस्था साथै बढी चञ्चले स्वभाव भएको कारणले नै होला पढाइप्रति त्यति ध्यान नगएकाले म्याट्रिक परीक्षामा एकपटक असफलता भोग्न पनि बाध्य भएको र किशोर अवस्थासँगै आफैमा आएको विचलनले पढाइलाई बीचैमा अवरुद्ध गर्न खोजे पनि असफलताको चोट तथा घरपरिवार साथीसँगी समाजबाट सचेत र सजग हुँदै अध्ययनलाई सुचारु राखी राखी म्याट्रिक उत्तीर्ण गरेर वनारसकै सेन्ट्रल हिन्दू कलेजमा भर्ना गरी उच्च शिक्षा हासिल गर्न आरम्भ गरेको देखिन्छ । उक्त कलेजमा एक वर्ष अध्ययन गरेपछि स्वदेश फर्किएर काठमाडौँको नेशनल कलेजमा प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षमा भर्ना भएर आफ्नो अध्ययनलाई निरन्तरता दिँदै आएको कुरा अवगत हुन्छ । उनले नेशनल कलेजबाट नै प्रवीणता प्रमाणपत्र तह र स्नातक तह उत्तीर्ण गरेर स्नातकोत्तर तहको अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयमा भर्ना भइ राजनीतिशास्त्र विषय लिएर अध्ययन सुरु गरेको तर दोस्रो वर्षको पढाइ पूरा नहुँदै विभिन्न व्यावहारिक समस्याले गर्दा बीचैमा विश्वविद्यालय छाड्नु परेको देखिन्छ ।

यसरी जयप्रसाद ढकालको औपचारिक अध्ययन पूरा भए पनि उनी निरन्तर रूपमा नेपाली साहित्यको अध्ययन अनुसन्धान तथा साहित्यिक रूपमा देखा परेका नेपाली साहित्यका विभिन्न विधा तथा साहित्यकारको विवेचना तथा मूल्याङ्कन गर्ने कार्य जारी नै छ ।

## २.४ दाम्पत्य र पारिवारिक जीवन

जयप्रसाद ढकाल १४ वर्षको किशोर अवस्थामा हिँड्दै गर्दा तत्कालीन सामाजिक संस्कार तथा परम्पराअनुसार वि.सं. २००४ मा श्री कृष्णलाल बास्तोलाकी छोरी देवकुमारी बास्तोलासँग भएको तर लगभग विवाह भएको १४ वर्षसम्म सन्तान नभएकाले सन्तानको इच्छा पुऱ्याउन २०१८ सालमा भारतको सिलाङ्ग निवासी श्री ध्रुवनाथ जोशीकी छोरी जया जोशीसँग दोस्रो विवाह गरेको कुरा उहाँबाट थाहा हुन्छ । दोस्रो विवाह पश्चात् पहिली श्रीमती देवकुमारीबाट पहिलो सन्तान भएको बुझिन्छ भने कान्छी श्रीमती जया ढकालबाट तीनजना छोरा र एक छोरी गरी चारजना सन्तान भएका छन् । समालोचक जयप्रसाद ढकालका परिवारको विवरण यस प्रकार रहेको छ :

**श्रीमतीहरू**

१. श्रीमती देवकुमारी ढकाल

२. स्व. श्रीमती जया ढकाल ‘चुनु’

(मृत्यु (२०६० साल वैशाख १५ गते)

**छोरीहरू**

१. विजयादीप्ति ढकाल (जोना बञ्जरा)

**छोराहरू**

१. नारायणप्रसाद ढकाल (समिर)

२. किशोर ढकाल (श्रीमती देवकुमारीका तर्फबाट)

३. अविजय ढकाल (सुधिर)

४. सुशान्त ढकाल

**ज्वाइँ**

१. सुदर्शन बञ्जरा

**बुहारीहरू**

१. सृजा ढकाल

२. नम्रता ढकाल

समालोचक जयप्रसाद ढकाल आफ्नो घर शनिश्चरे झापामा साहित्य साधनामा तल्लीन हुँदै बिताइररहेका छन् भने बेला मौकामा काठमाडौँ र अमेरिका जाँदै आउँदै गर्नुहुन्छ । जेठी श्रीमती देवकुमारी ढकाल र उनीपट्टिका छोरा विर्तामोडमा बस्दै आउनु भएको छोरा किशोर ढकाल रोजगारीको शिलशिलामा यु.ए.ई. मा छन भन्ने जानकारी प्राप्त भएको छ । ढकालकी कान्छी श्रीमती स्व. जया ढकाल (चुनु) २०५९ साल कार्तिकमा श्रीमान्का साथ दुई छोरा (सुधिर र समिर)लाई भेट्न अमेरिका गएर ६ महिना त्यहीँ बसी २०६० साल बैशाख १५ गतेको उडानमा स्वदेश नेपाल आएर आफ्नी छोरी ज्वाइँको घर काठमाडौँको शङ्खमूल  पुगेर छोरीको हातबाट दुई ग्लास पानी पिएर आरम गर्न भनी विछ्यौनामा पल्टिनु भएको १५-२० मिनेट पनि बित्न नपाउँदै उहाँको मृत्यु भइसकेको जानकारी पाएको छु । छोरा समिर अमेरिकाको वासिङ्टन डि.सी.मा गणितशास्त्रका प्राध्यापक छन् । छोरा सुधिर पनि अमेरिका स्थिति अलवामाको राजधानी मन्टगोमेरीमा उच्च सरकारी जागिरे छन् । साथै कान्छो सुशान्त र बुहारी नम्रता आफ्ना बृद्ध पिता जयप्रसाद ढकालको रेखदेख र स्याहारसुसार गर्दै आफ्नो पुर्ख्यौली घर झापा जिल्लाको शनिश्चरे गा.वि.स. वडा नं. ३ मा बस्दै आउनुभएको जानकारी प्राप्त भएको छ ।

## २.५ पेशा

समालोचक जयप्रसाद ढकालको पैतृक सम्पत्ति नै प्रशस्त भएको कारण जागिरको कल्पनै भएन । उनको हजुरबुबाका पालादेखि नै आर्थिक अवस्था सुदृढ रहेको बुझिन्छ भने झापा शनिश्चरेमा उद्योग, व्यापार, नगदले बालीमा ठूलो परिणाममा अनारस खेती, नरिवल, सुपारी छन् । साथै अन्नवाली धान, मकै, गहुँ, तोरी लगायतका खेतीबाट प्रशस्त आयआर्जन गरेकाले जीविकोपार्जनका लागि सुखद् अवस्था रहेको छ ।

## २.६ आर्थिक अवस्था

जयप्रसाद ढकालका हजुरबुबाले सिन्धुपाल्चोकबाट इलाम बसाई सरेर जाँदा इलामको नामसालिङ्गमा प्रशस्त जग्गाजमीन लिएर बसोबास गरेका थिए भने उनका पिता राणाकालीन समयका लप्टन पदका सरकारी जागिरे तथा गाउँका सम्भ्रान्त परिवार जमिन्दारका रूपमा कहलिएका थिए साथै जयप्रसाद ढकाल इलामबाट झापाको  शनिश्चरेमा आई १००० विगाह जमिन जोडेको र दाजुभाइका बीचमा अंशवण्डा गर्दा पनि भागमा प्रशस्त जग्गाजमीन परेको हुनाले राजधानी काठमाडौँ गएर पनि यश आरामका साथ जीवन यापन गर्न सक्ने उच्च वर्गीय नेपालीको जीवन स्तरको हैसियत भएको हुनाले उहाँको आर्थिक अवस्था सुदृढ रहेको  छ ।

## २.७ प्रेरणा र साहित्यमा संलग्नता

मानवीय गुण, मानवीय परम्परा या मानवीय रीति भनौँ मानिसलाई कुनै पनि क्षेत्रमा सफलतापूर्वक अगाडि बढ्नका लागि कसै न कसैले प्रेरणा, हौसला तथा मार्गदर्शन विना कुनै पनि क्षेत्रमा

उद्देश्य विहीन गन्तव्य झैँ असफलता नै असफलताका बीचमा सम्पूर्ण जीवन अल्मलिने गर्दछ । सफल व्यक्तिका पछाडि प्रेरणा हौसला तथा मार्गदर्शनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै समालोचक जयप्रसाद ढकाललाई साहित्य क्षेत्रमा अगाडि बढ्नका लागि उहाँका अग्रज प्रसिद्ध इतिहासकार बालचन्द्र शर्माको प्रेरणा र डि.पी. अधिकारीको (जयप्रसाद ढकाल, महिमायुक्त काशी र स्वर्गीय काशी बहादुर "समकालीन साप्ताहिक", काठमाडौँ: २०५५ श्रावण २१ गते, पृ. ६) । सम्पर्कबाट साहित्य क्षेत्रमा समर्पित हुने उर्जा प्राप्त गरे भने बनारसमा बस्दा बल्लभमणि दाहाल, डा. तारानाथ शर्मा, बालकृष्ण पोखरेल, डा. गणेश भण्डारीसँगको सम्पर्कले  साहित्य साधनामा लाग्न उनलाई प्रेरित गऱ्यो । समालोचक ढकाल २००७ सालदेखि २०२२ सालका अवधिमा समालोचकको फाँटमा कलम चलाउने साहित्यकार हुन् । उनको नेपालमा तथा वनारसमा बस्दा थुप्रैथुप्रै नेपाली साहित्यकारहरूसँग सम्पर्क भएको थियो । २०२३ देखि २०४८ सालसम्म विविध कारणहरूले गर्दा साहित्यको फाँटमा अध्ययन मात्र भयो । कुनै पनि कृति सिर्जना भएन । २०४८ सालमा आएर २०१३ सालकै झर्रोवादको आन्दोलनलाई आत्मसाथ गर्न पुगेका छन् । हुन त उनी विद्यार्थी अवस्थादेखि नै विभिन्न साहित्यिक गतिविधिमा संलग्न हुँदै आएका भए पनि बालचन्द्र शर्माकै प्रेरणाले २०१३ सालमा बनारसबाट काँशी बहादुर श्रेष्ठको सम्पादनमा प्रकाशित हुने **उदय** मासिक पत्रिकामा ढाकलको 'संस्कृति' शीर्षकको लेख पहिलो पटक प्रकाशित भएको पाइन्छ । यसै समयदेखि नै समालोचक ढकालका विभिन्न लेख, रचना तथा समीक्षाहरू प्रकाशित हुन थालेका हुन् । यसरी उनको साहित्य सिर्जनालाई हेर्दा जीवनको प्रौढ अवस्थामा सिर्जनाका क्षेत्रमा जवानीको जोस झैँ देखा परिरहेको महसुस हुन्छ । हालसम्म उनका समीक्षा, जीवनस्मारक (शोक-सम्वेदना) गरी चारवटा कृति प्रकाशित भइसकेका छन् भने तीनवटा कृति प्रकाशाधीन अवस्थामा रहेका छन् र निरन्तर रूपमा अगाडि बढिरहेका कुरा जानकारीमा आएको छ ।

## २.८ आकाङ्क्षा

सबै मानिसको जीवनमा विभिन्न समय र परिस्थितिमा आ आफ्नै इच्छा आकाङ्क्षाहरू हुन्छन् । यो मानवीय गुण नै हो । प्रत्येक व्यक्ति आफ्नो इच्छा पूरा गर्न हरतरहले प्रयास गर्छ । तर कति इच्छा पूरा हुन्छन् भने कति इच्छा हरकिसिमका परिश्रम मेहेनत र प्रयासका बाबजुद पनि पूरा हुन सक्दैनन् । कल्पनाशील रहिरहनु पनि प्रेरणीको गुण नै हो । त्यस्तै हरेक व्यक्तिझैँ समालोचक जयप्रसाद ढकालका इच्छा, आकाङ्क्षा समयको गतिसँग कसरी चलिरहेका छन्, आफ्नो घरको निजी पुस्तकालय रहेको कोठामा अधिकांश समय साहित्यकारहरूले सिर्जना गरेका विभिन्न विधाका पुस्तकहरू अध्ययन गर्ने, ती साहित्यकारले सिर्जना गरेको साहित्यको निचोड निकाल्ने, त्यसको अनुसन्धान गर्ने, सिर्जनाकार विचारसँग सहमत नभएको तथ्य सत्यवान ठहरेका कुरा टिपोट गर्ने, धेरैभन्दा थेरै पढ्ने त्यसको निचोड निकाल्ने, त्यसको ज्ञानबाट आफूलाई सुझेका कुरा थोरै मात्र सिर्जना गर्ने र साहित्य क्षेत्रमा नै सधै समर्पित भएर लागि नेपाली साहित्यलाई महत्त्वका साथ अगाडि बढाउन सही र सत्य तथा यथार्थ कुराको सिर्जनामा जोड दिने जुन व्यक्ति, समाज तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथ्यसँग सरोकार राख्ने विषय होस् भन्ने इच्छा राखे, उत्तर आधुनिक रचनालाई विरोध गर्नु पर्ने आग्रह गर्दै साहित्य क्षेत्रलाई महत्त्व दिन सधैँ अग्रसर रहने

ढकाल आफ्नो बृद्धावस्थाको पनि वेवास्ता गरी नेपाली साहित्यको बृद्धि र विकासमा जोड दिँदै आइरहेका छन् ।

## २.९ दिनचर्या र अभिरुचि

घर व्यावहारका सामान्य कामकाज, आफ्नै उद्योग, व्यवसाय, खेतीपातीमा रेखदेखका साथै अधिकांश समय साहित्यको अध्यय तथा रचना गर्नुका साथै साहित्यको अध्ययन पश्चात् स्वास्थ तथा निष्पक्ष ढङ्गले त्यसको आलोचना गर्न काममा समय बिताउँदै सामाजिक तथा साहित्यिक सभा, समारोहजस्ता कार्यक्रममा सहभागी हुन पाउँदा आनन्दको अनुभूति हुने गरेको कुरा जानकारी भएको छ । उनी स्वास्थ साहित्यको सिर्जना गर्नुपर्छ तथा साहित्य समाज र राष्ट्रका जनताको जीवनसँग प्रत्यक्ष रूपमा प्रभाव पर्ने किसिमको हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छन् । कुनै पनि साहित्यलाई यथार्थवादी दृष्टिकोण र समय सापेक्षलाई विचार पनि ध्यान दिनुपर्छ भन्ने धारणा उनको साहित्यिक अभिव्यक्तिबाट प्रष्ट हुन्छ । त्यसैले कुनै पनि साहित्यको समीक्षा गर्दा व्यावहारिक र यथार्थ धरातलमा बसेर समीक्षा गरिनुपर्छ भन्ने कुरामा दृढता व्यक्त गर्नुहुन्छ । उनका लेख, रचना, सामाजिक परिवेश, मावनीय जीवनलाई अँगालेर समालोचना अथवा आलोचना गर्ने उनको अभिरुचि रहेका भेटिन्छ ।

## २.१० जीवनका आरोहअवरोह

मानवीय जीवनका आरोह अवरोह समेट्दै जाँदा निष्कर्षत  प्राणी यो पृथ्वीमा जन्मदा स्वतन्त्र रूपमा जन्मेको हुन्छ । समाजको सर्वश्रेष्ठ प्राणी मानिस जन्मपश्चात् समाजमा बिस्तारै हुर्कदै जादा समाजलाई बुझ्दै जान्छ । सामाजिक परिवेशसँग घुलमिल हुँदै समाजकै घेरमा बाधिँदै जान्छ साथै ऊ स्वयम्मा पनि सामाजिक दायित्व पूरा गर्नुपर्ने हुन्छ । जीवनको भोगाइसँगसँगै अनेकौं उतार चढाव वचन खेप्नु पर्ने नै हुन्छ । यो सामाजिक परिवेशभित्र स्वभावविक नै मानिन्छ । मानिस जुन सामाजिक परिवेशमा हुर्कन्छ, बढ्छ त्यस वातावरण र परिवेशसँग प्रत्येक व्यक्तिमा प्राकृतिक र सामाजिक गुणहरू पनि आउने गर्दछन् । ती गुणहरूको प्रस्फुटन नि आआफ्नै किसिमबाट हुने गर्दछ । यसमा घर परिवारको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । समालोचक जयप्रसाद ढकालको व्यक्तित्व विकासमा घरपरिवारबाट महत्त्वपूर्ण भूमिका रहेको कुरा घरैमा शिक्षक राखेर अक्षराम्भ गराइनु, आधुनिक किसिमको अङ्ग्रेजी शिक्षक बाहिरबाट धेरै झिकाएर पढाउनु, उमेर बढ्दै गएपछि दार्जिलिङ्को शैक्षिक वातावरणमा त्यहाँको सरकारी हाइस्कुलमा औपचारिक शिक्षा सुरु गरी त्यहाँको वातावरण र शैक्षिक परिवेशमा बालक ढकालमा शिक्षाको सकारात्मक प्रभाव बढ्दै गई बौद्धिक र वैचारिक क्षमता बढ्दै गएको र शैक्षिक वातावरणसँगै सामाजिक, राजनीतिकसचेततालाई तुलनात्मक रूपमा राखेर देशको राजनीतिक, सामाजिक, शैक्षिक तथा आर्थिक दुर्गति हुनाको कारण राणाशासन नै भएको निचोड निकाले र यसका निराकरणका निम्ति अग्रसर भएको जानकारी प्राप्त हुन्छ । (जयप्रसाद ढकाल, बहिनीलाई चिठी "नौलो पाइलो", १/१ (बनारसः २०३१, जेठ २२ गते, पृ. १८) । ढकाल एक उच्च सरकारी कर्मचारी तथा जमिन्दारका छोरा भएर पनि सामाजिक चिन्तन र

विकासमा सक्रिय रहेको र त्यस समयका यथार्थवादी समालोचक डी.पी. अधिकारीबाट राजनीतिक प्रेरणा मिलेको र बालचन्द्र शर्माबाट साहित्यिक प्रेरणा प्राप्त भएको देखिन्छ । उनका विद्यार्थी जीवनदेखि नै कम्युनिष्ट पार्टीका सक्रिय कार्यकर्ता भएर काम गर्न थालेको पाइन्छ ।

समालोचक जयप्रसाद ढकाल आफ्नो औपचारिक अध्ययनपश्चात् प्रगतिवादी साहित्यकारका रूपमा आफूमा भएको प्रतिभालाई जोस र जाँगरका साथमा अगाडि बढाउँदै सन् १९६२ मा प्रगतिशील लेखक सङ्घ (प्रलेस) का महासचिवसम्म हुन पुगेका थिए । समय र परिस्थितिले व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय ढकालका परिवार निस्कलङ्क तथा सामाजिक अनुशासनमा तथा सधैँ समाजको हितको चाहना राख्ने शिक्षित परिवारका नामले पनि सुपरिचित हुँदाहुँदै पनि कम्युनिष्टको खोल ओढेको स्वार्थी व्यक्तिहरूले वि.सं. २०२८/०२९ मा झापा जिल्लामा चलाएको अप्रजातान्त्रिक कम्युनिष्ट आन्दोलनमा उनका दाजु धर्मप्रसाद ढकाल र भतिज ाको निर्ममतापूर्वक हत्या गरियो । यस हत्याकाण्डदेखि समालोचक जयप्रसाद ढकालमा वैचारिक हलचल आयो तथा उनको मार्क्सवादी कम्युनिष्ट सिद्धान्तमा ठूलो हलचल ल्यायो साथै उनको परिवारमा पनि वैचारिक दृष्टिमा महायुद्ध नै ल्याइदियो भने उनको साहित्यको यात्रामा पनि अझ रोक लगायो । हुन त उनले २०२३ सालदेखि नै साहित्यमा निष्क्रियता देखाउँदै आएका थिए । उनको परिवारमा आएका र सहनु परेका विचारधारामा पनि परिवर्तन ल्यायो । यी यस्तै विविध कारणले २०२३ सालदेखि २०४७ सालसम्म उनको साहित्य सिर्जना शून्य नै रह्यो । वि.सं. २०४८ देखि बिस्तारै बिस्तारै पारिवारिक र सामाजिक घटना तथा समस्याका खाटा बस्दै गएकाले साहित्य सिर्जनाको नयाँ बालुवा मौलाउन थालेको जानकारी हुन्छ । २०४८ सालदेखि निरन्तर साहित्यको अध्ययन र सिर्जनामा तल्लीन रहिरहेको तथा पारिवारिक सुखका साथ जीवनयात्रा गरिरहेको समयमा अचानक २०६० साल बैशाख १५ गते उनकी कान्छी धर्मपत्नी स्व. जया ढकाल (चुनु)को मृत्युले उनका साथै परिवारमा ठूलो चोट पर्‍यो । समालोचक ढकालले स्व. श्रीमती जया ढकालको 'जीवन स्मारिका' पनि प्रकाशित गरिसकेका छन् । जयप्रसाद ढकाल यो बृद्ध अवस्थाको श्रीमतीको वियोगसँग तड्पिदै गर्दा उनका कान्छा छोरो शुसान्त ढकाल, बुहारी नम्रता ढकाल, र नाती नातिनी भारतको ठाकुर आश्रमको दर्शन गरेर फर्कदै गर्दा २०६५ साल माघ १ गते भारतको किसनगञ्ज भन्ने ठाउँमा दुर्घटनामा परि उनको एकमात्र नाति ११ बर्षीय जुनियन ढकालको घटनास्थलमै मृत्यु भयो । छोरा बुहारी, सुशान्त, नम्रता र नातिनी जुलिया घाइते भएको घटनाले ढकालमाथि अर्को ठूलो चोटको सामना गर्दै साहित्यको अध्ययन र सिर्जनामा सक्रिय भएर लागि परिरहेका छन् । उनका तीनवटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

## २.११ साहित्यिक कृति तथा सिर्जना

समालोचक जयप्रसाद ढकाल वनारसमा अध्ययन गरिरहेका समयमा २०१३ सालमा उनको 'संस्कृति' नामक सिर्जना वनारसबाट प्रकाशित हुने पत्रिका **उदय**मा पहिलो पटक प्रकशित भएको थियो । त्यसपछि उनका विभिन्न विधाका सिर्जनाहरू पत्रपत्रिका छापिने क्रम बढ्दै गयो ।

- २०१६ सालमा जगदीश शमशेरको साहित्य र कला समालोचना प्रकाशित भयो ।
- २०१७ सालमा मल्लको कालो चश्माको समालोचना प्रकाशित भयो ।
- २०१८/१९ सालमा गोविन्दबहादुर मल्ल गोठालेको गोठाले र कथानक समालोचना प्रकाशित भयो ।
- २०२२ सालमा बालकृष्ण पोखरेलको **नेपाली भाषा र साहित्य समालोचना** प्रकाशित भयो ।

२०२३ सालदेखि २०४७ सालसम्म विविध कारणवस साहित्य सिर्जनामा निष्क्रियता रहेको देखिन्छ । २०४८ सालदेखि साहित्य समालोचनाको पूर्वाभ्यासलाई निरन्तरता दिँदै अगाडि बढेको बुझिन्छ । यसपछि प्रकाशित भएका उनका साहित्यिक कृतिहरु यसप्रकारका छन् ।

- २०५२ सालमा साहित्य र संस्कृति आलोचनात्मक सिर्जना ।
- २०५७ सालमा 'आधुनिक नेपाली आलोचना'
- २०५९ सालमा 'आधुनि नेपाली पत्रजगत्' समीक्षा

यी माथिका साहित्यिक कृतिहरमा विभिन्न विधाको आलोचना प्राप्त हुन्छ । जस्तै फुटकर कविता, लघुकाव्य, खण्डकाव्य, महाकाव्यको आलोचना अनेकौ कथा, साहित्य र नाटक (पूर्णाङ्क-एकाङ्की)को चर्चा परिचर्चा आएको छ । बालकृष्ण सम गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल गोठाले, विजयबहादुर मल्ल आदि नाटककारको कृतिको समीक्षा उपन्यास र प्रशस्त निबन्धको समालोचना तथा नेपाली पत्रकारिताको पनि आलोचना, संस्मरण साहित्य आदि प्रकाशित छन् :

- २०१३ सालदेखि पत्रपत्रिकामा छरिएर रहेका अनेक कविता, कथा, निबन्ध, स्मृति साहित्य आलोचना आदि ।
- जयप्रसाद ढकालको अध्यक्षतामा प्रकाशित १६६ साहित्यकारको कविता परिचय झापाली कविता शनिश्चरे प्रकाशनबाट प्रकाशित ।
- २०६५ सालमा कान्छी श्रीमती स्व. जया ढकाल (चुनु)को सम्झनामा जीवन स्मारक ।

**प्रकाशोन्मुख**

१. अमेरिका यात्रा विवरण

२. स्मृति साहित्य

३. नेपाली साहित्यको इतिहास लेखन समस्यामा कार्यरत

## २.१२ सम्मान तथा पुरस्कार

कुनै पनि व्यक्तिमा भएको अन्तर्निहित प्रतिभालाई बाहिर प्रस्फुटन गर्न वा गराउन उसलाई अनुकूल वातावरण र अवसरको आवश्यकता पर्दछ । यसरी प्रस्फुटन भएको प्रतिभालाई निरन्तर दिने तथा निरन्तरता दिइरहन सक्नुपर्छ र उसबाट आएको प्रतिभालाई उचित कदर र सम्मान व्यक्ति समाज र राष्ट्रले दिन सक्नु पर्दछ । यसरी पाएको सम्मान उचित कदरता प्राप्त भएको हौसलाले उसको प्रतिभालाई अझ प्रतिभाशाली बनाउन भित्री इच्छाका साथ सक्रिय हुन जोस र जाँगर परिश्रम प्राप्त हुन्छ । त्यसैले कुनै प्रतिभाका लागि उसले पाएको पुरस्कार सम्मान तथा प्रतिभाको उचित कदरले व्यक्तिको क्षमता तथा प्रतिभालाई प्रगतिको शिखर पुऱ्याइ व्यक्ति समाज तथा राष्ट्रकै नाम विश्वमा सुनौलो र अमर भएर रहन सक्ने सत्य हो ।

समालोचक जयप्रसाद ढकालको साहित्यिक प्रतिभाको सम्मान गर्ने क्रममा उनको :

- ५५-६० वर्षे साहित्यिक योगदानलाई कदर गर्दै वि.सं २०५२ सालमा देवकोटा स्मृति भवन भद्रपुर झापाले अभिनन्दन गरेको छ ।
- वि.सं. २०५३ साल फागुन १९ गते नेपाल प्रजातन्त्र सेनानी सम्मान संस्था काठमाडौँ र प्रजातान्त्रिक मुक्ति सङ्ग्राम सेनानी समूह पूर्वाञ्चलको संयुक्त कार्यक्रम बिर्तामोड झापामा २००७ सालको जनआन्दोलनलाई तथा क्रान्तिमा सशक्त भूमिका गरे वापत सेनानी सम्मान प्राप्त भएको छ ।
- २०५४ सालमा समता साहित्यिक परिवार इलमले सम्मान तथा अभिनन्दन गऱ्यो ।
- वि.सं. २०५६ सालमा उनको साहित्यिक यात्राका सम्बन्धमा स्नातकोत्तर क्यामपस वीराटनगरका सोधार्थी सोमनाथ पौड्यालले शोधपत्र तयार गरेका छन् ।
- २०५९ सालमा नवरङ्ग साहित्यिक प्रतिष्ठान घरमपुर झापाले उनको साहित्यिक योगदानको कदर गर्दै अभिनन्दन गरेको छ ।
- २०६० सालमा धरणीधर पुस्कार प्रतिष्ठान विराटनगरले धरणी पुरुस्कारबाट सम्मान गरेको छ ।

## २.१३ भ्रमण

भ्रमण पनि मानिसको जीवनमा शिक्षा ग्रहणको अभिन्न अङ्ग मानिन्छ । अध्ययन गरेर आर्जन गरेको ज्ञानभन्दा प्रत्यक्ष अवलोकन गरेर प्राप्त गरेका ज्ञान बढी लाभदायक चिर स्मरणीय तथा प्रभावकारी हुन्छ । यो स्वयम् सिद्ध तथ्य हो । भ्रमण गर्न प्रायः सबै रुचाउने गर्दछन् । जीनव आरोहअवरोहमा कसैलाई धेरै भ्रमण गर्ने अवसर मिल्छ भने कसैलाई आंशिक मिल्छ भने कसैले जन्मदेखि मृत्युसम्म पनि भ्रमण नगरी सीमित परिवेशमा जीवन गुजार्न बाध्य हुनुपर्दछ । यसै प्रसङ्गमा समालोचक ढकालले विद्यार्थी अवस्था तथा विभिन्न सन्दर्भमा नेपालका प्राय सबै विकास क्षेत्रको भ्रमण गरेका छन् भने बनारसमा बस्दा र आफ्नो दोस्रो विवाह पश्चात् श्रीमती स्व. जयासँग भारतका विभिन्न ठाउँको भ्रमण गरेका छन् । आफ्ना छोराहरूको आग्रहमा २०५९ साल कार्तिमा दम्पति (जयप्रसाद ढकाल र श्रीमती जया ढकाल) छोराहरूका साथ ६ महिना अमेरिकामा बसेका छन् भने दोस्रो पटक २०६० सालमा श्रीमतीको मृत्यु भएकोले २०६५ सालमा पुनः छोराहरूको आग्रहमा अमेरिकाको भ्रमण प्रस्थान गरेको जानकारीमा प्राप्त हुन्छ ।

## २.१४ सङ्घ संस्थामा आबद्धता

समालोचक ढकालको जीवन हेर्दा उनी दार्जिलिङ्मा अध्ययनरत रहेका समयमा त्यहाँको स्वच्छ वातावरणमा रहँदा आफ्नो पैतृक सम्पत्ति प्रशस्त रहनका साथै उनका बुबा लप्टन अविरनारायण ढकाल जमिनदार कहलिएका र झापामा पनि एक हजार विगाह जमीनका मालिक भएर जीवनमा आफ्नै सम्पत्ति ओढी ओछ्याइ गरेर पनि आर्थिक रूपमा सम्भ्रान्त परिवार भए तापनि देश र जनताको आर्थिक र सामाजिक दुर्गती देखेर कम्युनिष्ट बनेको कुरा उनीबाट थाहा हुन्छ ।

- २००७ सालमा ढकाल दार्जिलिङ्मा पढ्दै गर्दा नेपालमा आन्दोलन सुरु भएकोले १८ वर्षे ढकाल क्रान्तिकारी विचार बोकी पढ्न छोडेर आन्दोलनमा सहभागी हुन घर फर्किएको थाहा हुन्छ ।
- २००९ सालमा कम्युनिष्ट पार्टीको सदस्य बनेको ।
- २०१० सालमा नामसालिङ्मा गठन भएको कम्युनिष्ट पार्टीको पहिलो एरिया कमिटिको सचिव थिए ।
- २०१४ सालको ५ दिने भद्र अवज्ञा (सत्याग्रह) आन्दोलनमा सक्रिय सहभागी तथा विशिष्ट योगदान ।
- २०१४ सालको ऐतिहासिक सत्याग्रहमा अन्तरकलेज युनियन सङ्घको उपाध्यक्ष रहेका थिए ।
- २०१४ सालमा नै अन्तरकलेजको युनियन सङ्घकै कार्यवाहक सभापति बनेर काम गरेको ।
- २०१४ सालमा सोही सत्याग्रहमा सम्पूर्ण छात्रहरूको सङ्घर्ष समितिको सदस्य भएर काम गरेका ।

- २०१५ सालमा संसदीय चुनाव गर्नका लागि भएको आन्दोलनमा सक्रिय भएर आफ्नो भूमिका निर्वाह गरेका छन् ।
- २०१८ सालमा प्रगतिशील लेखक सङ्घको महासचिव बनिसकेका थिए ।
- २०२५ सालमा साहित्य सङ्गम आठराई नेपाली साहित्य परिषद् झापा र साहित्य सेवा समिति शनिश्चरेको संयुक्त आयोजनामा फागुन ८, ९, र १० गते मेची अञ्चल साहित्य सम्मेलनको आयोजक समितिका सचिव जयप्रसाद ढकाल थिए ।
- शनिश्चरे प्रकाशन झापाका संस्थापक अध्यक्ष ।
- लाइफलाइन हेल्पग्रुप र नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य छन् ।
- नामसालिङ्ग माध्यमिक विद्यालयका संस्थापक प्रधानाध्यापक ।
- शनिश्चरे मा.वि.को सञ्चालक समितिका सचिव ।
- देवकोटा स्मृति भवन भद्रपुरका मानार्थ सदस्य हुन् ।

**समालोचक जयप्रसाद ढकालका बारेमा प्रशंसापूर्वक समाचार, लेख प्रकाशित गर्ने पत्रिकाहरु ।**

- नवयुग (साप्ताहिक मार्ग ७, २०१४) लेखक सुरेन्द्र के.सी.
- नवयुग (साप्ताहिक मार्ग २८, २०१४)
- जयप्रसाद ढकालसँगको लिएको जानकारी
- प्रगतिशील लेखक सङ्घ (प्रलेस)को सङ्क्षिप्त इतिहास
- साप्ताहिक जनसत्ता २०६५ माग २६ गते
- हिमालय टाइम्स २०६५ चैत्र २३ गते
- नेपाल कम्युनिष्ट आन्दोलनको इतिहास
- जनआन्दोलन साप्ताहिक २०६५ साउन

## २.१५ जीवनका आनन्द तथा दुःखका क्षण

मानिसको जीवन भनेको समय र परिस्थितिका चक्रमा चल्ने दुःख र सुखको सङ्गम हो । तर पनि मानिसलाई सुख सजिलोसँग सहन तथा अनुभव हुने भएकोले त्यस समयलाई मानिसले प्राथमिकता दिँदैन तर दुःख सहन गाऱ्हो पर्ने भएकाले कष्ट पीडा, दुःख अभाव, पीर चिन्ता सहन गर्नु परेको हुँदा

समयको गति लामो अनुभव हुन्छ । यो संसारकै रीत हो । यी सुख दुःखका क्षणहरू कतिपय आउँछन् जान्छन् तर कतिले मानिसको जीवनमा बाँचुन्जेलसम्म अविस्मरणीय छाप छोडेर जान्छन् । समालोचक जयप्रसा ढकालले पनि जीवनको आरोह अवरोहमा आफूले स्नातक उत्तीर्ण गरेको समय दोस्रो विवाह पश्चात् विवाह भएको साल दुवै दम्पत्रिले पटनामा बिताएको समय, अस्ति आनन्दमा थियो । त्यसपछि नेपालको राजधानी आएर सबै ठाउँ घुमिसकेपछि श्रीमती जया ढकालले "बल्ल नेपाल आएर यात्रा गरेको सफल भयो र यो हाम्रो विवाहकै परिणाम हो" भन्ने कुरा व्यक्त गरेपछि समालोचक ढकाल अनि नै खुसी भएको कुरा व्यक्त गरेका छन् । पटनामा जया ढकालका माइतिपट्टिका घरपट्टिका सबै आफन्त एकै पटक भेट भएको क्षण दुवैं पतिपत्नी ज्यादै खुसी भएको उनी व्यक्त गर्दछन् । यसरी समालोचक ढकाल आफ्नी कान्छी श्रीमती जया ढकालको जीवनकालमा खुसी भएर प्रशन्न मुद्रामा रहेको देख्दा समालोचक आनन्द र खुसी मान्न गर्छन । यसैगरी मानिसको जीवनमा खुसी मात्र हैन खुसीका पछि पछि दुःख पनि आउँछ भन्छन् सायद सत्य होला । समालोचक ढकालको राजनीतिक परिस्थितिका अस्तव्यस्तताका कारण वामपन्थीहरूले चलाएको हिंसात्मक आन्दोलनले वामपन्थी आन्दोलनकै सक्रिय ढकाल परिवारमा जयप्रसाद ढकालका दाजु धर्मप्रसाद ढकालको हत्या गऱ्यो । यो ढकालको परिवार र स्वयम्लाई अविस्मरणीय दुःखको क्षण बन्यो । यसै गरी आफ्ना भाग्यशाली दुई छोरा सुधीर र समिरले आफ्ना प्रिय आमाबुबालाई अमेरिकाबाट अमेरिकाको भ्रमण तथा स्वास्थ्य उपचारको लागि आग्रह गरेअनुसार २०५९ साल कार्तिकमा अमेरिका गएर ६ महिना दम्पति छोरा बुहारीका साथ बसेर स्वास्थ्य उपचार गराई ६ महिना पश्चात् वि.सं. २०६० साल वैशाख १५ गते अमेरिकाबाट काठमाडौं आइपुगेर काठमाडौंको बानेश्वरको शङ्खमूलमा रहेको आफ्नी छोरी जोना बञ्जराको घरमा आएर पानी पिएर आराम गर्न विछ्यौनामा पल्टिएको १५-२० मिनेटमा नै श्रीमती जया ढकालको मृत्यु भएको समालोचक जयप्रसाद ढकालको सम्पूर्ण परिवारलाई ठूलो दुःखको चोट पुग्यो भने समालोचक ढकाललाई अव बाँकी जीवनभरी नै सुख दुःखमा साथ दिने प्राणप्यारी अर्धाङ्गिनीबाट एक्लो बनाइदियो (२०६४ साल माघ २६ गते शनिवार **साप्ताहिक जनसत्ता,** २०६४ चैत्र २३ गते शनिवार **हिमालय टाइम्स,** २०६५ साल जीवन स्मारक, **स्व. जया ढकाल प्रसङ्ग** (स्वर्गीय जया ढकालका स्मृतिमा) । २०६५ साल माघ १ गते एक मात्र नाति जुनियन ढकालको दुर्घटनामा परि मृत्यु भएकाले उनले अर्को ठूलो चोटको सामना गर्नु पऱ्यो । यी घटनाहरूले ढकालको जीवनमा ज्यादै ठूला दुःखका क्षण बनेका छन् ।

# परिच्छेद तीन

# जयप्रसाद ढकालको कृतित्वको अध्ययन

## ३.१ जयप्रसाद ढकालको साहित्ययात्रा र प्रवृत्ति

समालोचक जयप्रसाद ढकालको साहित्ययात्रा खोज र अनुसन्धान गर्दै जाँदा वि.सं. २०१३ देखिको प्रमाण पाइए पनि उनले २०१०, २०११ सालदेखि नै साहित्य सिर्जना गर्न आरम्भ गरेको थाहा पाइन्छ । उनी अध्ययनका क्रममा वनारसमा बस्दा फाटफुट रूपमा कविता, निबन्ध लेख्न सुरु गर्दागर्दै आफ्ना सिर्जना विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेर बाहिर ल्याउने काम चाहिँ वनारसबाट प्रकाशित हुने नेपाली पत्रिका स्व. काशीबहादुर श्रेष्ठको सम्पादनमा रहेको **उदय** पत्रिकामा उनको बौद्धिक प्रबन्ध **संस्कृति** शीर्षकको सिर्जना प्रथम पटक वि.सं. २०१३ कार्तिकमा प्रकाशित भएको थियो । २०१३ सालमा उनको फुटकर कतिवा 'उषा पाउला कि ?', 'रहर' (सम्पा.कवितासङ्ग्रह) मा प्रकाशित भएको थियो भने यही साल उनको अर्को कृति 'कन्नेदान' कथा वनारसबाट प्रकाशित भएको 'नौलो पाइलो' मा प्रकाशित भएको थियो ।

समालोचक ढकाल विद्यार्थी जीवनदेखि नै मार्क्सवादी कम्युनिस्ट पार्टीका कार्यकर्ता भएको हुनाले ढकालमा मार्क्सवादी सिद्धान्त तथा विचारधाराको गहिरो प्रभाव परेकाले उनका कृतिहरू पनि मार्क्सवादी विचारतिर ढल्किएका देखिन्छन् । उनको साहिति्य यात्राको पूर्वार्द्धका कृतिहरु मार्क्सवादी प्रगतिवादी साहित्यिक धारामा प्रवाहित रहेका देखिन्छन् (राहिणीविलास, लुइँटेल, जयप्रसाद यथार्थवादी समालोचक, मालिका, साप्ताहिक २/२९, काठमाडौँ, २०५६ असार ७, पृ. ६) ।

जयप्रसाद ढकालको साहित्यिक यात्रा तथा उहाँको साहित्यिक कृतिहरुलाई हेर्दा उहाँको साहित्य यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्दा सजिलो तथा सान्दर्भिक हुने भएकाले उहाँका लेख, रचना तथा कृतिगत प्रवृत्तिलाई समयावधि र तथ्यका आधारमा उहाँको साहित्यिक यात्रालाई दुईभागमा अर्थात दुई चरणमा वाडेर हेर्नु उपयुक्त देखिने भएकाले पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा बाँडेर चर्चा गरिएको छ ।

### ३.१.१ पूर्वार्द्ध (२०१३–)

जयप्रसाद ढकालको साहित्यिक यात्राको लगभग एक दशकलाई साहित्ययात्राको अभ्यासिक कालका रूपमा लिएर मूल्याङ्कन गर्न सकिन्छ । यस चरणमा समालोचक ढकालले आफ्नो कृति कथा, कविता, निबन्ध तथा समालोचक आदि विविध विधामा कलम चलाएको देखिन्छ । उनको कथा शीर्षकको कथाबाट उनी यस समयमा साहित्य साधनामा रहेका थिए भन्ने कुरा उनका दुई वटा कथाहरू 'कन्नेदान' (२०१३) र 'कथा' (२०१४) प्रकाशित भएको देखिन्छ ।

कविताका क्षेत्रमा पनि उनले आफ्नो प्रतिभालाई प्रस्फुटन गराउँदै 'उषा पाउला कि ?' (२०१३), 'एक रातको भेट' (२०१३), 'सपना' (२०१७ आदि फुटकर कविताका माध्यमबाट अभिव्यक्त गरेको देखिन्छ। यस चरणमा कथा तथा फुटकर कविताको अध्ययन गर्दा ढकालका प्रारम्भिक चरणमा विधागत सचेतता कम भएको पाइन्छ। कल्पनाशीलता, राष्ट्रिय चेत, रुढीवादी परम्परा तथा सामाथिक कुरीतिहरूको विरोध रहेको देखिनु उनमा देखिएको साहित्यक प्रवृत्तिहरू हुन्।

समालोचक ढकालको साहित्यक यात्राको प्रथम चरणमा उनले समालोचना समीक्षा तथा निबन्ध, प्रबन्ध आदि सिर्जना गरेको पाइन्छ। उनका पूर्वार्द्धकालका कृतिहरू निम्न बमोजिम रहेका छन् :

१. संस्कृति (२०१३)

२. बुद्ध (२०१५)

३. जगदीश शमशेरको साहित्य र कला (२०१६)

४. गोठाले र कथानक (२०१८)

५. मल्लको 'कालो चश्मा' (२०१७)

६. बालकृष्ण पोखरेल 'नेपाली भाषा साहित्य' (२०२२)

यस चरणका कृतिहरूको अध्ययनबाट के बुझिन्छ भने ढकाल यस अवधिदेखि समीक्षा समालोचनामा आकर्षित हुँदै आएको र बौद्धिकताको बृद्धि हुँदै आएको देखिन्छ। समालोचक ढकाल मार्क्सवादी चिन्तनबाट प्रभावित भएका हुँदा मल्लको 'कालो चश्मा' र कथाकार गोठालेको 'कथानक' मा उनले साहित्य समाज उपयोगी हुनुपर्दछ, यदि साहित्यबाट समाज तथा व्यक्ति लाभान्वित हुन सक्दैन भने त्यो साहित्य साहित्य होइन, असाहित्य हो भन्ने विचार व्यक्त गरेका छन्। जुन कुरा प्रगतिवादी यथार्थवादी समालोचनाको मान्यता हो। तार्किकता भाषामा सरलता तथा स्पष्टता आदि यो चरणमा उनका समालोचनामा देखिएका प्रवृत्तिहरू हुन्। २०२२ साल देखि २०४७ साल सम्म समालोचक ढकाल निष्क्रिय रहेको देखिन्छ।

### ३.१.२ उत्तरार्द्ध (२०४८–हालसम्म)

समालोचक जयप्रसाद ढकालले २०१३ सालदेखि २०२२ सालसम्मको चरणमा जुन तीब्रता आएको थियो त्यो तीब्रता २०२३ देखि २०४७ सम्म चटक्कै हरायो तथा विश्रामको अवस्था देखियो। यही लामो समयको अन्तरालमा आफूलाई अझ खार्दै (वासुदेव त्रिपाठी, "मन्तव्य", **साहित्य र संस्कृति** (प्रथम संस्करण, विर्तामोड, झापाः जया ढकाल "चुनू", २०५२, पृ. च)। २०४६ सालबाट साहित्य अध्ययनमा लागेर २०४८ सालमा 'प्रतिवाद एक दृष्टि' लेख मार्फत पुनः साहित्य फाँटमा देखा परे। (शोधनायक जयप्रसाद ढकालसँग

लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार) । यो चरण अर्थात उत्तरार्द्धमा मुख्य रूपमा समालोचनामा केन्द्रित भएर पनि संस्मरण लेखनलाइ पनि निकै अगाडि बढाएको देखिन्छ । यस अवधिमा जसलाई उनले दर्जनभन्दा बढी 'स्मृति साहित्य' नामकरण गरेको पाइन्छ । यी लेखहरूमा साहित्यिक ऐतिहासिक व्यक्तित्वका रहेका छन् । यसबाट उनको निबन्धकारिता फस्टाउँदै गएको पायन्छ । संस्मरण लेखन सम्बन्धित व्यक्ति तथा घटनामा साक्षात्कार हुनु भाषिक परिस्कार एवम् सरलता एवम् सरल, स्पष्टता हुनुको साथै शिल्पभाषी कथ्यलाई बढी जोड दिनुजस्ता निबन्धगत प्रवृत्तिहरू देखापरेका छन् ।

समालोचक ढकालको उत्तरार्द्ध साहित्यिक यात्रामा **साहित्य र संसकृति** (२०५२) नामक समालोचना सङ्गालो प्रकाशित छन् । उक्त समालोचना सङ्गालोमा पन्ध्रवटा लेख निबन्धहरूको सङ्कलन रहेका मध्ये छवटा कृतिगत लेखहरू प्रथम चरणमे लेखेर विभिन्न पत्रपत्रिकामा प्रकाशित भइसकेका देखिन्छ । उक्त कृतिहरूलाई यस ग्रन्थमा पुनः प्रकाशित गर्दा कतिपय लेखनिबन्ध तथा समालोचना अझ परिमार्जित रूपमा आएको पाइन्छ । यस अवधिमा ढकालमा भाषिक परिष्कार तथा परिमार्जनमा विशेष सचेत देखिन्छ । 'साहित्य र संस्कृति'मा सङ्कलित उनका उत्तरार्द्धका समालोचनाहरूमा कतिपय वैचारिक किसिमका आलोचना छन् भने कतिपय साहित्यका विविध विधामा केन्द्रित भएका देखिन्छन् । वैचारिक लेखहरूमा 'यथार्थवाद एक दृष्टि' तथा 'नेपाली साहित्य यथार्थ दृष्टि' लेखहरू देखिन्छ । विभिन्न कृति अध्ययनपछि आफ्ना अभिमत प्रकट गर्ने समीक्षाहरू बीच जयप्रसाद ढकाल चर्चामा आए । समालोचक ढकालको अध्ययन गरी आआफ्ना दृष्टिकोण प्रस्तुत गर्नेमा तारानाथ शर्मा, वासुदेव त्रिपाठी, दान खालिङ्ग रोहिणीविलास लुइँटेल, देवी पन्थी, गोपालप्रसाद सङ्ग्रौला आदि प्रमुख छन् ।

असङ्ख्य समालोचना र संस्मरण साहित्यको सिर्जना यात्रामा क्रियाशील जयप्रसाद ढकालको उत्तरार्द्धकाल २०४६ साल यता स्रष्टा र द्रष्टाका रूपमा राष्ट्रका अन्य समालोचक भिन्दाभिन्दै पहिचान निर्माण गर्न चाहने एक यथार्थवादी चिन्तक र प्रखर प्रवक्ताको हैसियतले अगाडि आएका छन् । उनको दोस्रो साहित्यिक कृति **आधुनिक नेपाली समालोचना** (२०५७) प्रकाशित छ । यसमा जम्मा तेइसवटा शीर्षक रहेकामा तीनभागमा बाँडेर पहिलो भागमा अथवा पहिलो खण्डमा अलोचना, दोस्रो खण्डमा संस्मरणात्मक लेख, तेस्रो खण्डमा परिशिष्ट छन् जसमा भानुभक्त आदिकविको उदयमा अन्य समालोचकको भन्दा भिन्नै दृष्टिकोण राखेर आदिकवि र आधुनिकता विषयमा गरेको चर्चा पाठकहरूका निम्ति लाभदायक रहेको छ । युगकवि मोतीराम भट्टमा उनबाट भएको नेपाली साहित्य साधनाको चर्चा रहेको छ । लेखनाथ पौड्यालको काव्यभाषामा रूप र अन्तवस्तुबारे सूक्ष्मविश्लेषण पाइन्छ भने देवकोटाको स्वच्छन्दवाद तथा उनका कृतिम प्राप्त यथार्थ-अयथार्थबारे चर्चा छ । आधुनिक कथाकार विश्वश्वर भिक्षु र गोठालेको कथानकबारे तुलनातमक दृष्टि रहेको छ । कविताको संसारमा सिद्धिचरण श्रेष्ठ र महानन्द स्वच्छन्दवदका प्रवर्तक शीर्षकको लेखमा दुवै कविका कवितामा पाइने समान प्रवृत्तिलाई देखाइएको छ । साहित्य इतिहासको चर्चा गर्दै ती लेखहरूको मूल्याङ्कन गरी आजसम्म नेपाली साहित्यको सफल इतिहास नलेखिएको उचित तथा आवश्यक विवरण रहेको छ । 'गोठालेको उपन्यासमा भ्रमले, साहित्यको फाँटमा जे जस्तो सुकै लेख प्रकाशित भएर उनले पाठक समाजका निम्ति अयथार्थवादी

भ्रमलाई तिरस्कार गर्नुपर्छ भन्ने विचार रहेको छ । साहित्य यथार्थ-अयथार्थ दृष्टिमा आधुनिक साहित्यलाई यथार्थ जीवनबाट लेखाजोखा गर्ने समालोचक जयप्रसाद ढकालको आफ्नै निजित्व रहेको पनि सङ्केत पाइन्छ । उनका अनुसार पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरण पश्चात् परम्परागत संस्कृत भाषालाई परिवर्तन गर्दै लोकभाषालाई महत्त्व दिँदै लोकजीवनका निम्ति उपयोगी सिर्जना गर्नु नै आधुनिक नेपाली साहित्यको प्रारम्भ हुनु हो भन्ने तर्क समालोचक ढकालको उचित सान्दर्भिक तथा अकाट्य छ । हृदयचन्द्र सिंह प्रधान, गोपालप्रसाद रिमाल, रुद्रराज पाण्डे, डी.पी. अधिकारी, कृष्णचन्द्र सिंह प्रधान, तारानाथ शर्मा, आनन्ददेव भट्ट, सरिता ढकाल आदिका यथार्थवादी रचना आउनको साथै अन्तरवर्ती साहित्य स्रष्टा र दृष्टिले जुन गतिशीलता दिए त्यसको फलस्वरूप आज यथार्थवाद चर्चाको विषय बनेको छ ।

उनको आधुनिक नेपाली आलोचनाको दोस्रो खण्डमा संस्मरण लेखन रहेको छ । उनले संस्मरण साहित्यमा राजनैतिक, सामाजिक, सांस्कृतिक विषयको चर्चा गरेका छन् । संस्मरण सङ्घ संस्थाद्वारा आयोजित साहित्यिक समारोहमा व्यक्त अभिमत र स्रष्टाबीच भएका भेटघाट र वार्तालाभ सम्बन्धी ढकालका रोचक उपयोगी प्रसङ्ग आफैमा ऐतिहासिक र सान्दर्भिक रहेका छन् ।

'आधुनिक नेपाली आलोचना' को तेस्रो खण्डमा परिशिष्ट दिइएको छ । यसमा चारवटा शीर्षक रहेका छन् । उनका कृतिहरू हेर्दा उनलाई स्रष्टा र द्रष्टा व्यक्तित्व कायम गर्न सफल आलोचना विधा समान नै संस्मरण र परिशिष्टले पनि महत्त्वपूर्ण भूमिका खेलेका छन् । यसले नेपाली साहित्यका सबै जिज्ञासु, लेखक, पाठक र अध्यक्षताका निम्ति 'आधुनिक नेपाली आलोचना' उपयोगी साबित हुनेछ ।

यथार्थवादी समालोचक जयप्रसाद ढकालको तेस्रो साहित्यिक कृति **आधुनिक नेपाली पत्रजगत् समीक्षा** (२०५९) सालमा प्रकाशित भएको छ । यो पुस्तक चारबाट अध्ययनमा विभाजन गरिएको छ । पहिलो अध्ययनमा आधुनिक नेपाली पत्रजगत् दोस्रो अध्ययनमा मेची अञ्चलको संक्षिप्त परिचय र पत्रकीरता तेस्रो अध्यायमा नयाँकामना साप्ताहिक विहङ्गमदृष्टि तथा चौथो अध्यायमा परिशिष्ट रहेको छ ।

समालोचक ढकालको साहित्यिक यात्राको अनुभव र निष्कर्षमा गोरखापत्र, साझा प्रकाशन र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानहरू सरह काम नलाग्ने भएको छ । यी तीनै संस्थाहरू नेपालको पत्रकारिता र साहित्यिक विधासँग सम्बन्ध राख्ने संस्थाहरू हुन तर यी संस्थाहरूमा सरकार र पार्टीका कार्यकर्ता भर्तीकेन्द्र र जागिर खुवाउने संस्थाका रूपमा मात्र प्रमाणित भएको छ । पत्रकारिता र साहित्यको न्यूनतम धर्म पनि परिपालन भएको छैन । समालोचक ढकाल आग्रह अगाडि सार्दा 'मैले नेपाली पत्रजगत्लाई भारतीय नेपाली पत्रजगत् अथवा विदेशी पत्रजगत्बाट स्वतन्त्र रूपमा अगाडि ल्याउन खोजेको छु । त्यसभन्दा पनि उल्लेखनीय मैले नेपाली पत्रजगत्को इतिहासलाई काल विभाजन गरेर विवेचना गरेको छु ।'

यहाँ समालोचक ढकालको साहित्यकारिता कै प्रसङ्गमा आएको **आधुनिक नेपाली पत्रजगत् समीक्षा** (२०५९) ले के पनि देखाएको छ भने राजधानी जस्तो सबै कुराले सम्पन्न सुविधायुक्त ठाउँमा बसेर साहित्य सिर्जना र साधना गर्नु र जिल्लाको एउटा गाउँमा बसेर साहित्यकारिता गर्नु आकाशपाताल फरक पर्दछ । यसका बाबजुत पनि मेची अञ्चलका चार जिल्लामध्ये झापा जिल्लालाई छाडेर अन्य तीन जिल्लाको इतिहास उतार्न भनेको ढकालको साहित्यसाधानाप्रति जुन समर्पित भावका साथै जुन परिश्रम देखिएको छ निःशन्देश त्यो प्रशंसनीय रहेको छ ।

यसैगरी समालोचक जयप्रसाद ढकालकी कान्छी पत्नी स्वर्गीय जया ढकालको २०६० साल वैशाख १५ गते मृत्युपछि जयप्रसाद ढकालको साहित्ययात्रामा केही अवरोध महसुस  भए तापनि आफ्नो एक्लो जीवनलाई साहित्य साधनाकै साहारामा समर्पण गर्दै स्व.जया ढकाल प्रसङ्गमा जीवन स्मारक प्रकाशित भएर आएको २०६५ सालमा भने उनका अझ तीनवटा कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् ती प्रकाशोन्मुख अवस्थामा रहेका कृतिहरूमा :

१. अमेरिका -यात्रा

२. स्मृति - साहित्य

३. नेपाली - साहित्यको इतिहास लेखन समस्यामा कार्यरत

यसरी जयप्रसाद ढकालको साहित्य यात्राको उत्तरार्द्धमा सिर्जनाको अपेक्षा समालोचनामा नै केन्द्रित रहेको देखिन्छ । उनको समालोचना मुख्य रूपमा नाटक विधामा केन्द्रित भएको देखिए पनि साहित्यका प्राय सबै विधालाई समेटेको पाइन्छ । नाट्य सम्राट बलकृष्ण सम, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, गोविन्दबहादुर मल्ल 'गोठाले' तथा विजय मल्लका विभिन्न नाटक तथा एकाङ्कीको समीक्षा तथा उपर्युक्त नाटककारहरूको नाट्यकृतिका साथै नाट्यकारितालाई यथार्थवाद एवम् व्यावहारिक दृष्टिकोणले मूल्याङ्कन गरेको देखिन्छ । उनले काव्य एवम् काव्यकार तथा आख्यान एवम् आख्यानकारको पनि विवेचना गरेको पाइन्छ । आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट, महाकवि कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदि राष्ट्रिय प्रतिभाका अलवा रोहिणीविलास लुइटेल, सरोज ओली, चुडामणि रेग्मी, डा. ऋषिकेश उपाध्याय आदि काव्यकार तथा उनीहरूका काव्यकारिताको पनि ढकालले समीक्षा गरेका छन् । यसै गरी गोठालेको 'पल्लो घरको झ्याल'को यथार्थवादी दृष्टिकोणको समीक्षा गरेका छन् । कथा विधामा पनि प्रमुख कथाकार गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवनी भिक्षु, गोविन्दबहादुर मल्ल गोठाले आदि कथाकारका कथाकारिताको समीक्षा गरेका छन् ।

नेपाली साहित्यको इतिहास लेखनमा भएका कार्यको चर्चा गर्दै ढकालले साहित्यका फाँटमा देखा परेका प्रमुख साहित्यकारहरू, इतिहास शिरोमणि बाबुराम आचार्य, डा. ईश्वर बराल, कमल दीक्षित,

मोहनराज शर्मा, तारानाथ शर्मा आदिदेखि लिएर समसामयिक तथा स्थानीय साहित्यकारहरूको कार्यको मूल्याङ्न गर्दै संस्मरणात्मक लेखनमा पनि कलम चलाएको पाइन्छ ।

यथार्थवादी समालोचक जयप्रसाद ढकालले आफ्नो वैचारिक आधार स्वरूप जीवनउपयोगी तथा व्यवहारिक यथार्थवादी दृष्टिकोण राखेको पाइन्छ । यसै आधारमा उनले गरेका कृति तथा कृतिकारहरूको मूल्याङ्कन अनुसार उनका साहित्य प्रवृत्तिहरूलाई बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. यथार्थवादी समालोचक ।

२. सैद्धान्तिकभन्दा व्यावहारिक पक्षलाई जोड दिने समालोचक ।

३. गैर मार्क्सवादी समाजवाद समालोचना प्रणाली अपनाउने समालोचक ।

४. शिल्प कारिताभन्दा कथ्य तथा वस्तुमा केन्द्रित हुने समालोचक ।

५. भाषिक परिस्कार, परिमार्जन तथा भाषामा सरलता अपनाउने समालोचक ।

६. बौद्धिकता तथा तार्किकताको प्रचुर प्रयोग समालोचक ।

७. निबन्ध/प्रबन्ध लेखनमा पनि समालोचनात्मक प्रवृत्तिको प्रयोग नै समालोचक ।

८. संस्मरण लेखनमा ऐतिहासिकता तथा व्यावहारिक पक्षको प्रयोग गर्ने समालोचक ।

९. विसङ्गतिवादी साहित्यका विरोधी साहित्य चिन्तक ।

१०. अयथार्थ तथा उत्तर आधुनिकतावादी सिर्जनाको तीब्र विरोध गर्ने समालोचक ।

११. राष्ट्रिय भाषा तथा साहित्यको प्रवर्द्धन साथै संरक्षण गर्नुपर्छ भन्ने चेतना भएका चिन्तनशील समालोचक ।

१२. नेपाली साहित्यको संरक्षण गर्दै व्यावहारिक रूपमा अघि बढाउन तथा साहित्यमा भित्रिएको नकारात्मक एवम् असाहित्यिक पक्षलाई तिरस्कार गर्न युवापुस्ता तथा नयाँ पिढीलाई आह्वान गरिरहने समालोचक ।

## ३.२ जयप्रसाद ढकालका कविता कृतिको अध्ययन

भनिन्छ मानिसका हरेक क्रियाकलाप, बानी, व्यहोरा, विभिन्न क्षेत्रमा देखापर्ने प्रतिभा तथा गुण, क्षमता आदि ईश्वरीय वरदान हुन्, जसलाई जस्तो किसिमको प्रतिभा प्राप्त छ, त्यसले त्यसै कार्यमा विलक्षण प्रतिभा देखाउँछन् र सफलताको शिखर चुमेका खेलाडीमा एकै किसिमको प्रतिभा हुँदैन । सबै

कविका एकै किसिमको कल्पना हुन सक्दैन । त्यस्तै यी सबै । व्यक्तिका अन्तर्निहित प्रतिभामा भर पर्दछ । एउटै क्षेत्रमा कसैले सुरु गर्नासाथ चाखेर छोड्छ, कसैले आधाआधिमा छोड्छ त कसैले त्यसैलाई जीवनको आधार बनाउँछ त्यो व्यक्तिमा भर पर्ने कुरा हो । यसै क्रममा प्रसङ्ग दोहोऱ्याउँदै समालोचक ढकालले पनि आफ्नो प्रतिभाको प्रस्फुटन आफ्नो विद्यालय जीवनबाटै कविता सिर्जना गर्न सुरु गरेको जानकारी हुन्छ । तर उनका सबै कविता प्राप्त छैनन् र जति प्राप्त छन् तिनको चर्चा निम्न रूपमा रहेको छ :

### ३.२.१ उषा पाउला कि ?

कवित्व प्रतिभा भएका जयप्रसाद ढकालको कविता 'उषा पाउला कि?, **रहर** कवितासङ्ग्रह (२०१३) सालमा प्रथम पटक प्रकाशित कविता हो । प्रौढक्ति शैलीमा रचिएको यस कवितामा नेपाल र नेपालीको राष्ट्रिय गौरवगाथा गाउनुका साथै नेपाली जातिको यथार्थ स्वरूपको चित्रण पनि गरिएको पाइन्छ । सगरमाथाको देश भएकोले सगरमाथा नेपालीको 'नाक' अर्थात् पहिचानका रूपमा वर्णन गरेका छन् । कवितामा नेपालका दुई करोड जनताले बोल्ने भाषा नेपाली हो र यसले नेपालको राष्ट्रिय एकतालाई अझ दरिलो पारेको छ भन्ने कुरा व्यक्त गरिएको छ । सनपाटको रेसारेसा मिलेर पोयो बन्छ र पोयोपोयो मिलेर लठारो बन्छ यो शक्तिमान बलियो तथा जुनसुकै काममा पनि दऱ्हो बनेझैँ सम्पूर्ण नेपालीलाई अर्थात् दुईकोटी नेपालीको एउटै वाणी नेपाली भाषाले सबै नेपालीलाई नेपाली राष्ट्रियताको सत्रमा बाँध्न सकेको कुरा कवि ढकाल उल्लेख गर्छन् ।

२०१३ सालतिर नेपाली कविताको मूल प्रवाहको रूपमा स्वच्छन्दतावादी प्रगतिवादी धारा थियो । यद्यपि ढकालका कविता अभ्यासिक चरणका भए पनि उनको यस कवितामा प्रगतिशील स्वरहरू पाइन्छन् । ढकालको पूर्वार्द्ध चरण मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित चरण थियो । त्यसैले कवि ढकालका आफ्ना कवितामा नेपाल र नेपालीको स्थानीय अवस्थाको चर्चा गर्छन् । तत्कालीन नेपालमा वर्तमान समय जस्तै अन्याय, अत्याचार, भ्रष्टाचार तथा सामाजिक कुसंस्कारले जालोझैँ ढाकेको कुरा सङ्केत गर्दै ती कुराहरू नै राष्ट्रका प्रगति पथका बाधक भएको कुरा उनले उल्लेख गरेका छन् । यस्तै कुराले आफ्नो मन बिचलित भएको कुरा व्यक्त गर्दै कवि भन्छन् :

*राष्ट्रिय उपकरणहरूको दुर्व्यवहार*

*समाजको थकित अवस्था*

*साम्नेमा नाँच्छ*

*सफा आकाशको*

*त्यो सेतो नीलो आकाशमा*

*अन्धकारले गाँफेकै र*

*उक्त निवासी भित्र भावना*

*अँध्यारो अँध्यारो ।*

मेचीकालीको पवित्र जलले सिञ्चेको पावन भूमि नेपालको आज यस्तो अवस्था अन्याय अभाव, विकरालता देख्दा कुनै नेपाली पनि चिन्तित नभइरहन सक्दैन भन्ने कारुणिकताभाव यस कवितामा व्यक्त भएको पाइन्छ । अन्त्यमा कवि आशावादी हुँदै हरेक नेपाली सचेत भएमा नेपालमा पनि प्रगतिरूपी उषाको नौलो विहानी आउने छ भन्ने कुरा उनले व्यक्त गरेका छन् ।

*उ नेपाल*

*एकचोटी तेरो शुष्क आँतले*

*कालन्तरमा 'उषा पाउला की?'*

चारवटा अनुच्छेदमा रचित प्रस्तुत गद्य शैलीको कविता आन्तरिक साङ्गीतिक श्रुतिमधुर हुनाका साथै रसात्मक पनि बनेको पाइन्छ ।

## ३.२.२ एकरातको भेट

यो 'एकरातको भेट' शीर्षकको कविता २०१५ सालमा **छहारी** (दुईमहिने) पत्रिकामा प्रकाशित भएको थियो । यस कविताको भावार्थ प्रसिद्ध अङ्ग्रेजी कवि रवर्ट ब्राउनिङ्को 'मिट्रि एट नाइट' शीर्षकको कविताको प्रतिरूप जस्तो भएको त्यसैको आधारमा लेखिएको हो ।

कुनै ठूलो सहरमा प्रवेशलाई कवि ढकाल कविताको भावभूमिको रूपमा लिएका छन् । यसै भावभूमिमा कवि आफूलाई तिनको पथराको रूपमा लिन्छन् । तथापि जीवनमा आफ्नी प्रियतामा वा नायिकालाई भेट गर्न आग्रह गरिरहेका देखिन्छन् । यहाँ कवि आफ्नी प्रियानेभूसँगको मिलनका लागि आतुर देखिन्छन् । उनी आफ्नो अवस्थाको जानकारी गराउँदै भन्छन् :

अन्धकार त्यो छायै नदेखिने जान्थ्यो विचरा पथरा लुरु .. लुरु ... खुरु .... खुरु ... । रातको एकान्त साथै हावाको मन्दमन्द गतिमा आफ्नी प्रियाले चिवे चरीले मधु र मस्रिष्ट बोलीो आवाज दिएकोले कवि तरङ्गित भएका देखिन्छन् । त्यो संयोग र मधुर मिलनको क्षणलाई उहाँ यसरी व्यक्त गर्नुहुन्छ :

आवाज के पाइन्छ वायुको मधुर प्रवेशको थियो ती दुईको क्षणिक मिलनमा प्यारो नेभूको प्रिय कथा प्रेमप्रणयलाइृ विषयवस्तु बनाइएको यस कवितामा कविको नववयको स्वच्छन्द अभिव्यक्ति पाइन्छ । अभिव्यक्तिको सहजता तथा भावप्रावह यस कवितामा स्वभाविक रूपमा भएको पाइन्छ । 'पथरा',

'अन्धकार' जस्ता शब्दको व्यञ्जनात्मक अर्थले पनि कवितामा अर्थचमत्कार ल्याएको देखिन्छ । रूपक तथा उपमा अलङ्कारले कविताको बाह्य रूप पनि आकर्षक तुल्याएको छ । कवि प्रौढोक्ति शैलीमा रचित प्रस्तुत कवितामा सरल रूपमा कविका स्वच्छन्दतावादी प्रणयभावको अभिव्यक्ति भएको पाइन्छ ।

### ३.२.३ सपना

यस शोधकार्यमा समेटिएको यो 'सपना' शीर्षकको कविता वि.सं. २०१७ मा **इन्दु** पत्रिकामा प्रकाशित भएको पाइन्छ । यस कवितामा कवि ढकालले मानिसको कल्पनाशीलतालाई सपनाको रूपमा लिएको देखिन्छ । सपनाले अमूर्त रूपमा आएर व्यक्तिलाई उद्देशय प्राप्तितर्फ उन्मुख गराउँछ भन्ने भाव यस कवितामा पाइन्छ । मान्छेका अनेकौं कल्पना र सपनाको माझबाट एउटा राम्रो सपना रोज्नु पर्ने बाध्यताको उल्लेख प्रस्तुत कवितामा भएको देखिन्छ । यस्तै भावहरूको अभिव्यक्ति कवि ढकाल यसरी गर्छन् :

*रोज्नु पर्ने कुनै एक सहसौंको बीचमा*

*क्षतिपूर्ति दुवैको समाज उद्देश्यमा*

कवि दुवै शब्दको प्रयोगबाट आफू र आफ्नी प्रियाको एउटै लक्ष्य वा उद्देश्य भनेको 'प्रेम' भएको कुरा देखाउन चाहन्छन् । प्रेम प्रणय सम्बन्धमा सधैं एउटै अवस्था नहुनाले कहिलेकाहीँ शङ्काले जीवनका सुनौला सपना धमिल्याएर अन्धकारमय बनाउन खोजे पनि भावनामा डुबेका कवि सपनालाई अमूर्त र प्रकाशमय रूपमा देखिँदा हर्षको सीमाभन्दा बाहिरसम्म यात्रा गर्न पुगेको कुरा उल्लेख यसरी गर्दछन् :

*आहा ! प्रकाश रूपमा देखिँदा*

*हर्षको के कल्पना ?*

*थियो अत्यन्त केबल प्यारो*

*सुखमय जीवनको प्रिय सपना !*

आफ्ना जीवनका पूर्व स्मृतिलाई समेटी लेखिएको यो लघु आकारको गद्यकवितामा कविको मानसपटल नै भावभूमिको रूपमा रहेको छ । कविले प्रौढक्ति शैलीमा रचना गरेको यस्ता कवितामा कतिपय शब्द विन्यासले आन्तरिक सङ्गीतमयतालाई अबरुद्ध गर्न खोजे पनि अभिधामूलक अभिव्यक्त हुँदा कविताको मुख्य भाव भने स्पष्ट रूपमा ग्रहण गर्न सक्ने देखिन्छ ।

## ३.३ जयप्रसाद ढकालको कथाकृतिको अध्ययन

कथा विधा साहित्य इतिहासको कान्छो विधा मानिए तापनि यसले आफ्नो द्रुतगतिमा आफ्नो विकास गर्‍यो । पूर्वीय साहित्यमा हितोपदेश तथा पञ्चतन्त्र आदिको लेखन प्राचीनकालमा नै भए पनि कथाको आधुनिक रूप भने पश्चिमी साहित्यकै देन हो भन्ने कुरामा दुईमत छैन । खासगरी गुरुप्रसाद मैनालीको कथाकारिताबाट नेपाली कथा विधाको आधुनिकतामा पाइला टेकेको हो । कथाविधाले आधुनिकता प्रवेश गरेको छोटो समयमा पनि विभिन्न चरणहरू तथा मोडहरू पार गरिसकेको छ । गद्य विधा अभिव्यक्तिको सहज माध्यम भएकाले कथा विधाले नेपाली साहित्यको फाँटमा पनि व्यापकता पाएको कुरालाई स्वभाविकै रूपमा मान्नु पर्दछ । यसै परिप्रेक्ष्यमा जयप्रसाद ढकालका कथाहरूलाई पनि उनको साहित्य यात्राको पूर्वार्द्धको महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । यी कथाहरू ढकालका युवावस्थाका तथा उनको लेखनको आभ्यासिक कालमा लेखिएका कथा भएको हुँदा शिल्पपक्ष कमजोर देखिए पनि उनको बहुमुखी प्रतिभाको भने अवश्य सङ्केत गरेको पाइन्छ । सङ्ख्यात्मक रूपमा उनका कथा धेरै देखिँदैनन् । शोधकार्यका निम्ति प्राप्त भएका केही कथाहरूको विवेचना निम्नानुसार छन् :

### ३.३.१ कन्नेदान

जयप्रसाद ढकालको 'कन्नेदान' शीर्षकको कथा २०१३ सालमा बनारसबाट प्रकाशित भएको **नौलो पाइलो** कथासङ्ग्रहमा प्रकाशित भएको थियो । यो केन्द्रीय अवलोकन बिन्दुको शैलीमा लेखिएको यस कथामा लेखक स्वयम् मुख्य पात्र भएर आफ्ना अनुभूतिलाई घटनासँग आबद्ध गरेर कथानकलाई प्रस्तुत गरिएको छ । लेखक आफू घरबाट बिदा भएर पढ्न जान लाग्दाको समयमा लेखक जयप्रसाद ढकालका पिता स्व. लप्टन अविनारायण ढकालले दिएको अर्ती, उपदेश, सोही समयमा लेखककी प्रिय बहिनी प्रभूको अवस्था नै कथाको विषय भएको पाइन्छ । लेखकका पिता बृद्ध भइसकेकाले उनी आफ्ना सन्ततिको भविष्यका बारेमा चिन्तत गरेको कुरा कथाको मुख्य पृष्ठभूमि बनाएर चर्चा गरिएको छ । कथाको पूर्वार्द्धमा लेखक विषयवस्तुको केन्द्रीयतामा भन्दा आफ्नो अनुभूतिकै परिधिमा केन्द्रित भएर आएका छन् भने कथाको उत्तरार्द्धमा आएर मात्र कथाको शीर्षकसँग आबद्ध हुँदै कथावस्तु उत्कर्षतर्फ लम्बिएको पाइन्छ । कथानकको प्रस्तुति पूर्वदिप्ती शैलीमा आधारित रहेको पाइन्छ । कथाकार ढकाल आफ्नो भविष्यका निम्ति अध्ययनका लागि घरबाट विदा हुँदाका बखत उनका पिताले बहिनी प्रभूको कन्यादानको प्रसङ्ग उठाएको र त्यहि कुराले लेखकको मनमा हलचल पैदा गरेको पाइन्छ । यस कथामा बाह्य द्वन्द्व प्रायः शून्य छ । त्यसैले आन्तरिक द्वन्द्वको प्राचुर्यता भएको पाइन्छ । यस कथामा 'म' पात्रको मानसिकतामा देखापरेको मुख्य समस्या आफूले आफ्नो दायित्व निर्वाह गर्न नसक्नु हो अथवा 'म' पात्र (लेखक) बहिनीका निम्ति कन्यादान गर्न योग्य वर नपाउनाले उसलाई हिनताबोध भएको देखिन्छ । त्यसैले लेखक प्रदेशबाट घर फर्कन चाहँदैनन् ।

सामाजिक कुरीति, रुढीवाद र अशिक्षामा गुज्रीरहेको नेपाली समाज नै यस कथा परिवेश बनेको छ । देशमा नारीशिलाको बिल्कुलै अभाव रहेको कुरालाई सङ्केत गर्दै शिक्षा नपाएकै कारण नारी जातिले जीवनभरी अन्धकारमय जीवनमा बाँच्नुपर्ने बाध्यता रहेको छ । यस्ता सामाजिक कुरीतिजस्ता कुराहरूप्रति यस कथाका मुख्य पात्र (लेखक) विद्रोही बनेको देखिन्छ । यस कथामा तत्कालीन कुरीतिग्रस्त समाजको राम्रो चित्रण गरिएको छ । कथाकारले कथामा दर्शाए अनुसार उहाँकी बहिनी मात्र १४ वर्षको उमेरमा हिँड्दै मात्र थिई विहे गरिदिनु भन्दा पहिले नै पर सर्ली भन्ने ठूलो डर दियो । समाजदेखि उसले समाजमा बाँच्नु थियो ।' यसरी तत्कालीन नेपाली समाजमा नारी जातिको वास्तविक अवस्थाको चित्रण राम्ररी उतारेको पाइन्छ । यो कथा वैचारिकता दृष्टिले प्रगतिशीलतातर्फ उन्मुख भएको पाइन्छ । सामाजिक पूर्वाग्रह तथा शिक्षादीक्षाको अभावले प्रभूको कन्यादान हुन नसकेकोमा 'म' पात्र विद्रोही बनेको देखिन्छ । 'म' मात्रको मानसिक अवस्थालाई कथाकारलाई कथाकारले यसरी चित्रण गर्दछन् । 'प्रभुको कन्यादान ! आहा आँखा आँशुले भिजेछ ! झन सर्वसाधारण जनताको छोराछोरीको कुन हाल होला ? अनेक तरङ्ग मनमा उम्लिएर आउँछ र आजको पत्रको समाजलाई देखेर डढेलो लगाउन मन लाग्छ । तर कहिले .....?'

यस कथामा वर्णित पात्रका रूपमा आउने प्रभु, लेखककी आमा, पुरेत आदि छन् । 'म' पात्रको मानसिक द्वन्द्वले नै कथानकलाई चरमोत्कर्षसम्म पुऱ्याएको पाइन्छ । कुतुहलताको मात्र नदेखिएता पनि भाषिक सरलताले कथा सम्प्रेषणीय छ ।

### ३.३.२ कथा

कथाकार जयप्रसाद ढकालको अर्को कथांश रहेको कथा २०१४ सालमा बनारसबाट प्रकाशित हुने 'नौलो पाइलो' मा प्रकाशित भएको थियो । यस कथामा कथाकार ढकालले सपनाको माध्यमबाट आफ्नो अचेतन मनमा रहेको भावको अभिव्यक्त गर्दछन् । मान्छेका मनका रहेका विभिन्न किसिमका अचेतन रूपमा दमित कुण्ठा, पीर, आदिको तीब्रतामा अचेतन मनको माध्यमबाट विभिन्न रूपमा रूपान्तरित भएर अभिव्यक्त हुन्छन् । तिनै दमित रूपमा मनमा गडिएर बसेका कुण्ठाहरू नै मानिसले सपनाका देख्ने तथा अभिव्यक्त हुन्छन् भन्ने सिग्मण्ड फ्रायडको मतसँग प्रस्तुत कथा निकट रहेको देखिन्छ । प्रस्तुत कथा सपनाको परिदृष्य भए तापनि कथाको कार्यपीठिका बनारसको सेरोफेरो नै भएको पाइन्छ । प्रस्तुत कथाको कथानकको केन्द्रीय आन्तरिक अवलोकन विन्दु शैलीमा रचिएको पाइन्छ । अथवा कथाको मुख्य पात्र भएको पाइन्छ । कथामा आवश्यक मात्रामा कौतुहलता भएकोले कथा रोचक भएको छ । कथा स्वाभाविक गतिमा चरमोत्कर्षतर्फ उन्मुख भएको देखिन्छ ।

प्रस्तुत कथाको मुख्य कथानक लेखकको कथा लेखन सिक्ने गरेको प्रयाससँग सम्बन्धित रहेको छ । यस कथामा 'म' पात्रलाई एक जना बर्मा नाम गरेका साहित्यकारले कथा सुनाउनु पर्दछ भन्ने कुरा गरेपछि 'म' पात्र आफ्नो अचेतन अशान्त हुन जान्छ भन्ने सोचेर आफ्नो इज्जत बचाउनका लागि पनि 'म' पात्रले साहित्य गोष्ठीमा कथा सुनाउनु पर्ने हुन्छ र 'म' पात्र कथा सिक्न भनी विभिन्न साहित्यकारका दैलादैला

चाहार्छ तर कसैले पनि 'म' पात्रलाई रचनात्मक सहयोग गर्दैन । अब के गर्ने र कसो गर्ने भनी अतालिदै तनावग्रस्त मानसिक अवस्थामा आइपुग्छ र कथा पनि टुङ्गिन्छ ।

एउटा साहित्य फाँटमा भर्खर भर्खर बामे सार्दै गरेका सिकारु साहित्यकारले साहित्य समाधानका क्रममा कतिसम्म सङ्घर्ष गर्नु पर्ने रहेछ भन्ने कुरा यस कथामा सरल र सहाज तरिकाले प्रस्तुत गरिएको छ । त्यसैले यस 'कथा' शीर्षकको कथामा नव उदाउदो साहित्य साधकको कारुणिक वेदनाको कथा हो । नवसाहित्यकारले गरेको सङ्घर्षको घटनालाई परिवर्तित रूपमा प्रस्तुत गर्दै कथाको उद्देश्य प्राप्त गर्नु कथाकारको सरल र आलङ्कारिक भाषाले पनि महत्त्वपूर्ण सहयोग गरेको देखिन्छ ।

## ३.४ जयप्रसाद ढकालको संस्मरण साहित्य

भारतीय तथा पश्चिमी साहित्यको अध्ययन तथा अनुसरण गरेर त्यसबाट प्रभाव ग्रहण गर्दै जयप्रसाद ढकालले आफ्नो साहित्यिक अवधारणा बनाएको बुझिन्छ । जयप्रसाद ढकालले संस्मरण निबन्धलाई 'संस्मरण साहित्य' नामकरण गरेर नयाँ विधा जस्तो अनुभव भए पनि संस्मरण तथा स्मृति लेखन एउटै हो । यस लेखनलाई स्मृति लेखन तथा संस्मरण लेखन जे भने पनि यो एक प्रकारको निबन्ध लेखन हो, ढकालले यस प्रकारका निबन्धहरू लगभग एक दर्जन जति लेखेका छन् । तीमध्ये केही अप्रकाशित अवस्थामा नै रहेका छन् भने धेरैजसो विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूमा प्रकाशित भएका छन् । यस प्रकारका लेखनहरूको मुख्य विशेषताहरू भनेको लेखक वा निबन्धकार कुनै व्यक्ति वा घटनासँग नजिकिएर त्यस घटना वा साक्षातकारबाट लेखकमा परेको प्रभाव आफ्ना अनुभूतिमा ढालेर प्रस्तुत गर्नु रहेको देखिन्छ । ढकालका यस प्रकारका सबै निबन्धहरूको अन्तर्वस्तु वा लखेनको मुख्य तात्पर्य यस्तै कुनै घटना वा व्यक्तिसँग प्रत्यक्ष रहेको देखिन्छ । उनी यस्ता घटनाबाट केकसरी प्रभावित छन्, त्यही प्रकारले आफ्ना मनमा परेको प्रभाव ग्रहण पश्चात् उनको आफ्नो अनुभूति आफ्नै ढङ्ग र शैलीमा प्राण भर्दैभर्दै एउटा निबन्धको आकारमा परिणत भएको देखिन्छ ।

# अध्याय चार

# साहित्य संस्कृति

## ४.१ कृतिगत परिचय

समालोचक जयप्रसाद ढकालको पहिलो समालोचनात्मक कृति **साहित्य र संस्कृति** शीर्षक २०५२ मा प्रकाशित भएको छ । यस पुस्तकमा जम्मा १५ वटा रचनाहरू संग्रहीत छन् । यी समालोचना कृतिहरू विभिन्न समय र सन्दर्भमा लखिएका हुन् । ती समालोचनात्मक कृतिहरूलाई तीन समूहमा विभाजित हुने देखिन्छन् ।

क) साहित्य र सैद्धान्तिक समालोचना

ख) व्यक्ति र कृति समालोचनागत

ग) संस्कृति र इतिहास केन्द्रित समालोचना

## ४.२ साहित्य र सैद्धान्तिक समालोचना

### ४.२.१ प्रगतिवाद एक दृष्टि

सर्वप्रथम प्रगतिवादको जन्म सन् १९३५ मा अङ्ग्रेजीलेखक एम. फोष्टरको सभापतित्वमा प्रोगेसिभ राइटर्स एसोशिएसन नामक संस्थाको पेरिसमा भएको पहिलो अन्तर्राष्ट्रिय अधिवेशन पछि भारतमा सन् १९३६ मा सज्जाद जहिर र डा.मुलुकराज आनन्दका प्रयासमा प्रगतिशील लेखक सङ्घको स्थापना भएको थियो । भारतमा यस प्रगतिशील लेखक सङ्घका प्रथम अध्यक्ष प्रेमचन्द्र भएका थिए । यस्तै यूरोपका धेरैजसो ठाउँमा विस्तारित हुँदै गयो । भारत नेपाल तथा अन्य मुलुकहरूमा पनि प्रगतिवादी मार्क्सवादी लेखकहरूको जमात तयार हुँदै गयो । यो प्रगतिवादी धारा विश्वमा आन्दोलनका रूपमा भएको आधुनिक युगको उत्पादन र पश्चिमी साहित्यकारहरूको देन हो । यो प्रगतिशील लेखक सङ्घले विश्व साहित्यको इतिहासमा ठूलो उपलब्धि भएको विश्वका महान विचारक तथा इतिहासकार यसबाट प्रभावित हुँदै यो पश्चिमी साहित्यकारहरूको गौरवमय उपलब्धिको प्रशंसा गर्दछन् । प्रगतिवादलाई हेर्दै, नियाल्दै जादा, मानव समुदाय समयको परिवर्तन सँगसँगै आफूलाई परिवर्तन, परिष्कृत, सुसुचित तथा अनेकौ समस्यासँग जुद्धै अनुभवि बन्दै जादा के गर्दा आफ्नो हित र जीवनयापन सजिलो पार्ने कोशिस गर्दै जादा साहित्यका क्षेत्रमा प्रगतिवाद र राजनीतिकक्षेत्रमा प्रजातन्त्रवाद आधुनिक विषय बन्न आइपुगेका छन् । यी दुवै परिस्कृत र परिमार्जित रूपमा आएका छन् ।

समालोचक जयप्रसाद ढकालको साहित्यिक यात्रा झण्डै अढाई दशकको मौन विश्राम पश्चात् आएको **साहित्य र संस्कृति** नामक समालोचनात्मक संकलनमा परेका कृतिहरूले उहाँको प्रत्यागमनको निखार्ताका संकेत दिने क्रममा "प्रगतिवाद एक दृष्टि" २०४८ मा आफ्नो समालोचनात्मक प्राथमिक दशकमा प्रगतिशीलता वा प्रगतिवादी कला, साहित्य सम्बन्धी दृष्टिकोणबाट उत्प्रेरित रहेका तथा प्रगतिवादको नवव्याख्यालाई अगाडि सार्नु भएको छ । यस कृतिमा अन्तर्राष्ट्रिय सन्दर्भमा प्रगतिवादको संक्षिप्त चर्चा परिचर्चा गर्दै नेपाली साहित्यमा प्रगतिवादी धाराको अभियानको चर्चा गर्नु भएको छ । यस लेखको शीर्षक "प्रगतिवाद" भन्नाले सर्वपरि विकासलाई समेट्न विषय हुन भन्दै उहाँ प्रगतिवाद साहित्यसँग सम्बन्धित विषय हो भने प्रजातन्त्र भनेको राजनीतिसँग सम्बन्धित विषय हो । यी दुवैको प्रर्वधनमा पश्चिमी मुलुकहरूका साहित्यकारको महत्त्वपूर्ण देन रहेको छ । यी दुवैका आ-आफ्नै उद्देश्य तथा सिद्धान्त भए पनि प्रजातन्त्र र प्रगतिवादका बीच घनिष्ट सम्बन्ध रहेको हुन्छ । जुन मुलुकमा प्रजातन्त्र राम्ररी फस्टाएको हुन्छ, त्यहाँ प्रगतिवादी साहित्यले पनि राम्ररी फुल्ने फल्ने अवसर पाउँछ । जहाँ प्रजातन्त्रलाई बन्देजमा राखिन्छ, त्यहाँ प्रगतिवादी साहित्ले पनि फस्टाउने मौका पाउँदैन । यसका प्रत्यक्ष उदाहरणका लागि नेपालमा राणाशासनकालको साहित्य र छिमेकी मुलुकमा अंग्रेज शासनको समयको साहित्यलाई लिन सकिन्छ । प्रगतिवादी साहित्यको चर्चा गर्ने क्रममा जुन देशको साहित्यको चर्चा वा विवेचना गरिन्छ भने त्यहाँको सामाजिक, राजनैतिक, ऐतिहासिक, सांस्कृतिक आदिको पहिचान गर्नु जरुरी हुन्छ । अन्य सामाजिकशास्त्रहरू जस्तै साहित्य पनि समाजकै उपज हो । प्रगति भनेको उन्नति गर्नु, विकास गर्नु, व्यावहारिक जीवन सरल र सुगम बनाउँदै लैजानु हो । प्रगति शब्दवाट बनेको प्रगतिवादलाई आज विश्व साहित्यमा एउटा साहित्यिक आन्दोलनका रूपमा लिने गरिएको छ । मानवीय गुण भनेको नै सधैं अगाडि बढ्ने, उन्नति गर्ने, नयाँ र सरल तरिकाले उन्नति प्रगतिको लक्ष्यमा पुग्ने हुन्छ । प्रगतिलाई आत्मासाथ गरेर अगाडि बढेमा व्यक्ति, समाज, राष्ट्रले उन्नति र प्रगतिको शीखर प्राप्त गर्न सक्छ । यसै सन्दर्भमा हाम्रो देश तथा नेपाली साहित्यमा प्रगतिवादी धारा के कस्तो रूपमा प्रवेश गरेर कस्तो अवस्थामा अगाडि बढिरहेको छ भन्ने सन्दर्भमा निरंकुश राणाशासनको समय देखि नै नेपाली साहित्यकारहरूले साहित्यको विकासका निम्ति अगाडि बढ्ने कवि तथा लेखक लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मी प्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, धरणीधर कोइराला आदि नेपाली साहित्यका अग्रजका रूपमा मानिन्छन् । जसका कारण आधुनिक नेपाली साहित्यको जरो मात्र गाड्न प्रगतिवादी साहित्यको मार्गदर्शन दिदैं साहित्यलाई किनारा लगाउन सफल भए । नेपाली साहित्यकारहरूले समय समयमा कलम चलाए पनि वि.सं. १९७५ सालदेखि आधुनिक साहित्य तथा प्रगतिवादी साहित्यले गति लिदै गयो । नेपाली साहित्यको प्रगतिवादलाई हाँक्ने सारथी लेखनाथ समय, गोपालप्रसाद रिमाल, लक्ष्मी प्रसाद देवकोटा, वी.पी. कोइराला, गुरु प्रसाद मैनाली, धरणीधर कोइराला अगाडि आउँछन् । साहित्यको विकाससँग सँगै राजनीतिकचेतनाले पनि नेपाली जनतालाई सुसुचित बनाउँदै गएकाले वि.सं. २००७ सालको राजनीतिकआन्दोलनले जहानीय राणाशासनलाई फ्याक्न सफल भएकाले नेपालमा प्रजातन्त्रको उदय भयो । यही स्वतन्त्रताको उपयोग गर्दै साहित्यकारहरू देशभरी नै स्वतन्त्रपूर्वक आफ्ना भावनाहरू पोख्ने अधिकार प्राप्त गरे । स्वतन्त्रता सृजनाको विकास हुँदै प्रगतिवादी साहित्यका आधारशिला देखा पर्न थाले ।

प्रगतिवादी साहित्यमा निरन्तर रूपमा अगाडि बढ्न थाल्यो । साथसाथै नेपाली साहित्यमा पनि पश्चिमी छायाँवाद वा साम्राज्यवादको अन्त्यपछि प्रगतिवादको उदय भएको हो । बिस्तारै प्रगतिवादको व्यापकता पनि बढ्दै गयो । निरंकुश र परतन्त्रवादको व्यापक विरोधमा प्रगतिवाद सक्रिय रूपमा अगाडि बढ्दै गयो परिणाम स्वरूप विश्वबाट अधिनायकवाद घुँडा टेक्दै गयो । प्रगतिवादको स्वागत सम्पूर्ण विश्वभरी फैलदै गयो । प्रगतिवादले आफ्नो परिधि व्यापक बनाउँदै गयो तर हाम्रा प्राचीन धर्म ग्रन्थ तथा ऋषि मुनी तथा आचार्यहरूका सेजनामा प्रकृतिको वर्णन, जुनेली रात, कमल भ्रमण संवाद, स्वर्ग, नर्क, सौन्दर्य तथा देवासुरको संग्राम जस्ता सीमित क्षेत्रमा रहेका छन् । यसको विपरीत प्रगतिवादी साहित्य धाराले सम्पूर्ण विश्व साहित्यलाई समेट्दै मानव जीवनका क्रियाकलाप सुखः दुःख, पीडा, चिन्ता, जीवनका अनेकौं समस्याबाट कसरी मुक्ति पाउन सकिन्छ ? साथै मानव जीवनको अधिकतम सुख कसरी के गर्दा हुन्छ, यसको सृष्टिमा प्रगतिवादी साहित्य आफ्नै किसिमको विशिष्ट योगदान दिदैं आइरहेको छ ।

राणा शासनको अन्त्यसँग सँगै प्रगतिवादी साहित्यको चेतना चारैतिरबाट देखिन थाल्यो । साहित्य साधकहरूको केही लेखक प्रगतिवादी धारामा संलग्न भएर गद्य र पद्य माध्यमबाट प्रगतिवादी सृजनाहरू दिन थाले । विशेष गरेर नेपालका काठमाडौँ, पोखरा, विराटनगर, नेपालगंज, धरान, इलाम, काशी, वाराणसी, दार्जिलिङ्ग, आदि स्थानका सचेत विद्यार्थीहरूमा प्रगतिवादी साहित्यप्रति चाख तथा चासो बढ्दै गयो । अन्तर्राष्ट्रिय जगत पनि प्रगतिवादी साहित्यका विषयमा लेख रचना आदि प्रकाशित गर्दै गए । यसै समयमा डा. डी.पी. अधिकारीको “ययार्थवादी समालोचना, समीक्षात्मक” पुस्तकको प्रकाशनले मार्क्सवादी प्रगतिशील साहित्यकारका बीचमा व्यापक चर्चा ल्यायो । देशका युवा कलाकारका निम्ति मार्क्सवादी प्रगतिशील साहित्यले उत्साह, उमङ्ग लिएर अगाडि बढेकाले पनि प्रगतिशील साहित्य सृजनामा व्यापकता आउँछ । २००७ सालमा प्रजातन्त्रको उदयपछि नेपाली साहित्यकारहरूले खुलेर आफ्ना भावना पोख्न सक्ने वातावरण बनेको हुनाले प्रगतिशील लेखक सङ्घको स्थापना भएको हो । सन् १९६० मा धर्मराज थापाको अध्यक्षतामा संगठित प्रगतिशील लेखक सङ्घका प्रथम सचिव तारानाथ शर्मा थिए । २०१७ सालको राजनीतिकपरिवर्तनपछि उनले राजीनामा दिए । २०१७ को पञ्चायती व्यवस्थामा कुनै पनि सङ्घ संस्था स्थापना गर्न श्री ५ को सरकारबाट स्वीकृति प्राप्त गरेपछि मात्र कानुनी मान्यता प्राप्त गर्ने व्यवस्था गरियो । सन् १९६२ मा कृष्णचन्द्र सिंह प्रधानको अध्यक्षतामा साहित्यकार समालोचक जयप्रसाद ढकाल पुर्नगठित लेखक सङ्घका सचिव भए । श्री ५ को सरबारबाट रजिष्ट्रेशन गराए लगत्तै सचिव ढकाल लेखक सङ्घका सबै खातापाता श्यामप्रसादलाई जिम्मा लगाएर आफ्नो व्यवहारिक कारणले गर्दा घरतर्फ लागे । वि.सं. २०५२ सालसम्म श्यामप्रसादको अध्यक्षतामा प्रगतिशील सङ्घ रहिरहेको वा चलिरहेको छ । पञ्चायती व्यवस्थामा प्रगतिशील लेखक सङ्घले कुनै पनि नयाँ नौलो कार्य गर्न नसके पनि फट्याक फुटुक रूपमा पुस्तकहरू प्रकाशित भइरहे । प्रगतिशील लेखक सङ्घमा आउनका लागि मार्क्सवादी सिद्धान्तलाई मान्नै पर्छ भन्ने कुनै बाध्यता नरहेको हुनाले मार्क्सवादी विचार भएका र नभएका सबै एक जुट भए । प्रगतिशील लेखक सङ्घ गठन हुनुभन्दा अगाडि प्रकाशनमा आएका लेखनाथ पौड्यालको सुँगा, धरणीधर कोइरालाको “नैबेध”, गोपाल प्रसाद रिमालको “आमाको सपना”, लक्ष्मीप्रसाद देवकोटाको “भिखारी”, यात्री, किसान,

हुरीको गीत, महानन्द सापकोटाको “वेदना”, अपुङ्गो, आँटे विशाल नेपाल, हृदयचन्द्र सिंहको “स्वास्नी मान्छे” नामक उपन्यास आदिमा मानव समाजका निम्ति अग्रगमन मार्गदर्शक रहेका छन् । नेपाल र नेपालीका सुखमय जीवनयापनको सपना साच्ने इच्छुक विकाशशील साहित्यकारहरू साहित्य सौन्दर्यको कल्पनामा जनोपयोगी सृजनाका माध्यमबाट परतन्त्रको विरोध गर्न प्रगतिवादी साहित्यकारले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

नेपाली साहित्यका कविता, कथा, निबन्ध, उपन्यास, नाटक लगायत अन्य साहित्यिक विधा जस्तै प्रगतिवाद आलोचना क्षेत्रमा पनि आफ्नै दृष्टिकोण स्वतन्त्र रहेको छ । प्रगतिवादी लेखक हृदयचन्द्रसिंह प्रधान मार्क्सवादी नभए पनि प्रगतिवादी समालोचनाका क्षेत्रमा सक्रिय भूमिका निर्वाह भइरहेको छ । उनको भनाईमा “सामन्ती पूँजी शोषण, प्रतिकृयावादी आदि भावसित जुधी जगत्मा चेतना र विकास ल्याउने भावको पनि त्यसैले प्रतिनिधित्व गर्दछ । त्यसैले प्रगतिवादी भावनाका निम्ति भोका, नाङ्गा, शोषण, सामन्त, पूँजी, साम्राज्य, दलाल, गद्दार, सभ्य, शान्तिप्रेमी आदि प्राविधिक शब्द हुन् । नेपाली प्रगतिवादी कविताहरू प्रायः यस्तै शब्दहरू बोकेर आएका हुन्छन् । तर प्रगतिवादी भन्दैमा जस्तो पायो त्यस्तै शब्दहरूको प्रयोग गरेर कविता सृजना गरिन्छ भने त्यो प्रगतिवादका नाममा विकृति हो । प्रगतिवादी साहित्यका नामले नेताले मञ्चमा उभिएर दिने भाषण जस्तो उत्पट्याङ्ग सृजना गरिन्छ भने त्यसलाई प्रगतिवादी भन्न सकिन्न ।

प्रगतिवादी साहित्यका नाममा असाहित्यिक सृजना गर्ने लेखकहरूको पनि कमी छैन । विद्रोहका नाममा जिद्दी साहित्यकार ठाडो नाराबाट प्रभावित छ । साहित्यिक अराजकताबाट मानव उपयोगी सृजना हुन सक्दैन र यसरी साहित्यिक अराजकता प्रगतिवादी मार्गमा बाधक बन्दछ । कुनै रचनाले कलह, अशान्ति, निरासा जस्ता अनुशासन विहिन कुरालाई प्रोत्साहन दिन्छ भने त्यस्ता रचनाले मानवको सुन्दर जीवन सुख, शान्ति, आनन्दको कसरी विकास हुन्छ ? प्रगतिवादी साहित्यले मानव जीवनका सम्पूर्ण आवश्यक अङ्गमा दृष्टि पुऱ्याउँछ र साहित्य सौन्दर्यमा यसले विशेष भूमिका खेल्छ । मानिसको जन्मदेखि चितासम्मको मार्ग, अन्धकारबाट उज्जवल भविष्यको कल्पना गर्व, जीवनका हरेक गाह्रा साह्रा उकाली, ओराली प्रत्येक पहलमा मार्गदर्शक बन्ने नेतृत्व प्रदान गर्ने सिद्धान्त नेपाली साहित्यमा प्रगतिवाद निश्चय नै महत्त्वपूर्ण अध्याय प्रमाणित हुन्छ ।

अन्त्यमा समालोचक जयप्रसाद ढकालले प्रगतिवादको नयाँ व्याख्या तथा पुर्नव्याख्या गर्दै आफ्ना अनुभवबाट साथै प्रगतिवादलाई मार्क्सवादका सिद्धान्तबाट फरक राख्न जोड दिदै अन्तर्राष्ट्रिय सन्दर्भमा प्रगतिवादको संक्षिप्त चर्चा गर्दै नेपालमा प्रगतिवादी साहित्यको विकासका बारेमा चर्चा गर्दै प्रगतिवादको दुरूपयोग तथा उन्नतिको नाराले उग्र साहित्य मात्र नजन्माओस् र असाहित्यिक साहित्य लेखनलाई प्रोत्साहित नगरोस् साथै छाडावादी साहित्यिक अराजकताका विरुद्ध प्रगतिवादले जीवनको सम्पूर्णतालाई उन्नत र सुन्दर साहित्य सृजनाका रूपमा हुर्काउन सकोस् भन्ने कामना गर्दै प्रगतिवाद सम्बन्धि गहन सैद्धान्तिक रूपमा प्रस्तुत गर्दै मार्क्सवादी परिधिभन्दा माथि उठाउन जोड दिएको पाइन्छ ।

## ४.२.(ख) नेपाली साहित्यको स्वर्ण युग

सृष्टिको आरम्भदेखि मानिसका अवसथा र विकास केकसरी भयो ? जङ्गली जीवनबाट सुरु भएर बिस्तारै सङ्गठित हुँदै सामाजिक रूपमा बसेर केकसरी आजको स्थितिसम्म आइपुगेको हो भन्ने कुरा जानकारी प्राप्त गर्न त्यस समयमा साहित्यको विकास केकसरी भएको थियो भनी जानकारी हुन जरुरी हुन्छ । मानिसको विकासक्रमसँगसँगै साहित्यको विकास हुन जरुरी हुन्छ । जति साहित्यको बृद्धि र विकास हुन्छ त्यससँग मानिसको जीवन जोडिएर आएको हुन्छ । विश्वका सबै ठाउँमा साहित्यको विकास एकै किसिमले भएको पाइँदैन त्यसैले कतै साहित्यको विकास चाडो भएको पाइन्छ त कतै साहित्यले अहिलेसम्म पनि जरो गाड्न पाएको छैन । जहाँ साहित्यको विकास चाडो भयो त्यहाँका मानिसको जीवनस्तर माथि पुगेको उदाहरण पाइन्छ भने यहाँ साहित्यको विकास भएको छैन त्यहाँ मानिसको जीवन कष्टकर, दुःखी तथा अविकसित रहेको अहिले पनि प्रशस्त उदाहरण पाइन्छ । साहित्यको विकाससँग त्यस ठाउँकोविकास मानिसको जीवनस्थिति आदिमा भर पर्दछ । साहित्यको विकास पनि कुन समयमा केकति भयो ? कुन समयमा देखि कुन अवस्थामा आएको थियो ? कुन समयदेखि कुन समयसम्म केकति रूपमा विकास भएको थियो भनी समयको भिवाजन गरिएको पायन्छ । साहित्यकार तथा विभिन्न विद्वान्हरूले विभिन्न समयमा विभिन्न किसिमले साहित्यको विकासक्रमलाई विभाजन गरेका छन् । यी सबैका विभाजन फरक फरक रूपमा तथ्य र प्रमाण दिएको पाइन्छ । आआफ्नो मत तथा विचार दिने क्रममा कसैले महत्त्वपूर्ण घटनालाई आधार मानेको पाइन्छ । कसैले कुन पश्चात् कृतिका आधारमा भने कसैले धार्मिक परम्पराका आधारमा मानेर विभाजन गरेको पाइन्छ । सबैले प्राचीनकाल, मध्यकाल र आधुनिककाल गरी विभाज गरेका छन् । यसरी संसारका सबै मुलुकमा आआफ्नै किसिमले विभाजन गरेको इतिहास पाइन्छ । हाम्रो देशमा पनि साहित्य इतिहास आफ्नै किसिमको छ । साहित्यको इतिहास निर्माण गर्न पनि ज्यादे गाह्रो पर्दछ । यसैले होला नेपाली साहित्यको इतिहास सही रूपमा प्रकाशमा आउन अझ पनि सकेको छैन भन्ने लाग्छ ।

नेपाली साहित्यको इतिहास लेख्ने क्रममा जजस्ले जस्तोजस्तो इतिहास निर्माण गरे त्यसैलाई आधार मान्दै अगाडि बढ्दै आएको पाइन्छ । हुन त कतिपय ठाउँमा विद्वान्हरूका मतहरू आपसमा बाझिएको पनि पाइन्छ र पनि एउटा बिन्दुलाई आधार बनाएर अगाडि बढ्दै प्राचीनकाल, मध्यकाल हुँदै आधुनिककालमा चलिरहेको छ । नेपाली साहित्यको इतिहासलाई विद्वानहरूले नेपाली साहित्यको तिहासको सुरुदेखि वि.स. १९४० सम्मको समयलाई प्राचीनकाल वि.सं. १९४१ देखि १९७४ सम्मको समयलाई मध्यकाल र वि.सं. १९७५ देखि हालसम्मको समयलाई नेपाली साहित्यको आधुनिक कालमा विभाजन गरिएको छ । नेपाली साहित्यको इतिहास तथा विकास कुन समयमा चाहिँ बढी मौलाएको थियो भनेर विभाजन गर्ने क्रममा इतिहासकारहरूको बहुमतका आधारमा वि.सं. १९७५ देखि २००७ सालको समयलाई नेपाली साहित्यको इतिहासको स्वर्ण युग मानिएको छ ।

नेपाली भाषा साहित्यको इतिहास पृथ्वीनारायण शाहको एकीकरणको समयदेखि सुरु भएर नेपालको राणाशासनको समय, २००७ सालको प्रजातन्त्र प्राप्तिको समय, २०१७ सालको पञ्चायती शासनकालको समय र २०४६ सालपछिसम्मको भाषासाहित्यको विकास क्रमलाई मूल्याङ्कन हिसावले हेर्दा त्यस समयको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, साहित्यिक आदिको विश्लेषण गर्नु आवश्यक तथा उपयुक्त हुन्छ । समयको परिवर्तनसँगसँगै राज्य र समाजका हरेक पक्षहरू पनि परिवर्तन हुँदे जान्छन् । कुन समयमा कसको समयमा साहित्यको विकास केकति र कसरी भयो ? भनी मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । नेपालमा साहित्यको विास राणाशासनभन्दा अगाडि जेजसरी भए पनि राणाशासनको १०४ वर्षको अवधिमा पनि वि.सं. १९४० सम्म साहित्यको विकास नगन्य रूपमा भएको पाइन्छ भने १९४० देखि १९७४ सम्मको समयमा नेपाली साहित्यले धेरै साहित्यकार तथा प्रतिभाहरू जन्माइसकेको थियो । यही अवधिमा अर्थात १९४० देखि १९७४ को बीचको समयमा नेपालको पहिलो पत्रिका **सुधासागर** प्रकाशित भयो । त्यसैगरी साहित्यक प्रतिभाहरूको जमातले वि.सं. १९५८ सालमा गोरखापत्रको प्रकाशन सुरु गऱ्यो ? यसरी नेपाली साहित्यको विकास बढ्दै गयो । नयाँ प्रतिभाहरू देखा पर्दै गए वि.सं. १९७५ देखि नेपाली साहित्यका प्रतिभाहरू प्रतिस्पर्धाका रूपमा अगाडि बढ्ने क्रम आयो नेपाली साहित्यले धेरै उक से उक लेखक, साहित्यकार जन्मायो जसको कारण नेपाली साहित्यको भण्डार विशाल बन्न पुग्यो । यस राणाशासनको अन्तिम बत्तिसवर्षको अवधि अर्थात १९७४ देखि २००७ सालको अवधिलाई नेपाली साहित्यको स्वर्ण युग मानिन्छ ।

विश्व साहित्यमा आएको आधुनिक परिवर्तनसँगसँगै नेपाली साहित्यमा परिवर्तन आउनु स्वभाविकै हो । यस समयमा साहित्यका विभन्नि विधाहरूमा नाटक, कथा, उपन्यास, निबन्ध, कविता आदि देखा पर्न थाले । विश्व आएको राजनीतिकपरिवर्तनसँगसँगै नेपालमा पनि राजनीतिकपरिवर्तनको चेतना जगाउने माध्यमका रूपमा साहित्यको महत्त्वपूर्ण भूमिका हुन पुग्यो । नेपाली साहित्यमा प्रगतिवाद, प्रयोगवाद, अस्तित्ववाद तथा स्वच्तन्दतावाद जस्ता आधुनिक साहित्यका धाराबाट प्रभावित हुन थाल्यो ।

एकतन्त्रीय जहानीय निरंकुश राणाशासनमा राजनीतिकतथा साहित्यिक चेतना जगाउने प्रयास गर्नु भनेको आफूले आफूलाई गुमाउनु पर्ने स्थितिमा पनि त्यस बेलाका जुझारु साहित्यकारहरूले ज्यानको बाजी थापेर परिस्कृत भावशैली तथा शिल्पका माध्यमबाट अगाडि आउन सफल व्यक्तित्वहरूमा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, धरणीधर कोइराला, महानन्द सापकोटा, हृदयचन्द्र सिंह प्रधान, गोपालप्रसाद रिमाल, आदि साहित्यकारहरूले नेपाली साहित्यको भण्डार गर्ने काम गरी धनी बनाए । नेपाली साहित्यमा कविता, कथा, नाटक, निबन्ध, उपन्यास, खण्डकाव्य, महाकाव्य जस्ता साहित्यका गद्य र पद्य दुवै क्षेत्रबाट तिव्र रूपमा अगाडि बढ्दै लेखकहरू आफ्ना नयाँनयाँ मूल्यवान् प्रतिनिधि रचना जन्माउँदै गुणात्मक तथा संख्यात्मक दुवै पक्षबाट साहित्य संसार उज्ज्वल पार्न गरेको कठिन परिश्रमले गर्दा निरंकुश शासनको अन्तिम बत्तिसवर्षको समय नेपाली साहित्यको लागि स्वर्ण युगका रूपमा सावित भयो ।

राणाशासनको समय वि.सं. १९०३ देखि सुरु भएर वि.सं. १९७५ सम्म आइपुग्दा निरङ्कुशताको विरोधले तीव्र रूप लिँदैथियो यही अवधिमा सती प्रथा, दास मोचनजस्ता कार्य पनि भए यसै समयदेखि समाजमा पनि विद्रोह देखिन थाल्यो । विश्वका हरेक मुलुकमा भएका अप्रजातान्त्रिक शासनको विरोध र विभिन्न घटनाक्रमले नेपाललाई पनि भाव पार्दै गयो । नेपाली साहित्यको २०० वर्षदेखिको सुस्त गतिको इतिहास एकाउक परिवर्तन हुँदै लेखक कलाकार र साहित्यकारहरूले जनताको पीडा, व्यथा, चिन्ता, दुःख तथा चेतनाको आवाजका साथै आधुनिक साहित्यको सृष्टि हुन थाल्यो । साहित्यकारहरूले साहित्यका सबै विधा, नाटक, कथा, कविता निबन्ध, उपन्यास आदिमा निरंकुश शासनको विरोध र परिवर्तनको खाँचो भएको चेतनामूलक नाटक रुद्रराज पाण्डे र रूपनारायण सिंहले दरवारको षड्यन्त्र उद्ङ्याएर भने बालकृष्ण समले **भीमसेनको अन्त्य** मा शासनसत्ता तथा युग परिवर्तनलाई औंलयाए । यसैगरी अमर सिंह नाटकमा विदेशीबाट नेपालमाथि हमलाको विरोध स्वरूप नेपालीले देखाएको बहादुरी दर्शाइएका छन् । यही अवधिमा देवकोटाले मुनामदन, शाकुन्तल जस्ता चर्चित कविता, खण्डकाव्य, महाकाव्य, निबन्ध, कथा, उपन्यास तथा अनेकौं झ्याउरे लयका कृतिहरू सिर्जना गरी नेपाली साहित्यमा महान् व्यक्तित्व केलाए जस्तो भाषा कल्पना शक्ति, शब्दचयन आदिको खानी मानिएका तेजिला साहित्यकार नेपाली साहित्यमा उनका अतिरिक्त फेला पार्न सकेको छैन । वि.सं. २००७ सालको आसपासमा आएर नेपाली साहित्यकारहरूले आ-आफ्ना भावना, कल्पना, निर्धक्कसँग पस्कने क्रममा आएका कृतिहरू 'पिंजराको सुगा, नैवेद्य नेपालको वेदना, आमाको सपना अगाडि आए । केही साहित्यकारहरूको भनाइमा २००७ सालपछि मात्र स्वतन्त्रता आएको हो भन्ने छ तर समालोचक ढकाल राजनीतिकस्वतन्त्रता चाहिँ २००७ पछि मात्र आएको हो । साहित्यमा चाहिँ १९७५ देखि नै लेखकहरूले विभिन्न मिथक राखेर लखेन स्वतन्त्रता उपयोग गर्दै आएका थिए । हुन त राजनीति र साहित्य अलग अलग क्षेत्र भए पनि यी एकअर्कामा परिपूरक देखिन्छन् । राजनीति बन्द अवस्थामा जस्तो चलेपनि साहित्य समृद्धिशाली, निडर र सचेत व्यक्तिहरू देखिएका हुनाले गद्य र पद्य दुवै क्षेत्रमा आएका रचनाबाट यो युगलाई नेपाली साहित्य गौरवान्वित हुनाका साथै यस युगलाई साहित्यिक रूपमा स्वर्ण युग मानिएको हो । यस समयमा लक्ष्मी निबन्ध सङ्ग्रह, रूपमति, भ्रमर (उपन्यास) दोषी चस्मा, मसान, आमाको सपना आदि बहुचर्चित कृतिहरू देखा परेका हुन् नभे नेपाली साहित्यकारहरूको संख्या पनि थपिने क्रम बढ्दै गयो । उनीहरूले रचना गरेका कृतिहरू केकस्ता छन् भनी जाँच्ने आलोचना गर्ने, विवेचना गर्ने, भाषाशैली, उद्देश्य अनुसार फरक हुने गर्दछ । प्रत्येक विधाले भाषामाथि राज गर्छ भने झैं नाटक, कविता, कथा, उपन्यास, निबन्ध आदि भाषामा फरक पर्नाले त्यही अनुरूप रोचक पनि हुने गर्दछ र यो स्वभाविक पनि हो । एउटै विधामा पनि १९७५ देखि हेर्ने हो भने पनि भाषा प्रयोगमा परिस्कृत हुँदै आइरहेको छ । भाषामा प्रयोग हुने तत्सम्, तद्भव, आगन्तुक शब्दको प्रयोगलाई घटाउँदै लगेर खारिएको ठेट झर्रो शब्दको प्रयोगले नेपाली भाषालाई व्याकरणीय हिसाबले शब्द रूपमा आउने पनि स्वर्ण युगको उपलब्धि हो । ये समयमा भाषाको प्रयोगमा प्रतिस्पर्धा हुँदै सरलीकरण बन्दै जानु तथा रचित कृतिको आलोचना, समालोचना, समीक्षा गरेर पनि भाषा निखारिँदै आएको हो । वि.सं. १९७५ देखि २००७ सालका विचमा नेपाली भाषाका साहित्यकार र तिनका रचना तथा कृतिहरू पनि साहित्यिक इतिहासमा उत्कृष्ट बन्न पुगेका हुनाले यो युगलाई साहित्यको स्वर्ण युग भनिन्छ ।

## ४.२. (ग) साहित्यिक समस्या

साहित्यिक समस्या भनेको लेखक/साहित्यकारका बीचमा आइपर्ने समस्या हो । यहाँ साहित्यको मात्र चर्चा गर्दा साहित्यको सर्जकहरूको के कस्तो अवस्था रहेको छ भन्ने जानकारी राख्नु साहित्यको पूर्णता हो । साहित्यिक समस्या समाधानार्थ पनि लेखक/साहित्यकारहरू सहभागी हुनै पर्दछ । साहित्यकार र समाजको बीचमा पनि सम्बन्ध जोडिनु आवश्यक हुन्छ । साहित्यकारले सामाजिक अनुभूतिलाई शब्द र भाषका माध्यमबाट यथार्थ चित्रण गरेको हुन्छ । समाजसँग जोडिने सम्बन्ध पनि आन्तरिक र बाह्य दुई प्रकारका हुन्छन् । कुनै पनि लेखक साहित्यकार समाजबाट अलग रहेर कलाकारिता गर्न सक्दैन । मानिसले सृष्टिकालदेखि नै समाज र प्रकृतिसँग द्वन्द्व गर्दै आइरहेको छ । मानव इतिहासलाई नियालेर हेर्दा ऊ कहाँ कसरी कुन तथा कस्तो अवस्थाबाट सङ्घर्ष गर्दै आएको हो भनी बुझ्नु पर्दछ । मानिसको जीवन सङ्घर्षशील त छँदैछ, सृष्टिकालदेखि आफ्ना आवश्यकता अनुसारको ज्ञान, शिक्षा तथा कर्तव्य गर्दै लिदै एकएक गर्दै अगाडि बढ्ने क्रम चलिरहेको छ । मानिसले दिन प्रतिदिन नयाँ वस्तु र अनुभव पाउँदै गइरहेको छ । यसैगरी कला र साहित्य पनि जति अगाडि बढ्दै गयो उति उति नयाँ र परिष्कृत रूप प्राप्त गरिरहेको हुन्छ । राष्ट्रमा आएका वा देखा परेका अनेकौं समस्याहर मध्ये साहित्यमा देखा परेका समस्या भनेको आर्थिक र सामाजिक परिस्थितिले गर्दा भाषिक रूपमा साहित्यलाई एउटा सङ्कट उत्पन्न गरेको छ भने आर्थिक दुर्बलताका कारण अनेकौं समस्या उत्पन्न भएका हुन्छन् ।

आज आफ्नो जीवन रचना क्षेत्रमा लगाएर बाँच्ने लेखक साहित्यकारलाई जीविकोपार्जनको सङ्कटले असर पारेको छ । सिर्जनशील व्यक्तिहरूलाई अर्थ उपार्जनका निम्ति अन्यत्र मनमस्तिष्क लगाउने बाध्यताले गर्दा सिर्जना तथा रचनाको प्रभावकारिता नदेखिने गरेको प्रशस्त उदाहरणहरू हाम्रा अगाडि छन् । आर्थिक समस्याका कारण कतिपय लेखक तथा साहित्यकारहरू आफ्नो बौद्धिक तथा सिर्जनशीलताको क्षमता हुँदाहुँदै पनि रचना क्षेत्रबाट नै पलायन भएका छन् भने पलायन हुनुपर्ने बाध्यता पनि अगाडि खडा भएको हुन्छ । कतिपय कमजोर आर्थिक अवस्था भएका रचनाकार आफ्नो रचना प्रकाशन गर्न तथा विज्ञापन गर्न नसकेर लेखक साहित्यकार तथा रचनाकारलाई राज्यले उचित जीविकोपार्जन तथा परिश्रमिकको व्यवस्था पनि गर्न सकेको छैन । कमजोर आर्थिक अवस्था भएका सिर्जनाकारका लेख, रचना प्रकाशन गरिदिने कुनै सङ्घ, संस्था तथा सरकारी निकायबाट कुनै पनि पहल भएको छैन । जति प्रकाशन हुन्छन् तिनको पनि उचित पारिश्रमिकको व्यवस्था पनि छैन । जति लेखक तथा कलाकारका सिर्जना छापिन्छन् ती पनि बिक्री वितरण राम्ररी नभइदिंदा जीविकोपार्जनका लागि अन्यत्र लाग्नुपर्ने भएको हो । बैचारिक विषमताका कारणबाट पनि साहित्यिक समस्या उत्पन्न हुन्छन् । परतन्त्र भएका मुलुकहरूमा साहित्यकारहरूले स्वतन्त्रतापूर्वक सामाजिक तथ्य, घटना, पीडा, दुःख, कष्ट, आपसी द्वन्द्व तथा व्यक्तिगत भावना व्यक्त गर्न पाउँदैनन् । सिर्जनाको सम्मान गर्ने हो भने लेखक साहित्यकारहरूलाई कुनै किसिमको बन्देज लगाउनु हुँदैन । जब साहित्यकारलाई यो गर्ने, यति गर्ने, यस्तो नगर्ने, यसरी गर्ने भनेर कुनै किसिमको सीमित मार्ग निर्देशन भयो भने वा हदबन्दीको व्यवस्था गरियो भने सहि रचनामा समस्या उत्पन्न हुन्छ । यसरी रचनाकार तथा लेखक माथि राज्यबाट अङ्कुश लगाइयो भने राज्यकाहरेक क्षेत्रमा

अंकुश लाग्छ । यस्ता वैचारिक मतले समाजमा अदृष्य रूपमा जरो गाडेर बस्छन् जसको फलस्वरूप रचनाकार यथार्थमा नपुगी बीचैमा विभिन्न समस्यामा पर्दछन् ।

नेपाली साहित्यमा नियालेर हेर्दै जाने हो भने अनेकौँ समस्या देखिन्छन् जस्तै साहित्यको कृतित्व र व्यक्तित्वको सही मूल्याङ्कन हुन आवश्यक हुन्छ । यसैगरी कृतित्व र व्यक्तित्वको सीमा लगाउने दायित्व समालोचकहरूको हुन आउँछ । समालोचना गर्दा समालोचनाको सीमा के के हुन् ? के कसरी गर्ने, कति गर्ने भन्ने निश्चितता पनि हुन आवश्यक पर्न जान्छ । आलोचक र समालोचकले विवेचना तथा मूल्याङ्कनमा समानता, एकरूपता हुनुपर्ने हो तर व्यक्तिव्यक्ति बीचमा एकरूपता पाइँदैन । आलोचकहरूले कुनै कृतिको र कृतिकारको खण्डन मात्र गरेको पाइन्छ त कतै कृति र कृतिकारको प्रशंसा मात्र गरेको पाइन्छ । कृतिमा हुनुपर्ने आवश्यक सामग्री थपघट, सल्लाह, सुझाव त्यसले समाजमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका बारे गहिरिएर नियाल्ने चेष्टा भएको पाइदैन त्यसैले रचना र रचनाकारको सही मूल्याङ्कन अपूर्ण नै देखिने गरेको पाइन्छ । वि.सं. २००७ सालको प्रजातन्त्र प्राप्ति पछाडि नेपाली साहित्यले स्वतन्त्रता त पायो तर बन्देजमा रहेको साहित्यलाई सवतन्त्रताको उपयोग गर्ने साहित्यकारहरूले पाएको स्वतन्त्रतापूर्ण रूपमा उपभोग गर्न सकेनन् । प्रजातन्त्र प्राप्तिभन्दा अगाडि जस्तो हरेक रचनाकारले आफ्ना भावनाहरू तथा तथ्य कुराहरू पनि तौलेर मात्र व्यक्त गर्नु पर्थ्यो, सिर्जनाको विभिन्न विधाहरू जस्तै कथा, कविता, नाटक, उपन्यास, निबन्धलाई नेपाली साहित्यमा मात्र होइन विश्व परिवेशमा नै दोस्रो विश्व युद्धले प्रभावित बनायो । दोस्रो विश्वयुद्धमा भएको मानवीय क्षतिको असरका रूपमा मानवीय जीवनको नैराष्यता, आत्महत्या, त्रास, पीडा, कुण्ठा, दिग्दारी तथा पलायन र हतोत्साही मनस्थितिले मानव भएर बाँच्नु अभिषाप भएका जस्ता विषय छानेर आ-आफ्नो कलम चलाउन अगाडि बढेका कवि, लेखक तथा साहित्यकार युरोपदेखि छाएको विसङ्गतीवादी साहित्यले संसारभरि नै छायो । नेपाली साहित्य पनि त्यसबाट अछुतो रहन सकेन । बिस्तारै बिस्तारै अन्य देशबाट हट्दै गयो तर नपाली साहित्यले एक पटक समातेके दृष्टि अहिलेसम्म छाड्न सकेको छैन । नेपाली पाठकहरूमा पनि साहित्यकारहरूका व्यक्तिगत कल्पनामा मनगणन्ते, तथ्यहीन, विश्वास नहुने, उडन्ते, भुतप्रेत आदिका बारेमा कलम चलाउने र सामाजिक व्यावहारिक विषयवस्तुभन्दा टाढा जानाले पनि पाठमा उत्साह उमङ्ग तथा त्यस्ता कृतिको सकारात्मकभन्दा नकारात्मक प्रचार बढी हुनाले जति प्रकाशित भएका पुस्तकहरू पनि खोजेर किनेर पढ्ने आदत बसेको छैन । यो समस्याले गर्दा साहित्यकारले रचना गरेका पुस्तकहरू आशा गरे जस्तो बिक्री हुन नसक्नु पनि साहित्यको समस्या हो भने पाठकले इच्छ्यएको पुस्तक पनि पर्याप्त रूपमा उपब्ध हुन सकेको छैन । देशका राजधानीदेखि जिल्ला क्षेत्र, समाज गाउँ आदि कतै पनि पुस्तकालयको प्रबन्ध राम्ररी हुन सकेको छैन । नेपालको ठूलो विश्व विद्यालय त्रिभुवन विश्वविद्यालय अन्तर्गतको सबै क्याम्पसहरू पुस्तकालयको राम्रो व्यवस्था हुन सकेको छैन ।

विद्यालयस्तरको चर्चा गर्दा मसिना बालबालिकाले पढ्ने पुस्तकहरू सरकारले उपलब्ध गराउन सकेको छैन । यो पनि साहित्यको अर्को समस्या हो । साहित्यकारहरू साहित्य क्षेत्रमा मात्र लागेर परिवार पाल्न सक्ने अवस्था नहुनु पनि साहित्यको समस्याले जीविकोपार्जनका लागि अर्को भरपर्दो कुनै व्यवसायमा

रहेर फुर्सदको समयमा मात्र लेख्ने कार्यमा लाग्ने लेखकहरू धेरै छन् । कतिपय लेखकहरू आफ्ना शौखका लागि मात्र लेख्ने पनि पाइन्छन् । हुन त सबैले आआफ्नै काम गरेकै हुन्छन् । मानिसले जेजे काम गरेपनि व्यवसायिक रूपमा गरिने काममा निखारता अवश्य नै आउँछ त्यस्तै लेखक/ साहित्यकारहरूले आफ्नो लेखन तथा रचनालाई निरन्तरता दिन नसकी अरु क्षेत्रतिर भौतारिनु पर्ने अवस्था भएकाले जुन समय परिस्थिति र अवस्था तथा सोचाइमा काम सुरु गरिएको छ त्यसलाई निरन्तरता दिन नसकी केही समय अन्यत्र ध्यान दिएर पुनः त्यही काम गर्दा पहिलाको सोचाइ, परिस्थिति अवस्था एकै रहन सक्दैनन् तथा एउटा कामलाई पटक पटक गरेर गर्दा तालमेल मिल्न नसक्ने तथा सोचे अनुसारको परिणाम आउन नसक्ने हुन्छ । सर्थ अरु क्षेत्रमा जस्तै साहित्यिक क्षेत्रलाई अँगाल्ने साहित्यकारहरूलाई राष्ट्रले उचित संरक्षण तथा जीविकोपार्जनको व्यवस्था गर्न सकेमा साहित्यिक रचनामा गुणात्मकता आउने निश्चित छ । तर विधिको विडम्बना भन्नु की के हो नेपालमा साहित्यकारहरूले साहित्य रचनामा उत्कृष्टता प्राप्त गरेर राष्ट्रको साहित्यिक भण्डार भर्न सफल भए पनि आफ्ना जीविकोपार्जन र आर्थिक अवस्था ज्यादै नाजुक र कष्टपूर्ण जीवन व्यतित गरेको दुःखलाग्दो इतिहास र वर्तमान हाम्रो सामु छ । नेपालको राणाशासन, प्रजातन्त्र प्राप्तिको समय, पञ्चायतीकाल, बहुदलीय व्यवसथाको पुनरागमन पश्चात् र हालसम्म पनि राष्ट्र हाक्ने नेताहरूले निजी स्वार्थ, भ्रष्ट्राचार तथा सत्ता तानातान गर्ने खेलमा नै व्यस्त रहेकाले राष्ट्रको साहित्यिक क्षेत्रको वृद्धि र विकासमा ध्यान पुग्न सकेको छैन । जबसम्म राष्ट्रले साहित्यलाई उपयुक्त स्थान दिएर अगाडि बढ्ने मार्ग निर्माण गर्दैन तबसम्म साहित्य क्षेत्रका समस्या समाधान हुन सक्दैनन् ।

## ४.३ व्यक्ति र कृति समालोचना

### ४.३ (क) जगदीश शमशेरको साहित्य र कला

समालोचक जयप्रसाद ढकालले आफ्नो 'साहित्य र संस्कृति' समालोचनात्मक सङ्गालोमा प्रारम्भिक पद चिह्नका रूपमा साहित्यकार जगदीश शमशेरको 'साहित्य र कला' २०१६ सम्बन्धी व्यक्त गरेका विचारको विवेचना गरेका छन् । साहित्यकार र जगदीश शमशेर राणाको विचारप्रति समालोचक जयप्रसाद ढकालले असहमति व्यक्त गरेको पाइन्छ । यस साहित्य र कलामा जगदीश शमशेरले प्रयोगशीलता र नवीन शिल्प प्रविधिप्रतिको सम्मोह तथा युगीन जीवन धाराप्रतिको वितृष्णाले कला र साहित्यलाई उन्नत तुल्याउन नसक्ने तर्क प्रस्तुत गर्दै प्रगतिशील साहित्य चेतनाको व्याख्या गर्ने प्रयास पनि गर्दै निम्न रूपमा विवेचना गर्नु भएको छ । जगदीश शमशेरको 'नेपाली साहित्य र कलाहामा आधुनिक गतिशीलताको आवश्यकता' शीर्षक भएको लेखमा नेपाली साहित्य र कलामा विकास हुन सकेन भनी गुनासो गरेका छन् तर जगदीश शमशेरको यस गुनासोलाई खण्डन गर्दै जयप्रसाद ढकालले यसरी गुनासो गर्नुभन्दा 'समस्या समाधानार्थ उचित मार्ग समातेका भए त्यसमा सहजै सहमति दिन सकिन्थ्यो' भनेर जगदीश शमशेरका विचारप्रति समालोचक ढकालले आफ्नो असहमति व्यक्त गरेका छन् । लेखक जगदीश शमशेले नेपाली साहित्य र कला प्रविधिको क्षेत्रमा २००७ सालभन्दा अगाडि जुन अवस्थामा थियो

प्रजातन्त्र प्राप्ति भएपछि पनि नेतृत्वहरू फेरिएपछि पनि मुलुक नयाँ गतिमा अगाडि बढ्नु तर केही परिर्वतन भएन भनी गुनासो गरेका छन् ।

कला साहित्य र प्रविधिको आवश्यकता मनुष्यलाई नै पर्दछ । समाज, कला र सहित्यको मूल स्रोत हो । त्यसैले जहाँ जस्तो प्रकारको सामाजिक व्यथा छ त्यहाँ त्यस्तै अनुरूपको साहित्य कला र प्रविधिमा पनि परिवर्तन आउनु वा ल्याउन जरुरी हुन्छ तर हाम्रो रूढीवादी संस्कारमा बाधिएको समाजमा कला र साहित्य शक्तिशाली वर्गमा पक्षमा फस्टाउने गर्दछ । कला, साहित्य र प्रविधि समाज विकासमा युगानुसारको छाप पाइन्छ, कला, साहित्य र प्रविधिमा युग बोलेको हुन्छ भनेर जीवनसँग अकाट्य सम्बन्ध रहेको हुन्छ तर जगदीश शमशेर यसलाई स्विकार्नु हुन्न भनेर समालोचक आफ्नो तर्क अघि सारेका छन् । समाजका विकृत आर्थिक अवस्था समान युगानुसार साहित्य र कलाले राम्ररी फैलिने मौका पाएन यहाँ जगदीश शमशेर हाम्रो शैलिको कारण खोज्न हामी नेपालको राजनैतिक, सामाजिक र आर्थिक जीवनमा गयौं भने कुनै हालतमा पनि संस्कृतिको दियालो नेपालका अध्यारो बाटामा अगुवा बन्न सक्दैन तर उनको यो भनाइमा ढकाल असहमति जनाउँदै भनाई र विचार भ्रमपूर्ण हो भन्ने तर्क दिन्छन् जुन समय अथवा युगको आर्थिक, सामाजिक र राजनीतिकअवसथाअनुसार साहित्य, कला र प्रविधिको विकास हुन्छ । कुनै पनि रचनाको सिर्जना हुन्छ भने त्यो सोही समयको परिधिमा रहेर आर्थिक, सामाजिक, राजनीतिकतथा ऐतिहासिक जीवनसँग सम्बन्धित रहनु पर्दछ । जगदीश शमशेरका कला, साहित्य र प्रविधिका धारणाले चाहिँ उनी कल्पनाको उडानमा मात्र यात्रा गर्दछन् र फेरि आफै जति छिटो संसार चलेको छ त्यति छिटो हाम्रा साहित्यकार र कलाकारहरू चलेका छैनन् भन्छन् र यसमा थप्दै सम्पूर्ण साहित्यकार तथा कलाकार संकुचित र कातर हुन भन्छन् । तर आफै जगदीश शमशेर आफै कातर हुन भनी समालोचक ढकाल आरो लगाउँछन् ।

जगदीश शमशेर हामीले हाम्रा अग्रज लक्ष्मीप्रसाद देवकोटा, बालकष्ण सम, लेखनाथ पौड्यालजस्ता साहित्यकारले अपनाएको बाटो अपनाउनु पर्दछ नत्र हामी आफैमा हराउँछौ भन्छन् र अरु साहित्यकारहरू पनि नयाँ प्रविधि, विचार, शैली, जोसजाँगर भएका छन् । यो उनको विचार साहितयकारहरूले नरुचाउलान् । २००७ सालको  स्वतन्त्रपछि पनि पुरानाभन्दा नयाँ कवि कलाकार बढी प्रगतिवादी देखिएका छन् । समयसँगसँगै साहित्य कला र प्रविधि चल्दै जान सक्नु पर्दछ । २००७ सालको क्रान्तिले नेपालीलाई नयाँ जोस, जागर, उत्साह उमङ्ग, राजनीतिकर सामाजिक क्षेत्र जस्तै साहित्यमा पनि आयो भनने कुरामा जगदीश शमशेर विश्वास गर्दैनन् । यथार्थवादी अनुसार अर्थात प्राप्तिका लागि सङ्घर्षबाट पछि हट्नु बुद्धिमानी होइन । समाजको वास्तविकता अनुसार मिल्न सक्नुपर्छ नत्र भावनामा सीमति रहेर हुँदैन, वास्तविकतामा उतार्न सक्नु नै नेपाली साहित्य, कला तथा प्रविधिको पहिचान हो ।

### ४.३ (ख) मल्लको कालो चश्मा (गगल्स)

लेखक/समालोचक जयप्रसाद ढकालले आफ्नो समालोचनात्मक सङ्गालो 'साहित्य र संस्कृति' नामक कृतिमा सर्वप्रथम २०१७ साला त्रिचन्द्र कलेजको लाइट म्यागाजिमा प्रकाशित भएको विजय मल्लद्वारा लेखिएको कथा 'कालो चश्मा' (गगल्स) शीर्षकमा समालोचना गर्दै यस कथाले समाजमा तथा पाठकमा केकस्तो प्रभाव पार्छ ? यसका गुण तथा अवगुण केकस्ता रहेका छन् ? भनेर विवेचना गरेका छन् । यो कथाको कथावस्तु हेर्दा बेलुकाको समयमा कथा सुरु गरी जम्मा १२ देखि १४ घण्टाको अवधिमा कथा पूरा भएको थाहा हुन्छ । यस कथामा मुख्य पात्र पतिदेव नामको पुरुष पात्र रहेको छ भने सहायक पात्रका रूपमा आफ्नै छिमेकी पुरुष साथी रहेको छ । स्त्री पात्रका रूपमा पतिदेवकी श्रीमती रहेकी छे । कथाकारले कथाको कथावस्तु कल्पना गरी अगाडि बढ्दै जान्छ । कथाको मुख्य पात्र पदिनेव काम विशेषले घरबाहिर जानुपर्ने हुनाले एक रातका लागि उतै काम भएतिर नै बस्ने र भोलिपल्ट आफ्नो घर आउने निश्चय गरी घरबाट हिँड्छ तर उसले गर्ने कामका लागि छुट्याएको समयभन्दा कम छिटो सकिन्छ र बास बस्नु नपर्ने भएकाले ऊ पुनः आफ्नो घर फर्कन्छ । घरमा आइपुग्दा सधैंभन्दा घर सफा सुग्घर, सजिसजाउ, जतासुकै चिटिक्क पारेको देख्छ । उसमा घरको परिवर्तन हेर्ने उत्सुकता बढ्दै जान्छ । ऊ आफ्नो सुत्ने ओछ्यानमा नयाँ तन्ना पनि फेरिएको देख्छ भित्रैदेखि खुसी हुँदै उत्सुकता पूर्वक हेर्ने क्रममा उसका आखा आफ्नो विस्तारामा आफ्नी श्रीमतीसँग छिमेकी साथी सुतिरहेको देख्छ । आफ्नी श्रीमतीसँग अर्को लोग्ने मानिस आनन्द लुटिरहेको देखेर ऊ कति पनि विचलित हुँदैन । कथा अनुसार ऊ छिमेकी साथी र आफ्नी श्रीमतीको अनैतिक कार्यप्रति ऊ आनन्द महसुस गर्दछ । आपसमा आनन्दमा डुबेका छिमेकी साथी र श्रीमतीलाई असर पो पर्छ कि भनेर पतिदेव त्यहाँबाट बाहिर निस्कन्छ । यो आपत्ति लाग्दो दृश्य देख्दा कुनै पनि लोग्ने मानिसले सहन सक्दैन भने अर्को आफ्नी श्रीमतीसँग छिमेकी साथीले मस्ती लुटिरहेको कसरी राम्रो लाग्यो ? यो हुनै नसक्ने कुरा हो भनी समालोचकले खण्डन गरेका छन् ।

वास्तवमा कुनै लोग्नेले आफ्नी श्रीमतीसँग परपुरुषले आनन्द लुटेको दृश्य कसैले पनि सहन सक्दैन । हाम्रो समाजमा पनि नपच्ने र समाजले सहन नसक्ने, नस्वीकार्ने कुरा हो । पतिदेवले त्यो छिमेकी साथी र आफ्नी श्रीमती बीचमा भएका आनन्दका कुरा चाख मानेर सुन्नु, उनीहरूको कुराकानी सुनेर आनन्द मान्नुपर्ने मनस्थिति कथाकारले मुख्य पात्रलाई बनाएका छन् । अर्को प्रश्न नायकले आफ्नै नैतिकताबाट गिरेकी श्रीमतीलाई त्याग्न पनि सक्दैन र यस्तो दृश्य देख्दा विरोधसम्म पनि गरेको छैन । कथाकारले नायकलाई नपुसक त देखाउन खोजेको होइन, फेरि नायक भन्छ 'आँखाबाट नै अनुहारमा खेलिरहेक अधिकांश भाव बुझिन्छन् त्यसैले अव म त्यसलाई छोप्न गगल्स लगाउँछु' नायकको भावना अनुसार ती दुई प्राणीलाई मैले देखें वा थाहा पाए भनेर थाहासम्म पनि नहोस् भनी कथाको नायकले कालो चश्मा लगाउने नाटकीय दृश्य कुनै पाठकलाई पनि चित्त बुझ्दो छैन । कथाकारले पतिदेवलाई एउटा यस्तो पुरुषपात्रको रूपमा कल्पना गरेका छन् जुन हाम्रो परम्परा, नैतिकता, स्वाभिमानता आदि ग्रहण गर्न तथा स्विकार्नसक्दैन । यस काल्पनिक कथामा कुनै किसिमको द्वन्द्व नै छैन । डी.पी.अधिकारीले 'यथार्थवादी समालोचना' नामक पुस्तकमा लेखेका छन् 'मनुष्य कामुकताको नशाले भरिएको एक पुतलीमात्र नवनी

समाजप्रति पनि उत्तरदायी बनेको हुन्छ । फ्रायडको भनाई मुताविक अभिशापका रूपमा होइन तर सामाजिक एक आवश्यकताका रूपमा रहेको हुन्छ जुन आवश्यकता स्वतः एक प्राकृतिक स्वभावमा विकास भएर आएको छ ।' नैतिकताको उत्पत्ति र विकास समाजमा हुन्छ । नायकलाई कालो चश्मा लगाउँदैमा सबै नैतिकतालाई ढाक्न सक्दैन । यसको मूल्याङ्कन गर्ने काम समाजको हो ।

साहित्य समाजको ऐना हो । साहित्यकारलाई जाँच्ने मुख्य कसौटी नै समाज भएकाले प्रत्येक लेखक समाजका यथार्थमा भर पर्नु स्वभाविक हो । समाजभन्दा पर रहेर साहित्य बाँच्न पनि सक्दैन । साहित्य समाजोपयोगी हुनुपर्दछ । यहाँ कालो चश्मा यौन स्वतन्त्रताको नाममा एउटा नयाँ प्रयोग हो तर यसमा लुकाएर लुक्न नसक्ने कमजोरी छन् । यस कथामा राति सुटुक्क चाल मारेर कोठै छोडेर भाग्नु कालो चश्मा लगाएर नदेखेको नक्कल गर्नु हो । ती दुई प्राणीका बीचमा बाधक नबन्नु आदि कल्पना पिटिक्कै मिल्दैन । कथा विधाले समाजका यथार्थ कुरालाई प्रतिविम्बित गर्न सक्नु पर्दछ । जसले गर्दा समाजले सजिलै जीवनोपयोगी बन्न सकोस् तर कालो चश्मा कलात्मक गुण भएर पनि जीवनउपयोगी तथा समाज उपयोगी बन्न सकेको छैन भनी समालोचक ढकालले उल्लेख गरेका छन् ।

समालोचक ढकालले विजय मल्लको यौन विश्लेषणात्मक बहुचर्चित नेपाली कथाकृति 'कालो चश्मा' को पत्रि पात्रको नपुंसक मनोविज्ञानको आलोचना गरी त्यसलाई सामाजिक नैतिक संरचनाको दृष्टिले अस्वीकार गरेको पाइन्छ । यहाँ समालोचक जयप्रसाद ढकालले चर्चित यथार्थवादी प्रगतिवादी समालोचक डी.पी. अधिकारीका मान्यताको पनि आधार लिई मानिस कामुक प्राणी मात्र नभई सामाजिक दृष्टिले उत्रदायी व्यक्ति पनि हुने कुरामा जोड दिएको पाइन्छ । त्यसैले समालोचक जयप्रसाद ढकाल 'कालो चश्मा' कथालाई फ्रायडेली मनोवैज्ञानिक सन्दर्भमा कलात्मक गुण भएको कृति भए पनि समाज र जीवनका निम्ति भने अनुपयोगी भएको विचार व्यक्त गरेका छन् ।

## ४.३ (ग) बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य (२०२२)

समालोचक जयप्रसाद ढकालका प्राथमिक दशकका अन्तिम कृतिका रूपमा यस 'साहित्य र संस्कृति' समालोचना सङ्कलनमा समावेश गरिएको 'बालकृष्ण पोखरेल' नेपाली भाषा र साहित्य (२०२२) हो । यस कृतिको विवेचना गर्दै ढकाल भन्छन् : 'नेपाली भाषा र साहित्य' ामक कृति पढ्दा खुसी लाग्यो, भाषा सम्बन्धी खोजपूर्ण लेख/रचनाका अभावमा कुनै पनि रचना प्रकाशमा आउदा प्रत्येकको नेपाली साहित्यकार खुसी मान्नु स्वभाविकै हो । अझ पनि नेपाली साहित्यमा भाषिक सचेतताको अभावै छ र यस प्रकारका खोजपूर्ण लेखको धेरै महत्त्व हुन्छ नै विशेष भाषाका सम्बन्धमा चर्चा परिचर्चा आफ्नो विषय पर हो र पनि प्रस्तुत पुस्तकका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्दै ढकाल अगाडि भन्छन् : '२००७ पछिका लेखहरू बढी रूपमा व्यक्तिवादमा ढल्केका पाइन्छन् यस्तै बालकृष्ण पोखरेल पनि यसै घेराभित्र पर्छन् । जहाँसम्म नेपाली भाषाको खोजिमेलीको सम्बन्ध छ यसभन्दा जेठो पुस्तक कुनै नेपालीद्वारा लेखिए झैं मलाई लाग्दैन ।' भनेर उल्लेख गरे तापनि उनको भन्दा धेरै वर्ष अगाडि नै महानन्द सापकोटा, बाबुराम

आचार्य र कमल दीक्षितका किताबहरू प्रकाशित भएको कुरा पोखरेलले थाहा हुँदाहुँदै पनि बुझ्‍ पचाए जस्तो महसुस हुन्छ । हुन त पोखरेल, बाबुराम आचार्य र कमल दीक्षितभन्दा धेरै पछाडिका भाषाशास्त्री भएका करण केही हदसम्म भाषामा परिपक्वता आउनु स्वभाविकै हो । यी कारणले आफ्नो पुस्तकलाई पहिलो पुस्तक मान्नु औचित्यपूर्ण छैन ।

नेपाली भाषा र साहित्यको खोजी गर्ने कार्यमा बालकृष्ण पोखरेलले ठूलो देन दिएका छन् । प्रस्तुत पुस्तकबाट पनि भाषाशास्त्री पोखरेल प्रतिभा तथा खारिएका लेखक हुन् ।' सुरु सुरुमा नेपाली भाषाको झर्रोपनका व्यावहारिक पक्षले गर्दा नमिल्दो तथा कमीकमजोरी देखिए तापनि बिस्तारैखारिदै गएकाले नेपाली भाषाको खोजपूर्ण भाषिक देन महत्त्वपूर्ण रहेको छ । सन् १९५६/५७ तिर बनारसमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरू बीचमा तत्सम, तद्भव तथा आगन्तुक शब्दका बारेमा व्यापक चर्चा हुन्थ्यो, यसै कारण नयाँ पिढीका लेखकमा भर्रोपन बढी देखियो । प्रायः सबैले ठेट नेपाली शब्दमा आफ्नो विचार लेख्न थाल्छन् । यसै समयमा धेरै लेखककहरूले शुद्ध नेपाली भाषमा आफ्नो विचार लेख्न थालेकाले भाषिक सचेतता आएको थियो तर त्यसले पूर्णता पाप्त गर्न सकेन फलस्वरूप पोखरेलमा पनि अपरिपक्वता देखा पर्नु स्वभाविकै हो भनी ढकालले व्यक्त गरेका छन् ।

समयको परिवर्तनसँगसँगै राजनैतिक, सामाजिक, भाषासंस्कृति जस्ता सामाजिक विषयमा पनि परिवर्तन आइरहन्छ । सामाजिक विकासको क्रममा स्वभावैले भाषामा परिवर्तन भएमा यसको विकास सम्भव हुन्छ । यहाँ भाषाको विकासलाई लिएर पोखरेलले साहित्यलाई दुई भागमा बाड्नु भएको छ र द्वितीय भागमा साहित्यमा प्राचीन लेखकको परिचय र उनका कर्तिजस्ताको तस्तै उतारेर साधारण रचना मात्र राखिएको छ । यहाँ साहित्यको न त कुनै नौलो व्याख्या नै छ, न त कुनै साहित्यको विवेचना नै । त्यसकारण यस पुस्तकको शीर्षक उपयुक्त तथा मिल्दोजुल्दो छ । त्यो लेखकले लेख र शीर्षकमा तालमेल नभएको कुरा व्यक्त गर्दै समालोचक जयप्रसाद ढकालले पुरानो नेपाली भाषा र साहित्यका अनुसन्धानका फाँटमा बालकृष्ण पोखरेलको नेपाली भाषा र साहित्यले दिएको योगदानको चर्चासँगै उनको व्यक्तिवादी र प्राग साहित्यिक कृतिको समीक्षा पक्षको अपर्याप्ततालाई लिएर टिप्पणी गर्ने काम गरेका छन् । झट्कोवादी साहित्यिक आन्दोलनका बारेमा यसमा चर्चा गरिएको छ र उक्त आन्दोलनका उपलब्धि, उग्रता र परिमार्जन क्रमबारे उल्लेख छ भने भाषाविद् तथा अनुसन्धानकर्ता बालकृष्ण पोखरेलका भाषिक र साहित्यिक अनुसन्धान सबै झर्रोवादी दृष्टि विकासको गतिलाई निरूपण गर्न सकेको छैन भनी उल्लेख गरेका छन् ।

### ४.३ (घ) कथाकार गोठाले र कथानक

समालोचक जयप्रसाद ढकालको समालोचनात्मक सङ्गालो 'साहित्य र संस्कृति' नामक पुस्तकमा नेपाली साहित्यको सिर्जनाहरूको विवेचना तथा मूल्याङ्कन गर्ने क्रममा श्री ढकालले गोविन्दबहादुर मल्ल (गोठाले) ले रचना गरेका कथाहरूको सङ्गालो (कथासङ्ग्रह)मा समेटिएका १४ वटा कथाहरूको विवेचना

गरेका छन् । यी कथाहरू वि.सं. २०१८/१९ चैत्र/वैशाखमा रूपरेखा साप्ताहिकले प्रकाशन गरेपछि संशोधित प्रस्तुत निबन्ध २०५१ साल मंसिर १५ गतेदेखि सम्पादक जनार्दन आचार्य सम्पादनमा साप्ताहिक समकालीन क्रमशः प्रकाशन भएको थियो । समालोचक ढकालले गोठालेका कथा विवेचना गर्दै अगाडि भन्छन् 'गोविन्दबहादुर मल्ल गोठालेका कथामा कुनै एउटा घटनाबाट कथा सुरु भएपछि त्यसका पछिपछि अरु घटनाहरू पनि जोडिदै लगेर कथावस्तुलाई जस्ताको तस्तै प्रस्तुत गर्ने बहानामा चित्रित निराशा, कुण्ठा, अश्लील तथा समाजमा छाडा, हतोत्साही जस्ता नकारात्मक दृश्य जन्माउँछन् । गोठालेले समाजका घटनाका आधारमा फोटो ग्राफिक चित्र प्रस्तुत गरी यथार्थ देखाउने नाममा अपरिमार्जन सिर्जना र अपरिष्कृत भाषाबाट बिटुलिदो कथा साहित्य यथार्थ जगत्सँगको सम्बन्ध टाढा पुऱ्याएको छ । गोठाले २००७ सालपछिका आधुनिक कथाकार हुन् । उनले आधुनिक साहित्यमा फोटो ग्राफिक चित्र प्रस्तुत गर्ने जुन परम्परा छ त्यो ग्रहण गर्न योग्य हुन सक्दैन । मार्क्सवादी प्रगतिशील साहित्य र फ्रायडको मनोवैज्ञानिक साहित्यभन्दा अगाडि बढेर प्रगतिवादी, अतियथार्थवादी साहित्यको अनुकरणमा विसङ्गतिवादी गोठालेका कथा साहित्य रुढ परम्पराको विरोध गर्दा गर्दै समाजोपयोगी सिर्जनामा सक्षम नभएका उनका १४ वटा कथाहरूको विवेचना तथा मूल्याङ्कन निम्न प्रकार गरिएको छ :

**१ चुनाव** : कथामा नायक कृष्णमानको पलायन प्रकिृति र उसको घरको आर्थिक समस्याले गर्दा ऊ राजनीतिकक्षेत्रमा पाठक/स्रोता दुर्बल बन्न पुग्दछ । आजका निम्ति मध्यमवर्गीय परिवारबाट आउको सामाजिक व्यवहारमा अदुर्दशी आर्थिक लगानीको परिणामलाई समाज तथा पाठक समक्ष हुबहु देखाउने प्रयास गरिएको छ । तर पनि समस्या देखाएर त्यसको निश्चित टुङ्गो लगाउन नसकेकोले यो सिर्जना त्यति गुणवान बन्न सकेन भन्ने समालोचकको भनाइ रहेको छ । यस चुनावको कथाको निचोडलाई दृष्टि दिँदा राजनीति गर्दागर्दै सत्तामा पुग्ने लालचले घरको आर्थिक अवस्था ज्यादै नाजुक र डम्माडोल भएर घरको व्यवहार लथालिङ्ग भएको आफन्त र इष्टमित्रका अगाडि आफ्नो इज्जत धान्न पनि ज्यादै गाह्रो हुनाका साथै उनीहरूका अगाडि गरिबीका कारण राम्रो लुगा, गहना, सुग्घर सफाई आदिबाट अपमानित हुनुपरेको साथै अरुका अगाडि आफूले आफूलाई नै धिक्कारेको अवस्था देखाउँदै घरको मूल व्यक्तिले परिवारप्रतिको जिम्मेवारी बहन नगर्दा घरपरिावर कुन अवस्थामा पुग्छ भन्ने कुराको महसुस गरिएको छ । नायक कृष्णमानको पलायन प्रवृत्ति र उसको घरको आर्थिक सङ्कटले श्रीमती बाबानानी लोग्नेलाई कुनै एउटा व्यवसाय गर्न बारम्बार घच्घच्याउँछे तर लोग्नेले नटेरेकाले ऊ चिन्तित छे । घरको अवस्था दिनप्रतिदिन नाजुक बन्दै गइरहेको छ । कृष्णमान राजनीतिकपार्टी छाडेर स्वतन्त्र उम्मेदवार भएर पनि राजनीतिमा लागि नै रहेको छ । अन्त्यमा कृष्णमान शिथिलता उसकी श्रीमती बाबानानीका मनमा उत्पन्न भएका आर्थिक द्वन्द्व मुख्य कारण हो भनी समालोचक ढकालको तर्क छ ।

वास्तवमा यो कथा आजको सामाकि परिवेशमा पैसा कमाउने सुख, शान्ति तथा आराम, धन, दौलतले सम्पन्न तथा इज्जत मान, प्रतिष्ठा प्राप्त गर्न देश, समाज तथा जनताको भलाई गर्ने नामको

खोक्रो खोल ओडेर राजनीति गर्ने र सत्ता प्राप्त भएपछि स्वार्थी भएर भ्रष्टाचारले पुरिएर देश र जनतालाई डुबाउने प्रवृत्तिका कारण आज राजनीति भन्नासाथ समाजमा फुटको खेल सावित भएका छन् भने अर्कातिर राजनीतिका नाममा कतिले अवसर प्राप्त नहुँदा आफ्नो भएको धन सम्पत्ति गुमाएर आफू र परिवारको विचल्ली बन्न पुगेका उदाहरण पनि समाजमा प्रशस्त पाइने हुनाले कथाकार गोविन्दबहादुर (गोठाले)को चुनाव कथा सामाथिक हुँदाहुँदै पनि समस्या मात्र देखाइएको छ । पाठकलाई नैतिकताको पाठ आजको माजमा आवश्यक हुँदाहुँदै पनि त्यसको अभाव खड्किएको

२. **त्यो क्रान्तिको प्रतीक** : गोविन्दबहादुर मल्ल (गोठाले) को कथा 'त्यो क्रान्तिको प्रतीकमा कथावस्तु सरसर्ती हेर्दा प्रत्यक्ष पात्र दुईजना विद्यार्थी एउटा कक्षामा पढ्छन् । एउटा राणा परिवार अर्थात् कर्नेलको छोरा अणु शमशेर अर्को कृष्णमान नाम गरेको गरिब विद्यार्थी हुन् । राणा पुत्र अणु शमशेर गरिब विद्यार्थी कृष्णमानलाई कुट्ने, चिमोट्ने जस्ता अनेकौं अमानवीय व्यवहार गर्छ तर कृष्णमान कुनै विरोध नगरी सहेर बस्छ । ऊ आफ्नो कारण रातो भएर दुख्दा पनि कतै गएर कसैलाई भन्दैन अणु शमशेरले कृष्णमानलाई दैनिक गर्ने गरेको कुट्ने, चिमोट्ने किताब, कपि च्यातिदिने फ्याकीदिने गरेको कुरा अणु शमशेरको बाबुलाई अर्थात कर्नेललाई थाहा हुन्छ । अनि उसको मनमा खुल्दुली छट्पटि तथा बेचइनी उत्पन्न भएर कर्नेलको मानसिक रूपमा तनाव बढ्दै जान्छ र उसको आफ्नो कामकाज सबै छाडेर अणु शमशेर र कृष्णमानको कुरामा अल्झेर तनाव अवस्था रहिरहेको समयमा उता अणु शमशेरको अमानवीय तथा असहनीय व्यवहार सहन नसकेर एकाएक कृष्णमान विद्यालयबाट वेपत्ता हुन्छ । कृष्णमानको वेपत्ताबाट सबैमा अणु शमशेरको अत्याचारको बदला लिन त्यो क्रान्ति लिएर आउँछ भन्ने सोचेर यस कथाको शीर्षक 'त्यो क्रान्तिको प्रतीक' राणाहरूले जनतामाथि गरेको व्यवहार शोषण, अत्याचारको पर्दाफास हुन्छ भन्ने आशंका यसमा देखाउन खोजिएको छ । यो कथाले गोठालेको कल्पनाले यथार्थ महत्त्व दिन सक्दैन । समालोचक ढकालका विचारमा यस कथाको मूल उद्देश्य वा तत्व उत्रन असफल र कथाको शीर्षक 'त्यो क्रान्ति प्रतीक' राखिएकोमा शीर्षकअनुसारको कथानक सृष्टि ुन सकेन भनी आलोचना गरेका छन् ।

३. **के गरेकी शोभा** गोविन्दबहादुर मल्ल (गोठाले)का कथैकथामा सङ्कलित कथाहरमा 'के गरेकी शोभा' शीर्षक भएको कथामा नेपालको राजधानी काठमाडौँमा आर्थिक आर्जनका लागि विकृतिका रूपमा रहेको यौन व्यापार सम्बन्धमा प्रकाश पार्न खोजिएको छ । कथाको कथावस्तुमा शोभा नाम गरेकी युवती एकजना यौन व्यापारमा संलग्न धनमाया नामकी स्त्रीको आश्वासनमा यौन व्यापारमा लागेर आफ्नो घर, परिवार, तथा समाजमा इज्जत फालेर दुर्नाम कमाएके हुनाले मखुसम्म पनि हेर्न चाहन्न । शोभाका परिवारका सबै सदस्यले शोभाको व्यवहारदेखि बोल्न नचाहेकाले मानसिक र शारीरिक रूपमा ज्यादै कमजोर भएकी शोभा आफ्नो घरपरिवारको सहानुभूति नपाएपछि पुनः यौन व्यवसायमा नै फर्किन्छे । कथाको सम्पूर्ण भागमा यौन व्यवसाय सम्बन्धमा नै रहेको छ । गोठालेले समाजको यथार्थ चित्रणका बाहनामा सामाजिक कुसंस्कारलाई समाजका अगाडि स्पष्ट रूपमा राख्ने उद्देश्यले प्रस्तुत गरेको कथा उद्देश्यहीन तिर उन्मुख

रहेको छ तर समालोचक ढकालले यस कुरामा असहमति जनाउँदै पात्र, परिवेश, कथा समाजका निम्ति अहितकारक भएाले कथाको उद्देश्य के हो भन्ने झल्किदैन भन्ने विवेचना गरेका छन् ।

४. **युवती र राजसाहेव** गोठालेको कथासङ्ग्रहमा रहेको यो कथा 'युवती र राजसाहेव' मा राणा शासनकालमा राणाहरू देशको भविष्य तथा नजनताको भलाईका लागि सोच्नुका सट्टा सधैँ रक्सी, युवती, मोजमस्तीमा डुबेर बस्ने गरेको तथा आफ्नो काम कर्तव्यप्रति कतिपनि नसोची यौन क्रियामा मात्र लाग्ने कुसंसकार सम्बन्धमा कथाकारले अवगत गराउन खोजेका छन् । कथावस्तुको निचोडमा दरबारमा मोजमस्तीमा डुबेका राणा कर्नेलका बैठक कोठामा उक युवतीको प्रवेश हुन्छ । युवतीलाई रक्सीजस्ता मादक पदार्थको सेवन गराई प्रवेश गराएकी युवतीले आफ्नो सम्पूर्ण शरीर कर्नेललाई सुम्पिन्छे । अन्त्यमा, रक्सी र रातभरको अनिदोले रन्थनिएकी युवती बैठकमा केहि पनि स्थिर देखिँदैन : कुर्सी, टेबल, रक्सी जे छ सब संसार नै हल्लिएको उसलाई भान हुन्छ । यस्तो अवस्थामा भ्रममूलक मानसिक स्थितिमा कर्नेलको मुकुण्डो अनुहार देखेर चित्कार्दै भाग्न खोज्दा कर्नेल युवतीलाई समात्छ, युवती कराउँदै पछारिएर बोहोस हुन्छे । यसरी कथा ससर्ती टुङ्गिन्छ । २००७ सालभन्दा अगाडि राणाहरूले आफ्नो मोजमजा विलासी जीवनको सन्तुष्टि प्राप्त गर्न स्त्री र रक्सीको प्रयोग कसरी गर्थे, दरवारमा काम गर्ने स्त्रीदेखि लिएर कसैका छोरी, चेली, बुहारी, उनीहरूका भोग विलास तथा मनोरञ्जनका साधन बन्नुपर्ने बाध्यता थियो । 'युवती र जरसाहेब' कथामा पश्चिमी संस्कारले प्रभावित अस्लिल स्वभाव देखाइएको छ । यो नाटकको काल्पनिक कथावस्तु राणा परिवारको कुसंस्कारको पर्दा उघार्छ तर सम्पूर्ण नेपालीलाई यस कथाले छुन सक्दैन । यसमा युवती, रक्सी र राणाको व्यवहार मात्र झल्किने भएकोले मुख्य रूपमा कर्नेलको बासनात्मक तृप्तिका लागि उपभोग गरेकी स्त्रीको खेलाउना बनाएको देखि बाहेक केही छैन भन्ने विवेचना समालोचक ढकालले गरेका छन् ।

'युवती र राजसाहेब' शीर्षक कथामा शक्तिसम्पन्न व्यक्तिले शक्तिहीन व्यक्तिलाई आफ्नो इसारामा चल्न बाध्य बनाउने तथा आफ्नो भाग, विलास र मनोरञ्जनको लागि स्त्री जातिलाई अमानवीय व्यवहार गर्ने सीमित परिवारलाई मात्र प्रतिनिधित्व गर्ने यस कथाले नेपाली युवतीवर्गलाई हतोत्साही बनाउनका साथै वर्तमान समाजले मार्गदर्शनको निम्ति केही पाउन सक्ने गुणको अभाव रहेको देखिन्छ ।

५. **कृष्णमैया** : गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा 'कृष्णमैया' कथामा रहेको कथावस्तु अनुसार आजभन्दा ३०/३५ वर्ष अगाडिको नेपाली रुढिवादी समाजका अशिक्षित जनतामा पनि स्त्री र पुरुष बीच असमान अवस्थालाई देखाउन खोजेको छ । यो कथा युवतीको नामबाट नामकरण गरिएको छ । यस कथामा एकजना कृष्णमैया नामक स्त्री पात्र रहेकी छे । यो कथाको कथावस्तुअनुसार कृष्णमैया हरेक दुःख जिलो गरेर बनारससम्म पुगेर बी.ए. पास गर्छे त्यस समयमा नेपालमा स्कुल कलेज नभएको हुनाले पढ्न चाहने र आर्थिक अवस्था राम्रो हुनेले पनि भारतका विभिन्न ठाउँमा गएर पढ्नु पर्थ्यो । त्यसमाथि महिलाले पढ्नु हुँदैन भन्ने रुढीवादी समाजको धारणा थियो । कृष्णमैयाले बनारससम्म पुगेर बी.ए. पास गरी नेपाल फर्की अनि एउटा स्कुलमा शिक्षिका भएर काम गर्न थाली त्यस बेलासम्म

कृष्णमैया अविवाहित नै रहेकी थिई कथाको आश्रयअनुसार महिलले पढ्नु हुँदैन भनने थियो भने पढेका महिलालाई विवाह गर्न पनि त्यत्तिकै गाह्रो थियो । कृष्णमैया अविवाहित रहेको कारण जीविकोपार्जन गर्ने क्रममा पढाउन स्कुल गइरहेको बेला बाटामा पछाडिबाट केही युवाले कृष्णमैयालाई 'तपाईको पोई घरमा हुनुहुन्छ ?' भन्ने आवाज आयो र कृष्णमैयाको कानमा पस्यो त्यो सुनेपछि कृष्णमैयालाई असहीय भयो र आफूले लगाएको चप्पल खोलेर आफ्ना पछाडिको युवालाई पिट्ने । कथा यही पूरा हुन्छ ।

यस कथामा मुख्य रूपमा हाम्रो रुढीवादी नेपाली समाज स्त्री र पुरुषका बीचमा भएको असमानता तथा अशिक्षित समाजको मनोविज्ञान खिच्ने काम भएको छ भनी समालोचक ढकालको विवेचना रहेको छ । वास्तवमा हाम्रो समाजमा स्त्री भएर जन्म लिएपछि विवाह गरेर अर्काको घर जानुपर्ने बाधयता हुन्छ । स्त्रीहरूले आफ्नो चाहना, इच्छाअनुसार जीवन गुजारा गर्न नपाउने तथा समाज, परिवारका इज्जतका लागि पनि विवाह गरेर अर्काको आश्रयमा बस्नु पर्ने र आत्मनिर्भर बन्नुका सट्टा परनिर्भर बस्नुपर्ने सामाजिक बन्धन देखाइएको छ ।

६. **चिन्हा :** गोठालेका कथासङ्ग्रहमा सङ्गृहित 'चिन्हा' कथाको कथावस्तु अनुसार कथाकी प्रमुख पात्रमा नानीमैया नामकी स्त्री रहेकी छे । नानीमैयाको विवाह हुन्छ, उसको विवाहपश्चात् दाम्पत्यजीवन त्रासदीपूर्ण देखाएको छ तर के कारणले उसको विवाहित जीवन सफल हुन सकेन र उसका मनमा अनेकौ किसिमका असफलता र डर, त्रासका कल्पनाका दृष्यहरू आउँछन् । कुन समयमा बुढा सामुन्ने आएजस्तो लागेर आतिने त कुनै बेला युवक सामू आउनेजस्ता काल्पनिक त्रासका कारण उसको जीवन बेचयन बनेको छ भने यो कथा यस्तैमा अलपत्र छाडेर कथामा अर्कै समस्या देखाएको छ । गोठालेका कथाले एउटा समस्या कोट्याउने र त्यसलाई बिचैमा छोडेर अर्को समस्यातर्फ जाने प्रवृत्तिका कारण कथाले दिन खोजेको वा कथाकारले देखाउन नसकेको महसुस हुन्छ भनी समालोचक जयप्रसाद ढकालले विवेचना गरेका छन् । वास्तवमा कथामा कुन विषयवस्तुलाई उठान गरेको हुन्छ, कुन समस्यालाई उठान गरिएको छ । त्यसको निचोड के हो ? भन्ने कुरालाई ध्यान नदिई एउटा समस्यालाई उठान गरेर बीचैमा छोडी अर्को समस्यामा प्रवेश गर्ने गोठालेको बानी र कथाको मुख्य विषयवस्तु स्पष्ट नभएको समालोचक ढकालको विवेचना रहेको छ । यो 'चिह्न' कथा शीर्षक र कथावस्तुमा तालमेल भएको पाईँदैन ।

७. **म जुजुमान :** कथाकार गोविन्दबहादुर गोठालेका कथा सङ्गालोमा आबद्ध कथा 'म जुजुमान' शीर्षकमा रहेको कथावस्तु ससर्ती हेर्दा साधारण अवस्थाको पसले आफ्नो पसलमा सीमित रहेर सानो तिनो व्यापार गरेर गुजारा चलाइरहेको हुन्छ । एकदिन शहरबाट उसकी सालीको घरमा बच्चाको पास्नीमा जानका लागि निमन्त्रणा आउँछ । जुजुमानलाई अप्ठ्यारो पर्छ, घरमा स्वास्नी सुत्केरी छ, पसल पनि चलाउनु पर्ने, सालीको निम्तो मान्न पनि जानुपर्ने दोधारमा पर्दापर्दै पनि जुजुमान घरमा सुत्केरी स्वास्नीलाई छाडेर पसल बन्द गर्छ र दशवर्ष अगाडि आफ्नो विवाहमा सिलाएको दौरा सुरुवाल झिकेर लगाउँछ, दौरा सुरुवाल खुम्चिएर कच्चाककुचक परेको हुन्छ ऊ धुन र प्रेस गर्न उसलाई फुर्सद हुँदैन र हिँड्छ, बाटोमा जाँदाजाँदै उसको हात चिउडामा पुग्छ अनि उ झसङ्ग हुन्छ ए दारी पनि काट्न बिर्सेछु भन्दै सालीको घर सोध्दै

सोध्दै पुग्छ । सालीको बुढो सेक्रेटरी हुन्छ । उसको घरमा ठूलाठूला मानिस आएका हुन्छन् । सबै टाठाबाठाका  साथ हुन्छन् । सालीले जुजुमानलाई भिनाजु भनी मान सम्मान पनि गर्दिन, साधारण तपाई आउनु भयो ? भन्छे । सबै पार्टीमा रमाइरहेका हुनछन्, खाइरहेका हुन्छन् तर जुजुमानलाई कसैले वास्तै गर्दैनन् र भान्सामा काम गर्नेले भण्डार कोठामा लगेर राख्छ, जुजुमानलाई खान कसैले दिँदैन र वास्ता नै गर्दैन र जुजुमान कसैले नदेख्ने गरी सुटुक्क निक्लेर आफ्नो घरतिर कुलेलाम ठोक्छ । यस कथामा हाम्रो समाजमा आफन्तआफन्त बीचमा तथा नातागोताभित्र सभ्य, सम्पन्न परिवार र विपन्न परिवारका बीचमा नातासम्बन्धभन्दा पनि पैसा, धन, दौलत, ओहोदा, खाफ, ठाँटबाठ र सभ्यसम्पन्नताको नाता नजिक हुँदोरहेछ भन्ने कुरा देखाइएको छ । यस कथामा समालोचक ढकालले समाजमा देखापर्ने तथ्य घटना भएकाले यस कथालाई सकारात्मक रूपमा हेरेका छन् । वास्तवमा यो कथा पाठक तथा समाजमा प्रत्यक्ष रूपमा देखा परिरहने सामाजिक घटनाको यथार्थ चित्रण उतारिएको छ ।

**८. मेरा बाबा** : गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा संकलित रहेको 'मेरा बाबा' शीर्षकको कथामा गाउँघरमा आर्थिक स्थितिका कारण गरीव परिवारमा जन्मेका बालबालिका पेटभरी भात खान पाउँदैनन् । ती बालबालिकाले पेटभरी दूध भात खान पिउनु पर्ने हो तर आमाबाबुको आर्थिक अवस्था कमजोर भएको हुनाले स्वयम् बाबुआमा आर्थिक समस्यामा सधैं तड्पिएर बाँचेका छन् । यो आर्थिक समस्यामा परिवारका बाबुआमा दुवैले सामना गर्नु परे पनि विशेषगरी बालबालिकाको स्याहार सुसार खानपिनमा हरबखत संलग्न रहने आमालाई बढी चोड पर्ने गरेको र समाजमा आमा, बुहारी, भाउजु बढी मात्रामा निःशाय बन्न पुग्दछन् । यस कथामा कथाकारले समाजका गरिब, दुःखी बालआत्माको दृष्यावलोकन गराएका छन् । यस कथाको विवेचनामा समालोचक ढकाले समाजको आर्थिक समस्यालाई उजागर गरेको हुनाले सकारात्मक रूपमा लिएका छन् ।

वास्तवमा यस कथाले नेपाली समाजमा अधिकांश नेपाली गरिबीको रेखामुनि परेकाले प्रायःजसो नेपालीका बालबालिका पेटभरी खाना नपाउने, पौष्टिक आहारा जुटाउन नसकेका कारण बालमृत्यु, बालरोगी धेरै पाइन्छ । यस कथाले नेपाली गाउँघरमा जन्मेका नेपाली बालबालिकाको स्थिति यथार्थ चित्रण गरेको छ ।

**९. ज्यानमारा** : गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'ज्यानमारा' कथा विसङ्गतिवादी कथा हो । यस कथामा कुनै एक पुरुष पात्रले आफ्ना मनमा कुराहरू केलाउँदा केलाउँदै केके सोच्न पुग्दछ र आफै डराएको अवस्थामा उसको मन मस्तिष्कमा पारिवारिक तथा सामाजिक बन्धन र समस्याबाट उम्कन कसैको हत्या गरेर भाग्न कुरा सोच्दछ र भाग्दा पनि उसले शान्ति पाउँदैन । समस्या माथि समस्या थपिदै जान्छ । ऊ प्रत्येक व्यक्ति, परिवार, समाजदेखि दिक्दार मानेर आफूलाई समर्थन गर्ने, बचाउने तथा साहारा दिने मान्छे देखिँदैन । आफूले गरेका काम र आफ्नो सोचाईलाई कसैलाई समर्थन गर्ने मानिस नपाएपछि समाजबाट भागेर एउटा नौलो सहरमा पुग्दछ । त्यहाँ पनि सबैले

आफूलाई धेरै जस्तो अनुभव गर्दछ । अन्त्यमा उसले कतै पनि आफ्नो मनमा प्रभाव पार्ने शान्ति र अमन चयन नपाएको अवस्थामा छट्पटाइरहन्छ ।

यस कथाले मानिसलाई कुनै किसिमको नयाँ ज्ञान, नयाँ मार्गदर्शन दिन नसक्ने अनुत्पादक तथा ज्ञानगुण शून्य अवस्थामा भएको कथा हो भनी समालोचक ढकलको विवेचना रहेको छ । वास्तवमा यो कथाले सकारात्मक सोचाई भएका पाठकलाई नकारात्मक सोचाइतिर तान्ने र अनावश्यक डर, चिन्ता, विचलन हुने र जताततै समस्यामात्र नजर आउने नकारात्मक चित्रण दिने निरासा तथा विसङ्गतिवादी रूपमा पुऱ्याउने निश्चित छ ।

**१०. भाँडो :** गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'भाँडो' शीर्षकमा समाजको यथार्थ चित्रण दिन खोजपनि समाजका लागि लाभदायक छैन । यो मनोवैज्ञानिक कथामा मुख्य पात्र अर्काको घरमा भाडा माझ्न बसेको भिमे परिवार रहेको छ । भिमे धारामा भाँडा माँझ्दै मनमा विभिन्न किसिमका कुरा सोच्दै अब घर जने घरमा गएर बिवाह गर्ने जस्ता आफ्नै सोचाईमा डुबेका बेलामा संयोगवस त्यही समयमा मालिककी जेठी बुहारी धारामा आएर नुहाउन थाल्छे, नुहाउँदा उसका शरीरका अंगहरू हृष्टपुष्ट कसिलो अवस्थामा देखिन्छ । भिमे ती अंगहरू नियालेर हेरिरहन्छ । उसका मनमा विभिन्न कुराहरू खेल्न थाल्छन् र यौनसम्बन्धी कल्पनामा डुब्छ न त भाँडा राम्ररी माझ्छ न त घरतिरको आफ्नो योजना नै सम्झन्छ । यस कथाले व्यक्ति तथा समाजलाई कुनै प्रकारको नयाँ ज्ञान दिँदैन भन्ने विवेचना समालोचक ढकालको रहेको छ । वास्तवमा यस्तो कथाले व्यक्तिको सोचाईमा कुनै सकारात्मक सोचाई दिन सक्दैन । यस प्रकारका काल्पनिक कथामा 'भाँडो' शीर्षक त्यति सुहाउँदिलो किसिमको रहेको छैन ।

**११. बेसुर** : गोठालेका गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'बेसुर' शीर्षकमा मुख्य पात्र रामप्रसाद, उसकी श्रीमती र रामप्रसादको छोरा प्रेमप्रसाद रहेका छन् । कथावस्तु अनुसार रामप्रसादले चालीस वर्षको उमेरमा विवाह गर्छ । तीन वर्षपछि उसको छोरो जन्मन्छ । छोरा जन्मेको केहि समयमा नै श्रीमतीको मृत्यु हुन्छ । अनेकौं दुःख गरेर छोरा प्रेमप्रसादलाई हुर्काउँछ । छोरा हुर्कन्छ, बाबुछोराको बीचमा भविष्यका नयाँ र खुसी जीवनको कुराकानी हुन्छ, खुसी, हर्षका साथ दिन बित्दै जान्छ, अचानक एकदिन हिँड्दै गर्दा जड्याहाहरूले फलामको रडले टाउकामा हिर्काएर प्रसमप्रसादलाई मारिदिन्छिन् । त्यसपछि रामप्रसादको मानसिक अवस्थामा परिवर्तन हुन्छ । कथा पूरा हुन्छ । यस कथाको विवेचना गर्दै समालोचक ढकाल यो 'बेसुर' कथा सुर नमिलेको कलाकारको सिर्जन समाज लाग्छ । कथाको कथावस्तु एक प्रकारले उठान गरिएको छ भने अन्त्यमा अकस्मात् दुर्घटना जोडेर रचनालाई श्रृङ्खलाबद्ध पार्ने निहुँमा कथाकारले अमिल्दा घटना जोडेका छन् ।

वास्तवमा कथालाई रचना गर्दा पनि व्यक्ति समाज र पाठकलाई सकारात्मक सन्देश दिनाको सट्टा काल्पनिक रूपमा भए पनि विसङ्गतिवादी भन्दा संयोगान्त नै प्रभावकारी हुन्छ ।

**१२. मालिकको कुकुर :** कथकार गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'मालिकको कुकुर' शीर्षकको कथा एक किसिमको विसङ्गतिवादी कथा हो । यस कथाको कथावस्तुअनुसार कसैका घरमा पालेको डाइमण्ड नामको कुकुर अचानक विरामी हुन्छ । कुकर मिरामी भएपछि घरका सबै सदस्यहर डाइमण्डप्रति बढो प्रेमभावले औषधि गर्न तम्सन्छन् । परिवारका सबै भेला भएर डाइमण्डका वरिपरि झुमिन्छन् । डाइमण्ड सासै फेर्न छोड्छ । डाइमण्ड मरिसकेपछि मरेको पाल्तु कुकुरलाई जनावरका रूपमा नहेरी घरकै एक सदस्य सरह मानेर सेतो कपडा ल्याएर बेरिन्छ र चामल पैसा आदि कुकुरलाई समर्पण गरी श्रद्धा र आदरका साथ सदगत गर्न घरबाट निकै टाढा लगिन्छ । यसरी कुकुरलाई आदर र सम्मान गरेको देखेर समाजले पनि नौलो र अनौठो अनुभव गर्दछ । कुकुरको लास गाउँसमाजदेखि अभिन्तर पुऱ्याएपछि मरेको कुकुरको लासलाई बोकेर लाने व्यक्तिहरूले कुकुरलाई एउटा खाल्डोमा फ्याकेर कुकुरलाई ओढाएको सेतो कपडा, चामल, पैसा, गुट्मुट्याएर त्यहीँबाट कुलेलम ठोकेको प्रसङ्ग दिँदै कथा पूरा भएको छ । यस कथाको अध्ययनपछि समालोचक ढकाल यो विसङ्गतिवादी कथा समाजका निम्ति तथा पाठकका लागि कुनै लाभदायक छैन, आल्तुपाल्तु उद्देश्यहीन विसङ्गतवादी दृश्य कुनै कामको छैन भनी समालोचक ढकालले टिप्पणी गरेका छन् ।

वास्तवमा यस्तो कथाले समाज र पाठकलाई कुनै किसिमको ज्ञान दिँदैन साथै पाठकलाई यो कथाको अध्ययन गर्नु भनेको समयको वर्वादी र मष्तिष्कको भारी बन्नु सिवाय यसको कुनै अर्थ छैनभ ।

**१३.बिहे** : गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'बिहे' शीर्षकमा रहेको छ । यस कथामा मुख्य पात्रका रूपमा तरुनी अवस्थाकी भुण्टी नामकी युवती रहेकी छे । बिहे कथाको कथावस्तु यसप्रकार रहेको छ । भुण्टी नामकी एक युवतीको बिहेको कुरा चल्छ यो हल्ला सबैतिर फैलिन्छ र बिस्तारैबिस्तारैत्यो बिहेको कुरा त्यतिकै सेलाउँदै जान्छ र त्यतिकै बिलाउँछ । भुण्टी घरको काम गर्दा, घाँस काट्दा आदि हरेक बखत सका मनमा आफ्नो जीवनको बारेमा विभिन्न किसिमका तर्कनाहरू तछाडमछाड गरेर एक पछि अर्को थपिदै जान्छ । यस कथामा भुण्टीका मनमा आएका रमाइला र ठट्यौली किसिमका कुरा तथा दाम्पत्य जीवनक कल्पना निकै रमाइला किसिमका छन् । अरु यस कथामा केही छैन यसको अध्ययन पश्चात् कथावस्तुको विवेचना गर्दै समालोचक ढकाल भुण्टीका जीवन छबिबाट पाठक/श्रोता खुसी हुन सक्दैनन् । कथामा तरुनी भुण्टीका विहेमा कुरा जसरी उठ्छ, त्यसरी नै हराउँछ यसमा कथाकारको कुनै बुद्धिमत्ता पुगेको छैन । कथाले खास उपलब्धि हासिल गर्दैन भनेका छन् ।

विहे कथामा पाठक र समाजमा फाइदा पुग्ने ज्ञानमूलक कुनै कुरा पाइँदैन । पाठकले बिहे कथाबाट अनुकरण गर्ने वा पाउने केही महत्त्वपूर्ण केही पाइँदैन ।

**१४. विचरी ऊ :** गोविन्दबहादुर मल्ल गोठालेका कथासङ्ग्रहमा रहेका कथाहरूमा रहेको 'बिचरी ऊ' शीर्षक रहेको छ । यस कथाको कथावस्तुमा सुरुदेखि अन्त्यसम्म उत्तम पुरुष रहेको छ । कथामा घटना कहाँबाट कसरी सुरु भयो भन्ने कुरा गौण रूपमा रहेको छ । कथामा उत्तम पुरुषले आफ्नो विगतको प्रेम कहानी सिलसिलाबद्ध रूपमा बताएको छैन । यस कथाको मुख्य पात्रका रूपमा रहेको ठिटो आफ्नो सुखी

वैवाहिक जीवन पश्चात् आफ्नो विगत जीवनको प्रेम कहानी  खोलेर पाठक श्रोतालाई भरपुर रूपमा उदाङ्गो बनाउँछ । यस कथाको प्रमुख तत्व भनेको नै प्रेम कहानी हो । मुख्य पात्रले आफ्नो सत्र अठार वर्षे अल्लारे वैंसमा गरेको प्रेम उत्सुकताका साथ वर्णन गरिरहेको छ । मुख्य पात्र आफ्नो साथीकी बहिनीसँग भएको प्रेमलापमा चुर्लुम्म डुबेको छ । तर आफ्नो जीवनमा अर्कै स्त्रसिँग विवाह गरेर जीवन यापन गरिरहे पनि वर्तमान वैवाहिक जीवनमा खुसी छैन भन्ने सङ्केत कथाकारले देखाउन खोजेको अनुभव हुन्छ । यस कथाको निचोडमा कथाको प्रेम कहानी क्रमबद्ध रूपमा नरहेको र कथाकारले जोडतोडका साथ पाठक/स्रोतालाई प्रेम कहानीमा प्रवेश गराउन कोसि गरेको देखिन्छ भने साथीको बहिनीसँग भएको प्रेम जीवनको प्रमुख रूपमा दर्शाउनु नै कथाको मुख्य पात्रको उद्देश्य रहेको छ भनी समालोचक ढकालले विवेचना गरेका छन् ।

वास्तवमा कथाको प्रेम कहानी सिलसिलाबद्ध रहेमा पाठक/श्रोताले राम्ररी बुझ्न सक्ने थिए । कथाको कल्पनालाई पाठक/श्रोताको जीवनमा कुनै उद्देश्य लिने ज्ञान, गुण तथा अनुकरणीय रहेमा अझ राम्रो हुने थियो ।

## ४.३ (ङ) रिमालको नाटक यो प्रेमः

साहित्यकार गोपालप्रसाद रिमालको बहुचर्चित नाटक ‘यो प्रेम’ को विबेचना गर्दै नाटकको सकारात्मक तथा नकारात्मक पक्षलाई केलाउने क्रममा समालोचक जयप्रसाद ढकाल आफ्ना तर्क अथवा विचारहरू प्रस्तुत गर्दै ‘गोपालप्रसाद रिमालको नाटक यो प्रेम’ पूर्ण नेपाली सामाजिक जीवनसँग आधारित रहेको छ । राणाशासनको निरङ्कुश साङ्लामा बाँधिएको सामन्ती संस्कारमा यो नाटक आएको हो । नाटकमा जम्मा चार जना पात्रहरमा दुई पुरुष शेखर र सानो र शशी गौण पात्रका रूपमा रहेका छन् । यी पात्रका माध्यमद्वारा हाम्रो परम्परागत रुढिवादी संस्कार अनुसार पुरुषप्रधान समाजको चित्रण भएको छ । यस नाटकको प्रधान समाजको चित्रण भएको छ । यस नाटकको आदि, अन्त्य शेखर र गङ्गाको प्रेमलापका संवादले भरिएको छ । गङ्गा विधुवा युवती हो भने शेखर पनि विवाहित पुरुष हो । गङ्गा पनि शेखरसँग प्रेम गर्छे भने शेखर गङगालाई आफ्नो प्रेमजालमा फसाएर मस्ती लुट्ने स्वार्थी भावनामा अडिएको छ । शेखर र गङ्गाका बीच आपसमा कुराकानी मात्र अगाडि बढ्दै जान्छ तर उनीहरूको बीचमा मिलन हुन नसक्नु त्यस समयको सामाजिक जीवनको यथार्थ चित्रणको प्रतिनिधित्व गर्दछ । उता सानो पनि विवाहित पुरुष हो ऊ गङ्गा र शेखरको मिलन गराउन सकेमा अविवाहित युवती शशीलाई आफ्नो पारेर मोज मस्ती गर्ने दाउमा रहेको छ । तर शशी सानोसँग कुनै प्रकारको झुकाव देखाउँदिन भने शेखर र गङ्गा आपसी प्रेममा चुर्लुम्म डुबेका छन् । नाटकको अन्त्यमा कसैको पनि मिलन हुन सकेको छैन । यसै प्रेमको प्रशंगमा गङ्गा भन्दछे ‘आखिरमा प्रेम प्रेम भनेर जीवनभर जस्तो चिच्यायो । तर मर्ने बेलासम्म पनि यो भोको दिलले यो प्रेमको धमिलो संकेतभन्दा बढ्ता केही पाउला जस्तो लाग्दैन शशी ।’ नाटकको सुरुदेखि अन्त्यसम्म प्रेमप्रसंग भएकाले ‘यो प्रेम’ शीर्षक उपयुक्त रहेको छ । नाटकको मुख्य भावभूमि भनेकै प्रेम चित्रमा उत्पन्न द्वन्द्व भनेका छन् ।

समालोचक ढकाल यो नाटकमा मानिसको जीवनमा घट्न सक्ने कथा रहेकाले यो सामाजिक छ 'हाम्रा समाजमा यसता घटना प्रशस्त पाउन सकिन्छ तर आजभन्दा ५०-६० वर्ष पुरानो राणाशासनको समयमा भएको सामन्ती संस्कार अझ तीब्र रूपमा थियो । तर क्रान्तिकारी नाटककार रिमालले त्यसबेलाको चित्रण खिच्न सक्नु साहित्यमा नवीनता प्रवेश गराउने जमर्को हो । गोपालप्रसाद रिमाल अरु नाटककार जस्तो कल्पनाको संसारमा डुबुल्की मार्ने नाटककार नभै समाजका यथार्थ कुरिती, कुसंस्कार तथा सामाजिक परिवेशका यथार्थ चित्रण गर्ने नाटककार हुन् । ढकाल अगाडि थप्दै रिमालको नाटक 'यो प्रेम' को सबै पक्ष राम्रो छ तर नाटकमा लामालामा संवाद छन् । नाटकमा संवाद छोटा हुनु पर्ने हो । लामा संवादले दर्शकलाई बोझिलो हुने गर्दछ भनेका छन् । नाटककार रिमालले नेपाली जीवनबाट लिएको कथावस्तुले प्रशस्त नेपालीपन टिपी नाट्य साहित्यमा न त पूर्वीय परम्परा अपनाएको छ न त पश्चिमी अनुकरण नै सफल नाटककारले नाटकको सिर्जदा गर्दा नै उसको ध्यान पाठक, दर्शक, पात्र, चरित्र, कथानकको दृष्टिमा जति उपयोगी मानिन्छ, नाट्य शिल्पमा त्यति सार्थक छैन । नाट्यशिल्पमा प्रौढता, परिपक्वताको अभाव नै देखिन्छ । थोरै समयमा छोटो वाक्यमा रिमालले संवादमा चाहिने तत्व अटाउन सकेनन् भन्ने समालोचक ढकालको विवेचना रहेको छ ।

## ४.३ (च) नाटक तथा एकाङ्कीमा गोविन्द गोठाले

**१.च्यातिएको पर्दा नाटक २०१३** च्यातिएको पर्दा' नामक नाटक २०१३ सालमा गोठालेले लेखेका हुन् । यो नाटक तीन अंकमा विभाजित दृश्यविहीन नाटक हो । यसमा पाँचजना पात्र भए पनि जानकी, माननानी र गोकुलमानमा सीमित छन् । नाटकको कथावस्तु अनुसार लोग्ने मरेपछि जीविका चलाउन जानकी रक्सी पसल खोल्छे । रक्सी पसलको आकर्षण उसकी २०/२२ वर्षकी छोरी माननानी छ । माननानीको रप बोलीचाली सुन्न तथा यौन चाहना राखेर केही अर्धवैंशे जड्ह्याहरू रक्सी पसलमा आउँछन् । रक्सी भट्टीमा आउनेहरूमा गोकुलमान र जनकप्रसाद मुख्य छन् । माननानी गोकुलमानलाई मन पराउछे र आमासँग म गोकुलमानसँग जान्छु भन्छे । गोकुलमान चाहिँ गरिब पनि छ र तल्लो जातको हो । जनकप्रसाद जातको माथिको हो र धनि पनि छ जान्छेस भने जनकप्रसादसँग जा भन्छे जानकी तर माननानी, गोकुलमानसँग नै जान चाहन्छे किनकि गोकुलमानको स्वभाव खर्चालु माननानीको आकर्षण बनेको छ । आमाकै अगाडि आमालाई हेपेर गोकुलमानसँग भन्ने 'जति तपाईको खल्तीबाट पैसा झर्दै जान्छ उति उति मन पर्दै आउँछ' माननानी आमा, दाजुभाइ तथा समाजको कुनै वास्तै गर्दिन र सबैका अगाडि भन्छे 'मेरो रूप, मेरो हृष्टपुष्ट जीउ देखेर मानिस त्यसै लोभिन्छन्, झिगाभन्केसरी भन्कन्छन् मैले मेरो रपको गर्व गरेको होइन, मैले एकफेर हेरेँ भने … एक फेर हाँसे भने' भन्दछे । सबैका माननानी 'म भोली गोकुलमानसँग उसले राखेको ठाउँमा उसैसँग बस्छु । आमा तिमी कुटुनी बूढी' भन्छे । आमा आफ्नो अपमान सहन नसकेर मृत्युलाई पुकार्छे तर छोरी अब मलाई कसैको डर छैन ती बाका आँखा पनि टोलाउँदै टोलाउँदै मरिसके अब ति आँखा मलाई डराउन कहिल्यै आउँदैनन् भन्छे ।

यस नाटककी मुख्य पात्र माननानीको त्रासदीमय जीवनमा उसका मरेका बाबुको आँखालाई नाटककार खुब होसियारीका साथ सांकेतिक हिसाबमा प्रयोग गर्न खोज्दछन् तर पनि प्रतीकको प्रयोगमा सर्तक देखाएनन् जीवनमा अनैतिक, घृणित, निन्दनीय, घातक आदिजस्ता कुकर्मको फल राम्रो हुँदैन । पितृले आशिर्वाद दिँदैनन् र मरेर गउमा पितृ आत्माले पनि शान्ति पाउँदैन । मृत बाबुको आँखाको सम्झना माननानीका जीवनमा मानसिक चिन्ता पार्न तथा त्रास उत्पन्न गराउन अस्वभाविक भएन । माननानी गोकुलमान जस्तो समाजमा सडेको व्यक्तिका निम्ति ज्यान छोड्छ । यस्तो चरित्रहीन पात्रको सिर्जना गर्नु नै दुर्वल पात्रको सिर्जना गर्नु हो । प्रतीकका रूपमा खडा गरेका शक्तिहीन आँखाको कुनै मुल्य छैन । ती आँखाले विराएका जानकीभन्दा पनि माननानीलाई अन्त्यमा सही बाटोमा ल्याउन मार्गदर्शन दिने, जीवनोपयोगी मार्ग देखाएको भए नाटककारको आफ्नो कर्तव्यपूर्ण हुने थियो र 'च्यातिएको पर्दा' शिक्षाप्रद तथा अनुकरणी बन्न सक्नेमा कुनै शंका थिएन भन्ने विवेचना समालोचक ढकालले गरेका छन् ।

२. **भोको घर एकाङ्की २०३४** साहित्यकार तथा समालोचक जयप्रसाद ढकलको समालोचनात्मक संगालो 'साहित्य र संस्कृति' नामक पुस्तकमा गोविन्दबहादुर गोठालेका एकाङ्की **भोको घर;** को मूल्याङ्कन यस प्रकार रहेको छ । **भोको घर** एकाङ्कीको कथावस्तु अनुसार भूतपूर्व सचिव नरबहादुर अरवपति बन्ने योजनाअनुसार र दशहजारमा बन्धक राखेको घर उकास्ने र बाँकि रहेको पैसाले व्यापार गर्ने योजनाअनुसार सो घर टङ्कमानलाई पन्ध्रहजारमा बेच्ने योजना बनाउँछ र प्रस्ताव राख्छ । उता टंकमानले उसको प्रस्ताव अस्वीकार गर्छ । उता नरबहादुरको सम्पूर्ण योजना बिग्रन्छ । घरमा खानेकुराको अभावमा जहान परिवार भोकै हुन्छन् । नरबहादुरकी श्रीमती इन्तिरा भोको परिवारको चिन्ता लिन्छे तर लोग्ने श्रीमतीलाई कति पनि मन पराउँदैन । राजेन्द्र नामक व्यक्ति समाज सेवाको गफ हाक्छ तर एकाङ्कीको कथावस्तु अनुसार सरिता नामकी स्त्रीबाट दन्त्य कथा सुरु हुन्छ सबै त्यही कथामा मुग्ध हुन्छन् । यही कथाको अन्त्यसँगै एकाङ्की समाप्त हुन्छ ।

३. **भोको घर** एकाङ्कीमा समस्या सुल्झाउन नरबहादरको आर्थिक योजना व्यावहारिक बन्दैन भोको जटिल अवस्था जीवित रहँदारहँदै सरिताद्वारा कल्पना गराइएको दन्त्य कथाको प्रयोजन देखिएन । यहाँ दन्त्य कथा पेटको समस्या निवारणार्थ माध्यम बन्न सक्दैन । कथावस्तु श्रृङ्खलाबद्ध रूपमा अगाडि बढ्न नसक्नुको मुख्य कारण यही दन्त्य कथा हो । विसङ्गत शैलीमा लेखिएको प्रस्तुत एकाङ्कीमा 'गोठाले आफ्नो कल्पना शक्तिको दुरूपयोग गर्छन् । साह्रै छोटो अवधिमा मनोरञ्जन गराउनुको साथै ज्ञान प्राप्त हुने तथा जीवन समस्यालाई गहिरिएर आकर्षक ढंगले निराकरण हुने आदि एकाङ्कीका गुणबाट वञ्चित यो एकाङ्की प्रभावशाली बन्न नसकी, दोषयुक्त हुन सकेन भनी समालोचक जयप्रसाद ढकालले विवेचना गरेका छन् ।

४. **युगको सिकार २०३४** गोविन्दबहादुर मल्ल गोठालेद्वारा रचना गरिएको एकाङ्की **युगको सिकार** समालोचक जयप्रसाद ढकालले आफ्नो 'साहित्य र संसकृति'मा विवेचना गर्नु भएको छ । ससर्ती हेर्दा एकाङ्कीको कथावस्तु अनुसार बाबुको मृत्युपछि टुहुरी नातिनीलाई हजुरबुबाले हेरचाह, पालनपोषण तथा अभिभावकत्व दिएर एम.एम.सम्म पढाएर पास गरी कलेजमा पढाउने शिक्षिका प्रभा २७ वर्षकी हुँदासम्म

पनि प्रभाका लागि मिल्दो उपयुक्त केटा विवाह गर्न माग्न नआउँदा हजुरबुबालाई परेको चिन्ता, पिडा, छट्पटी तथा समाजको इज्जत आदिबाट पिरोलिएर आफ्ना मनमा उत्पन्न भएका नाना तरहका बेदना खेलाउँदै नातिनी प्रभासँग खेल्दै सानो उमेर छँदा विवाहका लागि माग्न आउँदा नातिको पढाईलाई धयान दिएर अस्वीकार गरेको र अहिले विवाहको उमेर ढल्कँदासम्म कोही माग्न नआएको पीडा पोख्छन् । हजुरबाका कुरा सुनेर प्रभाका मनमा वज्रपात पर्दछ अनि हजुरबाका ती पीडा सुनेपछि प्रभामा भउका जोश, जाँगर, उत्साह, हिम्मत, उमंग, दृढता सबै ओइलाएर जान्छ साथै विकृत मानसिकताका कारण प्रभा आफूले आफैलाई सह्माल्न नसकेर जीवनमा जस्तोसुकै बाटो समातेर भए पनि सामाजिक इज्जत र हजुरबुबाको पीडा हटाउने इच्छाले जहाँ र जस्तो समस्यामा पनि हाम फालल्न विवश बन्दछे । प्रभा जीवनदेखि हार खाएर इज्जत, आर्थिक अवस्था, पारिवारिक पृष्ठभूमि, विविध समस्या आदि भविष्यका केही नसोची दिग्दारी मन मस्तिष्कले आँखा चिम्लेर कमाराको छोरालाई प्रस्ताव राख्छे, कतै केही नलागेपछि घरभरी छोराछोरी भएको स्वास्नी मरेको राँडो जमिन्दार विक्रमप्रसादसँग विवाह गरेपछि एकाङ्की टुङ्गिन्छ ।

समालोचक जयप्रसाद ढकालले यस एकाङ्कीको विवेचनामा 'एकातिर नाटककारले समस्या उठाएको छ अर्कातिर समस्या प्रधान देखिँदा देखिँदै समस्या समाधनार्थ उचित दृष्टिको अभावमा एकाङ्कीको विषयवस्तु अधुरो छ । प्रभा समाजको शिकार बनी तर सफल सिकारी बनेर उदाहरण बन्न सकिन, दुःख यसैमा छ । प्रभालाई सफल सिकारीको भेषमा उभ्याई आफ्ना जीवनमा घटेका घटनासँग जुधाएर सफलतापूर्वक हिंडाइदिएको भए अरु नेपाली नारी मानिसका लागि अनुकरणीय भइदिँदा नायककारको कलममा प्रशसा गर्न करै लग्थ्यो भनी आलोचना गरेका छन् ।

**५. म कसरी हार्छु एकाङ्की २०४३** गोविन्धबहादुर गोठालेको एकाङ्की 'म कसरी हार्छु' को मूल्याङ्कन गर्दै समालोचक जयप्रसाद ढकालले आफ्नो साहित्य 'साहित्य र संस्कृति' नामक समालोचनात्मक संगालोमा समावेश गरेका छन् । **म कसरी हार्छु** एकाङ्कीको कथावस्तुको निचोड यसप्रकार रहेको छ । भूतपूर्व मेजर राजनीति गर्ने उद्देश्य लिएर चुनावमा उम्मेदवार हुन्छ । उसका परिवारमा दुई श्रीमती २ छोरा र एक छोरी गरेर जम्मा ६ जनाको परिवार हुन्छ । मेजर दुईजना गजेन्द्र र हिम्मत नामक व्यक्तिका इशारामा चुनावमा उम्मेदवार भएर घरको भएभरको सम्पत्ति खर्च गर्छ । ती दुईजना स्वार्थी गुणप्रसाद हरहमेसा चुनावमा बाबुको लापर्वाहीको खोजीमा छ, उत्रा कान्छो छोरा ज्ञानप्रसाद आफ्नो प्राणशक्तिका बलले सबैको गुण, स्वभाव, धनसम्पत्ति, सुन राम्रा गुण, अवगुण आदि सबै बताउन सक्ने क्षमतावान् भएको बुझिन्छ । परिवारका कुनै पनि सदस्यलाई मेजरको चुनावी उम्मेदवारी मन परेको छैन ।

यहाँ समालोचक ढकालको मूल्याङ्कन अनुसार 'मेजर पुत्र ज्ञानप्रसाद आफ्नो धारणाशक्तिद्वारा प्रत्येकका गुण, स्वभाव, सुन, पैसा आदि अध्ययन गर्न सक्ने विशेषता राख्छ भन्ने नाटककारके अस्वभाविक कल्पना हो । नाटककारले यस्तो शक्तिशाली  पात्रको कल्पना हो । नाटककारले यस्तो शक्तिशाली पात्रको पात्र कल्पना गर्दागर्दै पनि आफ्ना जन्म दिने पिताका गुण, अवगुण, स्वभावअनुसार व्यवहार गर्न अयोग्य

पुत्रको सिर्जन अव्यावहारिक देखिँदैन । एकाङ्कीकारले ज्ञानप्रसादको धारणा शक्तिलाई प्रतीक प्रयोग गरिएको धारणा शक्ति केको लागि तथा कुन समस्या समाधानार्थ आवश्यक छ भन्ने प्रष्टसँग नआउनु नै प्रत्येक प्रतीकके लागि मात्र सिद्ध प्रमाणित हुँदा यहाँ प्रयोग गरिएको असङ्गत निरुद्देश्य प्रतीकको सम्बन्धमा प्रश्नवाचक चिह्न खडा हुन्छ भनी समालोचक ढकालले विवेचना गरेका छन् ।

## ४.३ (छ) भोलि के हुन्छ ? विजय मल्ल

नाटककार विजय मल्लद्वारा लिखित 'भोलि के हुन्छ ?' नाटक वि.सं. २०२८ सालमा प्रकाशित भएको हो । यो नाटकमा कुनै पनि दृश्य छैन । तीन अङ्कमा विभाजित यो नाटक तीन अङ्क बराबर रहेका छन् । यो नाटक एउटा घरपरिवार नै सीमित रहेको बुझिन्छ । यस नाटकमा जम्मा ११ जना पात्रहरू रहे पनि मुख्य गरेर आमाछोराहरू मोहन र सुवर्ण, छोरी कामिनी, राजेन्द्रको मुख्य भूमिका रहेको पाइन्छ । नाटकमा छोराहरू मोहन र सुवर्ण आमाका नामका रहेको सबै सम्पत्ति हात पार्न आमाको सहीछाप बनाएर आमालाई कैद गर्ने र सम्पत्ति हात परिसकेपछि कसैले थाहा नपाउने गरी निदाएको मौका पारेर आकाशगङ्गामा लगेर फ्याक्ने योजना बनाउँछ । जुनसुकै रहकतले सम्पत्ति हत्याएर सुख, शान्ति तथा सौन्दर्यको कामना गर्ने मोहन सामाजिक माया, प्रेम, कायरताको प्रतीक हुन्छ र आमासँग रगतको छाम माग्छ, आमाको हत्या गर्ने योजना बनाउँदै गर्दा उसकी श्रीमतीले थाहा पाउँछे  आमालाई भगाउन खोज्छे, आमा विरामी भएकले भाग्न नसक्ने मारे पनि मर्छु भन्छे अर्कातिर महेश लडाइँबाट नफर्कने खबर थाहा पाएर महेशको प्रेममा डुबेकी अन्धी माधुरी आत्महत्या गर्दछे । आमा चाहिँ आफूले हरेक दुःख गरेर जन्माई हुकाई गरेको छोरालाई कुनै प्रतीकार नगरी 'लौ मार हान जेठा तेरो यस्तो इरादा छ भने म आफ्नै छोराको हातबाट मृत्यु चाहान्छु । पराक्रमी छातीभित्र दयाको सानो बिन्दु यहाँ सागर समान हुन्छ । लौ हान तिम्रो आमाको दिल सानो छैन, लौ प्रहार गर' भन्दछे । मोहन आमाको हत्याको रहस्य खुलेपछि अपमान सहेर बस्नुभन्दा मर्नु निको ठानी आत्महत्या गर्दछ । मोहनले आत्महत्या गरेपछि राजेन्द्र फत्फताउँदै 'पख त्यो जेठा, त्यो व्यक्ति मरेको छैन । त्यो रक्तबीज हो, सहस्र त्यसबाट फेरि ब्युँझेर उठ्छन् र यी ग्रहहरूमा जुद्धछन् ग्रहहरूलाई फोड्छन् । मरेको विश्वलाई जगाउन आएको छु । म पोल्टा थापेर जन्मदै नजन्मेका बच्चाहरूका प्राणको संरक्षण माग्न आएको छु ।' भन्दछ ।

यो नाटकको विवेचनामा समालोचक ढकाल आफ्ना तर्क दिँदै सामजिक बन्धन माया, प्रेम, आदर, डर, त्रास, केही नमानी मोहन मातृहत्या जस्तो घृणित कार्य बाहेक अर्को उपाय देख्दैन, अन्त्यमा आमाको आर्शिवादले नपुगेर आमासँग रगतको छाप माग्छ । व्यक्तिगत स्वार्थका लागि सम्पत्ति प्रतिको चाहनाले गराएको द्वन्द्वमा छोराले आमालाई आजीवन कष्टमा डुबाएको छ । नाटकको कथावस्तु निराशावादी, हतोत्साही राजेन्द्रको विचार कुनै अनुकरण गर्न लायकको छैन । नाटककार मल्लले नाटकमा एकापट्टि प्रेमको पासोमा परेर आत्महत्या गर्ने माधुरीको उदाहरण पेश गरेर देखाएको छ भने अर्कातिर सम्पत्ति माथि पूर्ण अधिकार लिने नत्र आत्माहत्या ठीक ठान्ने मोहनजस्तो घृणित पात्रको सृष्टि गर्न चुकेनन् । दुर्बल माधुरी र कुख्यात मोहनलाई उभ्याएर चिताएको नपुगेमा बोलाउने तथा आत्महत्या  गर्ने पशुतुल्य पात्रको

सिर्जनामा नचुक्ने नाटककारबाट कुनै अवस्थामा पनि लोककल्याणकारी सिर्जना सम्भव छैन । यस्तो मनगढन्ते कुराले समाजमा कुनै स्थान पाउँदै । नाटकको कथावस्तुमाथि मनन गर्दा उपयोगी नदेखिनु, आतंककारी, हतोत्साही तथा स्वार्थी पात्रको जमघटद्वारा आवश्यक उद्देश्य प्राप्तिमा कमी, सरल विषयवस्तुको अभाव तथा स्पष्ट नहुनु, संवादशिल्प आदिमा शैलीबद्धता नहुँदानहुँदै अभिनयको दृष्टिमा पनि यो आकर्षक तथा लोकप्रिय बन्न सकेको छैन भनी समालोचक ढकालले विवेचना गरेका छन् ।

## ४.३ (ज) मल्लको नाटक एक चर्चा

समालोचक जयप्रसाद ढकालको **साहित्य र संस्कृति** समालोचनात्मक सँगालोमा नाटकीय समालोचना कृति विजय मल्लको नाटक एक चर्चा नामको कृतिसँग सम्बन्धित रहेको छ । यसमा विजय मल्लको नाट्यकारिता तथा उनका नाटकहरूको चर्चा गरेका छन् समालोचकले यहाँ नेपाली साहित्यको नाटक विधा अन्तर्गतका जेठा नाटककार बालकृष्ण सम (१९५९-२०३८), गोपालप्रसाद रिमाल (१९७५-२०३०), गोविन्दबहादुर मल्ल 'गोठाले' (१९७९) तथा कान्छा नाटककार विजय मल्ल (१९८२) लाई मानेर उनको नाटक तथा नाट्यकारिता चर्चा गर्ने काम भएको छ ।

विजय मल्लले नेपाली भाषा साहित्यमा कथा, कविता, उपन्यास र नाटक क्षेत्रमा कलम चलाएका छन् । उनको 'नाटक एक चर्चा' (२०३६) अध्ययन पश्चात् विजय मल्ल तथा गोठालेका बुबा ऋद्धिबहादुर मल्लका सम्पादनमा नेपालको पहिलो पत्रिका **शारदा**मा प्रकाशन भयो । यस पत्रिकामा विभिन्न लेखरचना प्रकाशित हुँदै जाँदा राजनीतिकतथा सामाजिक वातावरण पनि केही खुकुलिँदै गयो । घरपरिवारबाटै विभिन्न गद्य तथा पद्य पत्रिका मार्फत प्रकाशन गर्दै जाँदा पारिवारिक वातावरण नै साहित्य सिर्जनाको स्रोत बन्न पुग्यो । यो अवसर विजय मल्ल र गोविन्दबहादुर मल्लका निम्ति पैतृक सम्पत्ति सरह सावित भयो । हुन त नेपाली नाटकजगतलाई हेर्दा २००७ पछाडिका गोविन्दबहादुर मल्ल र विजय मल्ल हुन् । नेपाली नाटक विधामा नाटककार निर्देशक, अभिनेता नेपथ्यकार, रङ्गमञ्च सज्जाकार चित्रकार तथा नाटक निर्देशक जस्ता बहुप्रतिभाशाली व्यक्तित्वलाई विजय मल्लले उनको 'नाटक एक चर्चा' को (दोस्रो प्रवचनको पृष्ठ १६ का अन्तिम दुई अनुच्छेदमा र पृष्ठ १७ को पहिलो अनुच्छेद)मा बालकृष्ण समलाई कन्भेनसनल नाटककार भनी आरोप लगाएका छन् । तर त्यो तथ्यहीन रूपमा रहेको छ । नेपाली नाटक विधामा अस्तित्ववादको चर्चा गर्दा वि.सं. २०१० पछि गोविन्दबहादुर गोठाले र विजय मल्लको नाम मुख्य रूपा लिइन्छ । गोविन्दबहादुर मल्लको **च्यातिएको पर्दा** मा प्रमुख भूमिका निर्वाह गर्ने माननानीको व्यक्तित्व प्रभावशाली छैन । जस्तोसुकै निम्न परिवारबाट लिएको भए पनि समाजका निम्ति शिक्षापयोगी तथा जनपयोगी कर्तव्यमा हिडाउँदा मात्र नायिकाको व्यक्तित्व झल्किन्छ । नाटककारले कमजोर नायिकाको सिर्जना गरेर आफ्नो घरपरिवारको दुर्दशा भएको थाहा नपाउने चरित्र रहेको नाटक 'च्यातिएको पर्दा'लाई गोपालप्रसाद रिमालको नाटकसँग तुलना गर्दै एकचोटीको नाटक हो भनी दावा गरेका छन् । समाजबाट तिरस्कृत गरिएको चरित्रहीन वेश्यावृत्ति गरेर छाडा चरित्र निभाउने माननानीलाई उच्च स्थानमा राख्न खोजे पनि गोपालप्रसाद रिमालको **मसान** को उचाइलाई कदापी छुन सक्दैन । विजय मल्ले च्यातिएको पर्दालाई

आधार मान्दै गोविन्दबहादुर मल्ललाई उच्च स्थानमा राख्न खोजे पनि 'च्यातिएको पर्दा' भन्दा त **भोको घर** र 'म कसरी हार्छु' अति यथार्थवादका उच्चकोटीका नाटक हुन् र नाटकीय साहित्यमा यो नयाँ प्रवेशबाट नाटकले नयाँ तत्त्व प्राप्त गर्दछ । जुन कुरा यथार्थवादमा सम्भव छैन । यही अति यथार्थवादी प्रयोगले नाटकीय साहित्यमा नविनता प्राप्त गरी बिम्ब साहित्य सँगसँगै नेपाली नाट्य साहित्य विकसित हुँदै आएको पाइन्छ भनी उल्लेख गरेका छन् । साहित्य कला क्षेत्रमा यो नास्तिकवादी 'दादावाद'का नामले चिनिन्छ ।

प्रवचनका अन्त्यमा नाटकीय साहित्यको सिलसिलामा उदाहरण स्वरूप मल्लले आफ्ना केही नाटक प्रवेश गराएका छन् । तीमध्ये पूर्णाङ्कीमा **बहुलाकाजीको सपना, कोही किन वर्वाद होस्, जिउँदो लास** आदि हुन् र एकाङ्कीमा **पुराणको हराएको पाना, पथ्थरको कथा, नाम नभएको मानिस** आदि उल्लेख गरेका छन् । यो विवेचनाको अन्त्यमा समालोचक ढकाल आफ्ना तर्क दिँदै मल्लका नाटकहरू अभिव्यञ्जनवाद, अतियथार्थवाद, अस्तित्ववाद आदिका संयुक्तताम एउटा छुट्टै अद्भूत  परम्परा लिएर आएका व्यक्ति हुन् भनी उल्लेख गरेका छन् ।

**१. पत्थरको कथा २०३४** **पत्थरको कथा** नाटककार विजय मल्लले २०३४ सालमा प्रकाशन गरेका हुन् । यस एकाङ्कीको संक्षिप्त कथावस्तुमा ६ जना पात्रहरू देखाइएको छ । यसमा मुख्य पात्र जिमदार विपिन बाबुको क्रुरता, हिंसात्मक, अत्याचार र अमानवीय चरित्रका सिकार यसका परिवार तथा आपसी सम्पर्कका व्यक्तिहरूको मूर्दारूपी पात्रहरूका बीचमा संवाद, जमघट तथा वादविवादको दृश्य उल्लेख छ । विपिन नाम गरेको जिमदारले आफ्नो यच्छा बमोजिम वा आफूले भने बमोजिमको काम नहुँदा असन्तुष्ट अवस्थामा आफ्ना बसमा भएका व्यक्तिलाई आफ्नो बल, शक्ति र ओहदाको दुरुपयोग गरेर आफ्ना स्वास्नी, बच्चाबच्ची, नोकर, मास्टर, विपिनको सहयोगी तथा उसले अराएको काम गर्ने रघुवीर नाम गरेको व्यक्ति, शत्रुधन नोकर आदि मानवरूपी मुर्दाहरू मसानघाटमा एकतृत भएका छन् । मृत मानवहरू एकएक गर्दै भेला हुँदै जान्छन् । यसै क्रममा क्रुर अमानवीय हत्या तथा अत्याचारमा परेका मुर्दाहरू क्रुर, पापी, विपिन जिमदारको विषयमा छलफल, वादविवाद तथा संवाद भइरहेको अवस्थामा ती सबैलाई यस रूपमा परिणत गराई दुर्गति भोग्न धकेल्ने विपिन पनि मृतलोकमा आइपुगेको थाहा नै पाउँदैन । विपिनलाई देखेर भेला भएको सबै मानवरूपी मुर्दाहरू विपिनलाई आक्रमण गर्न दौडन्छन् । विपिनद्वारा मारिएको पहिलो व्यक्ति श्रीकान्त मास्टर भन्दछ 'हामी सबै पत्थर हुन्छौं, सिलाखण्ड हुन्छौं, स्मृतिहीन, सङ्ज्ञाहीन, अस्तित्वहीन, स्मरणशक्ति विहीन, होश, हवासरहित अवस्थामा रहने छौं' यहाँ जमिनदारद्वारा सत्ता बेगर निर्जीव ढुङ्गको टुक्रामा परिणत बनाइएको छ ।

यस एकाङ्कीको निचोडमा समालोचक ढकालले आफ्नो विवेचनामा यस एकाङ्कीमा पूर्ण जुनिमा जीवन भोग्ने व्यक्तिका मृतआत्माहरूको चित्रण गरिएको छ । यस एकाङ्कीको मुख्य सन्देश सामन्ती समाजका अविवेकी खुङ्खार, क्रुर अत्याचारी, हत्यारा, जिमदारको सक्कली रूप दर्शित गर्ने बाहनामा रचिएको एकाङ्कीका सबै पात्र भावरहित, अनुपयोगी पत्थरका रूपमा परिणत भएका छन् । यस्तो समाज र

पाठकका लागि त्रासदीपूर्ण, भयावह तथा आत्मपीडक कल्पना गरेर पात्रहरूमा चेतन शक्ति विहीन बनाएको एकाङ्कीले कुने लाभ दिन सक्दैन ।

**२. पुराणको हराएको पाना २०३४** विजय मल्लका एकाङ्कीहरूमा २०३४ सालमा प्रकाशित भएको 'पुराणको हराएको पाना' शीर्षक रहेको छ, यस एकाङ्कीको संक्षिप्त कथावस्तु अनुसार एउटा पुराना बस्तुहरू राख्ने, पुरानो समयको सम्झना गराउनका लागि सजाएर राख्न बनाएको स्मृति भवनमा सफाई गर्ने व्यक्तिहरूले एउटा पुरानो स्मृति वा पुरणको पाना हराएको विषयलाई लिएर एकजना चेतना नामक गरेकी स्त्री भवन सफा गर्ने व्यक्तिहरूलाइ कडा स्वरमा कराइरहेकी हुन्छे त्यही समयमा पौराणिक कथा अनुसार गङ्गादेवी नाम गरेकी देवस्त्रीले ऋषिको श्राप र शर्तअनुसार बच्चा जन्माउँदै गङ्गा नदीमा बगाउँदै गर्भीन र आठौँ बच्चाको पालामा गङ्गाका पति शान्तले गङ्गादेवीलाई घरबाट खेद्छन् । यसरी घरबाट देखिएकी गङ्गादेवी भाग्दै त्यहीँ स्मृति भवनमा प्रवेश गर्छिन् । गङ्गादेवीका पछिपछि शान्तनु पनि दौड्दै खेद्रदै त्यहँ भवनमा प्रवेश गर्छन् । गङ्गादेवी र सान्तनुको प्रवेशले स्मृति भवनको होहल्ला विथोलिन्छ । अब गङ्गादेवी र शान्तनुको झगडाको छलफल गर्न त्यो संग्राहलय न्यायलयको रपमा परिणत हुन्छ । त्यहाँ भएकाले व्यक्तिहरू मध्येमा कसैले न्याधिसको भूमिका कसैले साक्षी कोहीं वादी, प्रतिवाद सबै व्यवस्थापन गर्दछ । अब गङ्गादेवी आफ्नो गोप्य कुरा खोल्दै आफूले ऋषिले श्राप पाएकाले यसो गरेको बताएपछि गङ्गादेवीलाई मृत्यदण्ड हुँदैन । सबै आआफ्ना ठाउँमा जान्छन् । एकाङ्की टुङ्गिन्छ ।

यो एकाङ्की 'पुराणको हराएको पाना' को विवेचनाका अन्त्यमा समालोचक ढकाल 'विजय मल्लले एकाङ्कीमा पौराणिक कथा गङ्गादेवी र शान्तनुको मिथक प्रयोग गरेर बालक हत्या गर्न बाध्य गराउने श्राप दिने ऋषि र हत्या गर्ने गङ्गादेवीलाई मृत्युदण्डबाट छुटकरा दिने निर्णयले गङ्गा र शान्तनुको मिथकले आधुनिकतासँग जोडिएर आउने सन्देशलाई त्रुटिपूर्ण हो भनेका छन् ।

**३. नाम नभएको मानिस २०४०** नाटककार विजय मल्लका एकाङ्कीहरूको चर्चा गर्ने क्रममा उनको 'नाम नभएको मानिस' शीर्षक भएको एकाङ्की २०४० सालमा प्रकाशित भएको हो । यस एकाङ्कीको संक्षिप्त कथावस्तु अनुसार डा. ज्योतिप्रसादको क्लिकमा साइक्याट्रिक्ट नाम गरेको मानिस काम गर्छ । अचानक एकजना मानिस सरासर आएर क्लिनिक मा प्रवेश गर्छ साइक्याट्रिक्ससँग म नाम नभएको मानिस हुँ भन्दै 'भित्ताहरू दलिन सबै आफैलाई किच्न लागेको, टाउकामा आकाश घोप्टिन लागको, चिरा, चिरा भएर फाटेको पृथ्वीले निल्न लागेको, विभिन्न कारणले त्रसित नाम भएको मानिस भाग्दा समात्न खोजेको आदि उडन्ते, उत्पट्याङ, गफ साइक्याट्रिक्ट सुनिरहन्छ । त्यही बेलामा जात नमिल्ने केटासँग प्रेम गरेका कारण घरको माथिल्लो तलामा थुनिएकी सुनिता नाम गरेकी केटी झ्यालबाट हाम फालेर त्यही क्लिनिकमा आइपुग्छे । ऊ जसरी भए पनि उसको प्रेमसँग जान चाहन्छे तर प्रेमी मरिसकेको हुन्छ । सुनिताको मनमा उसको प्रेमी प्रेममा तड्पेर मरेको हो भन्ने लाग्छ तर ऊ ढुङ्गामा चिप्लेर मरेको हो भन्ने लाग्छ तर ऊ ढुङ्गामा चिप्लेर मरेको पैसा भए सुनिता जस्ता दशवटी केटी पाउन सक्ने भन्ने मनासय बुझेपछि सुनिता

रुँदै कराउँदै पछारिन्छे र मर्छे । एकाङ्की टुङ्गिन्छ ।यो एकाङ्कीको विवेचनामा समालोचक ढकाल आफ्ना तर्क दिँदै एकातिर क्लिनिकमा विभिन्न प्रकारले कुनै उद्देश्यविहीन पात्रहरमा जम्मा गराएर विनासित्तिमा डाक्टरको मगज खाएको चित्र छ अर्कातिर मगज खुस्केका विभिन्न किसिमका पात्रहरू संवादले कुनै प्रकारको उत्साह, उमंग तथा जीवनशक्ति प्रदान गर्न नसकी रचना एकाङ्कीका गुणबाट वञ्चित छ भन्नेकुरा समालोचक ढकालले भनेका छन् ।

## ४.३ (झ) पूर्ववर्ती आधुनिक नाटककार सम

जनरल समर शमशेरका छोरा बालकृष्ण समको जन्म वि.सं. १९५९ साल माघ २४ गतेका दिन काठमाडौँको ज्ञानेश्वरमा भएको थियो । समका बाबुभन्दा पनि हजुरबुबा डम्बर शमशेरको बढी प्रभाव परेको थियो । हजुरबुबाले नातिलाई सानैदेखि नाँचगान, नाटक हेर्ने, नाटकको नक्कल गर्न लगाउने, हरेक कुरा सिकाउने, देखाउने गरेको र बढी मात्रामा नाटक हेर्ने भएकाले बालक छँदादेखि नै नाटकको बढी प्रभाव परेको थियो । नाटक हेर्ने, लेख्ने तथा अभिनयका साथै नाटक मञ्चन भएका नाटक अन्य दरबारमा अभिनयकर्ता सहित सहित लगिन्थ्यो र नाटक निर्देशकका लागि डम्बर शमशेर आफै जान्थे । यसरी आफ्नै घरपरिवार देखि सुरु भएको नाचगान, तथा अभिनयको परिचित अनुहार भएकाले नाटक हेर्दाहेर्दै सम पनि नाटक लेख्ने र अभिनय गर्ने गर्न थाले । नाटकप्रतिको छापले गर्दा हजुरबुबाको नाटक निर्देशकको छाप जस्ताको त्यस्तै उनमा बस्यो । नाटक क्षेत्रमा संलग्न भएका व्यक्तिहरू नाटक लेखन, अभिनय, निर्देशक सबै गुण भएका व्यक्ति विरलै पाइन्छन् तर बालकृष्ण सममा यी तीनै गुणहरू पर्याप्त रूपमा रहेको थियो । उनको नाटकप्रतिको प्रेरणा हजुरबुबा तथा अन्य राणा दरवारभन्दा खुल्ला तथा स्वतन्त्र वातावरण भएर पनि समयमा प्रेरणाको कडी सावित बन्यो । यही पैत्रिक सम्पत्ति र संस्कारले समका जीवनमा भएका आन्तरिक प्रेरणाको कडी साबित बन्यो । यही पैत्रिक सम्पत्ति र संस्कारले समका जीवनमा भएका आन्तरिक भावनामा रहेका प्रतिभा प्रस्फुटन भएर सजनाका रूपमा देखा परे । स्त्रीभोग, जाड रक्सी तथा मोजमस्तीमा डुबेर विलाशी जीवन बिताउने राणा परिवारमा जन्मेर पनि त्यस्ता कुलत प्रति वास्तै नगरी आजीवन साहित्य र सिर्जना र साधनामा एकाग्रता गरी सम्पूर्ण जीवन समर्पण गर्नु समयको महानता हो । राणाहरूको सत्ता मोह र स्वार्थीपनको कारण पारिवारिक कलहले गर्दा राणाहरूको परिवारमा तीन तहमा विभाजन गरेर पहिलो, दोस्रो, तेस्रो श्रेणीमा विभाजन भयो । डम्बर शमशेरको परिवार दोस्रो श्रेणीमा पऱ्यो । यो पारिवारिक विभाजन पछि पहिलो श्रेणीमा पर्ने राणहरूले मात्र रोल क्रम अनुसार सत्तामा बस्न पाउने भएकाले पहिलो वर्गभित्र पर्नेले मात्र राष्ट्रको ढुकुटी आफूखुसी गर्ने, मोजमस्ती गर्ने, विलासी जीवन बिताउने, उच्च ओहदामा बस्न पाउने, हरेक सुविधा सम्पन्न अवस्थाको नियम बनाइयो । दोस्रो र तेस्रो श्रेणीकालाई क्रमशः राज्यको सुख, सुविधाबाट हटाउँदै मान, सम्मान, इजजत, धन, सम्पत्ति, अधिकार ओहोदा आदि सबै कटौति गरियो । यसरी दरबारबाट पाउने सबै किसिमका सुख सुविधा मान, धन, सम्पत्ति तथा पारिवारिक तहबाट तल झरेपछि दोस्रो र तेस्रो श्रेणीका राणाहरूले पहिलो तहका सत्ताधारी सुविधा सम्पन्न, विलासी राणाको विरोध गरे ।

पहिलो वर्गका सँग दोस्रो र तेस्रो वर्गका राणाहरको वितृष्णा उत्पन्न भयो । पहिलो तहकाबाट दोस्रो र तेस्रो तप्कालाई गरिएको अपमान तथा अधिकार, धनसम्पत्तिबाट वञ्चित भई सर्वसाधारण भएर बाच्नु परेको अवस्थालाई मध्यनजर गरेर बालकृष्ण समले 'मेरो कविताको आरधाना'को पहिलो भागमा उतारिएको छ । समलाई दोस्रो श्रेणीमा झरेपछि सत्ताधारीसँग विरोधी तथा मनमुटाव हुनाका साथै राणाहरूको कलङ्कित व्यवहारबाट पन्छिन आफ्नो नाम बालकृष्ण शमशेर जंगबहादुर राणालाई छोट्याएर बालकृष्ण सम मात्र बनाएका थिए । दरबारिया षड्यन्त्रले गर्दा जेजस्तो परिस्थितिले गुज्रदै आएको भए पनि फेरी दरबारको सुख, भोग, यशआराम तथा विलासी जीवनको चाहना राख्नु ठीक छैन भन्ने सोचेर आफ्नो जीवनको एकमात्र चाहना साहित्यको साधनामा जीवन अर्पण दृढता राखी अगाडि बढे जसको परिणाम आज नेपाली साहित्यमा बहुप्रतिभाका रूपमा अझ नेपाली नाटक विधामा उनी बहुमूल्य र अमर बनेका छन् ।

राणाशासनको समयमा राणा परिवारलाई राजपरिवार सरह अथवा राज खान्दानको रुपमा हेरिन्थ्यो । राणाहरूको आर्थिक अवस्था पनि राज खान्दानकै मानिन्थ्यो । यही उच्च वर्ग तथा विलासी जीवनको यस, आराम, मोज मस्तीले राणाहरूको आर्थिक अवस्था पनि खस्किदै गएर बालकृष्ण समको पालासम्म आइपुग्दा त कमजोर भइसकेको थियो । आफ्ना बाबु, बाजेको लापरबाही खर्च गराइएको कारण समसम्म आइपुग्दा एउटा गाडी किन्न सक्ने अवस्था थिएन । उनी आफ्नो घर ज्ञानेश्वरदेखि नयाँ सडकसम्म ओहोर दोहोर गर्दा पैदलै हिड्ने गर्थे । कहिलेकाहिँ आफ्नी श्रीमतीलाई साइकलमा राखेर रत्नपार्कतिर हिड्ने गर्थे भनी समालोचक ढकालले उल्लेख गर्नु भएको छ । आफ्ना बाबुबाजेको फुर्मासी खर्च गराई र विलासी कस्तो थियो ? कसरी यो अवस्थामा आइपुग्यो ? भन्ने प्रश्नमा बालकृष्ण समले **कविताको आराधना** भन्ने शीर्षक भएको पुस्तकमा उल्लेख गरेका छन् ।

बालकृष्ण समभन्दा पहिलेका नाटकहरू संस्कृत भाषामा लेखिएका थिए । भाषा साहित्यमा आधुनिकता भन्ने थिएन । नेपाली नाटकहरू पनि संस्कृत परम्पराअनुसार थिए । लेखन शैली, सोचाइ, बोलीचाली तथा संसकार संस्कृत परम्परा अनुसार नै थियो । नयाँ शैलीको आरम्भ भएको थिएन । मध्यकालीन नेपाली साहित्यको इतिहासबाट शिक्षा लिएर आधुनिक साहित्यको सुरुवात गर्न सकिन्थ्यो । सम पनि पूर्वीय परम्पराअनुसार संस्कृत साहित्यबाट प्रभावित साहित्यकार हुन् । उनको शिक्षादीक्षा चाहिँ आधुनिक ज्ञानगुणका साथ साथै भएकाले उनमा बिस्तारैपश्चिमी चिन्तन र आधुनिकता तर्फ ढल्कन थालेका हुन् । पूर्वीय, संस्कृत संस्कार र परम्परामा हुर्केको बालक युवावस्थाबाट आधुनिक मार्ग समातेका सम दुवै जीवनबाट खारिएका हुनाले उनको प्रौढअवस्थामा त निके तीब्र रूपमा अगाडि बढेको पाइन्छ । पूर्वीय र पश्चिमी चिन्तनको दोसाँधमा समको साहित्य मिथकीय, ऐतिहासिक तथा समयानुकुल, सांस्कृतिक, सामाजिक कल्पनातिर केन्द्रित छ । उनले थरीथरीका गद्यपद्य नाटक लेखेर पाठक तथा समाजका अगाडि राखेका क्रमशः प्राचीनताबाट आधुनिकतातिर अगाडि बढ्दै आउन थाले । सर्वप्रथम पूर्वीय संस्कृत संस्कार र परम्पराबाट प्रभावित भएपछि पूर्वीय र पश्चिमी नाटकको चिन्तन गरी दुवैको निखार निकाली आधुनिक नेपाली नाट्य साहित्यमा उनी उच्च स्थानमा पुग्न सफल नाटककार हुन् । पूर्व

र पश्चिमका मिश्रित सैद्धान्तिक आधार लिएर आधुनिक नेपाली नाटक लेखनमा समलाई नाट्य सम्राट नामले चिनिन्छ । जबसम्म नाटक विधाका विभिन्न दृष्टिकोण सम्बन्धी सूक्ष्म ज्ञान हुँदैन तबसम्म उनका नाटक बुझ्न गाह्रो छ । कुनै पनि नाटक पौराणिकतामा आधारित होस् वा इतिहाससँग सम्बन्धित नाटकको पुस्तक सरसर्ती पढेर मात्र पूर्णता दिन सकिदैन । त्यसता नाटकले सामाजिक, राजनीतिकजीवनलाई दिने शिक्षा तथा प्रेरणातर्फ पनि दृष्टि राख्नु पर्दछ । समका नाटकको आलोचना गर्न उनका नाटकहरको गहिराईमा पुगेर सूक्ष्म अध्ययनको आवश्यकता पर्दछ । कुनै कृतिको आलोचना वा मूल्याङ्कन गर्दा त्यसको टिप्पणी मात्र पुग्दै की त्यसको शब्दसँग भिजेर मात्र आफ्नो दृष्टिकोण तथा मूल्याङ्कन गर्नु पर्दछ ।

समका नाटक अध्ययन गर्दा उनी कुनै एक विचारधारामा मात्र अडिग छैनन् र उनका रचनामा पनि एकरूपता छैन । उनको पूर्वीय र पश्चिमी सिद्धान्तका अलग अलग आधारमा लिएर नयाँ किसिमको आधुनिक नाटक निर्माण गर्ने प्रमुख लक्ष्य भए पनि उनी अध्यात्मवादी नाटककार हुन् । उनका विभिन्न नाटकहरूको गहन अध्ययन पश्चात् मात्र उनको टिप्पणी, संश्लेषण, विश्लेषण गर्न सम्भव हुन्छ । उनका नाटक पनि विभिन्न विषयको छनौट गरेर फरक फरक उद्देश्यका साथ तयार पारिएका आधारमा उनी साम्यवादी नाटक मान्न सकिन्छ । समले पूर्वीय र पश्चिमी सिद्धान्तलाई अँगाले उनले पूर्वीय परम्परालाई चटक्क छाड्न सकेक छैनन् र पश्चिमी सिद्धान्तलाई पनि पूर्ण रूपमा अँगाल्न सकेका छैनन् । दुवैको मिश्रण भएकाले उनका नाटकबाट अन्य नाटककारहरूले प्रेरणाको रूपमा लिने गरेको पाइन्छ । समले बौद्धिक कालका विषयवस्तु भएका नाटकदेखि आधुनिक युगका नाटकमा अनेक प्रकारका कथावस्तु राखेका छन् । उनका मिथकीय ऐतिहासिक, पौराणिक, अनुश्रुति र काल्पनिक नाट्य साहित्यका पात्र, परिवेश अलग्गै छुटिन्छन् । प्रह्लय, ध्रुव, भीमसेनको अन्त्य, अमरसिंह, मुकुन्द, इन्दिरा, मुटुको व्यथा, प्रेमपिण्ड आदि मिथकीय ऐतिहासिक, सामाजिक, राजनीतिकनाटक अनुरूप कथावस्तु र चरित्र सृष्टि हुँदै आएका छन् । मिथकीय नाटकभित्र पुराणमा आश्रित नाटकहरूका कथावस्तु र चरित्रका निम्ति व्यक्ति मेहेनत गरेर राख्नु पर्दैन जति सामाजिक र राजनीतिकनाटक लेख्दा कथावस्तु र पात्रको चयनमा ध्यान दिनु पर्दछ । पौराणिक र ऐतिहासिक नाटक लेख्नुभन्दा अगाडि नै नाटकको रूपरेखा, चरित्र, सृष्टि आदि नाटक लेख्नुभन्दा अगाडि नै तयार भइसकेका हुन्छन् । तर राजनैतिक, सामाजिक नाटकका कथावस्तु चरित्र चित्रण त्यसको सृष्टि आदिका अंकमा नाटककारले निजी कल्पना शक्तिकोप्रयोग गर्नुपर्ने हुन्छ । पौराणिक, ऐतिहासिक, राजनीतिकतथा सामाजिक नाटक लेख्दा नाटककारले आफ्नो स्मरणशक्ति तथा मस्तिष्कलाई नाटकको कथावस्तु, परिवेश, चरित्र अदिलाई दुरुस्त मिल्ने बनाउन सक्नु पर्दछ । समका नाटक प्रह्लाद, ध्रुव, अमरसिंह नाटकको कथासार र चरित्र चित्रणको उनको कल्पना शक्ति बढी नै सक्रिय भएजस्तो लाग्छ । उनका सामाजिक नाटक मुकुन्द इन्दिरा, मुटुको व्यथा, प्रेमपिण्ड आदि कल्पना शक्ति आवश्यक अनुसारको रहेको छ ।

साहित्यकारमा भाषिक सचेतता हुन जरुरी हुन्छ । लेखनाथ पौड्यालको नेपाली भाषा परिमार्जन र परिष्कारले साहित्यम नाटककार बालकृष्ण सम र कल्पना शक्तिका सम्राट लक्ष्मीप्रसाद देवकोटाको उदय

तीब्र रूपमा भएको मानिन्छ । भाषामा स्वच्छन्दतावादको प्रयोगले 'मुनामदन' जस्तो रोमान्टिक काव्य जन्मायो । श्रृङ्गारिक साहित्य पश्चात् साहित्यकारका धारणा अनुसार सम र देवकोटा स्वच्छन्दतावादी जविन दृष्टि लिएर आए । समको **भीमसेनको अन्त्य, अमरसिंह, अन्धवेग, मुटुको व्यथा, म, मुकुन्द इन्दिरा** आदि । ऐतिहासिक र सामाजिक नाटकमा सुखात्मक तथा दुःखात्मक जीवनीले भरिएको छ भने मानिसको व्यवहारिक जीवनको बाह्य र आन्तरिक द्वन्द्वको चित्रण यथार्थतिर ढल्केकाले ऐतिहासिक नाटकमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । नेपाली साहित्यको नाटक विधामा समले उच्चता हासिल गरी नयाँ जग हालेर नाटकलाई पूर्णता दिने काम गरे जुन नेपाली साहित्यको विकासमा अतुलनीय स्थान ओगट्न सफल भएका छन् । साहित्यका अरु विधा, कथा, कविता, उपन्यास, निबन्ध आदिभन्दा नाटक फरक विधामा पर्दछ । किनकी नाटक लेख्ने नाटककारका रङ्गीन दृष्टिकोण र अनुभव हुनुपर्दछ । नाटकमा रङ्गीन दृष्टिकोण र अनुभव हुनुपर्दछ । नाटकमा रङ्गीय दृष्टिकोण प्रवेश गर्दा काल्पनिक कथावस्तु बढी हुँदा पनि आपत्ति हुँदैन । पात्रको छविसँग मिल्ने हाउभाउ,  बसउठ, सामाजिक जीवनको चित्रण गरिने भएको हुँदा अरु विधाभन्दा नाटकको दृश्य अवलोकन गर्दा प्रभावयुक्त हुन्छ । नाटक लेख्ने नाटककार जब नाटक सिर्जना गर्न थाल्छ तब ऊ मञ्च, दर्शक, पात्र, पाठक, कलाकार समक्ष पुगिसकेको हुनुपर्दछ र मात्र नाटक समय, परिस्थिति तथा पाठकको रुची अनुसारको नाटक निर्माण हुन्छ । साथै नाटककार पनि सफल मानिन्छ । कुनै कुनै नाटककारले नाटक सिर्जना गर्दा मञ्च, दर्शक, पाठक, कलाकार तथा समय र परिस्थितिलाई ध्यान नदिदा असफल नाटककार बन्नुका साथै समय र आर्थिक भारको सामना गरिरहेका प्रशस्त उदाहरणहरू पाइन्छन् । समका नाटक यी माथिका सबै कुराको ख्याल गरेर लेखिएका भए पनि कही कतै थोर बहुत मञ्च, पाठक,  दर्शक, कलाकार तथा समाजमा अरुचिको अनुभव होलाकी जस्तो पनि लाग्छ । नाटकमा धेरै दृश्य तथा धेरै कलाकार राख्दा पनि नाटक बोझिलो हुन्छ भने नाटकमा पात्रले प्रदर्शन गर्ने कलाकारिता तथा प्रयोग गर्ने भाषा स्तरीय हुनुपर्दछ ।

नेपाली नाटक संस्कृत परम्परा अनुसार स्वर्ग लोक, प्राचीन देवासुर राक्षस र देवाताका कल्पना गरेर नाटक रचना गर्दा अहिलेको सामाजिक जीवनलाई कुनै किसिमको फाइदा हुँदैन । सामाजिक जीवन प्रभावकारी बनाउन नाटकलाई नयाँ सोचाई तथा सामाजिक जीवनका सुख, दुःख, पीडा, व्यथा मानिसका भित्री र बाहिरी रूपमा भोग्नु पर्ने विभिन्न समस्याको चित्रण गर्नु नै नाटकको पश्चिमी प्रभाव हो । यसरी नै नेपाल र भारतका विभिन्न ठाउँमा अङ्ग्रेजी शिक्षाका लागि स्कुकल, कलेज स्थापना भएपछि अङ्ग्रेजी शिक्षाको प्रभाव पढ्दै गएर नेपाली साहित्यमा पनि क्रानितको रूप लियो । समको युग भनेको नेपाली साहित्यका लागि स्वर्ण युग हो । समालोचक ढकालले वि.सं. १९७५ देखि २००७ सालसम्मको समयलार्य नेपाली साहित्यको स्वर्ण युग नामकरण गरेका छन् । यस बीचको मयमा लखनाथ पौड्याल, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, गोपालप्रसाद रिमाल, बद्रीनाथ भट्टराई, सोमनाथ सिग्देलजस्ता प्रतिभा सम्पन्न भाववादी साहित्यकारहरूले आआफ्नो क्षेत्रमा दिएको योगदानले नेपाली साहित्यको यति ठूलो उचाइ पायो जुन नेपाली साहित्य इतिहासमा देखा परेको छैन । सम एकापट्टि आफ्नै परम्परा पूर्वीय संस्कृत साहित्यबाट प्रभावित थिए भने पश्चिमी साहित्यकार शेक्सपियरका

नाटकबाट पनि प्रभावित थिए । पूर्वीय र पश्चिमी साहित्यकाविचमा परेका समयले दुवै चिन्तनअन्तर्गत समका पौराणिक, ऐतिहासिक, सामाजिकमा पनि सुखान्त र दुखान्त आदि प्रशस्त नेपाली नाटक जन्माएका छन् । नेपाली साहित्यका बहुप्रतिभाशाली धेरै विधामा कलम चलाएका भए पनि  नाटक उनको मुख्य विधा हो । उनले नाटक क्षेत्रमा पुऱ्याएको योगदानले उनी नेपाली नाट्य सम्राटका नामले परिचित छन् । उनले नेपाली साहित्य अन्तर्गत कथा, कविता, नाटक, उपन्यास, निबन्ध, खण्डकाव्य, महाकाव्य, आदि धेरै धेरै कृतिहरू रचना गरेर नेपाली साहित्यको भण्डार गर्ने काम गरेका छन् । उनको नेपाली साहित्यप्रतिको लगावले क्रान्तिकारी परिवर्तन देखा पऱ्यो । उनले नेपाली नाट्यक्षेत्रमा ५० वटाभन्दा बढी नाटक लेखेका छन् ।

वि.सं. १९७७ देखि नै समका नाटकहरू प्रकाशित हुन थालेका छन् । २००७ सालसम्म उनले एकाङ्की र पूर्णाङ्की नाटक लेखेर नाट्य साहित्यमा प्रतिष्ठा कमाएका छन् । विभिन्न युगका कथावस्तु लिएर नाटक लेखेका छन् । श्रीमद्भागवत पुराण गाथाबाट लिएका उत्तर बैदिक कालका ध्रुव, प्रल्हाद, ललिता, त्रिपुरा सुन्दरीको नायवी कालको **भीमसेनको अन्त्य** र नेपाल अङ्ग्रेजी बीचको युद्धबाट **अमरसिंह** नाटक तयार भएको छ । 'प्रेमपिण्ड' नाटक यौनमा अशक्त सामन्ती राणादरबारको घृणित न उतार्ने सामाजिक कथावस्तुका आधारमा तयार भएका छन् । त्यसैगरी दुःखान्त र सुखान्त नाटक **मुकुन्द इन्दिरा,** 'मुटुको व्यथा', 'अन्धवेग' जस्ता नाटकले जनमानसमा आधुनिकता जगायो । समका पश्चिमी पाराका नाटकमा द्वन्द्व तथा सङ्घर्ष पाइन्छ । यी नाटकहरूमा लडाई, हत्या, ईर्ष्या, क्रोध, प्रेम, सेवा आदि झल्कने सामाजिक विवरणका घटनाहरू नाटकमा प्रस्तुत भएका छन् । उनका नाटकहरूमा पात्र चयन गर्दा कुनै ऐतिहासिक कथावस्तु अनुसार कुनै पुराणका गाथाअनुसार छन् भने कति काल्पनिक रूपमा सिर्जना गरिएका छन् । यी नाटकहरूमा कतै वीर, श्रृङ्गार, शान्त आदि विभिन्न रसले युक्त छन् । पूर्वीय परम्परा र पश्चिमी शैलीका समन्वयमा समको कलात्मकतामा आधारित रहेका छन् । समका नाटकमा उनको दार्शनिकता झल्कन्छन् । उनका यी विभिन्न किसिमका नाटकमा अलग अलग प्रवृत्ति रहेकाले आलोचक तथा समालोचकले नाटकको भाव वा गहिराइमा पुगेर आफ्नो दृष्टि राख्न सक्नुपर्दछ । समका मिथकीय नाटक संसकृत परम्परा अपनाइएका देव, दानव, मानव आदिका सङ्घर्ष नै नाटकका विषयवस्तु बनेका छन् । बौद्धिक देवता र मानवका सम्पर्कमा जोडिएका यी नाटकहरूमा देव, दानव, मानव, शान्त, अप्सरा, राजा, महर्षि तथा विभिन्न अवतार रूपमा भएका पात्रले नाटकको प्रतिनिधित्व गर्दछन् । नाटकमा जुनसुकै रूपको अभिनय गरेपनि मनुष्य जीवनका मार्गदर्शक बनेका छन् । यसमा कतै देवता र दानव कतै मनुष्य र दानव, कतै मनुष्य मनुष्यका बीचमा द्वन्द्व रहेको छ । कतै शक्तिका लागि लडाई तथा द्वन्द्व हुन्छ भने कतै अधिकारका लागि हुन्छ । त्यसैगरी नारी जीवनका डर, त्रास, रोदन, कुण्ठा, आत्मपीडा, ग्लानी आदिले भरिएका छन् । उनका ऐतिहासिक नाटकमा चाहिँ शक्तिका लागि दाउपेच तथा कोतपर्व, भण्डारखाल पर्वजस्ता दरबारिया षड्यन्त्र र अङ्ग्रेजी फौजको विरुद्धमा गोरखालीले देखाएको वीरता तथा वीर आत्माको वयान गरिएको छ भने **भक्त भानुभक्त** र **मोतीराम** नाटकमा नेपाली साहित्यको सांस्कृतिक जीवन परिचय गराउँदै साहित्यको मुहान तथा भाषा साहित्यको विकासमा भानुभक्तले गरेका सङ्घर्ष उल्लेख गरिएको छ ।

मोतीराम नाटकमा मध्यकालीन साहित्य, सामाजिक जीवन, निरङ्कुश राणा शासनको राजनीतिकतथा सामाजिक चित्रण उतारिएको छ । भीमसेनको अन्त्य दरबारभित्रको व्यक्तिवादी षड्यन्त्र उदङ्गाएको छ । यस नाटकमा व्यक्तिगत स्वार्थमा भीमसेन जस्ता देशभक्त तीन/तीन वर्ण राष्ट्रको सेनापति र प्रधानमन्त्री भएको व्यक्तिको हत्या गराउँछन् । कुशासनको वास्तविक दृश्यले नाटक आकर्षित तथा चाखलाग्दो भएको छ । मध्यकालीन युगमा देशको राजनीति तथा दरवारको मोजमस्ती र सत्ता स्वार्थ, अविवेकी नेतृत्व, अन्धशासन, निर्दयी दरवारिया षड्यन्त्र आदिको चित्र उतार्नु नै नाटकको मूल उद्देश्य रहेको पाइन्छ । यस्तै 'अमरसिंह' नाटकमा अमरसिंह थापाको वीरता तथा अङ्ग्रेज र नेपालबीचको युद्धको स्मरण तथा परिचय गराइएको छ । यसरी राणाकुलमा जन्मेर पनि जीवनभरी नेपाली साहित्य र नेपाली भूमिप्रति आघात प्रेम भएका व्यक्तित्व बालकृष्ण समको मृत्यु २०३८ सालमा भयो ।

## ४.३ (ञ) विष्णुभक्त प्रह्लाद

लेखक तथा समालोचक जयप्रसाद ढकालले बालकृष्ण समद्वारा रचना गरिएको नाटक 'विष्णुभक्त प्रल्हाद'को समालोचनात्मक दृष्टि यसप्रकार रहेको छ । यो नाटक सर्वप्रथम व्यासद्वारा लेखिएको श्रीमद्भागवदमा आश्रित रहेको छ । यस नाटकको मुख्य आधार भनेको दैत्यराज हिरण्यकशिपु र उसैको कान्छो छोरा  प्रल्हादको मिथक रहेको छ । भने नाटकका केन्द्रीय पात्रका रूपमा हिरण्यकशिपु र प्रह्लादरहेका छन् । अरु पात्रहरूमा प्रल्हादकी आमा कायाधु, प्रल्हादको गुरु, प्रह्लादका साथीहरू, प्रल्हादकी प्रेमिका, दैत्यसेना, दैत्यगुरु, प्रह्लादकी फुपू आदि रहेका छन् । खास गरेर यस नाटकमा संसारभरि एकछत्र दैत्य राज कायम गर्ने उद्देश्य लिएर अगाडि बढेको दैत्य प्रतिनिधि हिरण्यकशिपु र देवमागीका बीचमा भएको द्वन्द्वमा अत्यन्त चासो लाग्ने किसिमको रहेको छ । प्रह्लादाटमा जम्मा पाँच अंक रहेका छन् । अंक एक, दुई, चार, र पाँचमा तीनतीन दृश्य रहेका छन् भने अंक तीनमा चार दृश्य रहेको छ । जम्मा सोह्र दृश्य रहेको प्रह्लादनाटक लामा किसिमको नाटकमा पर्दछ । नाटकमा प्रायःजसो नारद् र ब्रह्माका लामालामा संवादले भरिएको छ । नाटकमा प्रकृतिमा पाइने जङ्गल, पशु, पंक्षि, भिर पाखा पखेरा, विद्यालय, दरबार साधारण जनजीवनदेखि राजदरवार, देवता, अषि, न्यास ध्यान, तपस्या आदि मानव जीवनका सबै पक्ष देखाइएको छ । जुन नाटकमा मञ्चन र दृश्यावलोकन गर्न सम्भव छैन । नाटकको भाषा कवितात्मक लयमा रहेको छ । यो नाटक उत्कृष्ट हुनुमा एक कारण काव्यात्मकताको प्रबलता पनि हो । प्रह्लादनाटकमा लगभग पचास जना जति पात्रहरू रहेका छन् जो यहाँ उल्लेख गर्न साध्य छैन । यहाा समालोचक ढकाल थप्छन् : नेपली भाषामा लेखिएको नाटकले आलोचकहरूलाई अल्मल्याउने गर्छ भने धेरै पात्र, धेरै दृश्य, धेरै पटक पर्दा उघार्ने र पर्दा बन्ध गर्ने झन्झटले नाटक अवलोकनमा बाधा पुग्छ । साथै लामालामा संवादहरू रहेका छन् । प्रह्लादनाटकजस्तो आदर्शवादी नाटक कुनै पनि नेपाली नाटककारले अहिलेसम्म ल्याउन सकेका छैनन् । नाटकमा संवाद आवश्यक तत्व हो । संवादविना नाटक रचना हुन सक्दैन । संवादमा भाषा, सरल, स्पष्ट बुझिने, छोटा छोटा हुनु महत्त्वपूर्ण हुन्छ तर यो प्रह्लाद नाटकमा यी गुणको अभाव रहेको छ ।

बालकृष्ण समको प्रह्लादसर्वप्रथम वि.सं. १९९५ मा प्रकाशित भएको थियो भने वि.सं. २००६ सालमा दोस्रो संस्करण प्रकाशन भयो । यहाँ आएर पहिलो संस्करण र  दोस्रो संस्करणमा धेरै भिन्नता पाइयो किनभने ९९५ देखि २००६ सालका बीचमा धेरै राजनैतिक, सामाजिक, शैक्षिक आदि धेरै कुरामा परिवर्तन र फरक परेको हुँदा पहिलो संस्करण र दोस्रो संस्करणमा फरक देखा पर्नु स्वभाविकै हो । समले पनि दोस्रो संस्करणलाई बढी महत्त्व दिइएको देखिएको छ । समले दोस्रो संस्करणको भूमिकामा ज्ञान, विज्ञान बीचको छलफल, भौतिक र आध्यात्मिक दर्शन, दैत्य प्रतिनिधि सम्राट हिरण्यकशिपु र देव प्रतिनिधि प्रह्लादबीमा भएको द्वन्द्व, सम्पूर्ण दानव र ऋषिदेवता बीचको द्वन्द्व बाबु र छोराको बीचको द्वन्द्व देखा परेको भए तापनि समले द्वितीय संस्करणको भूमिकामा आफ्नो भनाइ राख्दै 'यसले प्रल्हाद, हिरण्ण्यकशिपु दुवै अपूर्ण छन्, चाहे हिरण्यकशिपु रुदै मरुन चाहै प्रह्लादहास्दै मरुन । यसलाई पौराणिक कलपना क्षेत्रमा नदौडाई ऐतिहासिक कल्पना क्षेत्रमा दौडाउने प्रयत्न गरिएको छ' भनेर प्रह्लादनाटकको दोस्रो संसकरणको प्रस्तावनामा उल्लेख गरिएको छ । प्रह्लादपौराणिक कथामा उभिएको नाटक हो । पुराणबाट प्रभावित साहित्यकार समले नाटकमा प्रल्हादलाई अन्तिम समयमसम्म बैदिक आधारमा टेकाएर नाटक गम्भिर बनाउँदै नायकको मृत्युको दृश्य ल्याएको छैन । नाटकमा विष्णुको अदृश्य शक्तिद्वारा पृथ्वीस्वर्गाधिपति कशिपुको नै मृत्यु दृश्य नै देखिएको छ । जतिसुखै दुःख, कष्ट, यातना, पीर, तिरस्कार र दण्ड पाए पनि प्रह्लादमर्दै मर्दैनन् किनकी प्रह्लादविष्णुको शक्ति देखाउनु नाटककारको उद्देश्य पनि हो । वैदिक शास्त्रले प्रमाणित गर्दै आयरहेको वैदिक काल, देव, मनुष्य, दैत्य आदिको संयुक्त इतिहास समाज बालकृष्ण समको प्रह्लादनाटकमा पनि देवासुर संग्रामको वर्णन छ । प्रह्लादनाटकको आदिदेखि अन्त्यसम्म यही मिथकीय विवरण रहेको छ । समको प्रह्लादनाटकमा पौराणिक कथा दोहोऱ्याई लोक साधनाको बदला प्रह्लादवैदिक नाटकमा आश्रित रहेको छ । दैत्य सेनाले संसारप्रति आफ्नो विषय भएको र झण्डा फहराएको आदि वर्णन छ तर नाटककारले मञ्चमा ल्याएका छैनन् ।

प्रह्लाद नाटकमा बालक छोरो प्रल्हादका मुखबाट यति धेरै र विलक्षण रूपमा पाप र धर्मको बारेमा बाबु कशिपु अनौठो तर्क सुन्छ 'छोराको प्रतिभाप्रति आश्चर्य हुन्छ । यो भनाई कृष्णले गाएको गीता र भागवतबाट प्रभावित समले प्रह्लादको मुखबाट भनाएको हुनुपर्दछ भन्ने तर्क समालोचक ढकालको रहेको छ । बौद्धिक अनुयायी प्रह्लाद विष्णुको अन्धभक्त देखायएको छ । अहिंसावादी भएर पनि आफू उपर खनिएका हिंसात्मक प्रहारबाट कुनै किसिमको आवाज उठाउने मनोभाव नहुनु उसको ठूलो कमजोरी हो । उ पनि हिंसा विरुद्धमा समूह बनाउन सक्थ्यो तर उसले त्यो चर्चा नगर्नु उसको कमजोरी हो । अमानवीय दबाब, वा हिंसा उपर शीर उठाउन नसक्ने नायक प्रल्हादको मनोगतले आजको नेपाली जनजीवनमा आदर्श प्रस्तुत गर्न सक्दैन । हिरण्यकशिपु दैत्य शक्तिले जस्तो सुकै योजना बनाउन सक्ने भए तापनि पुत्र प्रल्हादलाई मार्न नसक्ने पार्नु विष्णुभक्त साहित्यकार समको कल्पना हो । समले प्रह्लाद नाटकमा कथावस्तु पुराणमा जस्तो दोहोऱ्याउँदै बौद्धिक परम्परागत प्रतिनिधित्व गर्ने प्रल्हादलाई कहिले पनि आधुनिक नेपाली जीवनको माग पूरा गर्न सक्ने आदर्श नायकको रूपमा ल्याएनन् । नाटकको अन्त्यमा कशिपुले प्रल्हादलाई बाँधेको खम्बा लडेर कशिपुलाई किच्छ अनि त्यही चिरिएको खम्बाबाट निस्केको नरसिंह

अवतारले कशिपुको भुँडी फोरेर मारिदिन्छ तर त्यहाँ हिरण्यकशिपुको मृत्यको दृश्यका सम्बन्धमा यहाँ आलोचना छ । पश्चिमी विद्वान् तथा आलोचक मृत्युको दृश्यलाई अनिवार्य दृश्य मान्दैनन् । मृत्यु दृश्य रंगमञ्चमा ल्याउनु अनिवार्य छ ? छैन त्यसको विश्लेषण साधारण दर्शकका बुता बाहिरको कुरा हो । अनिवार्य दृश्यको ज्ञान नभएका दशृक नाटक हेर्दा जुन आनन्द प्राप्त गरिरहेका हुन्छन् जब मृत्यु दृश्य आउँछ त्यस समयमा प्राप्त गरिरहको आनन्द पूरै नैराष्यमा परिणत हुन्छ भन्ने पश्चिमी साहित्यकारहरूको दृष्टिकोण रहेको हुन्छ भनी समालोचक ढकाल बताउँछन् । अनावश्यक दृश्य ल्याएर दर्शकको माग पूरा हुन सक्दैन भने त्यस्ता दृश्य मञ्चमा ल्याउन दिनुहुँदैन । यदि यो तथ्य स्वीकार्ने हो भने कशिपुको मृत्युको दृश्यले प्रह्लादनाटकको उचाईमा निःसन्देह बाधा पुऱ्याएको छ भन्छन् समालोचक ढकाल ।

## ४.४ संस्कृति र इतिहास केन्द्रित समालोचना

### ४.४.१ संस्कृति

समालोचक जयप्रसाद ढकालको प्रस्तुत 'साहित्य र संस्कृति' समालोचना संगालो संकलित रहेको निबन्धात्मक सिर्जनशील कृति **संस्कृति** शीर्षक नामकरण निबन्धमा उनको धारणाको समीक्षा गर्ने समालोचनात्मक उनमेषभित्रभित्रै सल्वलाएको पाइन्छ ।  यो निबन्धमा नेपाली परम्परागत चलिआएको संस्कृति साथै प्रगतिशीलताको दृष्टिबोध उजागर भएको पाइन्छ । उनले यस निबन्धमा संस्कृतिको परिचय विकास भिन्नता तथा समको मौलिकता सम्बन्धमा प्रकाश पार्ने काम गरेका छन् । संस्कृति भनेको कुनै पनि समाज, क्षेत्र तथा देश, परिवेशभित्र रहेको रीतिरिवाज, रहजनसहन, उठबस, लवाइखवाइ, बोलीभाषा, धार्मिक चाडपर्व, प्रथापरम्परा, पौराणिकता एतिहासिक सामाजिक, सांस्कृतिक समाज, क्षेत्र, परिवेश, देश तथा संसारका हरेक मुलुक तथा सम्प्रदाय धार्मिक आस्थाका आधारमा फरक फरक रूपमा पाइन्छन् । धार्मिक, भौगोलिक भाषिक रूपमा मिल्दाजुल्दा देशहरूमा संस्कृति पनि मिल्दा जुल्दा हुन्छन् । उदाहरणका रूपमा हिन्दूधर्म मान्ने देश, परिवेश क्षेत्र समाज त्यस्तै बौद्ध धर्म मान्ने धर्मावलम्बीका संस्कृति, मुस्लिम धर्म मान्ने मुलुकहरूका बीच संसकृति समाज पाइन्छन् । छिमेकी मुलुकका कारण पनि चाड, पर्व, धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, लवाइखवाइ, मानवीय संस्कार आदि धेरै कुरामा मिल्दाजुल्दा संस्कृति पाइन्छ । अरु मुलुकहरूको जस्तै हाम्रो देशमा पनि अपफ्नै संस्कृति रहेको छ जुन धार्मिक, पौराणिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भाषिकजस्ता विभिन्न पक्षमा आफ्नै पहिचानका आधारमा रहेका हुन्छन् । हाम्रो देश चार वर्ण छत्तिस जातको फूलबारी हो भनेर पृथ्वीनारायणले उद्घोष गरेका थिए अव त त्यतिले मात्र समेट्न सकदैन । नेपाल बहुधार्मिक, बहुजाति, बहुभाषाभाषी, बहुसांस्कृतिक त छदैछ भौगोलिक विविधताले लवाइखवाइमा पनि विविधता ल्याएको छ । सानो देश भए तापनि हिमाल, पहाड, तराई मिलेर बनेको छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको भूभागमा बसाबास गर्ने जनताको धार्मिक, सामाजिक, पौराणिक ऐतिहासिक आधारमा प्रत्येक जातिमा पालना गर्दै आइरहेको संस्कार संस्कृतिमा विविधता पाइन्छ ।

हाम्रो देश नेपालभित्र मात्र हेरेर संस्कृतिको चर्चा गर्दा पनि अनेकौ किसिमका विविधता पाउन सक्छौँ । मानिसको जन्मदेखि मृत्यु पश्चात्सम्म गरिने धार्मिक सामाजिक संस्कारका विधि विधानमा फरक पाउँछौं । हिन्दूधर्ममा गरिने संस्कार बुद्ध धर्म परम्परामा गरिने संस्कार मुस्लिम समुदायमा गरिने संस्कार त्यस्तै क्रिश्चियन धर्ममा गरिने संस्कारमा विविधता पाउँछौ । एउटै जातिभित्र पनि वा एउटै धर्म मान्ने व्यक्तिहरूका बीचमा पनि विभिन्न श्रेणीमा जातिलाई विभाजन गरिएको सामाजिक स्वपमा ब्राह्मण जाति, क्षेत्रीय जाति, वैश्य, शुद्र गरेर बाँडिएको भए तापनि ब्रह्माणमा विविध जाति छन्, क्षेत्रीमा राजखान्दान, राणा परिवार तथा अन्य क्षेत्रीहरू वैश्यमा विविध जातजाति, सबैभन्दा बढी यही समुदायका मानिस पाइन्छ । यसैगरी सामाजिक विाजन अनुसार पानी अचल जाति भनी छुट्याएको छ । यसरी हिमालदेखि पहाड, तराईसम्म बसोबास गर्ने नेपाली जनताका बीचमा परम्परादेखि चल्दै आएका संस्कार संस्कृतिमा हजारौं किसिमका विविधता पाउन सक्छौँ । यो नेपाल र नेपालीको आफ्नै प्रकारको पहिचान हो भने यी विविध संस्कार र संस्कृति बेलाबेलामा समस्या पनि ल्याए तापनि नेपाली अत्यन्त शान्तिप्रेमी भएका हुनाले सामाजिक विविधतामा मिलेर बस्न रुचाउँछन् । विश्वमा एउटै उद्देशय पूरा गर्न आआफ्ना किसिमका संसकार, विधि, विधान, तरिका,परम्परा, प्रथा रहेको पाइन्छ  जस्तै : विश्वका सम्पूर्ण मानवलाई बाँच्नका लागि खानै पर्छ, शरीर ढाक्न कपडा लगाउनै पर्छ । घरपरिवार तथा समाजमा आइपरेका समस्या टार्नै पर्छ, मानिसको जन्म हुन्छ, शिक्षादीक्षा, विवाह गरेकै हुन्छन् । सबैले बूढो हुनै पर्छ र सबैको मृत्यु हुन्छ तर यसरी मानवका जीवनमा आउने व्यवहारमा पनि फरक पर्दछ । नेपालमा हेर्दा सबै जातजाति, धर्माबलम्बीका घरमा बच्चा जन्मन्छन्, न्वारनवा नामकरण गर्ने परम्परा हुन्छ । बच्चा हुर्कदै जान्छ पास्नी वा खान खुवाउने चलन, कपडा दिने चलन,  गुफा राख्ने, व्रतबन्ध गर्ने चलन विवाह गर्ने संसकार फरक भएको पाउँछौ भने उनीहरूले लगाएको कपडाबाट पनि यो कुन जातिको र कुन धर्मावलम्बी, कुन देशको भन्ने पहिचानका साथै उसका लुगा कपडाले यो कुन अवस्था वा स्थितिमा रहेको छ भन्ने कुरा थाहा पाउन सक्छौँ । हाम्रो सामाजिक रुढिवादी परम्पराले जरा गाडेर बसेको समाजमा सबै मानव धर्तीका सृष्टि हुन् भन्ने मानवीय मान्यतालाई बुझ पचाएर समाजका टाठाबाठा तथा उच्च जातिका मानिसले बनाएको नियमअनुसार तल्लो जातिले माथिल्ला जातिलाई आदर सत्कार सेवा गर्नमा सधैँ तत्पर हुनुपर्ने, समाजमा ठूला जातका ब्रह्माण तथा क्षेत्री जातिका मानिसकै धाक, धम्की, हुकुम मान्नुपर्ने, समाजमा ठूला जाति र साना जातिका बीचमा भएका कुसंस्कार अनुसार सानो जातिले छोएको पानी, खानेकुरा ठूलाजातिले खान नहुने । ठूला जातिका मानिसले समाजमा जे गरे पनि हुने तर साना जाति अगाडि बढेर कुनै पनि नयाँ काम गर्‍यो भने उसलाई  नियम, कानुन विपरित हुने तथा सामाजिक, प्रथम, परम्परा, संस्कारको अवहेलना गरेको आरोप लाग्ने समाजका उच्च मानिने पाहुना जातिले नै बनाएको नियम हो ।

हाम्रो समाजमा परम्परादेखि चल्दै आएका प्रथा, परम्परा, रीतिरिवाज आदि सबै समाजमा बस्ने टाठाबाठाले नै बनाएका हुन् । सृष्टिकालमा सबै मानव समाज थिए आपसमा कुनै कुरामा भिन्नता थिएन जब समाजको निर्माण भयो तव त्यस समाजका बाठा व्यक्तिहरूले आफूलाई बचाएर, आफ्नो स्वार्थ पूरा गर्न ठूलो जाति, सानो जातिमा विभाजन गरे । यो एक्काइसौं शताब्दीमा पनि नेपाली समाजमा

कुसंस्कारका साङ्ला चुडाउन सकेको अवस्था छैन । जातजाति धर्म, छुवाछुतको भेद बिस्तारैपर सार्दै गरिहउको छ । हाम्रा बाबुबाजेले पालन गरेको संस्कार आफूलाई मन लागेपनि नलागेपनि पाल गर्नुपर्ने बाध्यता थियो भने अव समाजमा मानवहीतको निम्ति जस्तोसुकै काम गर्दा नि सामाजिक दण्डको भागिदार बन्नु पर्ने स्थिति छैन । अब त सामाजिक रूपमा रहेको कुसंस्कार तोड्ने व्यक्तिलाई साहसीको रूपमा सम्मान गर्ने परम्परा समाजमा बस्दै आएको छ । समाजमा  धार्मिक विविधताका कारण कलह, झगडा, दुस्मनी, शोषण अधिनायकवाद यस्तै कुसंस्कार र संस्कृतिले सिर्जना गरेको हो यसलाई पहिचान गर्नु पनि आजको आवश्यकता हो ।

आजको एक्काइसौँ शताब्दिमा धार्मिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, आर्थिक, पौराणिक, ऐतिहासिक, भाषिक लगायत जातजाति, छुवाछुत तथा सांस्कृतिक भिन्नतालाई बिर्सिएर मानव जातिको हित हुने कार्यमा लाग्ने र आपसी रूपमा रहेका भित्र तथा बाहिरी वैमनस्यता, कलह, झगडा, दुस्मनीको भावना त्यागेर समाज, जनता तथा सम्पूर्ण मानव जातिको हित हुने काम गर्नु नै परम कर्तव्य हो । समाज विरोधी संस्कारलाई बिस्तारैबिस्तारैहटाउँदै लैजानु पनि हाम्रो काम हो जसले सामाजिक एकता र मानव हित कायम गर्न सकोस् । परम्परादेखि चलेका कुसंस्कारले अव समाज चल्न नसक्ने अवस्थामा आइपुगेको छ तर पनि सामन्ती संस्कारवादी  र शोषकले मौका पायो भने पुनः स्वार्थी कायम गर्न सक्नेछ भन्ने सोचेर सम्पूर्ण नेपाली चाहे हिमालमा बस्ने, चाहे पहाडमा बस्ने, चाहे तराइमा बस्ने सम्पूर्ण नेपाली एकै जाति हुन् भन्ने भावना राखेर सद्भाव तथा भाइचाराको सिद्धान्त अपनाएर नेपाली एकै जति र राष्ट्रियताका नाममा उत्पन्न भएका जाति सामाथिक, धार्मिक, राजनैतिक, भौगोलिक द्वन्द्वलाई त्यागेर समाज र देशको विकासमा लाग्नु हाम्रो उद्देश्य हुनु पर्दछ भन्ने भावना यस निबन्धात्मक लेखमा समालोचक ढकालले व्यक्त गरेका छन् ।

## ४.४.२ बुद्ध

समालोचक जयप्रसाद ढकालको 'साहित्य र संस्कृति' नामक समालोचनात्मक संकलनमा संकलित पुस्तकमा प्राथमिकताका साथ समालोचनात्मक दृष्टि राख्दै सिर्जन गरिएको बौद्धिक प्रबन्धका रूपमा वि.सं. २०१५सालमा प्रकाशित भएर परिमार्जित भएको 'बुद्ध' शीर्षक रहेको निबन्ध तयार भएको हो । यो बौद्धिक प्रकृतिको निबन्धमा उहाँको सिर्जनशील निबन्धकारिताको प्रतिभा तथा पौराणिक, ऐतिहासिक, धार्मिक तथा बौद्धिक व्यक्तित्वहरूको मत वा धारणाको समीक्षा गर्ने समालोचक दृष्टिसँगसँगै नेपाली भाषा, कला, संस्कृति साथै साहित्य समीक्षाको वृद्धि, विकासको विवेचना झल्काउने काम गरेका छन् ।

समालोचक ढकालले 'बुद्ध' शीर्षकको निबन्धमा नेपाली कला, साहित र संसकृतिमा गौतम बुद्धले पुऱ्याएको ऐतिहासिक योगदानका बारेमा चर्चा गरेका छन् । उनीबाट रचना गरिएको यस निबन्धमा आफ्ना भावनाहरूको प्रस्फुटन गर्ने क्रममा अगाडि बढ्दै बुद्धको परिचयमा गौतम बुद्ध क्षेत्रीय कुलमा शाक्यवंशी राजकुमार थिए । उनले आफ्नो सम्पूर्ण विलासी जीवनका यश, आराम, सुख, सम्पत्ति राजपाठ त्यागेर

ज्ञानको खोज ीगर्न दरबार त्यागेर बाहिर आए । ज्ञानको ध्यान गर्दा जीवनको उत्तरार्ध असी वर्षको उमेरमा आत्मज्ञान प्राप्त गरे यो दिन वैशाख पूर्णिमाको दिन परेको थियो । भनिन्छ यस्ता व्यक्तित्व थिए जसको जन्म वैशाख पूर्णिमाका दिन परेको थियो, उनले वैशाख पूर्णिमाकै दिन नै ज्ञान प्राप्त गरे भने उनले देह त्याग गरेको दिन पनि वैशाख पूर्णिमाकै दिन परेको थियो ।

गौतम बुद्धले गयामा आत्म ज्ञान प्राप्त गरेको समयमा भारतमा ब्रह्माणवादको तीब्र रूपमा प्रचार भइरहेको थियो । गौतम बुद्ध ब्रह्माणवाद र वेदका विरोधी थिए । बौद्धिक साहित्य देवता र मानवको संयुक्त इतिहास हो भने बुद्ध साहित्य मानव विकासको मात्र इतिहास हो । बौद्धिक साहित्य संस्कृत भाषमा लेखिन्थ्यो भने बुद्धकाउपदेश प्राकृत भाषमा लेखिन्थे । बुद्ध संस्कृत भाषाका विद्वान् भए पनि उनले जनताका तथा जनजीवनलाई हेरेर प्राकृत भाषा नै अपनाए । बौद्धिक साहित्यमा ब्रह्माणवादको बोलवाला थियो । यसरी बैदिक साहित्य र बुद्ध साहित्यम मत भिन्नता भएर पनि बुद्ध धर्म विश्वभर फैलियो । बैदिक साहित्यका कर्मकाण्ड, जप होमादी, जातिपाति, छुवाछुत, स्वर्ग, नर्क, पूर्वजन्म, पुर्नजन्म जस्ता अन्धविश्वास बुद्धमा मान्दैन थिए । बुद्ध सम्पूर्ण मानवहीतलाई सर्वपरि ठान्थे । बौद्धिक साहित्य सैद्धान्तिक रूपमा मात्र रहेको छ भने बुद्ध साहित्य जति अध्ययन गरिन्छ त्यति नै व्यवहारिक ज्ञान प्ाप्त हुन्छ । गौतम बुद्धका कतिपय व्यवहारिक ज्ञान कार्लमाक्सका सिद्धान्तसँग मेल खान्छन् । यी दुवैको समयादिका दृष्टिमा बुद्ध इ.पुं छैठौं शताब्दिमा हुन् भने कार्लमाक्स आधुनिक युगका महान् चिन्तक हुन् । यी दुवैको सामाजिक इतिहास हेर्ने दृष्टिकोण अलग अलग छन् । बुद्धको धार्मिक सङ्घर्ष थियो भने कार्लमाक्सको वर्गीय राजनैतिक, आर्थिक लडाई थियो तर कतिपय सिद्धान्तहरूमा गौतम बुद्ध र कार्लमाक्सका बीचमा मिल्दाजुल्दा छन् ती निम्नप्रकार छन् :

१. ईश्वर नमान्नु

२. आत्मनित्य नमान्नु

३. ग्रन्थ स्वतः प्रमाणित नमान्नु

४. पूर्व र पश्चात्य जीवन प्रवाह नमान्नु

यी माथिका चारवटा उपदेश मध्ये चारौ न.मा. दिइएको उपदेश कार्लमाक्सका सिद्धान्तले समर्थन गर्दैन । बाँकी तीनवटा उपदेश गौतम बुद्ध र कार्लमाक्सका उपदेश तथा सिद्धान्त मिलेका छन् । बुद्ध साहित्य सम्बन्धमा नेपालमा त्यति अन्वेषण हुन सकेको छैन । प्राग ऐतिहासिक कालका नायक राम, कृष्ण, शिव आदिका हिन्दू परम्पराअनुसार हाम्रो नेपाली साहित्यमा धार्मिक पुस्तक प्रचुर मात्रामा पाइन्छन् तर हिन्दू धर्म ग्रन्थका तुलनामा बुद्ध साहित्य कमजोर नै रहेको छ । नेपालमा बुद्ध धर्म सम्बन्धी स्थापत्य कला, मूर्तिकला, वस्तुकला, चित्रकला, साहित्य आदि प्रशस्त छन् । काठमाडौं उपत्यकामा भएको स्वयम्भुको बुद्ध मुर्ति र पाटनको अशोक स्तुप आदि बुद्ध साहित्यका उदाहरणहरू हुन् :

बुद्ध धर्म र हिन्दूधर्मका बीचमा सङ्घर्ष भनेको दुई पक्ष मानिसका बीचमा भएको विचार नमिल्नु हो । हिन्दूधर्म साहित्यका तुलनामा बुद्धधर्म साहित्यले प्रगति गर्न सकेको छैन । तर पनि हिन्दूधर्म र बुद्ध धर्ममाधेरै समानता आइसकेको छ, साहित्य तर्फ भने अहिले आएर बुद्ध साहित्यलाई मान सम्मान दिने, मान्यतापूर्ण बनाउने तथा शान्तिका प्रतीक भनी नेपालको पहिचान गराउन पनि बुद्ध साहिरूत्यको विकास र प्रचार प्रसार सम्पूर्ण विश्वभरी नै हुन जरुरी पनि छ । नेपालमा बुद्ध धर्म र बुद्ध साहित्यको खोज अनुसन्धान गर्ने परम्परालाई विशेष प्रभावकारीता बनाउने तथा प्राथमिकता दिनका साथै बुद्धवादका सम्पूर्ण धर्म, संस्कृति, कला, साहित्य आदि जे जे प्राप्त गर्न सकिन्छ त्यतातिर एकजुट भएर खोजी गर्नु नेपाली जातिको धर्म र कर्तव्य पनि हुन आउछ । हिन्दु धर्मकै अङ्ग मानिने बुद्ध धर्म तथा साहित्यमा पूर्ण परिचित हुन नेपालीहरूमा नितान्त जरुरी छ भन्ने कुरा ढकालले उल्लेख गरेका छन् ।

वास्तवमा हिन्दु धर्म र बुद्ध धर्म, बैद्धिक साहित्यमा पहिले पहिले धेरै नै अन्तर भएको महसुस गरिन्थ्यो तर समय बित्दै जाँदा मानिसहरूले बुझ्दै गए, जनताहरू पनि सचेत र शिक्षित हुँदै गएकाले हिन्दु धर्माबलम्बि र बौद्ध धर्माबलम्बीमा समानता पाइन्छ । यसरी नै बुद्ध साहित्यप्रति पनि हिन्दु धर्माबलम्बी उत्तिकै उद्भव र आदर भावले हर्ने गर्दछन् ।

## अध्याय पाँच

## आधुनिक नेपाली आलोचना

### ५.१ कृतिगत परिचय

समालोचक ढकालको दोस्रो समालोचनात्मक कृति आधुनिक नेपाली आलोचना २०५७ मा प्रकाशित भएको छ । यस कृतिमा जम्मा २३ वटा समालोचनाहरू प्रकाशित भएका छन् । यी कृतिहरू तीन खण्डमा विभाजित छन् ।

१. समालोचना

२. सस्मरण

३. विविध

### ५.२ समालोचना

यी विभाजित खण्डहरूमध्ये पहिलो खण्डमा रहेका १४ वटा रचनाहरूमा पनि नेपाली भाषा र साहित्य सैद्धान्तिक ऐतिहासिक र प्रायोगिक समालोचनामा केन्द्रित छन् । पहिलो खण्डमा पर्ने समालोचनात्मक रचनाहरू निम्नानुसार छन् ।

### ५.२.१ सैद्धान्तिक समालोचना

### ५.२.२ (क) साहित्य : इतिहास र चर्चा

नेपाली साहित्यका फाँटमा लेखक तथा समालोचक जयप्रकाश ढकालले आफ्नो दोस्रो कृति "आधुनिक नेपाली आलोचना" २०५७ प्रकाशन गरेका छन् । यस कृतिमा समालोचक ढकालले रचनालाई तीन भागमा बाँडेका छन् । जसमा आलोचना, सस्मरण र परिशिष्ट रहेका छन् । यी मध्ये प्रथम खण्डमा आलोचना रहेको छ । यस शीर्षक अन्तर्गत रहेको यो "साहित्यः इतिहास र चर्चा" नामको निबन्धनात्मक लेखका नेपाली साहित्यको इतिहास सृजना गर्दा साहित्यकारका अगाडि आउने समस्या नै साहित्यिक संकट मान्दै मानवीय समाजमा नै साहित्यको सृष्टि हुन्छ । साहित्यकारले पनि भाषाका माध्यमबाट जीवन चरित्र समाज र पाठक समक्ष प्रस्तुत गर्ने गर्दछ । नेपाली साहित्यको इतिहासमा प्राचीन देखि नयाँ नयाँ थपिदै आएका अनेकौ समस्या पार लगाउँदै आफ्नो इतिहास निर्माणमा नेपाली साहित्य अगाडि बढीरहेको छ । नेपाली साहित्यको इतिहास निर्माण गर्ने क्रममा विभिन्न समयमा राष्ट्रका विभिन्न साहित्यकारहरूले नेपाली साहित्यतिहासमा आ-आफ्नो प्रतिभा र क्षमता अनुरूप ईटा थप्दै गइरहेको हामी

पाउँछौ । ती महान प्रतिभाहरू भानुभक्त आचार्य, मोतीराम भट्ट, लक्ष्मीप्रसाद देवकोटा तथा गोपालप्रसाद रिमाल लगायतका थुप्रै परिश्रमी साहित्यकारका इतिहासलाई मृत्युपूर्व र पश्चात् समाजबाट धेरै धेरै सम्मान प्राप्त छ । त्यस्ता साहित्यकारको सम्मानमा राज्यले वेवास्था गरे पनि ती ऐतिहासिक व्यक्तित्वहरू समाजमा युग-युगसम्म अमर बनेर बाँचिरहने छन् । ती साहित्यकारहरूले आ-आफ्नो समयमा सामाजिक, आर्थिक, राजनीतिकतथा भौतिक रूपमा देखापरेका अनेकौ समस्या अड्कल गर्न सकिन्छ । जे जस्तो भएपनि तिनले समाज र देशलाई अमूल्य साहित्यिक इतिहास छाडेर गएका छन् । तिनको त्याग, तपस्या तथा परिश्रमले नेपाली साहित्यमा अगाडि बढ्न सधै प्रेरणा र हौसला दिँदै उनीहरूको भावना, कल्पना, अनुभव, दुःख, सुखको गहिरो छाप नेपाली साहित्येतिहासमा युग-युगान्तरसम्म ताजा रहनेछ ।

नेपाली साहित्येतिहासमा निर्माणार्थ कालक्रम अनुसार अलग-अलग सामाजिक, राजनैतिक, आर्थिक परिस्थितिका आधारमा आएका विभिन्न सिद्धान्तहरू मध्येमा आज वैज्ञानिक व्याख्याका आधारमा विकाशवादी सिद्धान्त धेरै उपयोगी देखिएको छ । हुन त प्रत्येक मानवमा गुण र अवगुण दुवै भए जस्तै साहित्यकारका रचनामा पनि सबै गुणै-गुणले भरिएका हुँदैनन् । उनीहरूका भावना, सृजना, अनुभव, सधैभरि एकै नासले वगेका हुँदैनन् । कलाकारले रचनामा व्यक्त गरेका राम्रा नराम्रा सबै गुण साहित्यमा प्राप्त हुन्छ । त्यस समयमा सामाजिक, राजनैतिक, तथा प्राकृतिक द्वन्द्वमा प्रतिस्पर्धा गर्दै अगाडि बढेको मानवीय इतिहास कहिले समान रूपमा कहि कतै पाइदैन । विभिन्न समय अवस्था परिस्थितिमा गरिएका कल्पना, भावना तथा निरीक्षण, परिक्षण, गुण दोष केलाउनु पनि नितान्त खाचो पर्दछ । विश्व साहित्यमा सबै राष्ट्रको समान इतिहास हुँदैन । एक अर्कामा प्रतिष्पर्धा गर्दै सृजना जति सचेत हुँदै जान्छ, साहित्यको विकाश पनि त्यति नै अगाडि बढ्दै जान्छ । नेपाली साहित्यको इतिहास खोतल्नु अगाडि यसका विधाहरूको सृजना सम्बन्धी पहिल्याउनु अनिवार्य हुन्छ । साहित्यका गद्य र पद्यका आ-आफ्नै इतिहास छ । प्राचीन नाटक र महाकाव्यले लौकिक अलौकिक ऐतिहासिक विवरण पेश गरेको र आधुनिक युगले ल्याएको औपन्यासिक विधामा औधोगिक अथवा वैज्ञानिक युगको पर्याप्त सामाजिक वर्णन प्राप्त छ । अध्ययनशील साहित्यकारले विधा अनुसार सुक्ष्मता, व्यापकता र वैज्ञानिक दृष्टिकोण राखेमा विधागत विभेद छुट्याउन र विश्लेषण गर्न सरलता अनुभव गर्छ, नत्र साहित्यको सङ्कट समाधान सोच्नु नै गलत हुन्छ । विश्व साहित्य समान नेपाली साहित्य पनि सर्वप्रथम कवितामय रूपबाट अगाडि बढेको हो । पद्यबाट छुट्टिएर अलग हुँदै आएको गद्य साहित्य छुट्टिने क्रममा यसका पनि विभिन्न विद्यामा विभाजन हुन पुगेको पाइन्छ । हाम्रा अग्रजहरूले विभिन्न विधामा कलम चलाएको पाइन्छ । कसैले एक विधामा ख्याति कमाउनै सकेका छैनन् भनी कसै कसैले विभिन्न विधामा प्रवेश गरी सफलता पनि प्राप्त गरेका छन् । कल्पना सम्राट देवकोटाले महाकाव्यमा विलक्षण प्रतिभा देखाए पनि उपन्यास र नाटक विधामा उनको प्रतिभा देखिदैन । उपन्यासकार रूपनारायण सिंह र रुद्रराज पाण्डेले नाटक साहित्यमा नाम कमाउन सकेनन् । राष्ट्रिय साहित्यको इतिहासमा राज्यका सबै लेखक साहित्यकारको चर्चा सम्भव छैन । सबैका आवश्यक सामाग्री उपलब्धी गर्न पनि कठिन पर्दछ । सफल इतिहास लेख्न पनि गाऱ्हो पर्दछ । साहित्यको इतिहास लेख्ने साहित्यकारले जीवनभर तपस्यामूलक परिश्रम गर्नुपर्दछ । साहित्यको इतिहास लेख्ने साहित्यकारमा

साहित्यका सबै विधाको खण्डन तथा परिक्षण गर्न सक्ने क्षमता र प्रतिभा हुन आवश्यक पर्दछ । सबै विधामा आलोचना गर्ने क्षमता पुग्दछ । प्राचीन युगमा राजाको शुद्धजीवन चरित्र र उसको वीरताको प्रसंशा मात्रले राष्ट्रको सामाजिक, आर्थिक, राजनीतिकआदि दृष्टिको अभावमा लेखिएको इतिहासलाई महत्त्व दिइदैन । त्यसैले साहित्येतिहास लेख्ने साहित्यकारमा सबै विधामा दखल भएको हुनुपर्दछ ।

राष्ट्रमा नेपाली साहित्यको इतिहास लेखन समस्याबारे राष्ट्रका सचेत थत विद्वानवर्गमान राष्ट्रिय स्तरमा चर्चा परिचर्चा हुन सकेको छ यसको आवश्यकता सम्बन्धी लेखक, आलोचकहरू आवाज उठाएका छन् । जसले नेपाली साहित्यको इतिहास लेखेका छन् । ती पनि मौन छन् । नेपाली साहित्यमा चासो राख्ने व्यक्तित्वहरू पनि सबैलाई घचघच्याउने अगाडि बढेका छैनन् । नेपाली साहित्यका इतिहासकारका रूपमा रहेका बाबुराम आचार्यदेखि लिएर एउटा अञ्चलभित्रको मात्र साहित्य लेख्ने रविमान रम्जेलसम्मले नेपाली साहित्यको इतिहास लेख्ने काम नगरेको होइन तर पनि नेपाली साहित्यको इतिहास अपूर्ण नै रहिरहेको छ । कुनै पनि साहित्यको रचना पश्चात् त्यसको सकारात्मक नकारात्मक पक्षको मूल्याङ्कन गर्ने आलोचना गर्ने परिपाटी आवश्यक पर्दछ । आलोचनाकै अभावले नेपाली साहित्यको इतिहास पूर्ण वन्न नसकेको हो भन्ने धारणा समालोचक ढकालको रहेको छ । नेपाली साहित्यका विभिन्न विधा जस्तै कथा, कविता, निबन्ध, उपन्यास, नाटक, खण्डकाव्य, महाकाव्य आदि जस्ता विधाको पहिले छुट्टा-छुट्टै इतिहास लेखेर त्यसलाई पुन सम्पूर्ण विधा समेटने गरि एउटा सिङ्गो साहित्यको इतिहास निर्माण गर्नु पर्ने नितान्त आवश्यक रहेको कुरा ढकाल बताउनु हुन्छ । नेपाली साहित्यको पूर्ण इतिहास लेख्नका निम्ति त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण सचेतवर्ग, राजकीय प्रज्ञाप्रतिष्ठान लगायत सम्पूर्ण पीठस्थ संस्थाबाट साहित्यसँग सरोकार राख्ने देशभित्र र देशबाहिरका नेपाली साहित्यकारहरूको बृहत सम्मेलन गरी छलफल तर्कका साथ समाज स्थताका आधारमा नेपाली साहित्यको इतिहास निर्माण गर्न सकिनेछ ।

इतिहास शिरोमणि बाबुराम आचार्यको कृति वि.सं. २००३ सालमा **पुराना कवि र कविता** प्रकाशन भएकोले नेपाली साहित्यको प्रारम्भिककालको परिचय उपलब्ध भएको थियो । यो ऐतिहासिक पुस्तकमा पुराना कवि र कविता भनिएतापनि सम्पूर्ण समेट्न नसकेको भनी आलोचना हुँदा हुँदै **पुराना कवि र कविता** ले प्रारम्भिककालीन साहित्यप्रति दृष्टि पुऱ्याउन लेखक, कलाकार, साहित्यकार तथा पाठक सम्पूर्णलाई ऐतिहासिक खोजका निम्ति महत्त्वपूर्ण सामाग्री बनेको छ । समय अनुसार कुनै पनि किसिमको पुस्तक वा अभिलेखको अभाव भएको समयमा प्रकाशमा आएको र नेपाली साहित्यप्रति चासो राख्ने जो सुकैका निम्ति पनि यो पुस्तक उपयोगी सावित भएको छ । यसले नेपाली साहित्यको ऐतिहासिक विशेषता रोकेको छ । यो पुस्तकको प्रकाशन पछाडि डा. ईश्वर वरालका सम्पादनमा विविध प्रकृतिका साहित्यिक संगाला - **झ्यालबाट** (२००५), **हिमालचुली** (२०१२), **शयपत्री** (२०१३) अलग-अलग विधाका पुस्तकहरू इतिहासकारकार निम्ति उपयोगी सामाग्री हुन् । यी पुस्तकहरूको आलोचनात्मक इतिहासकारहरूले यिनै पुस्तकको सहयोग लिएर आफ्नो कार्य अगाडि बढाएका छन् । यस्तै कमल दिक्षितका सम्पादनमा प्रकाशित "बुइगल" र उनका खोजपूर्ण कृतिद्वारा पनि प्रसस्त फाइदा पुऱ्याएको छ । नेपाली साहित्यको इतिहास लेख्ने साहित्यकारहरूले यी नै सामाग्रीको आधार लिएर अगाडि बढेका छन् । डा. तारानाथ शर्माको नेपाली

साहित्यको इतिहास (२०२६), महेन्द्रराज शर्मा र दयाराम श्रेष्ठको नेपाली साहित्यको इतिहास (२०३४) बालचन्द्र शर्माको नेपाली साहित्यको इतिहास (२०२६) र घनश्याम नेपालको नेपाली साहित्यको परिचयात्मक इतिहास (२०४७) ले नेपाली साहित्य र ऐतिहासिक र ऐतिहासिक कृतिसँग परिचित गरेको छ भने अर्को महत्त्वपूर्ण कृति बालकृष्ण पोखेलको खोजपूर्ण **पाँचसय वर्ष** गणेशबहादुर प्रसाईको **सुवानन्ददेखि राजीवलोचनसम्म** रत्नध्वज जोशीको **नाटकको इतिहास** (२०३७) डा. केशव उपाध्यायको प्राथमिककालीन **कवि काव्यकृति** प्राथमिक कालीन कवि र काव्यकृति (२०४२) जनकलाल शर्माको **जोसमनी सन्त परम्परा र साहित्य** (२०२०), डी.पी. अधिकारीको **राष्ट्रियताको इतिहास, प्रतिभै प्रतिभा र नेपाली साहित्यकार परिचय कोष** (२०५६) यिनै साहित्यिक सामाग्रीबाट नेपाली साहित्यको इतिहास अगाडि बढ्दै आएको छ भने त्रिभूवन विश्वविद्यालयको पठन-पाठन चलिरहेको छ । नेपाली साहित्यको विभिन्न विधा तथा पत्रपत्रिकाहरू पनि नेपाली साहित्यको इतिहास निर्माणका आवश्यक सामाग्री हुन्छन् भने स्थानीय स्तरमा रविमान लम्जेलको "मेची अञ्चलको साहित्यिक रूपरेखा" (२०४२) मा "कोशी अञ्चलको साहित्यिक इतिहास" (२०५२) तयार भएको छ । यसरी स्थानीय स्तरबाट पनि साहित्यिक इतिहास लेखिएमा नेपाली साहित्यको इतिहास निर्माणमा महत्त्वपूर्ण सहयोग पुग्ने छ ।

सृजनाका क्षेत्रमा आलोचना साहित्यको चर्चा-परिचर्चा अङ्गको रूपमा मानिन्छ । प्रत्येक विधाका कृतिहरूको गुण-दोष सकरात्मक नकरात्मक पक्षको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण भएको छ । नेपाली साहित्यमा आलोचनाको लामो इतिहास नभए पनि आज यसको विकास पूर्वी तथा पश्चिमी साहित्यको मिश्रित सिद्धान्तको आधारमा आफ्नो अलग्गै इतिहास बनाएको छ । नेपाली साहित्यको आलोचना विश्व साहित्यको आलोचना सिद्धान्तकै आधारमा चल्नुपर्छ । कुनै पनि कृतिको आलोचना गर्दा व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर त्यसका सकरात्मक र नकरात्मक पक्षलाई नितान्त कृतिगत रूपमा आलोचना गर्नुपर्ने हुन्छ । आलोचनाको खोजी गर्दै जाँदा विश्व-साहित्यमा विभिन्न मतमतान्तर पाइन्छ । कुनै पनि  देशको अथवा भाषाको आलोचक आफ्नो देशको प्राचीनदेखि आधुनिक साहित्य तथा स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यसँग अर्थात् पूर्वीय साहित्य र पश्चिमी साहित्यसँग प्रभावित भएको कैयौ उदाहरणहरू छन् । जस्तै पूर्वीय साहित्यका प्राचीन ग्रन्थ वैद्धिक साहित्य, महाकाव्य, सुत्र स्मृति आदि प्रभावकारी रूपमा रहेका छन् । विश्वमा कम्युनिस्ट आन्दोलनले ल्याएका मार्क्सवादी-प्रगतिशील -साहित्यद्वारा भारतीय साहित्यमा रुसी तथा चीनी साहित्यले जरा गाडेर बसेको छ साथै नेपालमा पनि त्यसको प्रभाव परेको छ । इतिहासकारको अधुरो दृष्टिकोण रहेकोले वाम साहित्यप्रति न्यायपूर्ण दृष्टिका अभावमा मार्क्सवादी प्रगतिशील साहित्यबारे नेपाली साहित्यका इतिहासकारले आवश्यक विवेचना हुन दिएनन् भन्ने मार्क्सवादी प्रगतिशील-साहित्यको आफ्नो तर्क रहेको छ । पश्चिमी साहित्यले युगौदेखि अनेक विचारधारा ल्याएर विश्व साहित्यकोा नेतृत्व गर्दै आएको छ । हाम्रो जस्तो विकाशोन्मुख साहित्यमा पश्चिमी प्रभाव निर्देशकको रूपमा अगाडि बढ्छ ।

यस निबन्धमा समालोचक जयप्रकाश ढकालले नेपाली साहित्यमा समय सयममा भारतीय साहित्यको कुनै न कुनै अंशमा प्रभाव परिरहेको हुन्छ भनी उल्लेख गरेका छन् । यसको कारणमा उहाँले नेपाल र भारत आर्थिक, सामाजिक, धार्मिक, भौगोलिक, सांस्कृतिक, भाषिक तथा जातीयताका निकटताले

भारतीय समाजबाट नेपाली जीवनले परम्परादेखि नै शिक्षा लिदै आएको छ । आदिकवि भानुभक्त, मोतीराम भट्ट लगायतका नेपालका प्रायजसो अग्रज साहित्यकार, कविले भारतबाटै शिक्षा प्राप्त गरेका हुन् । नेपाल र भारत छुट्टा-छुट्टै देश भएपनि नेपालको प्राचीनकाल देखिको शिक्षाको मूल थलो कासी-वनारस नै हो यसको मुख्यकारण यी दुई देशबीच धेरै कुरामा समान्ता पाइन्छ । आरम्भिक कालको पद्य-साहित्य पूर्वीय परम्परा अनुसार विकास गर्दे भक्तिकालदेखि नै भारतीय साहित्यको छाप पर्न थालेको कुरा भानुभक्त, मोतीराम तथा अन्य कवि-साहित्यकार हिन्दी, उर्द भाषाबाट प्रभावित भई हिन्दी र उर्द्ध भाषामा आफ्ना कृति समेत तयार गरेको प्रमाण पाइन्छ । उनीहरूको काव्यमा हिन्दी, उर्दुबाट नै प्रभावित भएको पाइन्छ । स्वच्छन्दतावादी युगदेखिा प्रभाव घुस्दछ । पश्चिमी साहित्यको प्रभावमा आएर नेपाली साहित्यले पश्चिमी दृष्टिकोणलाई अनिवार्य साहित्यिक सिद्धान्तका आधारमा रचनाकार आफ्ना भाव तथा अनुभव व्यक्त गर्दै सृजना क्षेत्रमा नेपाली साहित्यभित्र आधुनिकता प्रवेश गराउन पनि परेनन् । विधाका प्रकृति अनुसार युगानुकुल विभिन्न साहित्यिक धाराले ल्याएका साहित्यिक विशेषता समस्याका बीचबाट नेपाली साहित्यले प्रगति गर्दै आयो । विधागत साहित्यिक अध्ययन गर्न नसक्नेका कलमबाट आज साहित्यको माग पुरा नहुने देखि सकेसम्म यहाँ आवाज उठाएको हो । विधागत साहित्यको वेग्ला वेग्लै संकटबाट वास्तविक सही विवेचनाको अभावमा आजसम्मका इतिहासकारका अल्पज्ञानले लेखिएका नेपाली साहित्यको अधुरो इतिहासको प्रशंसा गर्न हामी बाध्य छौं भन्ने तर्क राख्नु हुन्छ ।

साहित्यका विधाहरूमध्ये महाकाव्य प्राचीन विधा हो । महाकाव्य सँगसँग नाटक विधा देखापरेको हो । प्राचीन युगदेखि नै मानिसहरूले महाकाव्य र नाटकमा विशेष रुची राखेका हुनाले यी दुवै विधा उन्नतिको शिखरमा पुगेका हुन् । आज पनि नाटक र महाकाव्य अगाडि नै हुनु पनि मानव रुची नै हो । साहित्यका उपन्यास र कथा विधा केही पछि परेका छन् । किनकी शुरु-शुरुमा अहिलेको जस्तो उपन्यास र कथामा मानवीय रुची नहुनु नै हो । प्राचीन समयदेखिका महाकाव्यकार र नाटककारको निरन्तर प्रयास तथा हजारौ वर्षदेखिको निरन्तरताले एउटा निश्चित रूप लिइसकेको पाइन्छ भने कथा र उपन्यासले यो रूप दिन अझै धेरै समय लाग्नेछ । किनकी महाकाव्य सम्बन्धी प्राचीन समयमा वाल्मीकी र यसका महाकाव्य रामायण, महाभारत देखि देवकोटाको शाकुन्तल सम्मको अध्ययनले यो पुष्टि हुन्छ । विश्व साहित्यमा उपन्यास नयाँ विधा हो । यो १८ औं शताब्दीमा देखापरेको विधा हो । महाकाव्यले मानिसको विगत जीवनका घटनालाई विषय बनाएर इतिहास पुराण, अनुश्रृति आए भने उपन्यास आधुनिक जीवनबाट उपलब्ध भएको हो । यसले आधुनिक जीवनलाई लिएर हिड्छ साथै यो विधा सबै भन्दा स्वतन्त्र विधा हो । महान साहित्कारका विचार पनि महाकाव्य र नाटकले आ-आफ्नो मार्ग तयार गरिसकेका छन् भने उपन्यासको चिन्तनमनन भएर निष्कर्ष आउन बाँकी नै छ । विश्वको उपन्यास विधाका साथ साथै नेपाली उपन्यासको इतिहास हेर्दा कलिलो वालकको रूपमा लिइन्छ । नेपाली उपन्यासले पूर्ण जीवन प्राप्त गर्न धेरै समय लाग्ने छ । नेपाली उपन्यासको इतिहास हेर्ने हो भने उपन्याकसार रुद्रराज पाण्डे र रूपनारायण सिंह भारत निवासी नेपाली साहित्यकार हुन् । उनको **भ्रमर** उपन्यास नेपाली सिमाना भन्दा बाहिरको दार्जिलिङ्गे विकाशित नेपाली समाजको स्वच्छन्दतावादी चित्र उतारिएको छ । त्यसै गरी रुद्रराज

पाण्डेको “रूपमति” उपन्यास अविकसित राणकालिन युगको अर्थ पितृसतात्मक रुढीगत संस्कार प्रकाश पार्ने प्रशंसनीय प्रयत्न गरिएको छ । यी दुई नेपाली उपन्यास अलग-अलग राष्ट्रका राजनीतिकविषय वस्तुमा फरक पर्नु स्वभाविक देखिन्छ । राजनैतिक, सामाजिक विकास तथा रचनाका आधारमा लेख्नु वा भन्नु पर्दा “रूपमति” भन्दा “भ्रमर” एक कदम अगाडि प्रगतिपथमा रहेको छ । भन्ने तर्क दिदै समालोचक जयप्रकाश ढकालले आफ्नो साहित्य इतिहासको चर्चा पूरा गरेका छन् ।

## ५.२.२.(ख) आधुनिक साहित्य यथार्थ अयथार्थ दृष्टि

समालोचक ढकालले यस निबन्धमा नेपाली साहित्यमा मात्र होइन विश्वकै साहित्यिक इतिहास केलाउने हो भने यी यथार्थ र अयथार्थ दुवैको संयुक्त रूपमा नै साहित्यिक इतिहास निर्माण भएको हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् । आधुनिकताका नाममा रचनाकारले सृजना गरेका यथार्थ अयथार्थ विषयवस्तुको गहिराई विना आधुनिकता प्राप्त गर्न सकिदैन । नेपाली साहित्यको इतिहास पनि रचनाकारले सृजना  गरेका अनेकौ यथार्थ अयथार्थ रचनाहरूबाट नै निर्माण भएको छ । विभिन्न साहित्यकारहरू आ-आफ्ना भाषाशैलीमा अनेकौ विषयवस्तुमा आधारित यथार्थ अयथार्थ साहित्यिक रचना लिएर नेपाली साहित्यको इतिहासमा अगाडि आइरहेका छन् । यथार्थ अँगाल्ने रचनाकारले आफ्नै वरिपरिको परिवेश समाजको वास्तविकता तथा प्रकृतिमा डुबेर अगाडि आएका सत्यताको चित्र उतार्दछ भने अयथार्थ साहित्य साहित्यिक भित्र त्यसको विपरीत सत्य तथ्य समाज मानवीय जीवन तथा प्रकृतिका दृष्य विपरीत गई हवाई अभूर्त तथा अलौकिक रूपमा जीवनदेखि धेरै टाढा भएर रचना गर्दछ । आधुनिक नेपाली साहित्यका परिश्रमी साहित्यकारहरू गुरुप्रसाद मैनाली, गोपालप्रसाद रिमाल, रुद्रराज पाण्डे लगायतका कवि साहित्यकारहरू यथार्थवादी सामाजिक विषय लिएर सृजनाका क्षेत्रमा प्रतिष्ठित छन भने भवानी भिक्षु, गोविन्दबहादुर मल्ल (गोठाले), विजयबहादुर मल्ल समाजको वास्तविकता भन्दा टाढा गएर अयथार्थवादी विषय लिएर अगाडि बढेका छन् र राष्ट्रबाट मान सम्मान समेत पाएका छन् । आधुनिक नेपाली साहित्यका कविता, कथा, उपन्यास, नाटक, निबन्ध आदि कुनै पनि विधाका रचनाकारले प्रयोगमा ल्याउने यथार्थ अयथार्थ दृष्टिकोण नै साहित्यकारका हतियार हुन् । जुनसुकै युगमा पनि समाजको यथार्थ भूमिमा टेकेर साहित्य निर्माण गर्ने रचनाकारले सफलता पाउँछ र उसका रचनाले समाज तथा राष्ट्रमा जस्तो सुकै परिवर्तन आएपनि सधै मान इज्जत सम्मान पाउँदछ । यदि रचनाकार इमान्दार भावुक रहेको खण्डमा रचना लामो, छोटो, धेरै जे जस्तो भएपनि भूत, वर्तमान र भविष्यमा अमरत्व प्राप्त गर्दछ तथा व्यक्ति, समाज तथा राष्ट्रले पनि स्वीकार्दछ । यथार्थवादी साहित्यले जहिले पनि समाजमा आएका असंगत विसंगत साहित्यको सकेसम्म विरोध गर्दछ । अयथार्थवादी साहित्यको विरोध गर्न पाउनु पनि प्रजातन्त्र पश्चात् साहित्य क्षेत्रले आधुनिक युगको एउटा उपलब्धी हो ।

समालोचक जयप्रसाद ढकालले नेपाली साहित्यका यथार्थवादी साहित्यमा गुरुप्रसाद मैनालीको “नासो” कथासङ्ग्रह, गोपालप्रसाद रिमालको “मसान” नाटक, रुद्रराज पाण्डेको “रूपमती” उपन्यास यथार्थवादी रचनामा छन् भने भवानी भिक्षुको “त्यो फेरि फर्केला ?” कथा, गोविन्द बहादुर मल्लको “भोलि

के हुन्छ ?" नाटक अयथार्थवादी रचना हुन भनी प्रस्तुत साहित्यकार र साहित्यिक कृतिलाई प्रमाणित गर्न विवेचना अगाडि सारेका छन् । कथाकार गुरुप्रसाद मैनालीको "नासो" कथासङ्ग्रहका कथाहरूमा "नासो" कथाको चर्चा गर्नुभएको छ । "नासो" कथा वि.सं. १९८४ मा प्रकाशित भएको हो । यसको कथाअनुसार देवीरमणले दुई श्रीमती मध्येमा कान्छि श्रीमती बसेकी श्रीमती सुभद्राले ठूलो पीर मान्नु, चित्त दुखाउनु स्वाभाविक हो किनभने औसत नेपाली नारी आज पनि सौतालाई सहन गर्न सक्दैनन् । कथामा चिन्तित सुभद्रा अन्धकार रातमा मनको पीडा सहन नसकेर घर छोडेर हिड्दछे । सुभद्राको मनमा उत्पन्न भएको लोग्ने र सौताप्रतिको विद्रोहले केही समयसम्म घरबार लोग्ने सबै त्यागेर बस्ने अवस्था हुँदा हुँदै पनि उसले आफ्नो माइतीबाट पाएको हिन्दु संस्कार तथा नारी कर्तव्यबोधको छाप परिरहेका बेला नोकर्नी नौलीबाट घरको हालत सुनेपछि नौलीलाई तैले पनि घर छाडेर हिडेकोमा पछुतो मान्दै नौलीसँगै घर फर्कन्छे । यसरी "नासो" कथामा हाम्रो नेपाली समाजमा घर परिवारको कलह तथा सौतेनी समस्या आजको समाजमा हु बहु नमिले पनि कुनै समयमा यो समस्या पूर्णरूपमा समाजमा थियो । गुरुप्रसाद मैनाली नेपाली धरातलमा उभिएरु नमूना स्वरूप आरम्भिक कालको आदर्शोन्मुख यथार्थवादी आधुनिक कथा "नासो" कथामा विद्रोह र परम्पराको संयुक्त चित्र अंकित छ । "नासो" पूर्वाधुनिक कथा साहित्यका इतिहासमा नयाँ दिशा प्रदान गर्न सफल छ ।

अर्का यथार्थवादी साहित्यकार गोपालप्रसाद रिमालको २००२ सालमा प्रकाशित "मसान" नाटकको विवेचना गर्दै समालोचक ढकाल मसान नाटकको अर्धपितृसतात्मक युगलाई प्रतिनिधित्व गर्दै त्यस युगमा देखिएका नारी समस्यालाई सामाजिक रूपमा रहेको यथार्थ नारी जीवनको चित्रण गर्दछन् । नाटककार गोपालप्रसाद रिमालले उनको समयमा समाजमा देखिएका नारी जीवनका पीडा, दुःख, कष्ट, प्रेममा धोका आदि पुरानो संस्कार विपरीत सचेत गराउँदै यथार्थ चित्रण उतारी "मसान" नाटक नेपाली नाट्य साहित्यको इतिहासमा नयाँ मोड लिएर देखापरेको थियो । संस्कृत परम्परा विपरीत साधारण कुल नै भएपनि नायक/नायिका हुन सुहाउने प्रतिभावान व्यक्तित्वका महत्त्व दर्शाएको छ । संस्कृत परम्पराबाट बालकृष्ण समको समन्वय हुँदा हुँदै गुज्रिएका पूर्ववर्ती आधुनिक नाटककार रिमाल कुशल्तापूर्वक पाठक समाजका सम्मुख "मसान" नाटक लिएर राष्ट्रिय समस्या समाधानार्थ सृजनामा सजकता, सचेतता प्रदान गर्दछन् ।

समालोचक ढकालले यथार्थवादी उपन्यासकार रुद्रराज पाण्डेको वि.सं. १९९१ मा प्रकाशित उपन्यास "रूपमती" को विवेचना गरेका छन् । यो उपन्यास नेपाली परम्परासँग जोडिएको प्रथम उपन्यास सारवस्तु संक्षेपमा उल्लेख गर्दै लुइटेल्नी बज्यैले छोरी रूपमतीलाई गुणवती बनाउने आफ्नो संस्कार अनुरूप भानुभक्तिय रामायण पाठ गर्ने बानी बसाएको थियो । पुरानो संस्कारमा हुर्की बढेकी रूपमतीमा सीताको स्वभावको प्रभाव पर्नु अस्वभाविक होइन दुष्ट सासु, गजडी देवर, लफङ्गा रविलाल र वाइफाले देवरानी (बरालपुत्री) बाट पीडित रूपमतीमा अन्याय, अत्याचार जति भए गरेपनि रूपमतीमा सहने शक्ति र धैर्यता भयङ्कर थियो । रूपमतीको स्वभावबाट अधिकांश नेपाली उपन्यासका पाठकहरूमा यो उपन्यास प्रभावकारी र आकर्षक चारित्रिक परिचयकै आधारमा रुद्रराज पाण्डे सृजनाका क्षेत्रमा आदर्शवादी

लोकयथार्थ प्रस्तुत गर्दछन् । यसमा पारिवारिक कलह, द्वन्द्वमा असल र खराव स्वभावको चरित्र सृष्टि गरी उब्जाएका सङ्घर्षमा रूपमतीको अपराजय र समाजबाटै निन्दित सासु, देवर देवरानीको पराजय गराएका हुन् । उपन्यासकार पाण्डे प्राचीन साहित्य र संस्कृतिबाट पूर्णरूपमा मुक्त नभएकोले पुरानो संस्कारसँग आधुनिकता जोड्न सफल भएको हुन् । त्यसैले उनले उपन्यास विधामा राम्रो मान सम्मान प्राप्त गर्न सफल छन् । "रूपमती" उपन्यास सफल भए पनि यसका कमि कमजोरी पनि प्रसस्तै छन् । उपन्यासकारले रूपमतीलाई पुरानो संस्कार र परम्परामा हुर्केकी भन्दैमा आफू उपर आइपरेका हरेक असहाय प्रहार अन्याय, अत्याचार आदिमा विद्रोह गर्न नसक्नु, आफूमाथि भएको दूरव्यवहारको प्रतिकार गर्न नसक्नु जस्तो सुकै अवस्थामा पनि परतन्त्र नै अँगाल्नु आदि नेपाली पाठक समाजको धारणामा रूपमतीले प्रतिकार गर्नु पर्थ्यो भन्ने पाइन्छ । आजका तुलनामा कुनै पनि नेपाली नारीमा यस्तो सहने क्षमता पाइदैन होला । जे जस्तो भए पनि रूपमतीले आधुनिक उपन्यासको जग बसाएर नेपाली साहित्यतिहासमा सफल तथा प्रशंसनीय बनेको छ ।

समालोचक जयप्रसाद ढकालले नेपाली साहित्य यथार्थ अयथार्थ दृष्टि राख्ने क्रममा अयथार्थवादी साहित्यकार भवानी भिक्षुको "त्यो फेरि फर्केला ?" कथाको विवेचना गरेका छन् । ढकालले भिक्षुलाई रूपमवादी साहित्यकार हुन भन्नुभएको छ । शिल्प विधानको निपूर्णताले भिक्षुका कथा साहित्य क्लिष्ट भएर पनि पढ्दा आनन्द प्राप्त हुन्छ । रूप सौन्दर्य उनको विशेषता हो । अरु कथाहरू "त्यो फेरि फर्केला ?" १९९७ सँग दाँजिन सक्दैनन् । कवि भिक्षुको कथा साहित्यमा काव्यात्मकता पर्याप्त छ । रूप र वस्तु एक अर्काका पुरक हुन् । रचनाकार र यथार्थ जगतका बीचमा सन्तुलन आउन सक्दा मात्र यथार्थ कल्पनाका सृजन सम्भव हुन्छ । ढकाल भिक्षुका कथाको चर्चा अघि बढाउदै कोठामा बसेर भिक्षुले सानीको पक्षबाट गरेका विभिन्न कल्पनाका आधारमा सत्य भन्नु नै पर्ने हो भने रूपात्मक कथा "त्यो फेरि फर्केला ?" मा प्राप्त रूपकता र आत्मपरकताबाट हामी अपरिचित हुँदैनौ भनी टिप्पणी गर्नु भएको छ । यस कथामा आफ्नो पसलमा आएर एक दिन बास बसेको मान्छेसँग एक पटक देखेका भरमा सानी प्रेम गर्छे । त्यही यात्रीको कल्पनामा अनेकौ किसिमका कुरा मनमा खेलाउँछे तर एक दिन बास बसेर हिँडेको यात्रीलाई केही अत्तोपत्तो हुँदैन । यसरी हेर्दा यो कथामा सानीको कम्जोर चरित्र देखिन्छ र असफल नारी गुणको कारण जीवनको प्रतिनिधित्व गर्न असक्षम सानीको जीवन कल्पना गर्ने भिक्षुको उद्देश्य प्रष्ट झल्किन्छ तर कदाचित कुनै हठातको अभिशापले त्यही छिन्न भिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहणी बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? "भिक्षुको या प्रश्न यथार्थ सत्य हो । भन्ने तर्क व्यक्त गर्दै समालोचक ढकाल कथाको खण्डन गर्दै सानी आफूलाई कलङ्क लगाए भयानक श्राप दिने शक्तिमा छ भन्ने कथाकारको फितलो भनाई सोचाईमा कुनै दम छैन किनभने त्यो कमजोर मनस्थितिमा उभिएकी सानी त्यस्तो भयङ्कर चारित्रिक परिचय दिने साहस हिम्मत र दृढता कसरी ल्याउली र ? कथामा विश्वास गर्ने आधारै भएन । सानीको आन्तरिक मनमा प्राप्त छोटो परिचयलाई मात्र यो निबन्धले प्रकाश पार्ने छ । सानीको प्रेमी जीवन अध्ययन पश्चात् सर्वप्रथम उसका जीवनमा घटेका यथार्थ सत्य संसारमा ल्याउँनै पर्छ, त्यो आलोचनाको धर्म हो सानीको वास्तविक धारणा कथाकारले प्रकाशमा ल्याउन नखोज्नु नै प्रथम

त कथा यथार्थ दृष्टिकोणबाट अलगरही आत्मपरकतातिर ढल्काउने उद्देश्य हो । कथाकारका अन्य कमिकमजोरीमध्ये एकरात मात्र वासबसेर जाने बटुवासँग त्यस्तो कुन महात्मा थियो जस्ले सानीको जीवनमा नमेटिने गहिरो छाप छाडेर गयो ? अथवा बटुवासँग सानी हुरुक्क हुनुपर्ने मनोवैज्ञानिक कारण के ? कथामा कथाकारले ती कुनै संकेत दिन सकेनन् । सानीको पीडा, चिन्ता अथवा दुःखी मनोभाव यथार्थ मनोभाव थाहा पत्तो नदिने रचनाकारको मुख्य उद्देश्य प्रत्यक्ष देखिन्छ । कथाको सिरान पुछार सानीलाई त्यसरी तड्पाएर निष्क्रिय बनाउँदै उसको मनोभाव सक्रिय जीवनबाट पलायन गराई कथा आत्मपरकतातिर ढल्काइएको छ । सानीको आन्तरिक मनोभाव बाहिर आउन नदिइ गोप्य राख्नु र ती आधाररहित नारी भावना बटुवाका नाममा आजीवन मनभित्र थिचेर दवाएर सुकाउन बाध्य पार्नुको तात्पर्य सानीलाई निष्क्रिय पात्र सृष्टि गरी नेपाली नेपाली समाजमा नारी भावना पूर्ण हुनबाट छेक्नु हो । सानीको अन्तरमनमा भएको गाँठी कुरो घर परिवार समाजका सन्मुख आउन छेक थुन गर्दै लुकाएर साहित्यकारले वर्णन गरेको यो बिसौं शताब्दिको बिफल प्रेम जीवनमा सानी मात्र निराश छैन आजका सचेत साहित्यकार पाठक त्यो एकोहोरी प्रेम जीवनको समर्थन गर्ने कोही छैनन् भनी आलोचना गर्दै समालोचक ढकाल परम्पराबाटै नेपाली नारीले आफ्नो मनोभाव पुरुषको दाँजोमा दवाएरै आएका छन् । प्रस्तुत कथामा भिक्षुले नारी जीवनमा शान्त्वना दिने नारीरूपलाई अत्यन्त शक्तिस्रोत देखाई गरेको यो रहस्यमय कल्पना आत्मपरकताको मार्ग पक्रिन्छ ।

कथाको अन्त्यमा यात्री नाम जपमा डुवेकी सानी त्यति लामो समयसम्म पर्खेर बैंस ढल्काएर यात्रीको मुखबाट तर...... तिमि......त....बढी नै भई सकिछौ यात्रीको वचन प्रहारले मात्र सानीको होस फर्कन्छ अनि आफ्नो बुढ्यौली अनुहार र अपूर्ण जीवनले हारिएकी सानी एकदमै निराश हुन्छे । यसरी यथार्थ संसारमा प्रवेश गर्न नसक्ने विफल सानीको त्रासदीमय जीवन चित्र ल्याउँदा सानी उपर कथाकारको विवेक पुग्दैन भन्ने तर्क राख्दै समालोचक ढकाल यसले पाठक र समाजलाई सकारात्मक सन्देश कुनै पनि अवस्थामा दिनसक्दैन भनी आलोचना प्रस्तुत गर्नु भएको छ ।

लेखक तथा साहित्यकार जयप्रकास ढकालले नेपाली साहित्यमा यथार्थ र अयथार्थ कृतिको आलोचना गर्ने क्रममा विजय बहादुर मल्लको “भोलि के हुन्छ ?” शीर्षकको नाटकलाई यथार्थवादी हो भनी आलोचना गर्नु भएको छ । यो “भोलि के हुन्छ ?” नाटक वि.सं. २०२८ सालमा प्रकाशित भएको थियो । नाटकको मुख्य आशय प्रस्तुत गर्दै समालोचक ढकाल यसमा हत्या, आत्महत्या, निरशा आदि मानव जीवनमा प्राप्त हतोत्साह अशान्ति ध्वंश विनाशै विनाश बाहेक अन्य स्वास्थ्य जीवन सृजना आउँदैन । “भोलि के हुन्छ ?” मा विजय मल्ल नामक मेरो लेख रचनाबाट राजेन्द्रका नाममा झल्किएका विचार भावना तथा सैद्धान्तिक अभिव्यक्तिले यहाँ मल्लको विचारधारा राजेन्द्रद्वारा प्रतिध्वनित भएको छ । राजेन्द्र जीवनमा विनाशै विनाश मात्र देख्छ तर उनीहरूले सुन्दर मोनालिसाको हाँसोमा गोली पड्काइसके बुद्धको सौम्यमूर्तिमा कालो पोतिसके अजन्ताको गुफा फोरिसके, मन्दिर, गजुर टुक्रा टुक्रा परिसके....। समालोचक नाटकको सार दिँदै “मल्लको राजेन्द्र अब जीवनमा कुनै सार्थकता नदेखि पुरुषत्वको अभावमा नपुसकताको अनुभव गर्दछ । शान्तिका प्रतीक गौतम बुद्धको सुन्दर मूर्तिमा कालो पोतिनु सभ्यताको चिन्ह अजन्ताको

गुफा भत्किनु हिन्दु धर्म वा संस्कृतिको केन्द्र मन्दिरको गजुर टुक्रिनु वा अमरत्व मोनालिसाको मुस्कानमा गोलीको प्रहारले साँच्चि ने धर्तीको राज्यमा राजेन्द्र कतै पनि शान्ति पाउँदैन र आत्मैबाट पुकार्छ अरबौ मानिसका आवाज संसारबाट विलिन भए हराएर गएको पत्तो पाउँदैन । यस्तो मनगणन्ते कल्पनाको समाजमा कुनै स्थान छैन भनी समालोचक ढकाल टिप्पणी गर्नुहुन्छ । यस नाटकमा व्यक्तिगत सम्पत्तिका निम्ति उत्पन्न गराएको द्वन्द्वमा छोराले आमालाई आजीवन कष्टमय जीवन बाँच्न बाध्य बनायो । आफ्नो स्वार्थका निम्ति अर्काको हत्या गर्न मोहन अगाडि सर्न आमा छोराको योजना थाहापाएर मर्छस भने मार म तेरै हातबाट मर्न चाहान्छु भन्छे उता प्रेममा अन्धी माधुरीको आत्माहत्याबाट उत्पन्न निराशावादले नाटकको ओजन घटाउँदछ । निराशावादी हतोत्साही राजेन्द्रको अनावश्यक वक वक अनुकरणीय छैन भनी समालोचक ढकाल विवेचना  गर्दछन् ।

यस्तै समालोचक ढकालका मूल्याङ्कनमा यथार्थवादी ठान्नु भएको वि.सं. २०१८ सालमा प्रकाशित भएको गोविन्दबहादुर गोठालेको उपन्यास "पल्लो घरको भ्याल" यस उपन्यासमा चारजना पात्रको सृजना गरिएको छ । हरिभक्त र मिसरी लोग्ने स्वास्नी हुन् । यी पतिपत्नी उपन्यासका नायक नायिका हुन् । गोल्सन नाम गरेकी आइमाई एकदमै चतुर मिसरीका माइतमा काम गर्ने नोकर्नी हो भने हीरामान मिसरीको माइतिघरको छिमेकी पल्लो घरमा बस्ने समालोचकका अनुसार गुण्डो हो । उपन्यासको कथानक अनुसार मिसरी माइती घरमा आएका समयमा घटेको घटना हो । मिसरी र उसको लोग्ने हरिभक्त बीचमा राम्रो सम्बन्ध नभएको उपन्यासबाट अवगत हुन्छ उता मिसरी पनि आफ्नो अतृप्त वासनालाई दवाएर बसेकी हुन्छे । यही अवस्थामा मिसरी आफ्नो माइतीघर जान्छे र ऊ माइत गएकै समयमा यो घटना घटेको हो । मिसरी र उसको लोग्ने बीच राम्रो सम्बन्ध नरहेको थाहा पाएर हिरालालसँग मिलेकी मिसरीको माइतीघरमा काम गर्ने गोल्सन हरतरहका चतुऱ्याइले मिसरीलाई हीरामानसँग भगाउने कोशिस गर्छे । समालोचकका अनुसार गोल्सन र हीरामानको परिचयले राजधानीमा प्राप्त विकृति असंगति शैली अँगालेर अघि बढेको छ । नपुंसक हरिभक्त र मिसरीका बीचको द्वन्द्वको फाइदा उठाएर एउटाकी स्वास्नी फकाएर अर्कासँग लगाइदिने अनैतिक कुटुनी गोल्सनका विकृतिले उपन्यासको भावभूमि शुद्ध पवित्र मनुष्य जीवन उद्देश्य विपरित प्रतिनिधित्वमा सक्रिय छ । उपन्यासको शुरुदेखि नै मिसरी र उसको पोइ हरिभक्तमा दुर्वलता पाइएको छ र उपन्यासको अन्त्यसम्म पनि मनुष्य समाजका साह्रै कमजोर पात्र हुन मिसरी र हरिभक्त । "पल्लो घरको भ्याल" उपन्यासमा आएका यी व्यक्तित्वहीन दुई प्राणी उपन्यासमा प्रतिनिधि रूप हुन भनी समालोचक ढकाल आफ्नो मूल्याङ्कन राख्दै उपन्यासकार गोविन्दबहादुर गोठालेको उपन्यास "पल्लो घरको भ्याल" की मुख्य पात्र मिसरी कथानकको शुरुदेखि अन्त्यसम्म भ्रमै भ्रममा रहन्छे । जतिखेर जुनसुकै समयमा पनि जस्तोसुकै समस्या आएपनि समस्यासँग प्रतिकार गर्ने वा जुध्ने सामर्थ्य नै उसमा हुँदैन र कमजोर लाचार बन्दैछे उचित निर्णय लिन नसकेर यो गर्ने की त्यो गर्ने की भनी सोँच्दा सोँच्दै कुनै निर्णयमा नै पुग्न सक्दिन । जतिखेर पनि भ्रममै होमिन्छे । अन्त्यमा केही गर्न नसकी समस्याले नै जितेको अवस्था रहेको छ । उपन्यासमा सामाजिक यथार्थता मेटिएता पनि प्रकृतिपरक मार्ग अपनाई

निर्धारित औपन्यासिक दिशा अयथार्थवादी बन्न पुग्दछ भनी समालोचक जयप्रसाद ढकालको आलोचना रहेको छ ।

### ५.२.२. (ग) व्यावहारिक समालोचना

### ५.२.२ (ग) अ. भानुः आदिकवि र आधुनिकताको प्रसङ्गमा

लेखक तथा समालोचक जयप्रकाश ढकालले आफ्नो दोस्रो साहित्यिक कृति "आधुनिक नेपाली आलोचना" २०५७ मा "भानु: आदि कवि र आधुनिकताको प्रशंसामा" शीर्षक भानुभक्त आचार्यले नेपाली भाषा-साहित्यमा पुऱ्याएको योगदान सम्बन्धी चर्चा तथा मूल्याङ्कन गर्ने काम गरेका छन् । उनका कथाअनुसार भानुभक्तको जन्म गाउँमा भएपनि उनको हजुरबुवा दुरदर्शी भएकोले नै भानुभक्तको प्रतिभा प्रस्फुटनमा ठूलो सहयोग पुगेको हो । समालोचकको प्रशंसा अनुसार आदिकवि भानुभक्त आचार्य नेपाली साहित्यका कवि होइनन किनकी उनी भन्दा अगि पनि थुप्रै कविहरू थिए । उनीहरूको नाम लिनुपर्दा सुवानन्द, शक्तिवल्लभ, उदयानन्द र भक्तिकालका इन्दिरस विद्यारण्य केशरी, वसन्त, युदुनाथ, रघुनाथ आदि पछिका कवि भानुभक्त आचार्य हुन् । नेपाली साहित्यको इतिहासको प्रमाणलाई समर्थन गर्दा उनी प्रथम कवि नहुँदा नहुँदै पनि संस्कृत भाषाको प्रयोगलाई निरन्तरता नदिई नेपाली भाषामा कलम चलाएका हुनाले नेपाली समाज र जगतले आदिकविको रूपमा हृदयदेखि आदर सम्मान गर्ने परम्परा बसायो । पण्डितकूलका साहित्यकार उपाधी पाउनु उनको सौभाग्य हो ।

पृथ्वीनारायण शाहले टुक्रा टुक्रामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरी एउटा सिङ्गो नेपालको निर्माण गरे भने भानुभक्तले आफू संस्कृत साहित्यको विद्वान् भए पनि नेपालमा बहुजाति, बुहभाषि भएको हुनाले भाषिक एकीकरण गर्दै सर्वसाधारणलाई ध्यानमा राखेर नेपाली भाषा साहित्यको विजारोपण गरी संस्कृत भाषामा भएको रामायणलाई नेपाली भाषामा अनुवाद गरेर सम्पूर्ण नेपाली भाषीलाई रामायण गाथा प्रदान गरे । यसले नेपालमा छरिएर बसेका सम्पूर्ण नेपालीलाई भावनात्मक रूपमा एकता कायम गर्न एक मुख्य आधार बन्यो । उनकै प्रयासले आज नेपाली भाषा राष्ट्रिय भाषा बन्न सफल रहेको छ । भानुभक्तको समय भक्तिकालीन समय भएपनि यो नवजागरण आधुनिकताको विकाशोन्मुख खुट्किलाे थियो । नेपाली साहित्यका पृष्ठभूमिका आधारमा भानुभक्तको युगलाई नेपाली साहित्यको प्रथमचरण मानिएको हो । आधुनिक नेपालको साहित्यमा भानुभक्तको योगदान स्वर्णीम छ । पृथ्वीनारायण शाहको विजय पश्चात् नै नेपालले भानुभक्त जस्तो प्रतिभा पाएर नेपाली साहित्य अमर बनेको छ ।

वाल्यकालदेखि नै वौद्धिक शिक्षा ग्रहण गर्दै आएका भानुभक्तले हिन्दु धर्म संस्कृतिको केन्द्र काँशीमा आफ्ना बाजेसँगको संगतले संस्कृत साहित्यको अध्ययन पश्चात् अध्यात्म रामायण नेपाली भाषामा अनुवाद गर्न सके । उनी वौद्धिक साहित्य र नेपाली साहित्यका कवि हुन् । उनले आरम्भ उल्था गरेको रामायण नै प्रत्येक सचेत नेपालीका घर घरमा पुगेर कर्णप्रिय तथा लोकप्रिय बन्न सफल भयो । प्रारम्भिक युगको

नेपाली जीवनमा जनप्रिय महाकाव्य दिएर राष्ट्रिय भाषा र साहित्यका आँखा खोलेकाले आज विद्यालय, विश्वविद्यालय तथा सर्वत्र उनको प्रशंसा हुने गरेको छ । प्रायः ऐतिहासिक युगमा तथा साहित्यमा राम, कृष्ण शिव आदि लगायतका नायक बन्थे भने ऐतिहासिक युगमा मनुष्य नै नायक बन्ने गरेको पाइन्छ । जसले जीवनको वास्तविकता अंकित दृष्य झल्किदै जाँदा आधुनिक साहित्य सृजना हुने पर्याप्त आधार बन्न थाले । रामको मिथकलाई केन्द्र मानेर भानुभक्तले अध्यात्म रामायणमा आश्रित नेपाली भाषामा रामायण लेखे । उनका काव्यमा स्वर्गीय कल्पना मात्र नभएर जीवनतिर पनि रामभक्त भन्नुको सृजनात्मक कल्पना गएको छ । उनका कतिपय काव्यभाषा नेपाली जीवनका यथर्था चित्र खिच्न सफल बनेका छन् । घाँसीसँगको संवादमा मुद्दा मामिलाको अवस्थामा कैदि जीवन गुजारेको समयमा राजधानी पुगेर वालाजुको दृष्य अवलोकनमा मनोहरी प्राकृतिक चित्रण राजधानीको आधुनिक वर्णन तथा ठूलावडालाई विन्ती चढाउनु पर्दा गाउँघरमा देखेका र अनुभव गरेका कुरालाई आकर्षक काव्यभाषामा कविताको सृजना तथा जन्मभूमिको आधुनिक दृष्टि र श्रद्धा प्रशस्त भएको पाइन्छ । उनले संस्कृत र नेपाली दुवै भाषा अँगालेर आफू भन्दा अगाडिका सम्पूर्ण अग्रजहरूलाई उछिनेर आउँदा पुस्ताका निम्ति एउटा निश्चित मार्ग दर्शन तय गरेर जसको फलस्वरूप नेपालको पहिचान र एकताको मेरुदण्डका रूपमा राज्यको राष्ट्रिय भाषा कायम भयो । भानुभक्त त्यस समयका युग पुरुष हुन् । ती शीखर व्यक्तित्वका कारण नेपाली भाषा र साहित्य यति व्यापकताकासाथ अगाडि बढिरहेको अनुभव हुन्छ । भौगोलिक एकतामा पृथ्वीनारायण शाहको यहि योगदान रहेको छ । त्यति नै भाषिक एकतामा र साहित्यमा भानुभक्तको त्यति नै योगदान रहेको छ । यी दुवै हाम्रो देश नेपालको ऐतिहासिक व्यक्तित्व हुन् । भानुभक्तको समय भक्तिरसको समय भएकोले उनी भक्तिरसका नायक हुँदाहुँदै पनि श्रृंगारिक साहित्यको प्रथम सर्जक पनि भानुभक्त नै हुन् । उनीबाट सुरुभएर श्रृंगारिक साहित्यले यति विकसित रूप लिन सकेको हो । भानुभक्त आचार्य प्रथम श्रृंगारिक कविका रूपमा पनि परिचित छन् । भानुभक्त आचार्यलाई आदि कविको उपाधिका सम्बन्धमा धेरै किसिमका मत भिन्नताहरूका बाबजुत यो शब्द यो शब्द संस्कृत साहित्यमा रहेको र वाल्मीकिको समयदेखि चलेको साथै भानुभक्त लगायत जति साहित्यकारहरू अगाडि आएका छन् ती सबै संस्कृत साहित्यका उपज हुन भने संस्कृत साहित्यका प्रभावमा परेर नै नेपाली भाषा र साहित्यको प्रथम सर्जकका नाताले भानुभक्त आचार्यलाई आदिकविको उपाधी प्रदान गरिएको हो । भानुभक्तको समयमा नेपाली समाजमा नारी र पुरुषमा नारी जीवन कम्जोर थियो । नारीलाई कुनै किसिमको अधिकार प्राप्त थिएन । त्यसै समयमा नारीका निम्ति “सती” प्रथा डरलाग्दो थियो भने दासी र नारीमा फरक थिएन । नारी र पुरुषबीचको खाडल पुर्न सामाजिक यथार्थ रूपमा भानुभक्तको “वधुशिक्षा” त्यस युगको सामाजिक विश्व-प्रतिक हो । अर्धपितृसतात्मक दास युग र सतीप्रथा भएको नेपाली जीवनको मनोभाव उतार्ने यो “वधुशिक्षा” त्यस समयमा समाजको अहितकारक मानिन्थ्यो । त्यस समयमा राज्य तथा समाजमा मानवीय जीवनको अवस्था के कस्तो थियो भन्ने कुराको यथार्थ “वधुशिक्षा” मा उतारिएको छ । समाजमा नारी र पुरुषका बीचमा असमानता थिया भने अर्कातिर राज्यको पतनको दुर्दशा वास्तविक छर्लङ्ग हुन्छ । शत्ताको लागि दरवारिया शक्तिको होडवाजी मार-काट, हत्या हिंसा, क्रोध आदिको कारा राज्यले शान्तिको सास फेर्न पाएको थिएन । पृथ्वीनारायण शाहले वडो कष्टका साथ एकीकरण गर्दा राज्यको आर्थिक अवस्था पनि ज्यादै कमजोर र

खोक्रो भएको वेला सामाजिक विजारोपण गर्दा गर्दै भानुभक्तले पनि राज्यबाट सामाजिक, आर्थिक समस्याका साथै जेल, नेल, भोक, तिर्खा, मुद्दा मामिला खपेर भए पनि यसको माग बमोजिम भाषा र साहित्यको निर्माण वृद्धि विकाशका निम्ति जीवन समर्पण गर्ने आदिकवि भानुभक्त आचार्यको तुलनात्मक ऐतिहासिक योगदान सम्पूर्ण नेपाली भाषा र साहित्य प्रेमिमा रहने अविस्मरणीय व्यक्तित्व हुन भानुभक्त आचार्य भनी भाषा र साहित्यमा उनले पुऱ्याएको उच्च मूल्याङ्कन गर्दै समालोचक जयप्रसाद ढकालले आफ्नो विवेचनामा उल्लेख गरेका छन् ।

### ५.२.२. (ग) आ. युवाकवि मोतीराम भट्ट

मोतीराम भट्ट नेपाली साहित्येतिहासमा अविस्मरणीय व्यक्तित्व हुन नेपाली साहित्य र भाषाको इतिहास हेर्दै जाने हो भने भानुभक्त आचार्य पछिका साहित्यकार तथा कवि मोतीराम भट्ट नै हुन् । हुन त भानुभक्त आचार्यको जन्म, समय, सामाजिक, आर्थिक, राजनीतिकआदि अवस्थाको तुलना गर्ने हो भने आकाश जमिनको फरक पाइन्छ । भानुभक्त तनहुँ जिल्लाको गाउँमा जन्मेका थिए भने मोतीराम भट्ट काठमाडौँ जिल्लामा जन्मेका थिए । भानुभक्तको मृत्यु हुँदा मोतीराम तीनवर्षका मात्र थिए । यिनीहरूका विचार, भाव, परिवेश, व्यक्तित्व अलग अलग भए पनि आदिकवि भानुभक्त पछिका श्रृगारिक कालको प्रतिनिधित्व गर्ने कवि मोतीराम भट्ट नै हुन् । मोतीराम भट्टले पनि भानुभक्त जस्तै सानै उमेरमा वनारस गएर विद्या आर्जन गर्न शुरु गरेका थिए । वाल्यकाल देखि नै साहित्यप्रति कल्पनाशील बन्दै गएर आफ्नो जन्मभुमिप्रतिको चाख बढ्दै जान थाल्यो । सानै उमेरबाट काँशीको बसाईले हिन्दी, उर्दु र संस्कृत भाषाका साहित्यप्रति रुची तथा मस्तिष्कमा छाप बस्दै गयो । मोतीराम भट्टको रुची सर्वप्रथम हिन्दी, उर्दु तथा संस्कृतका रचनामा बढेर गएको पाइन्छ । काँशीको अध्ययन पछि काठमाडौं आएर बस्न थाले पश्चात् नेपाली साहित्यमा चाख बढ्न थालेको र नेपाली साहित्य निर्माणार्थ उत्पन्न संगठानात्मक र भावानात्मक शक्तिले “मोती मण्डली र मोती कृष्ण कम्पनी” नामक पुस्तकालयको स्थापना गरेपछि साहित्यिक सृजनातर्फ चाख बढ्दै गएको तथा नेपाली चाडपर्व, उत्सव, नेपाली गाउँबेसीका गीतका साथै भानुभक्तले लेखेका हस्तलिखित श्लोकहरू सुनेर फेला पारेपछि अप्रकाशित श्लोकहरू प्रकाशन गरे अनि आ-आफ्ना पनि सृजनाहरू प्रकाशमा ल्याउन थाले । भानुभक्तिय रामायणका श्लोकबाट मोतीराम भट्ट अति नै प्रभावित भएको कुरा उनको जीवन चरित्रवाट थाहा पाइन्छ । मोतीरामले भानुभक्तको रामायणमा नेपालभाषा साहित्य कला तथा कल्पनालाई लिखित रूपमा प्रस्फुटन गरेको प्रशस्त पाएर आफ्ना पनि सृजनामा ठूलो परिश्रम तथा योगदान गर्न थाले । उनी सबैमा समान व्यवहार गर्नेहरूलाई यथासक्य सहयोग गर्ने, सुखमा साथदिने आफ्नो वास्ता नै नगरी अरुको उन्नती प्रगति तथा यश जश कायम गर्न हरहमेशा लागि परिनै रहने व्यक्तित्व भएको प्रतिभाशाली साहित्यकार वीरकाल देखि अहिलेको समय सम्म यस्तो प्रतिभा भएको व्यक्तित्व पाइएको छैन भन्ने कुरा समालोचक जयप्रसाद ढकालले आफ्नो निबन्धमा उल्लेख गरेका छन् ।

पण्डित नरदेव पाण्डेद्वारा लिखित “कविवर मोतीराम भट्टको जीवनी” र वालचन्द्र शर्माको “नेपाली साहित्यको इतिहासका आधार” अनुसार मोतीरामको जीवनीमा तीनवटा छाप परेको थियो । जसमा भानुभक्त आचार्यका सृजना जन्मभूमि र ईश्वरको प्रभाव परेको थियो । उनी आदिकवि भानुभक्तको प्रतिभा समानान्तर नै उनका कविताहरू बढि श्रृंगारिक साहित्यतर्फ भएपनि भक्तिधाराका कविताहरू पनि अति नै प्रभाव युक्त रहेका छन् । वाल्यकालदेखि काँशीमा बसोबास र पठन पाठन भएपनि अध्ययन पश्चात् नेपाली भाषा कला साहित्यको अभिवृद्धिका लागि नेपाली भाषा साहित्य तथा सृजनाका क्षेत्रमा लागेका त्यस समयका सबै लेखक साहित्यकारको समूह जम्मा पारेर कसरी नेपाली भाषा र साहित्यको अभिवृद्धि र विकास गर्न सकिन्छ भनी छलफल समेत गर्ने गर्थे तर त्यस समयमा नेपालमा छापाखाना थिएन । कुनै पुस्तक तथा पत्रपत्रिका प्रकाशन गर्ने कल्पना नै थिएन न त काँशिबाट प्रकाशन गरेर ल्याउन सम्भव थियो । नेपालमा कुनै किसिमका शिक्षालयहरू थिएनन् । यदि कुनै कुरा छपाउनु पर्ने भयो भने वनारस काशी नै पुग्नु पर्‍थ्यो । त्यस समयमा देशमा नागरिकको स्थिति ज्यादै नाजुक र दयनिय थियो । त्यस्तो परिस्थितिमा विदेशमा गएर अध्ययन गरी स्वदेशमा आएर आफ्नो मातृ भाषामा आफ्ना कल्पना तथा भावनाहरू प्रकाशमा ल्याउनु ठूलो त्याग र मेहनत हो । आफूले संस्कृत भाषामा सरलतापूर्वक साहित्यको सृजना लोक गर्नु तथा भानुभक्तप्रति श्रद्धा भक्ति राखेर मातृभुमिको भावना अँगालेर साहित्यलाई अगाडि बढाउँदै गए । भानुभक्तको हस्तलिखित वालकाण्ड फेलापारेपछि वनारसमा पुऱ्याएर प्रकाशन गराई त्यसको समर्थनमा वेलायत सम्म पुऱ्याएर भानुभक्तको नेपालीमा अनुवादित सरल रामायण पूर्व मेची देखि पश्चिम महाकालीसम्म सबै सचेत नेपालीको घरघरमा रामको गाथा गाउँन थालियो । त्यस बेलादेखि रामायण यति लोकप्रिय भएको नेपाली साहित्यको इतिहासमा आधुनिक युगका कल्पना सम्राट महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको “मुना मदन” पछिको नेपाली जनताले रुचाएको ग्रन्थ नै मोतीराम भट्टले प्रकाशमा ल्याएको भानुभक्त रामायण हो ।

मोतीराम भट्टले भानुभक्तको जीवनी लेखेर प्रकाशन गराए । नेपाली साहित्यमा आलोचनाको सुरुवात गराए “गोर्खा भारत जीवन” पत्रिका तयार गरी प्रकाशन गराएर नेपाली जीवनमा प्रकाशनको ऐतिहासिक कार्य गरे । नेपाली भाषामा “गजल” लेखेर नेपाली साहित्यमा नयाँ विधाको सृजना गर्न उनले आफ्नो स्वदेशको सामाजिक, धार्मिक तथा मातृभुमिका स्वरमा कविता, प्रपंच, पंचक, गफास्ट, गङ्गा, स्तुति, अचल झण्डा आदि कृतिको रचना गरी इतिहास निर्माण गरे । यस्तै गजेन्द्र मोक्ष, प्रल्हादभक्ति उषा चरित्र जस्ता पुराणमा आधारित मिथकीय उपन्यास ल्याएर नेपाली भाषा साहित्यको प्रवर्धन गरे । यसैगरी युवा कवि मोतीराम भट्टले संस्कृत साहित्यका महाकवि श्रीहर्षको प्रियदर्शिका लेख्दा संस्कृत परम्परा अपनाएर रूपान्तरित दृष्यविहिन ४ अंकको लघुनाटक, गद्य शैलीमा लेखेर नेपाली नाट्य साहित्यको तत्कालिन इतिहासमा उदाहरण बने । नाटकमा नाटकका केही पात्रहरू घटाएर प्रस्तावना सुत्रधार विष्कम्भक, भारतवाक्य जस्ता प्राचीन परम्परा बहिष्कार गर्दै नाटकीय नायिका प्रियदर्शिकाको मिलन नायक (रााज बत्सराज) सँग गराउँदा हुबहु प्राचीन नाटकको अनुकरण नगरी नायक वत्सराज र रानी वासवदत्ताकाबीच कारण देखाई विछोड गराउन सकेको भए आधुनिक नाटक समानान्तर प्रस्तुत नाटकले

बहुविवाहको विरोध गरी नारी जीवनमा क्रान्तिकारी परिवर्तन ल्याउन खोजेको देखिन्थ्यो । उनले राणाशासनको घेरामा बसेर जति गरेर अझै गर्ने ईच्छा विरुद्ध तिस वर्षको अल्पआयुमै नै उनको मृत्यु भयो । उनले जति गरे त्यो नेपाली साहित्येतिहासमा प्रशंसनीय काम गरे भनी समालोचक ढकालले प्रस्तुत गरेका छन् ।

### ५.२.२. (ग) इ. लेखनाथका काव्य भाषामा रूप र अर्न्तवस्तु

कवि शिरोमणि लेखनाथ पौड्यालको जन्म गण्डकी अञ्चल कास्की जिल्लाको अर्चले भन्ने ठाउँमा भएको थियो । उनले पूर्वाधुनिक कालको काव्य भाषाको तुलनामा परिस्कृत-परिमार्जन ल्याएर नेपाली भाषा साहित्यमा प्रतिमान स्थापना गर्ने साहित्यकार हुन् । लेखनाथले नेपाली भाषामा पुऱ्याएको योगदानको कदर गर्दै राज्यले वि.सं. २००८ सालमा कवि शिरोमणि पदबाट सम्मानित गऱ्या भने २०११ सालमा राष्ट्रलाई साहित्यिक क्षेत्रबाट दिइएको योगदानको कदर गर्दै उनको निवास स्थानदेखि टुडिखेलसम्म रथमा राखेर यात्रा गराउँदै देशका प्रधानमन्त्री लगायतका सम्मानित पदाधिकारी लगायत जनसमूहको ठूलो संस्थाले रथयात्रामा उत्साहपूर्वक सम्मान गरेको थियो । उनी २०१३ सालदेखि २०२२ सालसम्म रोयल एकेडेमीका सम्मानित सदस्य भए । २०२२ सालमा सो पदबाट राजीनामा दिएर मानार्थ सदस्य मात्र बने । राष्ट्रका लागि योगदान गर्ने व्यक्तिहरूमध्ये जीवनकालमा नै सम्मान पाउने व्यक्ति लेखनाथ पौड्याल एक उदाहरण हुन् । त्यसपछिको समयमा राष्ट्रका निम्ति योगदान गर्ने व्यक्तिलाई राज्यले उसको मृत्यु पश्चात् मात्र चिन्ने गरेको छ । लेखनाथ पौड्यालमा संस्कृत साहित्यको गहिरो छाप परेको हुनाले पश्चिमी साहित्यको प्रभावले छुन सकेन । परम्परागत संस्कार र भानुभक्त, मोतीरामका काव्य भाषासँग अलग रहन नसक्दा नै उनका काव्यमा श्रृंगारिक र आजीवन भक्तिभाव अर्न्तवस्तु भन्नाले कविले काव्य भाषामा प्रस्तुत गरिने विषयमात्र अर्न्तवस्तु हुँदैन । कविले कुन तथा कसरी व्यक्तिगत सामाजिक परिवेश या चेतनाका आधारमा कवि आफ्नो विषय काव्य भाषामा प्रस्तुत गर्छ त्यो काव्यको अर्न्तवस्तु हो भनी समालोचक ढकालले उल्लेख गरेका छन् ।

कवि शिरोमणि लेखनाथ पौड्याल, भानुभक्त, मोतीराम तथा अन्य पूर्ववर्ती कविहरू झैं आस्तिक कवि हुन् । "सुक्ति सिन्धु" कृतिबाट उनी श्रृङ्गारिक कविको प्रवृत्ति झल्किए पनि "स्तुति साहित्य-लालित्य मेरो राम साथै उनका सबै सृजनाका आधारमा उनी महान अध्यात्मवादी प्रतिनिधि कवि हुन् । संस्कृत पाठशालाको शिक्षादीक्षाले उनको साहित्यिक आधार पूर्वीय साहित्य नै हो । संस्कृत साहित्यका महान कवि कालिदास, क्षेमेन्द्र, भर्तहरि, विष्णु शर्मा आदि उनका प्रिय कवि हुन् । तिनै कविका रचनाका प्रभावले उनी श्रृंगारिक, प्राकृतिक वर्णन, नीति उपदेश तथा भक्तिभाव आदि परिमार्जित काव्य भाषामा ल्याएर नेपाली साहित्यको कला रूपमा महान परिवर्तन गरे । लेखनाथको काव्यभाषाबाट प्रभावित भएर लक्ष्मीप्रसाद देवकोटाले तरुण-तपसी प्रदक्षिणमा भनेका छन् - "नेपाली भाषालाई संक ागर्ने सिंगार्ने एक अनुपम सुन्दरी बनाउने काम पहिले कसले गऱ्यो । यस विषयमा उहाँको ऐतिहासिक स्थान र साहित्यिक मूल्यमा न पहिले न पछिको कुनै नेपाली कवि शायद आउन सक्ने छ । मानौ कला एउटा जीवन हो, वालक जन्मेपछि बढी

हुर्की एक परिपक्व अवस्थामा पुगेसम्म साहित्यिक कलाले जन्म लिएपछि क्रमशः उन्नति गर्दै विकासको चरम सिमामा टेकेर प्रगति गरे तुल्य लेखनाथको काव्यभाषासित दाँज्न गयो भने रूपकलामा अरु भेट्टाउने छैनौ । लेखनाथको काव्यभाषाबाट प्रभावित भएर नेपाली नाटक क्षेत्रका नाट्य सम्राट बालकृष्ण सम "तरुण तपसिको" भूमिकामा आफ्ना विचार राख्दै "लेखनाथका पद पद संगीतमय छन् उनीभन्दा अगाडिका नेपाली भाषामा आफना विचार भावना लेख्ने कविहरूमा भानुभक्तको शैली सरल र मीठो छ, तर लेखनाथको स्पर्शले नेपाली कवितामा युग परिवर्तन भयो त्यो संस्कृत जति कै उच्च संस्कृत बन्यो । लेखनाथलाई पाएर नेपाली भाषा गौरवान्वित भयो । लेखनाथले पूर्वार्धमा नाट्य साहित्यको परिचय दिए । भूर्तहरि निर्वेद (१९७४), लक्ष्मी पुजा (१९९४) प्रकाशमा ल्याएको धेरै वर्षपछि उनले अभिज्ञान शाकुन्तल नाटकको अनुवाद गरे । भर्तुहरि, लक्ष्मी पुजा तथा अभिज्ञान शाकुन्तलको अनुवादले गद्य पद्य भाषा विकास भएर पनि यी ग्रन्थले अन्तर्वस्तु र रूपमा आधुनिकता ल्याउन सकेन । नाटकको गणना मात्र भयो । लक्ष्मी पुजा नाटकमा लक्ष्मीपूजाको दिन तथा तथाम पञ्चकमा खेलिने जुवाको चित्र नाटकको अर्न्तवस्तु बनाएकाले नाटकमा जुवाडे नेपाली समाजको चित्रण अंकित छ । लेखनाथको मौलिक नाटक लक्ष्मीपुजा अङ्क त ठिकै छन् तर अनावश्यक पच्चिस पर्दा र धेरै पात्रको भिड्ले अभिनय कलामा बाधा पर्नु स्वभाविक छ । सुत्रधार प्रस्तावना आदि अनावश्यक पुराना परम्परा र कविता गीत तथा बारम्बार दोहोऱ्याएका संवादले गर्दा आधुनिक नाटक समानान्तर लक्ष्मीपूजा रूप र अर्न्तवस्तु प्राप्त गर्न सामर्थ छैन । नाटक प्राचीन संस्कृत साहित्यका कवि भर्तुहरि नाटकमा आश्रित छन् । संस्कृत नाटक रूपान्तरित भएकोले नाटकको रूप अर्न्तवस्तुमा दुर्लभ छ । विष्कम्भक, नेपथ्य स्वागत आदि संस्कृत परम्परालाई लेखनाथले तिलाञ्जली दिएनन् । गीत, श्लोक दोहोऱ्याउँदै अनावश्यक एकै किसिमका संवाद घरी घरी आउँदा रङ्गीय दृष्टिमा नाटक रुचिकर बन्न सकेन । लेखनाथले नाटक भूर्तहरि र नायिका भानुमतिको जीवन चित्र उत्तार्ध भूर्तहरिको संस्कृत नाटकमा प्राप्त श्रृंगार करुण र शान्त रस नाटकीय साहित्यको आधार बनेको छ । नाटकमा नायकले विरक्तिएका अध्यात्मिक मार्ग अपनाई नाटकको मुख्य भावभूमि अलौकिक जीवनतर्फ ढल्काउदा लेखनाथको नाटकीय साहित्य आधुनिक दृष्टिमा निर्माण हुन सकेन ।

लेखनाथ पौड्यालले अनुवाद गरेको विष्णु शर्माद्वारा लिखित प्राचीन संस्कृत साहित्य "पञ्चतन्त्र" प्रथम भाग (भित्र भेद) ले निश्चय नै तत्कालीन नेपाली गद्य पद्य भाषाको परिवर्तनमा सहयोग पुऱ्यायो । प्रस्तुत नीति कथामा पशु पंक्षी, उडुस, मुसो, कछुवा, दैवीशक्ति आदि कथानकका अर्न्तवस्तु हुन् । मनुष्यका ठाउँमा पशु पात्र ल्याई दैवीशक्तिको प्रयोगगरी रूपान्तरित पञ्चतन्त्रको अर्न्तवस्तुले आधुनिकता दिन सक्दैन । उनको **तरुण तपसी** (नाट्य, काव्य) मा प्राप्त रूप र अर्न्तवस्तुका सम्बन्धमा धेरै वर्ष पहिले देवकोटाले **तरुण तपसी** रूप र अर्न्तवस्तु दुवैमा आधुनिकता दिन सक्दैन भनी उल्लेख गरेका थिए । देवकोटाले लेख गद्य उपर निश्पक्ष रूपमा आफ्ना तर्क राखेका हुन भन्दै समालोचक ढकाल कलाले समयानुकुल रूप र अर्न्तवस्तुमा क्रान्तिकारी परिवर्तन ल्याउँछ । आफूभन्दा अग्रजले अपनाएको भाषा शैलीलाई चटक्कै छाडेर नयाँ भाषाशैली दिन सक्ने क्षमता भएर पनि तरुण तपसीमा उनले आधुनिकता दिन सकेनन् । उनको समय नेपाली साहित्य इतिहासमा मध्यकालको अन्त्य र आधुनिकता दिन सकेनन् ।

उनको समय नेपाली साहित्य इतिहासमा मध्यकालको अन्त्य र आधुनिक कालको प्रारम्भमा लेखनाथ आफ्नो नयाँ काव्य भाषा लिएर देखापरे । यो दोसाँधमा लेखनाथ आफ्नो युगसँग परिचित थिए । नेपाली भाषा साहित्य पूर्ववर्तीकालबाट आधुनिकतातर्फ प्रवेश गर्दै गरेको चरणबाट पनि लेखनाथ समेच थिए । आधुनिकताको जगजगीमा पनि श्रीमद्‌भागवत गीताका सिद्धान्तमा आश्रित तरुण तपसी प्राग ऐतिहासिक परम्परा लिएर आयो । तरुण तपसीका सिद्धान्तकार लेखनाथले खुब मान इज्जत पाए । तरुण तपसीको प्रारम्भ र अन्त्य चौतारामा सिमित छ । जहाँबाट वृक्षरूपी तपसी रहस्यमय मानतावादको कल्पना गर्छ । प्रस्तुत तरुण तपसीमा दुई जना पात्रहरू र कवि छन् । तरुण पनि वास्तवमा मानव नै हो । यहाँ आवश्यकता अनुरूप लेखनाथले काव्य भाषामा तरुण ल्याएका हुन् । तरुण तपसी रहस्यवादी कविशिरोमणिको प्रतिनिधित्व गरेको छ । यसमा उनी आत्मापरक अभिव्यक्ति दिन दृढ छन् ।

कवि शिरोमणि लेखनाथ पौड्याल तपसीका रूपमा विलिन भएर आत्मैदेखि व्यक्त गर्दछन् । पुर्खाहरू आनन्दमा थिए  विज्ञान र औद्योगीकरणले धर्म लोप गरायो नास्तिक भाव बढायो । जताततै अधर्मको राज्य फैलायो । प्राचीन समाज जस्तो राज्यमा तरुण तपसीको स्वछन्द जीवन नदेखि मनैबाट खेद प्रकट गर्दै तपसी विज्ञान र औद्योगीकरणको विकाश पक्ष स्वीकार्दैनन् । विज्ञानको अन्धकार पक्षमात्र तपसीका नजरमा पर्छ र नै तपसीलाई विज्ञानको उज्जवल पक्ष शून्य बराबर लाग्छ । वर्तमान समयमा आएको उग्र नास्तिकबाट व्याकुल तपसीले अतीत जीवनमा धर्मको महिमा आफ्ना भक्त कविलाई सुनाएर रुखमा विलिन भएपछि अन्त्यमा भक्त कवि तपसीको दिव्य शक्ति अनुभव  गर्दछन् ।

## ५.२.२. (ग) ई देवकोटा र स्वच्छन्दतावाद

समालोचक जयप्रसाद ढकालले महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका साहित्यिक कृतिहरूको मूल्याङ्कन तथा देवकोटाको स्वच्छन्दतावादी प्रवृत्तिको सम्बन्धमा आफ्नो धारणा राख्दै उनको परिचय दिने क्रममा देवकोटाको जन्म काठमाडौँ मैतीदेवीमा भएको थियो । देवकोटाका पिताको नाम पण्डित तिलमाधव देवकोटा थियो । उनी संस्कृति साहित्यका पण्डित भएकोले संस्कृत र नेपाली दुवै भाषामा कविता लेख्ने गर्थे । देवकोटा परिवारमा नै पण्डित संस्कारको परम्परा बसेको हुनाले लक्ष्मीप्रसाद देवकोटालाई ५ वर्षको उमेरमा शिक्षा आरम्भ गरियो । विधिको विधान अर्थात लोकोक्ति अनुसार लक्ष्मी र सरस्वती सौता-सौता भएकोले दुवैको एकै ठाउँमा वस्न नसक्ने अर्थात लक्ष्मीको वास भएको ठाउँ सरस्वती नवस्ने र सरस्वती बसेको ठाउँमा लक्ष्मी अडिन नसक्ने परम्परादेखि चलिआएको उसै अनुसार मेल खायो । लक्ष्मीप्रसाद देवकोटाका पिता तिलमाधव देवकोटा पण्डित भए पनि घरको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले परिवारको भरण पोषणमा ज्यादै समस्या परेको थियो भनिन्छ । उनको पारिवारिक आयस्रोत भनेको नै जजमानी भएकोले विहान बेलुका हातमुख जोड्न पनि ठूलो समस्या परेको थियो । देवकोटाको पारिवारिक संस्कार नै शिक्षाप्रेमी भएकोले लक्ष्मीप्रसाद देवकोटाले दरवार हाइस्कूल पूरा गरेर पटना पढ्नका लागि भनेर वि.ए. वि.एल. पास गरेर एम.ए.को पढाइ शुरु गरे तापनि घरको आर्थिक समस्याका कारण अध्ययन बीचैमा छोड्न बाध्य भए । घरको वातावरण पैतृक संस्कार तथा संस्कृतको अध्ययनमा राम्रो दखखल

भएका देवकोटा पटनामा बसेर अध्ययन गरेका देवकोटामा त्यहाँ वातावरण अनुसार पश्चिमी साहित्यप्रति आकर्षित भएर पश्चिमी साहित्यमा राम्रो ज्ञान हाँसिल गरेका थिए । पश्चिमी साहित्य र पूर्वीय साहित्यको बीचमा बसेर एक मिथकका रूप लिएर विभिन्न विधामा कलम चलाउन थाले । उनले संस्कृत साहित्य अर्थात साहित्यका पण्डितहरू पनि थकित पर्न थाले भने नेपाली साहित्यका साहित्यकारहरूको मस्तिष्क खल्बलियो । नेपाली साहित्यका हस्तिहरूको पसिना छुट्यो जुन प्रमाणका लागि विश्व विद्यालयको पाठ्यक्रमबाट थाहा हुन्छ । पूर्व र पश्चिमी दुवै साहित्यका ज्ञान भएकोले देवकोटाका सृजनाका मुख्य आधार भएको हो । देवकोटाका सृजनामा यथेष्ट यथार्थ चित्रण पाइन्छ । विसंगतिवादी अस्तित्ववादी साहित्यकारको तुलनामा देवकोटाको काव्य भाषा समाजको प्रतिनिधित्व गर्ने चित्र उतारिएको छ । उनको पारिवारिक संस्कार झै संस्कृत भाषाका विद्वान पण्डित थिए भने वनारसमा बसेर पढ्दा पश्चिमी साहित्यको राम्रो ज्ञान हाँसिल गरेर पूर्वी र पश्चिमी साहित्यको प्रभाव तथा उनले वरदान स्वरूप पाएको वेजोड कल्पना शक्तिका कारण भाषिक चमत्कार र प्रकृति कविका रूपमा प्रसिद्धि पाए । देवकोटामा पूर्वीय संस्कृत साहित्यका महाकवि कालिदासको प्रकृति कविका रूपमा प्रसिद्धि पाए । देवकोटामा पूर्वीय संस्कृत साहित्यका महाकवि कालिदासको प्रकृति वर्णन र पश्चिमी साहित्यका कविहरू वर्डस वर्थ क्रिडस, व्राउनिङ्ग, शैली आदिले मनोहर प्रकृति चित्रण गरेका छन् । यी दुवै धारका ज्ञान प्राप्त देवकोटाले बीचमा रहेको आफ्नो ईश्वरीय कल्पनाद्वारा स्थापित भइसकेका महाकवि देवकोटाका लागि पनि स्वतन्त्र रूपमा आफ्ना भावना पोख्ने स्वतन्त्र परिस्थिति थिएन् । जहानीय शासनदेखि निराश बनेका देवकोटाले पटनामा वस्दा भारतीय आन्दोलन देखिसकेका थिए । विश्वराजनीतिमा आइरहेको परितर्वनबाट पनि उनी सचेत थिए । भारतमा महात्मागान्धी र जहवारलालनेहरूको नेतृत्वमा चलेको आन्दोलनबाट प्रभावित भएर आफ्नो देशको अवस्था देखेर विवहल बनेर बनारस गई राष्ट्रिय कांग्रेसमा प्रवेश गरेर आफ्ना स्वच्छन्दतावादी पत्रिका "युगवाणीको" सम्पादन गरी प्रकाशन गरेर देशको निम्ति निरंकुश राणाका विरुद्ध कलम चलाए तर आफ्नो घरको आर्थिक अवस्था कमजोर भएको कारण पुनः फर्किए । आधा शताब्दी पहिला नै महाकाव्य ल्याएर नेपाली साहित्यको इतिहास स्थापना गर्न सफल लक्ष्मीप्रसाद देवकोटाको काव्य भाषा आलोचनात्मक भए पनि उनी स्वच्छन्दतावादका स्तम्भ हुन् । उनले कविताका रूप र अर्न्तवस्तुका परिवर्तन ल्याएर आफ्नो प्रतिभा देखाएका छन् । उनको आलोचनात्मक स्वच्छन्दतावादले विकसित रूप लिएर अगाडि आयो र अन्य मुलुकका हाराहारीमा प्रकाशमा आएका उनका स्तरीय काव्य भाषाले प्रमाणित गर्दछ । निबन्ध र काव्य भाषाका प्रतिभा लक्ष्मीप्रसाद देवकोटा आत्मानिष्ट स्वच्छन्दतावादी महान कवि हुन् । राष्ट्रका निम्ति योगदान दिने व्यक्तिहरूमा देवकोटा पनि उच्च स्थानमा पर्दछन् । नेपाली साहित्यको इतिहासमा धरणीधर कोइरालाको "नैबेध" बालकृष्ण समको अनेक गद्य पद्य नाटक तथा गुरुप्रसाद मैनालीका अनेक लेख रचनाले पूर्वाधुनिक नेपाली साहित्य रचनाले राणाशासनको समयमा पनि गती लिन थालेको थियो भने देवकोटाको स्वच्छन्दातावादी रचनाले देशका सम्पूर्ण शिक्षित नागरिकलाई हौसला, सचेत, सजग तथा सक्रिय बनाउँदै लैजान थाल्यो । एकातिर नेपाली साहित्यमा स्वच्छन्दतावाद स्थापित हुँदै थियो । भने विश्वसाहित्यमा आएको स्वच्छन्दतावादसँग हातेमालो गरे अगाडि बढ्दै गयो । देवकोटा स्वच्छन्दवादी महाकाव्यकार पनि बने ।

समालोचक ढकाल देवकोटाको प्रतिभा देखेर देवकोटा कवितामा नै कुरा गर्न सक्थे कवितामा नै भाषण गर्न सक्थे दिन रात कवितामै कसैले प्रतिष्पर्धा गर्ने आँट नै गर्न सकेनन् । यदि प्रतिष्पर्धामा उफ्रनु परको भएपनि एकै दिनमा महाकाव्य प्रशंङ्गमा उनको भनाई “म श्लोकमा कुरा गर्न सक्छु दिनभरि फट्फटाइरहन सक्छु अझ होडवाजी गरेको थिइन् शायद एकदिनभरिमा एउटा महाकाव्य लेख्न सक्छु की भन्ने समेत मलाई आशा छ” महाकवि लक्ष्मीप्रसाद देवकोटामा भएको अद्भुत कल्पना शक्ति विश्वका महान कथाकार तथा उपन्यासकार भन्दा कम थिएन । आफ्ना कल्पनाहरू काव्य भाषामा जस्ताको तस्तै उतार्न सक्ने प्रतिभा उनमा थियो । देवकोटाको साहित्यिक प्रतिभाको तुलनामा आजसम्म कुनै साहित्यकारहरू पुग्न सकेका छैनन् । उनका कृति “सावित्री सत्यवान” (नाटक) “चम्पा” (उपन्यास) तथा “लक्ष्मी कथासङ्ग्रह) उनका उदाहरणहरू हुन भने निबन्धकारितामा पनि आत्मपरक निबन्ध त्यति प्रभावकारी नभए पनि उनको युगमा उनकै प्रतिनिधित्व थियो । उता वस्तुपरक निबन्धमा उनको बेजोड प्रतिभा थियो । देवकोटाको निबन्धकारीताको नेतृत्व सबै साहित्यकारहरूले आजसम्म स्वीकार्दै आएका छन् । निबन्ध गद्य विधा भएपनि उनका आत्मपरक निबन्धमा प्रशस्त कवित्व देखाएका छन् । साथै ठाउँ ठाउँमा काव्य भाषा प्रयोग गर्नु सामान्य होइन । उनमा महाकविमा हुनुपर्ने गुण भएका हुनाले नै होला काव्य भाषा र गद्य भाषा एक आपसमा फरक भए पनि देवकोटाले दुवैलाइ अँगालेका छन् । उनका गद्य भाषामा पनि कल्पनामा आएका वेगलाई पन्चछाउन चाहाँदैनन् । त्यसको उदाहरण लक्ष्मी निबन्धसङ्ग्रह हो । उनले स्वयम् व्यक्त गरेका छन “यी प्रबन्धमा म केही मात्रामा कवि जस्तो देखिन्छु किनकी कवितात्मक कल्पना प्राचुर्य र कविताशक्ति धेरै ठाउँमा स्पष्टतया झल्किरहेका होलान्” ।

लक्ष्मीप्रसाद देवकोटा साहित्य क्षेत्रमा प्रवेश गर्दा गर्दै नेपाली साहित्यको आधुनिकता निर्माण हुँदै आइरहेको थियो । देवकोटाको आत्मपरक अति उर्वर कल्पना शक्तिका फलस्वरूप विभिन्न लोकप्रियकृति लिएर साहित्य फाँटमा उनी उदाय तथा उनको स्वच्छन्दतावादमा आधारित अमूल्य तथा लोकप्रिय “मुनामदन”, “शाकुन्तल” महाकाव्य तथा कविताहरू प्रकाशित भएर बाहिर आएपनि सबै लेखक साहित्यकार साथै पाठक समाजको ध्यान देवकोटाको साहित्यक महान्तार्फत केन्द्रित हुन थाल्यो । उनका कृतिमा निरन्तर बहने कल्पनाको भाववेगमा नेपाली, नेवारी, संस्कृत, अंग्रेजी, हिन्दी, उर्दू, भाषाका शब्दहरू बीच बीचमा प्रयोग भएकोले पाठक तथा साहित्यकारहरूका माझमा आश्चर्यजनक तरिकाले ध्यान आकर्षण गरायो । यी नेपाली, नेवारी, संस्कृत, अंग्रेजी, हिन्दी, उर्दु, भाषाका भएकोले पनि उनको साहित्यिक शब्दमा अहिले पनि शिक्षक, विद्यार्थी तथा पाठकलाई धेरैवेर धाल्लीन परिरहेको छ । उनका चमत्कारपूर्ण साहित्यिक रचना तथा विस्मयकारी आत्मपरक काव्य शक्ति प्रकाशनमा आएपछि उनी नेपाली कविताको संसारमा महाकविका नाममा विभूषित भए । नेपाली साहित्येतिहासका योद्धाहरू आदिकवि भानुभक्त आचार्य, मोतीराम भट्ट, लेखनाथ पौड्याल, बालकृष्ण सम, शम्भूप्रसाद ढुङ्गेल आदि लगायतका धेरै कवि साहित्यकारका माझबाट राज्यले प्रथम महाकविका रूपमा स्वीकारेका आत्मपरक कवि हुन् । उनको अर्को प्रतिभामा काव्यमा चित्र विश्व, भाव विश्व र उद्भावना शक्ति यति तिव्र छ आजसम्म कुनै

कवि साहित्यकार उनको प्रतिभाका छेउ आउन सकेका छैनन् । उनको शब्द नाद नेपाली साहित्यका कवि लेखक कसैमा पनि अनुप्रासात्मक हुन सकेन ।

देवकोटाले जन्मजात लिएर आएका कल्पना शक्तिका कारण नेपाली साहित्येतिहासमा चक्रवर्ती नै हुन सफल भए । उनका काल्पाशक्ति प्रस्फुटन भएको अनेकौ कविता, गीतीकाव्य, खण्डकाव्य, महाकाव्य तथा निबन्ध र कविताका क्षेत्रमा नेतृत्व दिने देवकोटा नेपाली साहित्यको स्वच्छन्दतावादकै प्रतिनिधित्व गर्दछन् । देवकोटाको स्वछन्दतावादको समयलाई नेपाली साहित्येतिहासमा स्वर्णयुग नामाकरण गरियो भने त्यही समयावधिलाई देवकोटा युग घोषणा पनि गरियो । देवकोटामा भएको प्रतिभा कवित्व प्रस्फुटनले नै महाकवि हुन पुगे । उनी आत्मपरक काव्य भाषा र निबन्ध मार्फत पाठक समाजमा छुट्टै पहिचान बनाउन सफल भए । देवकोटाको काव्य भाषामा प्राप्त रूप र अर्न्तवस्तुका अध्ययनवाद यथेष्ट प्रागऐतिहासिक कल्पना, राजनैतिक, सामाजिक, भावना तथा देश विदेशका सामाजिक, ऐतिहासिक चित्र र देवी घटना देववाणी प्रस्तुत गर्न सकिन्छ । देवकोटाको समय पनि निरङ्कुश राणा सरकार भएकोले त्यस समयका कुनै पनि साहित्यकार तथा लेखकले देशको आर्थिक, सामाजिक, राजनीतिकतथा जनताका हक अधिकारका बारेमा खुल्ला रूपमा लेख्ने परिस्थिति बनेको थिएन । तर पनि अप्रत्यक्ष तरिकाले देवकोटा लगायत अरु साहित्यकारहरूले स्वच्छन्दवादलाई झल्काएर लेखेका छन् । देवकोटाको “मुनामदन” खण्डकाव्यले देशको आर्थिक अवस्था तथा वेरोजगारीका कारण घर परिवारको स्थिति सुधार्न विदेशिनु परेको परिस्थितिले नेपाली जनताको मन आत्मा बोल्दछ । यस्तै स्वच्छन्दवादलाई अँगालेर आएका कृतिमा निरङ्कुशताको विरोध गरिएको छ । देवकोटाको वेदना धरणीधर कोइरालाको नैवेध सिद्धिचरण श्रेष्ठका थुप्रै कविताहरूमा स्वच्छन्दतावादलाई अगाडि सारेर जनता र राष्ट्रलाई सचेत र सजग बनाउने काम गरेका छन् । आर्थिक अवस्था तथा देशको परिस्थितिले सुख, शान्तिको चाहना राखेर विदेशिनु र त्यहाँ भोगेका दुःख पीडा, कष्टलाई उल्लेख गरेका छन् । यी जनताका वेदना स्वच्छन्दतावादमा मात्र आएर प्रस्फुटन भएको हो ।

देवकोटाले “शाकुन्तल” महाकाव्यमा नायक नायिकालाई सफल देखाएका छन् । कथाको अन्त्यमा दृष्यन्त र शकुन्तलाको सुखात्मक जीवन वित्छ । महाकाव्य सृजनामा देवकोटाले मनुष्य, देवता, बैद्धिक, ऋषि, असुर आदिको उपस्थिति गराएका छन् । यस्तै प्राकृतिकमा वृक्ष, पहाड, पर्वत, वनजंगल, आदिको दृष्य सृजना गर्दै महाकाव्य रचना गर्दा आफ्नो दुत्रगामी कल्पना शक्ति उपयोग गरेका छन् । पृथ्वी ताथ समाजदेखि बाहेक अन्य अलौकिक तत्व आकाश, स्वर्ग, सूर्य, किरण, चन्द्रप्रकाश, अन्तरिक्ष, मेघमाला, तारागण लगायत, देवासुर संग्राम आदि अलौकिक तत्त्वका दृष्टिले महाकाव्य अति नै आकर्षण र रहस्यमय बनेको छ । देवकोटाले यस महाकाव्यमा संस्कृत साहित्यमा प्राप्त प्रचलन उल्लंघन गरेका छैनन् । भैगलाचरण धिरोदत्त नायक बनाउने नियम उपयोग गर्दै संस्कृत साहित्य समान महाकाव्यमा परम्परा ल्याउन महाकविले यथाशक्ति प्रयास गरेका छन् । यसर्थ शाकुन्तल महाकाव्यमा नायक नायिका अनेक कष्टमय उत्तृजनात्मक भावुक तथा लौकिक, अलौकिक कष्टप्रद जीवन पार गरेर सार्थकता प्राप्त गर्दछन् । कार्यकलापको तुलनामा संवाद र कल्पनै कल्पनाले भरिपूर्ण महाकाव्यको आदि अन्त्य बढ्दा रूपलाई प्राथमिकता दिएको पाइन्छ । महाकाव्यमा कविको विलक्षण कल्पना भाववेग तथा शब्दनादको अधिकतम

उपयोग गरेको पाइन्छ भने मनोविज्ञान र यथार्थ संसारबाट धेरै टाढा गएको छ । शाकुन्तल महाकाव्य हेरेपछि स्वर्ग अन्तरिक्ष, बैकुण्ठ आदि कल्पना पाठकका मस्तिष्कमा वरिपरि परिक्रममा गर्न थाल्दछन् । अझै देववाणी र अलौकिक हृदयका कल्पना र देवकोटाको चमत्कारपूर्ण ब्रह्माण्डीय जादू महाकाव्यमा यसरी प्रवेश गर्छ । जसका आधारमा देवकोटालाई पुरै ब्रह्माण्डको नै ज्ञान छ । जुन यथार्थ सम्भव नै छैन । महाकाव्यमा प्रायऐतिहासिक चमत्कार देववाणी देवासुर संग्राम, मानव जीवनका घटना, प्राकृतिक वर्णन पशुा पंक्षीका सहचार्यमा आधारित यो महाकाव्यमा व्याप्त रूप र कल्पना समानान्तर माहाकाव्यको अर्न्तवस्तु फिका छ । भानुभक्त आचार्यका सातकाण्डे रामायण बराबर "शाकुन्तल" जन मानवमा त्यति लोकप्रिय बन्न सकेन देवकोटाकै स्वच्छन्दतावादी **मुनामदन** को दाँजोमाा नेपालीका मन आत्मामा बास बस्न सक्दैन । शाकुन्तलको क्लिष्टता र अद्भूत कल्पना अनि काव्य भाषाको विष्मयकारी रूपले धेरै उच्चता प्राप्त गरे पनि **शाकुन्तल** विश्वविद्यालयको घेराभित्र मात्र हाहाकारको विषय बनेता पनि आलोक चर्चामा आउन सकेको छैन तर बौद्धिक जगतका लागि भने यो उत्कृष्ट महाकाव्यका रूपमा सावित हुन पुगेको छ । शाकुन्तलको कथानक महाभारतको आदिपर्वबाट लिइएको मिथक हो । पौराणिक उपाख्यानबाट लिइएको कथा भएपनि संस्कृत साहित्यका महाकवि कालिदासको "अभिज्ञान शाकुन्तलम" बाट प्रभावित "शाकुन्तल" र महाकाव्यकार देवकोटा स्वत कालिदासका ऋणी छन भनी समालोचक ढकालले उल्लेख गरेका छन् ।

देवकोटा र उनको स्वच्छन्दतावाद चर्चा गर्ने क्रममा देवकोटाको अर्को महाकाव्य "सुलोचना" मा देवकोटाले रुढ परम्परामा प्राप्ती नारी तथा पुरुष जीवनको खपिनसक्नु दर्द पीडा दर्शाएका छन् । यस महाकाव्यकी नायिका सुलोचनाको प्रेम अन्यसँग भएपनि विलाससँगको वैवाहिक सम्बन्ध सुलोचनाको दाम्पत्य जीवनमा दुःखै दुःख छ र सुलोचना जीवनभर यातना भोगेर मर्छे । सुलोचनाको कथावस्तु अनुसार लोग्ने ताथ परिवारबाट जतिसुकै असहिय प्रहार भएपनि सुलोचना सहेर बस्छे । सहाराविना सुलोचना आफ्नो हरेक दुःख, कष्ट माया प्रेम त्यागी कृष्ण भक्तिमा मन लगाउँदै घरको नोकर सरह तिरस्कारित भएर कैयौ यातना सहेर बस्छे तर पनि उ धरपाउँदिन एकदिन मध्यरातमा लोग्नेले कुलाङ्गानी बनाइ यातना दिएर घरबाट निकाल्न लाग्दा घरको नोकर जेमानेको भेषमा सुलोचनाको पूर्व प्रेमी अनंग प्रवेश गर्छ र त्यस रात घरबाट निक्लनबाट बच्दछे । रूप बदलिएर आएका अनंगको छाँया जैमाने पनि त्यतिबेलादेखि घरबाट वेपत्ता भएपछि अनंगको गुप्त रूप खुल्छ अर्थात जैमाने अनंग हो भन्ने कुरा सबैलाई थाहा हुन्छ । महाकाव्यको अन्त्यमा सुलोचना र अनङ्गको प्रेमको बाधक आफू नै भएको र आफैलाई अपराधी सम्झी सुलोचनाको लोग्ने विलास पश्चात्तापपूर्ण ढंगले आत्मा हत्या गर्दछ । उता घरबाट हिडेको जैमानेको भेषको अनंग आफ्नी प्राणप्यारी सुलोचनाका लाश हेर्न घाटमा पुग्छ र सुलोचनाको अनुहारमा एकपटक हेरेर त्यहाँबाट अल्पिन्छ । घाटमा उपस्थित मलामी तथा लाश हेर्ने दर्शक ती दुई आत्माको स्वर्गीय सुखात्मक जीवनको कल्पना गर्दछन् । यसमा समालोचक ढकाल आफ्नो मूल्याङ्कन दिदै देवकोटाले "सुलोचना" महाकाव्यमा असार्थक नारी तथा पुरुष जीवन ल्याइ निराशाजनक मानव जीवन उतारेका छन् साथै रूपमा तुलनामा सुलोचनाको अर्न्तवस्तु कमजोर रहेको छ भनी उल्लेख गरको छन् ।

नेपाली साहित्यकालका क्षेत्रमा यो स्वच्छन्दवादी आन्दोलन लगभग १५-२० वर्ष जति निरन्तर सक्रिय रहिरह्यो । त्यस पश्चात् फ्रायडवाद, प्रगतिवाद, प्रयोगवाद, अस्तित्ववाद सृजन नेपाली साहित्यकारका आधार बने यी विभिन्न बादका सृजनाहरू मिसिएर आएपनि देवकोटाको स्वच्छन्दवादलाई केन्द्र विन्दु मानेर समालोचक ढकालले आफ्नो समालोचनात्मक दृष्टि राखेका छन् । नेपाली साहित्यको इतिहाँसमा स्वच्छन्दवादी आन्दोलन पनि विश्वका मुलुकहरू जस्तै स्वतन्त्रताको पक्षमा थियो । नेपाली स्वच्छन्दवादले पुरानो साहितियक परम्परालाई राणा शासनको विरोध गरेको पाइन्छ । राणाशासनको तिव्र विरोधका साथै नेपाली जनतालाई सचेत र सजग बनाउँदै अग्रगामी नारा स्वच्छन्दवादकालमा नै गुञ्जिएको थियो । यही समयमा जनताले पनि सबैतिरबाट सहयोग गरे । यसरी स्वच्छन्दवादका कविहरू देवकोटा लगायत धरणीधर कोइराला, महानन्द सापकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, चक्रपाणी चालिसे, बालकृष्ण सम, भिमनिधी तिवारी, हृदयचच्द्र सिंह प्रधान, गुरुप्रसाद मैनाली, रुद्रराज पाण्डे, रूपनारायण सिंह आदिबाट परम्परागत शास्त्रीय पद्धतिका अवरोधमा आएको गद्य पद्य साहित्यले स्वच्छन्दवादी आन्दोलनको सृष्टिलाई सहयोग गऱ्यो । यो स्वच्छन्दवादी आन्दोलन मुलुकको चौतर्फी परिवर्तन ल्याएर जनताको हितमा अग्रसर थियो भने केही स्वार्थी साहित्यको स्वच्छन्दवाद भारतीय र अङ्ग्रेजीस्वच्छन्दवादबाट प्रभावित थियो भने नेपाली स्वच्छन्दवादका नायक लक्ष्मीप्रसाद देवकोटा यी दुवैबाट पूर्ण रूपमा प्रभावित थिए ।

नेपाली साहित्यका स्वच्छन्दवादी आन्दोलन चलिरहेका बेला राणाशासनको विरुद्धमा लाइब्रेरी पर्व, मकै पर्व, सहिद काण्ड जस्ता राष्ट्रिय आतंककारी डरलाग्दा घटना घट्दै २००७ सालको क्रान्तिले राणाको निरङ्कुशतालाई साथैका निम्ति अन्त्य गरिदियो । स्वच्छन्दवादी अभियानमा यथार्थवादी, अयथार्थवादी दुवैशक्ति आ-आफ्नो पाराले सहभागी भएको थिए । राष्ट्रिय आधुनिक साहित्यकारहरूको एक जमात तथा पक्ष चाहि शास्त्रीय पद्धति र संस्कृत साहित्यको अन्धानुकरणबाट मुक्ति चाहन्थे र अन्तत सफल पनि भयो । प्रत्येक विधाका अर्न्तवस्तुमा परिवर्तन आवश्यक देखिएको मौकामा ऐतिहासिक व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटा आफ्नो विराट कल्पनामय भाषा लिएर आए जसको कारण स्वच्छन्दवादी युगका क्षेत्रमा जति विकाश भया, अरु युगमा साहित्यको त्यति विकाश भएको पाइदैन । कल्पना सम्राट देवकोटाका तुलनामा स्वच्छन्दवादी युगमा मात्र होइन आजसम्मको नेपाली साहितियक इतिहासमा कुनै कवि, साहित्यकार पुग्न सकेका छैनन् । उनको कवित्व तथा आत्मपरक निबन्धमा कसैले टक्कर लिने आँट गरेको छैन । यी सबै कारणले स्वच्छन्दवादी लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्य इतिहासका एक युग पुरुष हुन भनी समालोचक जयप्रसाद ढकालले आफ्नो आलोचनामा प्रस्तुत गरेका छन् ।

## ५.२.२ (ग) ऊ. कविताको संसारमा सिद्धिचरण

ढकालले सिद्धिचरण श्रेष्ठको साहित्यकारिताको मूल्याङ्कन गर्दा नेपाली साहित्यको स्वच्छन्दवादी काल र स्वच्छन्दतावादी काल उत्तरका कवितामा विभाजन गरेर भिन्ना भिन्नै खण्डमा विवेचना गरेको खण्डमा सिद्धिचरण श्रेष्ठको कविताकारीताको पूर्ण मूल्याङ्कन हुनेछ । समग्र रूपमा उनको जीवन कवितामा

नै अर्पेका थिए भनी समालोचक उल्लेख गर्दछन् । जीवनकालमा सिद्धिचरण श्रेष्ठले रचना गरेका सम्पूर्ण कविताहरूको संगालो "सिद्धिचरण श्रेष्ठका प्रतिनिधि कविता" शीर्षकमा उनको जीवनको उत्तरार्धमा आएर २०४५ सालमा प्रकाशित भएको छ । यसमा उनका जम्मा २०३ वटा कविता समेटिएका छन भने यस प्रतिनिधि कविता संगालोमा उनका **शोककाव्य र विश्व्यथा** नामक कृति समावेश छैनन् । यो सिद्धिचरण श्रेष्ठको "प्रतिनिधि कविता" २०४५ पढेर सबै पाठक विद्यार्थीले उनको कविता र कविताकारिताको बारेमा जानकारी प्राप्त गर्ने छन् । उनका २००७ सालपूर्व जम्मा ८२ वटा कविताले स्वच्छन्दवादी युगको प्रतिनिधित्व गरेको छ भने २००७ सालदेखि २०१७ सालसम्मको अस्थिर राजनैतिक, सामाजिक परिवेशमा जम्मा ५६ वटा कविता र २०१७ साल यताका कविताले भिन्ना भिन्नै युगको प्रतिनिधित्व गरेकाले देशको राजनीतिकपरिस्थिति अनुरूप मूल्याङ्कन गर्न सकिन्छ तर २०१७ सालभन्दा अगाडिका स्वच्छन्दवादी कविताका तुलनामा मूल्याङ्कन गर्न सकिन्न ।

युगकवि सिद्धिचरण श्रेष्ठ प्रारम्भ कालदेखि नै राष्ट्रयको राजनीतिकपरिस्थिति तथा लोक जीवनबाट अलग रहेर प्रकृति प्रेमी भई प्रकृतिमार्फत आफ्ना मनका भावना, व्यथा व्यक्त गरेका छन् । उनी छाँयावादी कवि जस्तै प्रकृतिको सौन्दर्यभित्र पसेर झर्ना, हिमालय, पहाड, पर्वत, गुफा, कन्दरा, हराभरा पृथ्वी तथा जन्मभूमिको सांस्कृतिक परम्परा सम्झना गर्दै धर्तीको प्रशंसा चाँदनीरातको महिमा, सूर्य अस्तको समयको सूर्यको ज्वाला अग्नि समान रातो प्रकाश हिमालमा पर्दा देखिने सुन्दर दृष्य कवितामा उतार्ने प्रयास गरेका छन् । यस्तै प्रातकालिन तत्वबाट मुग्ध कवि प्रकृतिमा अलौकिक शक्ति भएको महसुस गर्दछन् । प्रकृतिप्रतिको प्रेम नै सिद्धिचरण श्रेष्ठका प्रारम्भिककालीन कविताका अर्न्तवस्तु हुन् । वि.सं. १९९१ सम्मका कवितामा युगकवि सिद्धिचरण श्रेष्ठका कविता प्रकृतिका सौन्दर्य तथा महिमा उतार्न नै लागि परेका थिए भने वि.सं. १९९२ सालमा उनले आफ्नो जन्मभूमिप्रतिको महिमा तथा राष्ट्रिय भावना जगाउने अत्यान्तै लोकप्रिय कविता "मेरो प्यारो ओखलढुङ्गा" प्रकाशित भयो । यस कविताले सम्पूर्ण नेपाली जातिप्रति राष्ट्रको महिमा जगाएका छन् । यो कविता माध्यमिक तहको पाठ्यक्रममा समावेश वन्न पुग्यो । प्रत्यक्ष परोक्ष रूपमा आएका महानन्द सापकोटा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठका स्वच्छन्दवादले नेपाली साहित्यको स्वच्छन्दवादी आन्दोलनलाई सहयोगार्थ राष्ट्रले ठूलो काम गऱ्यो । उपन्यासकार रूपनारायण सिंह पनि दार्जिलिङ्गबाट अगाडि आउँछन् । नेपाली साहित्यको पद्यमा मात्र होइन गद्यमा पनि स्वच्छन्दवाद देखापर्न थाल्यो ।

सिद्धिचरण श्रेष्ठले **जुनकिरी** कवितामा राणाको निरङ्कुश सरकारको अप्रत्यक्ष रूपमा विरोध गर्दै मुलुकको अन्धकार नाश गर्न दुःखको आँसु पुच्छ र उच्च भावनाका साथ जगतको भलाई गर्न आग्रह गरेका छन् । उनी वर्षा कवितामा वर्षामा रमाएका प्राकृतिक दृष्यसँगै प्रकृतिको शक्तिप्रति आफू भित्रभित्रै मग्न हुन्छन् । कवि वर्षको महिमा गाउँदै वसन्त ऋतुको आकर्षण गरिमा दर्शाउँदै प्रकृतिको महत्त्व पाठक समाजमा अगाडि प्रस्तुत गर्दै उत्साहपूर्वक स्वच्छन्दवादी दृष्टि प्रकट गर्दछन् । धरहराबाट देखिने हिमालयको स्वच्छ सफा दृष्यले मातृभूतिप्रतिको आकर्षक काव्य भाषालाई अगाडि बढाउन मद्दत गरेको पाइन्छ । कविताकै संसारमा सधै हराउन चाहने कवि जीवनमा अरु कुनै चीजको शौख राख्दैनन् । माघ र

फागुनको उराठलाग्दो सुखा हावाले मरुभूमि समान पारेको हृदयलाई वसन्तको कल्पना गरेर यहाँका सम्पूर्ण कुरालाई प्रकृति समान स्वतन्त्र छाडिन आग्रह गर्दछन् । वर्षा कवितामा कविले नयाँ युगको कल्पना अनुसार क्रान्तिविना शान्ति नदेखि प्रचण्ड गर्मीलाई विनाश गर्न वर्षाको आह्वान गरे झै क्रान्तिको भावना व्यक्त गर्दछन् । यसरी निरङ्कुश राणाका विरुद्ध यसरी कलम चलाउने प्रथम स्वच्छन्दवादी कवि नै सिद्धिचरण श्रेष्ठ हुन । कवि प्रकृतिभित्र हराउदै भन्दछन- "शान्त मनोरम धर्तीमा अतिशय प्रकाशको परम शोभाले फुर्दछ अनेकानेक मन लोभ्याउने दृष्य" । यहाँ समालोचक जयप्रसाद ढकाल आफ्नो विचार प्रकट गर्दै सिद्धिचरण श्रेष्ठले विगत जीवनका दुःख कष्ट सबै भूलेर मन मस्तिष्कमा स्मृति प्रभाह ल्याएर पहाड पर्वतको मनोहारी चित्रणमा व्यञ्जित अघि बढ्ने कविको प्रकृति प्रेम झल्काउँछ । प्रकृतिका सृजनाले जताततै मनोरम दृष्यले शोभालाई पनि सृजनशील नारी ठान्दछन् । जीवन कवितामा संकटको सामना गर्न सन्त भिक्षुलाई फरक नदेखि न्यायपूर्वक आफ्नो यौवनलाई पृथ्वीका कष्टै समस्यामा पनि उभिने आँट हिम्मत देखाएका छन् । उनले परिचय कवितामा सम्पूर्ण नेपालीको शान्त स्वभाव मान मर्यादा, वीरता, आँट, हिम्मत, साहस तथा स्वाभिमान आदि सम्पूर्ण मानवीय गुणले युक्त भएको कुरा उल्लेख गरेको कारण सिद्धिचरण श्रेष्ठको सबै पाठक समाजले आदरपूर्वक श्रद्धा गर्ने गरेका छन् । उनका हरेक कवितामा राष्ट्रियता झल्कने भाव भएकोले उनको मृत्यु पश्चात् पनि मान सम्मान आदर तथा श्रद्धाको दृष्टि राखेको पाइन्छ ।

वि.सं. १९९७ सालपछि निरङ्कुश राणा सरकारका विरोधमा क्रान्ति गर्ने तयारी भइरहेका समयमा क्रान्तिको सुरुवात स्वरूप मकै पर्व, लाइव्रेरी पर्व, सहिद काण्ड आदि जस्ता राज्यमा भयानक घटना घटिसके पछि स्वच्छन्दवादी कविका कलमबाट आएका तिखा प्रहारका काव्य भाषाले शासकको मनमा ढ्याङ्ग्रो बजिसकेकोले सिद्धिचरण श्रेष्ठलाई सर्वस्वहरण गरेर पाँचबर्षको कष्टमय जेल जीवन विताउन बाध्य बनायो । लेखक कलाकार नै हुन जनता भड्काउने भनी राणा सरकारका आँखामा साहित्यकारहरू आँखाको तारो बन्ने परिस्थिति सृजित भयो साथै लेखक साहित्यकारहरूलाई जेल हाल्न लाग्यो । १९९७ को अमानवीय सहिद काण्डबाट व्याकुल बनेका सिद्धिचरण श्रेष्ठले आफ्ना आत्माका पीडा र राष्ट्रको भावना सोझै व्यक्त गर्ने परिस्थिति नभएकोले छाँयावादी काव्यभाषा प्रयोगमा ल्याएर स्वच्छन्दवाद प्रकाशमा ल्याए । उनले जेलभित्र बसेर पनि आफ्ना भावनाहरू विभिन्न कवितामार्फत देशभक्ति नै मनुष्यको परम लक्ष्य ठानी हाँसी हाँसी मृत्युको स्वागत गरेका छन् । देश तथा जन्मभूमिको प्रेममा अशक्ति देखाउने कवि नयाँ युगको निम्ति आत्मैबाट पुकार्दछन् । उनका कविताहरू संकट, काग भाग्ने गीत, मृत पिताका स्मृति आदिमा उनका हृदयरूपी भावनाद्वारा राणाशासनको विरोध र नयाँ युगको आह्वान गरेको पाइन्छ । उनका रचनामा स्वच्छन्दवाद र यथार्थवाद दुवै प्रभावकारी रूपमा पाइन्छन् । कतै स्वच्छन्दवादी तत्त्वले पूर्ण छन् भने कतै यथार्थवादबाट पूर्ण छन्, कतै स्वच्छन्दवाद र यथार्थवाद मिश्रित रूपमा पाइन्छ । उनले समय र परिस्थिति अनुसार स्वच्छन्दवाद र यथार्थवादलाई अंगाल्दै आएकाले नेपाली साहित्यक इतिहासमा युग कविको उपाधि तथा मान सम्मानबाट विभूषित गरियो । उनी पूर्वाधुनिक कालका अग्रपंक्तिमा रहेका

स्वच्छन्दवादी कवि हुन् । उनको भानुभक्तप्रति कवितामा भानुभक्तलाई आत्मादेखि सम्मान गर्दै नेपाली भाषा साहित्यमा क्रान्तिकारी परिवर्तन गरेर ऐतिहासिक कार्य गरेकाले भक्तिभाव प्रकट गरेका छन् ।

२००७ सालको क्रान्तिमा राजा त्रिभूवनको सहयोगले राणा सरकारलाई फाल्न सफल भएको खुसीमा राजा त्रिभूवनको स्वागतार्थ सिद्धिचरण श्रेष्ठले आफ्ना मनका उद्‌गार कविताले उनको प्रजातन्त्रवादी धारणा राजा त्रिभूवनलाई नेपालीका एकमात्र आशाका पुञ्ज, राष्ट्रप्रतिक मानेका छन् । स्वच्छन्दवादीकालमा आएका उनका कतिपय कविताहरू अलौकिक तथा अयथार्थवादी पनि रहेका छन् भने स्वच्छन्दवादी कालकै फुटकर कविताले भरिएको सिद्धिचरणका प्रतिनिधि कविताका आधारमा उनको स्वच्छन्दवादलाई प्रकाशमा ल्याउन जरुरी थियो र उनका उत्तरवर्ती सृजनाबाट विभाजित दुई खण्डका चर्चा नितान्त आवश्यक थियो । २००८ सालदेखि २०१७ सालसम्मको अस्थिर राजनीतिकपरिस्थिति र २०१८ साल यताका अर्थात पञ्चायती व्यवस्थाभित्रका अलग अलग मूल्याङ्कनका मात्र युगकवि सिद्धिचरण श्रेष्ठको स्वच्छन्दवाद र उनका काव्यधारा स्पष्ट रूपमा उतार्न र उनको काव्य साहित्यको न्यायोचित निर्णय दिन सम्भव हुनेछ भनी समालोचक जयप्रसाद ढकालले आफ्नो विवेचनामा उल्लेख गरेका छन् ।

## ५.२.२. (ग) ऊ कथाकार : विश्वेश्वर गोठाले भिक्षु र कथानक

नेपाली साहित्यका कथा विधा अन्तर्गत आधुनिक कालका कथाकारहरूमा अग्र स्थानमा आउने कथाकारहरू मध्ये यहाँ कथाकार गोविन्दबहादुर गोठाले भिक्षु र विश्वेश्वर प्रसाद कोइरालाका कथाकारिता तथा कथाकारका प्रवृत्तिका सम्बन्धमा चर्चा गर्ने प्रयास गरिएको छ । यहाँ वी.पी. कोइराला, भिक्षु र गोठाले एकै विधाका साहित्य भए पनि कथा लेखनमा स्त्री पुरुष पात्रका सम्बन्धमा आ-आफ्नै दृष्टिकोण रहेको पाइन्छ । वी.पी.का कथामा नारी जीवनका मनोवैज्ञानिक चित्रणका साथै स्त्री पुरुषका व्यवहारिक वास्तविक चित्रणमा कुशल छन् । भवानी भिक्षु, भावुक, कल्पनामय संसारमा डुब्ने अन्तमुखी हुन । उनका कथामा शिल्प विधानका शक्तिमा रहस्योवादी वन्दछन् । उनका कथा साहित्यमा कवितात्मक चित्रण र निबन्धनात्मक गुण पाइन्छन् भने गोविन्द बहादुर गोठालेका कथा साहित्यमा प्रकृतिवादी अतियथार्थवादी स्त्री पुरुषका पर्याप्त हुबहु चित्र उतार्ने परम्पराअनुसार उनका कथा साहित्य अश्लील यथावह, भ्रमपूर्ण वातावरण सिर्जना हुन्छन् । यी तीनै कथाकारका एक आपसमा समानता पाइदैन तीन जनाको प्रवृत्ति पनि फरक फरक देखापर्दछन् । वी.पी. कोइराला मनोवैज्ञानिक चित्र उतार्दै पश्चिमी साहित्यको आधुनिक स्वरूप उतारेर नेपाली साहित्यमा नविन्ता भित्रिएको छ । उनको आफ्नै विशेषता छ । यो उनको प्रवृत्ति भिक्षु र गोठालेसँग मिल्दैन । गोठालेका कथामा एकपछि अर्को घटना जोडदै सृजना गरिएका कथामा ज्यूँका त्यूँ चित्र प्रस्तुत गर्ने घटनामा चित्रित निराशा, कुण्ठा, अश्लील आदि वर्णनले मनुष्य समाजमा हतोत्साह जन्माउँछ भने भिक्षुको एकाङ्की वर्णन प्रेमलाप सृजनमा कल्पलोक डुलाउने प्रवृत्ति जुन जस्ले जीवनछविसँग सम्बन्ध विच्छेद पार्दछ । भवानी भिक्षु कलाविद रूप सौन्दर्यमा विशेष जोड दिन्छन् भाषा र शब्दावलीको गम्भीर अध्ययन गरी वाक्य गठन र वनावटमा खुव तौलिएर शब्दप्रयोग गर्दछन् । वी.पी. कोइरालाका कथामा शिल्प विधानजस्तो वाधक अगाडि तेर्सिदैन । उनका कथा संप्रेषणयुक्त छन् । उनका कथा पढ्दा

कहिल्यै बोझिलो बन्दैनन् । गोविन्द गोठालेका साहित्यमा वी.पी.को समान परम्पराको विरोध रहेको पाइन्छ भनी समालोचक ढकालको विवेचना रहेको छ ।

## ५.२.२. (ग) ए. रोहिणीविलासको मेरो मानस

लेखक तथा समालोचक जयप्रसाद ढकालले झापाको शनिश्चरे मा.वि.का शिक्षक रोहिणी विलास लुइटेलको दोस्रो साहित्यिक कृति “मेरो मानस” कवितासङ्ग्रहको विवेचना गर्नु भएको छ । यहाँ दोस्रो कृतिको प्रशंग आउँदा पहिलो कृतिबारे जानकारी पाउन जिज्ञासा लाग्नु स्वभाविकै हो । रोहिणीविलास लुइटेलको पहिलो साहित्यिक कृति २००७ सालमा “भुमरी” नामक शोककाव्य प्रकाशित भएका थियो । उहाँको साहित्यिक प्रतिभाको कदर गर्दै वि.सं. २०५० साल पुष २६ गते राष्ट्रिय सम्मान प्राप्त कविशिरोमणि लेखनाथ पौड्यालको १०९ औं जयन्ती समारोहमा लेखनाथ पुरुतकालयद्वारा चन्द्रगडी, भद्रपुर, झापामा अभिनन्दित गरिएको थियो । यसै प्रशंगलाई रोहिणीविलासको “मेरो मानस” को विवेचना गर्ने कार्य गरेका छन ।

रोहिणीविलासको “मेरो मानस” मा म नामक झ्याउँरे कविता जम्मै कविता छन्दोबद्ध छन् । शार्दुलविक्रीडित, शिखरिणी, मन्दाकान्ता, अनुष्टुप तोटक जस्ता नेपाली साहित्यका लोकप्रिय छन्दको प्रयोग कविले खुव होसियारी पूर्वका गरेका छन् । यस सङ्ग्रहमा जम्मा एघारवाटा छन्दको प्रयोग गरिएको छ । उनी संस्कृत साहित्यका ज्ञाता भएको नाताले हो की धेरै तत्सम शब्दको प्रयोग गरिएकाले कविता सरल र सजिला छन् । कविता लयात्मक छन् । पाठकलाई सजिलो पार्ने उद्देश्यले ठाउँठाउँमा प्रतिक, विश्व, मिथक आदिका प्रयोगले कविता स्तरीय रहेका छन् । समग्रमा उद्देश्यपरक विसंगत व्यङ्ग्य, बालकविता, झ्याउरे र मिथकिय कविता समावेश छन् । उत्साह र दुःखका सम्बोधन तथा संवेदनशील विषय र राष्ट्रिय जागरण जस्ता महान विषयमा कविको दृष्टि पुगेको छ । समालोचक ढकालको मूल्याङ्कनमा रोहिणीविलास अध्यात्मवादी, अन्तर्मुखी कवि हुन र उनका काव्य सृजना यही आधारमा हुन्छन् । व्याभोहको रात र एकलव्य मिथकीय आधारमा चित्रित छन् । पुराणमा आधारित व्याभोहको रातबाट अहिंसा अभिमान अन्यायको तिरस्कार गर्दै न्याय तथा आदर्शका पक्षमा कविका भाव जागृत हुन्छन् । महाभारतमा आधारित एकलब्य द्रोणचार्यको वास्तविक चित्र झल्काउँदै आज्ञाकारी वीर एकलब्यजस्ता शिष्यको श्रेष्ठता प्रस्तुत छ ।

“मेरो मानस” कवितासङ्ग्रहमा धेरैजसो कविता पञ्चायतकालका भएपनि केही कविता बहुदल प्राप्त पछिका पनि छन् । कवितामा समग्र उपदेशपरकता विसंगति राष्ट्रिय सचेतता आदि प्रतिबिम्बित छन् । स्वतन्त्रता, समानताका पक्षधर भाववादी परम्पराका विरोधमा आफ्नै निजगत दृष्टिकोण राख्तछन । सामाजिक अर्न्तद्वन्द्वका विरोधमा उधृत कविताका परिष्कृत शब्द भाषामा छन् । जसका कारण कविताको कलात्मक पक्ष पछि परेन । परिष्कृत भाषा र शब्दावलीका प्रयोगले साहित्यिक वा कलात्मकतामा कमजोरी आउन नदिनु नै उनको विशेषता हो । मानस कवितासङ्ग्रहमा सम्बोधन काव्य स्तुतिपरक हो भने शोक

काव्यमा कवि पीडा व्यक्त गर्छन् । कुनै प्रतिभाशाली व्यक्तितवका सम्मानार्थ सृजित स्तुतिपरक काव्यलाई सम्बोधन काव्य भनिन्छ । यस कवितासङ्ग्रह बालकविता अन्तर्गत, बालजीवनी, बाल मनोविज्ञान, बालकप्रति आमाबुबाको स्नेह आदि चित्रित हुन्छन् । "छुनुमुनु" नामक बालकवितामा आमाबाबुको स्नेह कर्तव्य माया ममता आदि उतारी अन्जान बालबालिकाप्रति आमाबाबुको एकोहोरो मायाले कष्ट र परिश्रम झेलेर पनि बालकका सुन्दर भविष्यमा दिलोज्यान दिई आमाबाबु उनीहरूप्रति कसरी हुरुक्क हुन्छन भन्ने कुरा "छुनुमुनु" बाट ज्ञान हुन्छ ।

"मेरो मानस" कवितासङ्ग्रहमा जम्मा १९ वटा कविता रहेकामा संस्मरण राष्ट्रिय समस्या सामाजिक विसंगति, व्यङ्ग्य, जीवनका संवेदनशील पक्षमा कविभाव पोखिएका छन् । भने "व्याभोहको रात" र "एकलब्य" जस्ता मिथकीय कविताले कविता समग्रमा ओजनदार बनेको छ। साहित्यिक विभूतिका सम्झनामा रचियका कविता यो जयन्ती श्रद्धाञ्जली अस्मिता काव्यका देवता र मोतीलाई सिंगार्नुपर्छ र ? आदिबाटै राणाकालीन युगको संस्कार सम्झना गराउँछ किनभने राणाकालीन युगमा नै उच्च प्रतिष्ठा पाइसकेका यी कवि साहित्यकारले त्यो सामन्ती संस्कारका सामाजिक द्वन्द्वमा टिकी कसरी आफ्नो प्रतिष्ठा कायम राख्न सके त्यसको अलगै अस्तित्व छ । मनुष्य छैन नहुन गुनासो 'तिम्रो संगेल भूमि', 'उदेक निर्लज्जताको पद', आदि सामाजिक विकृतिका नमूना हुन भने 'दल', 'पंक्षी', 'पदपरी', 'मेरो राम', 'बुथा', 'आँकुरा' उत्पन्न हुन थाले "मधुकरी" आदि उपदेशपरक भाववादी कविताद्वारा कविताभाव प्रकाश पार्दछन् । "अस्तित्वबोध स्वाधीनता" देशको मायाका माध्यमबाट सामाजिक अर्न्तद्वन्द्वको प्रकाशनले कविको राष्ट्रिय सचेता झल्कन्छ । 'भुटानी शरनार्थी', 'भाइ विमान दुर्घटना' जस्ता मानवीय प्रश्नमा संवेदनशील कविभावले अवश्य सहानुभूति प्राप्त गर्दछ । युवाहरू क्रान्तिका अग्नी पर्यावरण शान्ति ऊर्जा क्रियाशीलता र भोकबाट सामाजिक चेतनातिर जागृत गराउँदै मान्छे अविनाशी र संजीवनीले कविताका आशावादी बनाएका छन् । शुभागमन नयाँ बर्षको म तपसी म मै जस्तो बाचुँ मान्छे खुल्दछ मान्छे भै उसको देशभक्तिमा मायासँग स्वातिको सार आदिमा सामाजिक कुरीतिमाथि व्यङ्ग्यात्मक प्रहार छ भन्ने उल्लेख गर्दै समालोचक जयप्रसाद ढकालले उच्च मूल्याङ्कनका साथ कवि रोहिणीविलासको विवेचना गरेका छन् ।

## ५.२.२. (ग).ऐ. ऋषिकेशको मूल्याङ्कन किन ?

समालोचक जयप्रसाद ढकालले डा. ऋषिकेश उपाध्यायको व्यक्तित्व र प्रतिभाको चर्चा गर्दै डा. ऋषिकेश उपाध्यायको व्यक्ति र प्रतिभाको चर्चा गर्दै डा. ऋषिकेश उपाध्याय लगभग ३०-४० वर्षदेखि साहित्य क्षेत्रमा योगदान दिदै आउनु भएको छ । समय, अवस्था अथवा पारिवारिक र आर्थिक समस्याले कमजोर भएकोले सधै सधैं एकैनासले निरन्तर रूपमा सृजनामा सक्रिय हुन नसकेको पनि बेला मौकामा उहाँले नेपाली साहित्य क्षेत्रमा केही न केही उपयोगी रचना दिदै आइरहनु भएको छ । डा. ऋषिकेश कवि काव्यलोचक, समीक्षक हुन् । उनले प्रसस्त समीक्षा लेखेका छन् । आर्थिक समस्याका कारण एकै पटक प्रकाशन भएर आउन नसकेकाले गर्दा उहाँको प्रतिभा लुकेको छ । उनले कविता, कथा, निबन्ध रचना गरेका छन् । समीक्षात्मक लेखहरू प्रकाशित भएको छन् । उनले गद्य, पद्य दुवैमा कलम चलाएका छन् ।

नेपाली साहित्यको संक्रमणकालीन स्थिति भएको बेला उनका रचनाहरू बारम्बार प्रकाशमा आइरहन्थे । उनले कवितासङ्ग्रह, महाकाव्य, उपन्यास आदि विधाको आलोचना गरे, तद्युगीन झापा जिल्लाको साहित्यिक चहलपहलमा उत्साह ल्याउन धेरै प्रयास गरेका छन् । ऋषिकेश उपाध्यायले सृजनाका क्षेत्रमा भोगेका समस्याबाट अवगत भएमा उनका यथार्थ सृजनाका मूल्याङ्कनमा निश्चित हुन सकिन्छ । आलोचनाको क्षेत्रमा अरु विधाको आलोचनाभन्दा काव्य अथवा कविताको आलोचना गाह्रो भए पनि कविताकै आलोचनामा उनको रुची रहेको पाइन्छ । डा. ऋषिकेश उपाध्यायको उचित मूल्याङ्कन हुनुपर्ने कुरामा समालोचक जयप्रसाद ढकालसँग रोहिणी विलास लुइटेल र एस.एल. शर्मा पनि सहमतिमा रहनु भएको कुरा समालोचक ढकाल प्रस्तुत गर्नु हुन्छ । पर्याप्त कथा निबन्धको आलोचना लेखेर कवितासङ्ग्रह “बगैंचा र धर्तीको बारेस भएर” बाहेक अन्य विधाका रचना संकलन गरी प्रकाशनमा ल्याउन नसक्नु उनको अभाव हो भनी समालोचक ढकाल उल्लेख गर्नुहुन्छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित आफ्ना कृतिलाई पुस्तकाकार दिन असमर्थक डा. ऋषिकेश उपाध्याय पाठ (समाजबाट ओझेल पो पर्दै जान लागे भन्ने शंकास्पद आवाज आउन लागेको छ । यसको मूल कारण हो उनको आर्थिक अवस्था कमजोर भएकोले छरिएर रहेका आफ्ना कृति संकलन गरी प्रकाशनमा ल्याउन नसक्नुको परिणाम भनी समालोचक ढकाल समीक्षा गर्नुहुन्छ । सरकारले पनि यस्ता साहित्यकारको रचना प्रकाशन गर्न सहयोग गरेको छैन । डा. ऋषिकेश उपाध्यायको साहित्यिक जीवन बडो दुःखका साथ बितेको छ । यदि कुनै लेखक, साहित्यकार तथा पत्रकार डा. ऋषिकेशको सम्पर्कमा पुगेमा उनको स्थिति देखेर हृदय नपग्लिने कोही नहोला ।

डा. ऋषिकेश उपाध्यायको एकदलीय पञ्चायती शासनकालमा उत्पन्न निराशाजनक परिस्थिति र आर्थिक तथाा पारिवारिक समस्याको सामना गर्दै कष्टपूर्ण जीवन धानेको इतिहास छ । उनको यो चालीस वर्षभन्दा लामो साहित्यिक जीवनमा धेरै विधामा कलम चलाएपनि उनी साहित्यको असंगत विसंगत साहित्यबाट धेरै टाढा रहेका छन् । जनउपयोगी रचनातिर विशेषत अभिरुची राख्ने यी लेखकमा आदर्शोन्मुख यथार्थवादको छाप छ । उनको यथार्थवाद आलोचनात्मक छ । विसंगतवादी साहित्यकारका तुलनामा उनले कैयौंगुणा उपयोगी रचना लेखे पनि आजसम्म उनको मूल्याङ्कन नहुनु आश्चर्य हो । यसै प्रशंगमा चुडामणि रेग्मीको भनाइः उनले कविता, निबन्ध, समालोचना, कथा आदि क्षेत्रमा कलम चलाए, त्यसमा उनी हारेका छैनन् । आजको युग गुटवन्दीको युग भएको छ । शायद त्यसैले कतिपय पुरस्कारबाट डा. ऋषिकेश बञ्चित भएको छन् । २०५५ साल असोज २२ गते झापाको विर्तामोडमा स्वाधिन संवादमा यस कृतिका समालोचक जयप्रसाद ढकालले पनि आफू आँधि हुरीसँग खेलेको व्यक्तित्वमा डा. ऋषिकेशको मनोवैज्ञानिक कथा लेखेको चर्चा गरेका थिए भनी चर्चा गरेका छन् भने डा. लोकराज बरालका अनुसार ऋषिकेशज्यूले आफ्नो हृदयलाई दुई धारा बगाउनु हुँदोरहेछ उहाँ कर्मले डाक्टर र हृदयले कवि (युवकः २०२१ फाल्गुणको अंक) मेची अञ्चलको साहित्यिक रूपरेखा (२०५० मा रविमान लम्जेलले डा. ऋषिकेश उपाध्याय झापाका कथाकार कवि समालोचकको रूपमा सुपरिचित छन् भनी उल्लेख गर्नुभएको छ । समालोचक डा. तारानाथ शर्माको इतिहासमा पनि डा. ऋषिकेशको चर्चा ल्याईएको छ ।

डा. ऋषिकेश उपाध्यायले लेखेका आलोचनाहरूमध्ये केहीको नाम यसप्रकार छन् । द्रोणचार्यको नूनिलो आँशु (कथासङ्ग्रह), मोदनाथ प्रश्रितको मानव (महाकाव्य), गोविन्द भट्टको 'शान्ति सन्देश' (काव्य), अच्छा राई 'दोभान' (उपन्यास), लक्ष्मीप्रसाद देवकोटाको 'हेलम्बुकी मम्हेन्दु लुनी' (खण्डकाव्य) र विरोधीको 'अस्तित्व' (कवितासङ्ग्रह), भक्तबहादुर नेपाली, कुलचन्द्र कोइराला, मोहन दुवाल आदिका समालोचनात्मक टिप्पणी तथा समीक्षा गरी गरी झापा जिल्लाको चालीस पचास वर्षको साहित्यिक इतिहासमा तथा नेपाली साहित्यको आन्दोलनमा एउटा साहित्यकारले गर्नुपर्ने काम कर्तव्य आफ्नो जीवन पर्यन्त नै पञ्चायती शासनकालमा र अझ विभिन्न विधामा आफ्नो अभिव्यक्ति दिदै आएका छन् । देशमा हरेक साहित्यिक कार्यक्रममा सधै सक्रिय रहदै आएका छन् । वि.सं. २०२२ सालमा झापा जिल्ला चन्द्रगडीको कवलगुडीमा सम्पन्न तीनदिने राष्ट्रिय कार्यक्रममा उनी आयोजक तथा सचिव थिए । नेपाली साहित्य परिषद, भद्रपुर साहित्य संगम आठराई र साहित्य सेवा समिति शनिश्चरेका संयुक्त आयोजनामा वि.सं. २०२५ साल फागुन ८,९ र १० गते झापा जिल्लाको शनिश्चरेमा भएको अञ्चल स्तरीय साहित्यिक कार्यक्रममा डा. ऋषिकेश अध्यक्ष थिए ।, विश्वदीप मासिक पत्रिका प्रकाशन परिवारको संयोजकत्वमा २०३६ साल विर्तामोड झापामा भएको दुई दिने अञ्चल स्तरीय साहित्यिक कार्यक्रममा डा. ऋषिकेश उपाध्यायले नेपाली साहित्यको उत्थानमा शाहवंशको देनबारे उत्साहपूर्वक कार्यपत्र प्रस्तुत गरे ।

साहित्य जस्तो महत्त्वपूर्ण क्षेत्रमा डा. ऋषिकेशको प्रतिभाले निरन्तर जीवन दिन सके उनीबाट साहित्यको राम्रो सेवा हने थियो किनभने सफल साहित्यकारमा हुनुपर्ने गुण पर्याप्त मात्रामा रहेको छ । उनमा भएको प्रतिभाको कदर गर्दै उनको जीवनको अन्त्यतिर पनि साहित्यिक सृजनाको वातावरण कायम हुन सकेको खण्डमा उनीबाट नेपाली साहित्यिक रचनाहरू आउन सक्ने तथा पाठक समाजले पनि पढ्न र देख्न पाउनेछन् भनी पूर्ण विश्वास राख्दै डा. ऋषिकेश उपाध्यायको साहित्यिक प्रतिभायुक्त निबन्ध पूरा गर्नुहुन्छ ।

## ५.२.२. (ग) ओ. झर्रोवाद-यथार्थवाद र रेग्मी

समालोचक जयप्रसाद ढकाल वि.सं. २०१३ सालमा वनारसमा अध्ययनरत रहेकै समयदेखि चुडामणि रेग्मीसँगको सम्पर्कमा रहेको कुरा उल्लेख गर्दै वनारसमा साहित्यकार बालकृष्ण पोखेल र समालोचक ढकालले आफ्नो यथार्थवादी निबन्ध प्रकाशित गरेकै अंकमा चुडामणि रेग्मीका यथार्थवादमा आधारित कविता प्रकाशन भएको थियो । सन् १९५६ मा वनारसीबाट चुडामणि रेग्मीका सम्पादनमा रेग्मीको "स्वतन्त्रता" कथामा झर्रोवाद यथार्थवादको असर परेको थियो। चुडामणि रेग्मीमा विद्यार्थी जीवनदेखि नै झर्रोवादर यथार्थवादको गहिरो छाप वसेको कुरा समालोचक ढकालले उल्लेख गर्नु भएको छ । वि.सं. २००७ सालदेखि नै नेपाली विद्यार्थीका प्रयासमा छात्रदुत छात्रवी र सरिता ढकालका सम्पादनमा कोपिला (साहित्यिक पत्रिका) मार्फत काँशीवाट झर्रोवाद यथार्थवादको प्रभावमा यथेष्ट रचना पाठक समाजका अगाडि उत्साहपूर्वक छापिएर आए । त्यस समयमा झर्रोवाद यथार्थवादको प्रारम्भिक आन्दोलन र ऐतिहासिक युगमा २००७ पूर्व राष्ट्रिय साहित्यको माग अनुसार नेपाली लेखकले देशभित्र र विदेश

(वनारसी) मा दिएका स्वच्छन्दवादी सृजना समानान्तर २०१२/१३ सालतिर बराबर झर्रोवाद यथार्थवादमा अवलम्बित रचना नेपाल तथा वनारसबाट देखापर्न थाले । महाकवि लक्ष्मीप्रसाद देवकोटाले २००७ सालपूर्व नै वनारसमा स्वच्छन्दवादमा आधारित "पहाडी पुकार" नामक पुस्तक लेखेका थिए । वि.सं. २०१२/१३ सालमा काँशीमा अध्ययन गर्न जाने विद्यार्थीले झर्रोवाद यथार्थवाद अभियानमा महत्त्वपूर्ण योगदान रहेको कुरा समालोचक ढकालले उल्लेख गरेका छन् । नेपाली साहित्यको स्वच्छन्दवादी आन्दोलनमा तथा लेखकका रूपमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठलाई मात्र सर्वेसर्वा ठान्नु गलत हुने कुरा पनि व्यक्त गरेका छन् । झर्रोवाद यथार्थवादमा राज्यका सम्पूर्ण साहित्यकार तथा विद्यार्थीहरूले नेपालीभित्र र बाहिरबाट पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको छ । साथै चुडामणि रेग्मीका सृजनाहरू यथार्थवादी सिद्धान्तसित मिल्दो जुल्दो भएकोले उनी यथार्थवादबाट विमुख भएनन् । चुडामणि रेग्मीका सम्पादनमा झापाको चन्द्रगडीबाट प्रकाशित "यथार्थ कुरा" वास्तवमै यथार्थ थियो । चुडामणी रेग्मीले दीर्घकालदेखि साहित्य क्षेत्रमा गरेको परिश्रम राष्ट्र तथा पाठक समाजका निम्ति जनउपयोगी बन्ने छ भन्ने विश्वास समालोचक ढकालले आफ्नो आलोचनामा लिएका छन् ।

यथार्थवादको प्रशंगमा नेपाली साहित्यमा यो यथार्थ शब्द कहिलेदेखि प्रयोग हुँदै आयो ? विश्व साहित्यमा आएको परिवर्तनसँगै नेपाली साहित्यमा पनि यथार्थ र अयथार्थको चित्रण हुन थाल्यो । नोपली साहित्य इतिहासको वीरकालका कविहरूले आफ्ना काव्यमा दिएको यथार्थ चित्रण विर्सन सकिदैन र भक्तिकालमा समेत आदिकवि भानुभक्तका काव्य भाषामा प्राप्त यथार्थ चित्रणको उदाहरण स्वरूप "भोलि भोलि हुँदैमा सबघर वितिगो वक्सियोज आज झोली" ....। यो पक्का यथार्थ चित्रण हो । आज पनि यस्ता हरफहरूको त्यत्तिकै महत्त्व छ जुन भानुभक्तको समयमा थियो । भानुभक्त यथार्थ चित्रण जसलाई यथार्थवादको सिद्धान्त अनुसार स्विकार्न सकिन्छ । यसरी आधिकालदेखि आजसम्म अथवा दुईसय वर्षको लामो इतिहासमा पाइएको यथार्थ अयथार्थ सृजनामा दृष्टि पुऱ्याउन सकेमात्र नेपाली साहित्यमा प्रयुक्त यथार्थवादीसँग वास्तविक लेखक पाठक परिचित हुन सक्छन् । २००७ पछि हृदयचन्द्रसिंह प्रधानले यथार्थवादलाई व्यापक प्रयोगमा ल्याए, यथार्थवादको समीक्षा गरे, यसैको प्रभावमा उपन्यास, निबन्ध लेखे तथा अनेक कृति यथार्थवादका कसिमा दाँज्न सकिन्छ । यहि समयमा यथार्थवाद समाजवादी तथा यथार्थवादको चर्चामा डी.पी. अधिकारीको "यथार्थवादी" नामक पुस्तक प्रकाशित भयो साथै यसले नेपाली साहित्यमा व्यापक चर्चाको विषय बन्यो । त्यसबेला त्यो यथार्थवाद नामक पुस्तक अन्तर्राष्ट्रिय प्रभावमा यथार्थवादी समालोचना मार्क्सवादी प्रगतिशील साहित्यको प्रकाशनमा समालोचक ढकाल पनि सहयोगी भएको कुरा उहाँले उल्लेख गर्नु भएको छ । नेपाली साहित्यको पूर्वाधुनिक कालमा साहित्यका विभिन्न विधा प्रतिस्पर्धाको रूपमा नाटक, कथा, उपन्यास, निबन्ध, समीक्षा आदि सबैमा नेपाली साहित्यकारले महत्त्वपूर्ण योगदान दिएकोले यो युग साहित्यतिहासमा महत्त्वपूर्ण रहेको छ । समाजवादी यथार्थवाद र यथार्थवाद दुई भिन्न भिन्नै धार भएपनि यहाँ समग्र रूपमा यथार्थवादको मात्र चर्चा हुन्छ भनी समालोचकले उल्लेख गर्नु भएको छ । लक्ष्मीप्रसाद देवकोटाको कृति "मुनामदन" पूर्वाधुनिक कालमा प्रकाशित यथार्थवादको अनुपम उदाहरण हो । त्यसपछिका अनेकौ  कृति, कथा, उपन्यास, कविता, निबन्ध, नाटक, गीतिकाव्यमा यथार्थवाद

आए उदाहरणको लागि मसान, नासो, नेपालको वेदान, आमाको पुकार, स्वास्नी मान्छे आदि लगायतका थुप्रै कृतिहरू प्रकाशनमा आएका छन् । यसैकारण पूर्वआधुनिककालमा आएका मूल्यवान कृतिहरूको कारण नै यस युगलाई नेपाली साहित्यको स्वर्ण युग भनिन्छ भनी समालोचक ढकाल उल्लेख गर्दछन् ।

नेपाली साहित्यमा यथार्थवाद लचिलो हुनाका कारण मार्क्सवादभित्र र बाहिर पर्ने सबै नेपाली साहित्यकारले आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण योगदान दिइएको आरम्भकालदेखि आजसम्म देखापरेका अनेकौ यथार्थ चित्रणको मूल्याङ्कन तथा यस विषयमा छलफल हुन आवश्यक छ । यो यथार्थवादको दौडानमा चुडामणि रेग्मी आफ्नो विचार प्रदान पक्षका "यथार्थकुरा" प्रकाशन हुन थालेको पनि समालोचक जयप्रसाद ढकालको यो "आधुनिक नेपाली आलोचना" २०५७ प्रकाशनको समय सम्ममा ३, ४ वर्ष अंकमात्र प्रकाशन भएको अवधिमा जम्मा ३४ अंक मात्र प्रकाशन भएको जति प्रकाशन हुनु पर्थ्यो त्यो हुन सकेको छैन र यसले जुन लोकप्रियता पाउनु पर्ने हो, त्यो पाउन सकेको छैन तरपनि पाक्षिक यथार्थ कुराले बराबर आफ्ना प्रकाशनमा यथार्थ अयथार्थ कुरा ल्याईरहेको छ । यो पत्रिका राजनीतिकनभई वामपन्थी विचार धारामा रेग्मीले यथार्थ अयथार्थत कुरा ल्याइरहेको छ । यो पत्रिका राजनीतिकनभई वामपन्थी विचार धारामा रेग्मीले यथार्थ अयथार्थत असंग विसंगष्त दुवै प्रकारका छापिने गरेको छ । सबै प्रकारका रचना छापिदा आफ्नो जीवन उद्देश्य विपरीत त गएको छैन ? भनी समालोचक ढकाल प्रश्न गर्दै फेरी यस पाक्षिकले कथा, निबन्ध, कविता, लेखकीय परिचय विभिन्न प्रतिभाको खोज तथा आलोचना समेत प्रकाशन गरिरहेकोले चुडामणी रेग्मीको प्रशंसा हने गरेको छ । यसमा उनको व्याकरणीय परिवर्तनले पाठक यथार्थ कुराको विपक्षमा सचेत छन् । त्यसैले समाज र पाठकले रुचाएको भाषा अंगालेमा यसले अझ लोकप्रियता हाँसिल गर्ने छ । यस पाक्षिकमा समावेश भएका सबै प्रकारका लेख रचनाहरूको आलोचना गर्ने स्तम्भ पनि राख्नुपर्ने सुझाव समालोचक ढकालको रहेको छ । आज राष्ट्रमा "यथार्थकुरा" को चर्चा परिचर्चा आइरहेको स्वर्ण अवसरमा यस पाक्षिकले विसंगत कुरालाई कुनै प्राथमिकता नदिई केवल यथार्थवादी लेखक, साहित्यकारका रचनाहरूलाई प्रमुखता दिने काम गरेमा या पत्रिकाले बहुल्यता पाउने तथा उद्देश्य सफल हुने साथै यसका सम्पादक चुडामणी रेग्मीको कार्य सफल सावित हुनेछ भनी समालोचक जयप्रसाद ढकालले आफ्नो आलोचनामा व्यक्त गरेका छन् ।

## ५.३. ऐतिहासिक समालोचना

### ५.३.१ (क) के बृहत नेपाली साहित्य सम्मेलन २०५१ सफल छ ?

वि.सं. २०५१ सालमा विराटनगरको वीरेन्द्र सभागृहमा नेपाली साहित्यकारहरूको बृहत नेपाली साहित्य सम्मेलन भएको थियो । यो नेपाली साहित्य सम्मेलनमा नेपाली साहित्यका प्रायः सबै साहित्यकारहरूको उपस्थिति थियो । सम्मेलनमा भएको कार्यक्रम र कार्यपत्रका सम्बन्धमा आफूले गरेका अनुभव र विचारहरूलाई समेटेर समालोचक जयप्रसाद ढकालले आफ्नो दोस्रो साहित्यिक कृति "आधुनिक नेपाली आलोचना" मा समेटेका छन् । उनी सहभागी भएको उक्त सम्मेलनको प्रत्येक

अवलोकनमा भए गरेका कार्यहरूको विवरण यसप्रकार उल्लेख गर्दै समालोचक ढकाल त्यस ऐतिहासिक नेपाली साहित्यिक सम्मेलनमा देशभरिबाट बृद्ध अर्धवैंसे तथा युवा साहित्यकारहरूको उत्साह जनक सहभागीता थियो । सबै साहित्यकारहरू नेपाली साहित्य जगतले नयाँ फड्को मार्ने चरणको प्रतिक्षामा बसेको अवस्था सृजना भएको थियो । सबैको ध्यान सम्मेलनको कार्यक्रमतर्फ केन्द्रित हुँदै थियो । सभा अध्यक्षको आदेशानुसार सम्मेलनका उद्घोषकले सम्मेलनका कार्यक्रम पढेर सुनाउँदै यहाँ राखिएका तथा पढेर सुनाइएका कुनै पनि कार्यक्रममाथि बहस तथा छलफल हुन नपाउने गर्न नपाउने कुराले उत्साहजनक सम्मेलनको स्वतन्त्रतामाथि बन्देज लगाइएको प्रति प्रायः सबै सहभागीहरूको आपती रह्यो साथै सबैमा असन्तोष फैलियो । कार्यक्रम आयोजक समितिले दुई प्रकारका कार्यक्रम लिएर उपस्थित भयो । ती कार्यपत्रहरू यसप्रकार छन्-

१. आधुनिक नेपाली अध्ययनमा शाश्वतता ।

२. आधुनिक नेपाली कवितामा शाश्वतता ।

यी दुई कार्यपत्र माथि टिप्पणी गर्न मनाही छ भनी उद्घोषकबाट पुनः घोषणा भयो । यदि कसैलाई केही जिज्ञासा लागेमा लिखित रूपमा पेश गर्नुपर्ने छ र त्यसमा आवश्यक भएमा भविष्यमा स्मारिकामा समावेश गर्न सकिने आश्वासन दिइयो । यसै सयममा समालोचक ढकालले कार्यपत्र माथि छलफल हुन आवश्यक छ भनी आवाज उठाउनु भएको र अरु साहित्यकारहरूले पनि आवाज उठाएको थियो त त्यसको कुनै वास्तै गरिएन । यसरी स्वतन्त्र वातावरणलाई अस्वस्थ्य बनाइयो । यसरी अप्रजातान्त्रिक तरिकाले ल्याइएको कुनै पनि कार्यक्रमको मूल्य छैन भन्ने टिप्पणी गर्दै समालोचक ढकाल त्यस्ता कार्यपत्रले राष्ट्रिय सृजनामा के निर्देशन दिन सक्ला ? जब कार्यपत्र सृजनाका क्षेत्रमा कुनै स्वास्थ्य निर्देशन दिन सक्दैन भने यो बृहत राष्ट्रिय सम्मेलनको उपलब्धि के ? आयोजक समितिले छिटो कायमै राखेर साहित्यकारको भावनाको वेवास्था गरिनुको उत्साह भन्दा हतोत्साही बनाउने कार्य भयो समालोचकका अनुसार पहिलो कार्यक्रमको आधुनिकता र शाश्वताको अर्थ स्थिरता हुन्छ । यसरी यी दुई विपरित शब्दलाई कसरी एकै अर्थमा राखियो यसमा आयोजक समितिको ध्यान गएन ।

सम्मेलनमा पहिलो कार्यपत्र आधुनिक नेपाली आख्यानमा शाश्वतताको कृष्णचन्द्र सिंह प्रधानले प्रस्तुत गर्नु भएको नेपाली कवितामा शाश्वतता तारानाथ शर्माद्वारा प्रस्तुत गरिएको थियो । शीर्षक अनुसार कार्यपत्र आउन सकेन भनी चारैतिरबाट हल्ला आइरहेको थियो । यो हल्ला तथा आवाजलाई कसैले रोक्न छेक्न सकेन तर कार्यपत्रमा छलफल गर्न रोक लगाए पनि सबैबाट यसमा अशन्तुष्टि आइरहेको थियो । यी दुई कार्यपत्र आख्यान र कवितामा छलफल आवश्यक थियो । आवश्यक विषयवस्तुको अभावमा आएका कार्यपत्र प्रयोग हुन नसकेको तथ्य छ । आधुनिक सृजना आख्यान र कवितामा आधुनिकताको अभावमा सबै पाठक नयाँ सृजनाको राम्रो मौका गुमाउँदछन् । यसकारण या २०५१ को बृहत साहित्यिक सम्मेलन असार्थक हुनाका साथै दुवै कार्यपत्र दोषमुक्त छन् भनी समालोचक जयप्रसाद ढकाल आफ्नो असन्तोष व्यक्त गर्छन् ।

### ५.३.२ मेची अञ्चलको साहित्य विवेचना

समालोचक जयप्रसाद ढकालले आफ्नो दोस्रो साहित्यिक कृति आधुनिक आलोचनामा मेची अञ्चल साहित्यको विवेचना शीर्षकमा मेची अञ्चलका चारैवटा जिल्लाको साहित्यिक विवेचना गरेका छन् । जो यसप्रकार रहेको छ ।

**(क). ताप्लेजुङ**

ताप्लेजुङ जिल्ला साहित्य, संस्कृति र राजनीतिकचेतनामा अरु जिल्लाका तुलनामा दुर्बल हुनाका साथै यो हिमाली जिल्ला आदि विविध भौगोलिक कारणले पनि दुर्गम भएकाले यहाँ शिक्षा दिक्षाका रूपमा कमजोर रहेको छ । यहाँ स्कुल, क्याम्पस पनि सिमित रूपमा रहेको छ । कारण सबैतिर एकनाश रहेको छैन । यहाँ शिक्षीत व्यक्तिहरू पनि रोजगारी यातायात, स्वास्थ्य आदि विविध कारणले राजधानी लगायत राज्यका अन्य सुविधा सम्पन्न स्थानमा गएर जीविकोपार्जन गर्ने क्रमले यहाँको शिक्षा साहित्यको विकास पगेको छैन भने सरकारले पनि पर्याप्त रूपमा त्यहाँको विकासमा ध्यान नदिएको हुँदा समग्र रूपमा यहाँको साहित्यिक विकास शिशु अवस्थामा नै रहेको मान्न सकिन्छ । समयको क्रमसँगै यस जिल्लाले पनि साहित्यको विकासतर्फ फडको मार्दैछ । २०४६ को परिवर्तन पश्चात् राजनैतिक, सामाजिक, शिक्षा, स्वास्थ्य लगायत साहित्य संस्कृतिमा त्यहाँका जनता सक्रिय रूपमा अगाडि बढ्दैछन् । २०३९ सालमा जगमोहन शाक्यको अध्यक्षतामा श्रृंगलीला साहित्य संगम, २०४८ मा भरतकुमार गुरुङको राष्ट्रिय जनसांस्कृतिक मञ्चले साहित्य र सांस्कृतिका क्षेत्रमा लेखक साहित्यकारलाई उत्साह प्रदान गऱ्यो । यसरी समय समयमा साहित्यिक कार्यक्रम हुँदै गएकाले यस जिल्लामा साहित्यको विकास अविरल रूपमा अगाडि बढ्दै गइरहेको छ ।

**(ख) पाँचथर**

पाँचथर जिल्लाका साहित्यिक चहलपहल र विकाशका सम्बन्धमा प्रेम ओझाले पाँचथर र नेपाली साहित्यको विकास लेखमा पाँचथरको साहित्यिक इतिहास सार संक्षेपमा प्रस्तुत गरेको छ । पाँचथर जिल्ला पनि भौगोलिक विकटाताका कारण विकासको गतिमा बिस्तारैबिस्तारैअगाडि बढ्दै गइरहेको छ । यहाँको शिक्षा साहित्यको कुरा अगाडि बढाउदा छिमेकी जिल्ला तथा भारतको दार्जिलिङ्गका साथै राष्ट्रमा आएका विभिन्न राजनीतिकसामाजिक, साहित्यिक घटना तथा परिवर्तनका कारण यहाँ पनि विकासको प्रभाव पर्दै गइरहेको छ । यहाँ साहित्यिक विकासका निम्ति विभिन्न किसिमका कार्यक्रममार्फत जनचेतना जगाउने काम भइरहेको छ । यहाँ पनि ताप्लेजुङ जिल्ला झैं सिमित स्कुल, कलेज रहेकाले उच्च शिक्षा हाँसिल गर्न तथा विभिन्न कारणले यहाँ शिक्षित व्यक्तिहरू पनि बाहिरिएका छन् भने यहाँ स्थानीय शिक्षित वर्गवाट साहित्यको विकासमा अग्रसरता देखापरिरहेको छ । पाँचथर जिल्लामा नौलो साहित्यिक विहानको स्थापनाले पाँचथरको साहित्यिक आन्दोलन एउटा ऐतिहासिक वनेको थियो । यसै नौलो विहानकै सक्रियतामा त्यहाँका

लेखक साहित्यकारलाई विभिन्न समयमा मान सम्मान, हौसला बढाउने कार्यक्रमले साहित्यकारमा एक प्रकारको परिवर्तन आएको छ । जस्ले साहित्यिक विकासमा अगाडि बढीरहन आशावादी वन्न सकिन्छ ।

**(ग) इलाम**

इलाम जिल्ला मेची अञ्चलका चार जिल्ला मध्येमा सबैभन्दा भौगोलिक, सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य, साहित्य, सांस्कृतिक, राजनीतिक हरेक पक्षबाट सम्पन्न देखिन्छ । यहाँका जनता देशमा आएको परिवर्तन र विकासका कार्यक्रमबाट सचेत छन् । अन्य तीन जिल्लाका तुलनामा यो जिल्ला आर्थिक रूपमा सम्पन्न रहेको छ । यहाँ यातायात, शिक्षा, आदि कुरामा पनि अगाडि रहेको छ ।  नेपालमा जतिखेर राणाहरूको निरङकुश शासनको समयमा पनि छिमेकी देश भारतको दार्जिलिङ्गमा जोडीएको सीमानाका कारण त्यहाँ शिक्षा, यातायात, रहनसहन, रीतिरिवाज साहित्य, संस्कृति आदिवाट प्रभावित हुनका साथै दार्जिलिङ्गको शिक्षाको प्रकाश इलामका सचेत नागरिकमा पर्दै आएको कारणबाट यहाँ शिक्षा साहित्यको विकासमा ठूलो टेवा पुगेको कुरा नकार्न सकिन्न । यहाँका मानिसहरू राज्यको नीति निर्माण, शिक्षा, स्वास्थ्य, राजनीति लगायतको तथा विशिष्ट व्यक्तिहरू यही इलाम जिल्लाबाट अगाडि आउन सफल बनेका छन् । यसको निचोड निकाल्दा यो यहाँको शिक्षा साहित्यको विकास तथा सचेत जनताको उपलब्धि हो भन्ने कुरा सावित हुन्छ । इलाम जिल्लाको साहित्य विकासमा दार्जिलिङ्गको अङ्ग्रेजी र नेपाली प्रणालीको समिश्रणको रूपमा अगाडि बढ्दै गइरहेको छ । अझ पनि शिक्षा साहित्यको विकास दिनानु दिन अगाडि बढ्दै गइरहेको छ ।

**(घ) झापा**

झापा जिल्लाको साहित्यिक विवेचना गर्ने क्रममा झापा जिल्लाका युवा साहित्यका कृष्णधारावासी झापा जिल्लाको साहित्यिक गतिविधि एक झलक नामक लेखमा प्राप्त गर्न सकिन्छ । झापा जिल्लाको साहित्यिक विकासमा मेची अञ्चलका अन्य जिल्लाका तुलनामा अगाडि रहेको छ । यहाँको शिक्षाको विकासमा यहाँ सरकारी र निजी क्षेत्रबाट संचालित प्रशस्त स्कुल कलेज रहेका छन् । यहाँका जनता स्थानीय शिक्षाका साथै राजधानी छिमेकी देश भारतकोा सिलिगुडी दार्जिलिङको शिक्षाबाट पनि प्रभावित भएका कारण यहाँको शिक्षाको विकास सहयोग पुगेको कुरा नकार्न सकिदैन । यस जिल्लाले राणाशासनको समययता पञ्चायती काल तथा बहुदलीय व्यवस्थाको पुनरागमन पछि प्रशस्त लेखक साहित्यकार उत्पादन गरेको छ । झापा जिल्लामा शिक्षा क्षेत्रमा आवद्ध साहित्यकार, लेखक, पत्रकार तथा यहाँबाट दैनिक साप्ताहिक, पाक्षिक तथा मासिक रूपमा प्रकाशित हुने पत्रपत्रिकाको संख्या पनि ठूलो रूपमा पाइन्छ । यहाँका पत्रकार, लेखक, साहित्यकार स्थानीय स्तर देखि राज्यका विशिष्ट स्थान सम्म पुगेका छन् ।  यस जिल्लामा पञ्चायती कालदेखि नै बेलाबेलामा विभिन्न किसिमका साहित्यिक कार्यक्रम हुने गरेका छन् । यी यस्ता साहित्यिक सम्मेलनले यहाँको साहित्यिक विकासमा ठूलो सहयोग पुगेको छ । यहाँको साहित्यको विकासमा प्रौढ युवा तथा नव साहित्यकार लेखक तथा पत्रकारहरू पनि लागि परेका देखिन्छन् । समग्र

रूपमा हेर्दा झापा जिल्लाको साहित्यको विकास सन्तोषजनक रहेको छ भने आउँदा दिनमा पनि साहित्यको उज्ज्वल विकासको आशा गरिएको छ ।

## ५.४ सस्मरणात्मक संरचना

### ५.४.१ पण्डित धरणिधर : एक राष्ट्रवादी

समालोचक जयप्रसाद ढकालले “आधुनिक नेपाली आलोचना” नामक पुस्तकको दोस्रो भाग संस्मरणमा आफू विद्यार्थी जीवनमा छात्रवासमा वस्दाका पण्डित धरणिधर कोइरालाको व्यक्तित्व प्रतिभा, देशभक्ति भावना राष्ट्रवादको सम्झना गर्दै उहाँ बारेमा आफूलाई लागेका अनुभव व्यक्त गरेका छन् जुन यसप्रकार रहेको छ ।

कवि धरणिधर कोइराला नेपालमा जन्मेका भए पनि उनको वाल्यकालदेखिको शिक्षा भारतमा भएको र अध्ययन पश्चात् पण्डित कोइराला दार्जिलिङ्को “कर्माइकल” छात्रवासको सुपरिटेन्डेन्ट हुनु भएको समयमा यस संस्मरण लेखका लेखक समालोचक जयप्रसाद ढकाल सोही छात्रवासमा बसेर अध्ययन गर्ने विद्यार्थी थिए । समालोचक ढकालले आफ्नो गुरुमा भएको गुण, स्वभाव, व्यक्तित्व र प्रतिभाबाट प्रभावित भएको कुरा उल्लेख गर्दै पण्डित कोइराला दार्जिलिङ्का धार्मिक सङ्घ संस्थामा आवद्ध रहि सक्रिय रूपमा रहनु भएको कुरा व्यक्त गर्दै उनको सबैसँग नरम र मिलनसार व्यवहार धार्मिक नीति नियमको पालना गर्ने तथा आकर्षक व्यक्तित्व भएकोले सबैले उहाँलाई चिन्दारहेछन् । उनी भारतमा बसे तापनि नेपाली भूमि नेपाली पोशाक तथा नेपालको हरेक पक्षको उन्नतिको लागि सधै सचेत र सक्रिय रहेको कुरा समालोचक ढकालले उल्लेख गरेका छन् । पण्डित धरणिधर कोइराला विदेशमा बसेर पनि नेपाली भाषा, साहित्य, नेपालको उन्नति तथा नेपालीपनको पहिचानका लागि सधै लागि परिरहने व्यक्तित्वका रूपमा परिचित रहेको कुरा उल्लेख गर्दै यसरी विदेशी भूमिमा बसेर सधै स्वदेशकै उन्नतिमा दत्तचित्त रहने व्यक्तित्व धरणिधर बराबर कोही पनि नभएको कुरा व्यक्त गरेका छन् । उनी समाज सुधारक सृजनशील राष्ट्रवादी तथा स्वतन्त्रताप्रेमी, स्वच्छन्दवादी कवि आफूले प्रथमपटक पाएका ढकाल उल्लेख गर्दछन् । पण्डितजीले राष्ट्रका लेखक साहित्यकारलाई सचेत गराउँदै पूर्व आधुनिक नेपाली साहित्यको इतिहासबाट प्रत्येक साहित्यकार पाठक अध्ययन अनुभव गर्ने र प्रेरणा लिन सक्छन् । उनले पूर्व आधुनिक सृजन अन्तर्गत प्रसिद्ध “नैबेध” पाठक समाजका अगाडि पस्किएका छन् । जसले राष्ट्रका निम्ति सचेतता फैलायो भने त्यस बेलाका कवि लेखकहरूमा क्रान्तिकारी कविका रूपमा सावित भए । उनले “नैबेध” काव्य कृति अध्ययन गर्दा उनी पूर्वीय तथा पश्चिमी ज्ञानबाट आफ्ना अभिव्यक्ति दिने साहित्यकार हुन भन्ने कुरा स्पष्ट हुन्छ । उनी पूर्वीय परम्परा अनुसार नेपालमा पश्चिमी स्तरका स्कूल, कलेज हुनुपर्ने विचारधाराका शिक्षा प्रेमी व्यक्ति हुन् । जवसम्म नव शिक्षाको विकास हुँदैन तवसम्म देश र जनताको उन्नति हुँदैन भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

नेपाली भाषा साहित्य र भेष भूषाका लागि मरिमेट्ने पण्डितजी वाल्यवस्थादेखि प्रौढ अवस्थासम्म भारत मै विताएर विश्व राजनीतिसँग परिचित हुँदै भारतीय स्वतन्त्रता संग्रामको ठूलो राजनैतिक, सामाजिक प्रभावले गर्दा पनि उनी नेपालको प्रजातन्त्र स्वतन्त्रताको निम्ति शिक्षाको प्रचार यातायातको विकास गाउँ विकास तथा स्वास्थ्य उपचारका लागि जोड दिन्थे भने भारतमै बसे पनि नेपालीपनको पहिचान गराउन उनी दत्तचित्त रहन्थे । समाजमा चेतना जगाउने सचेत व्यक्तिलाई मृत्युदण्ड तथा कडा सजाय हुने भएकोले परिस्थिति सहज थिएन । चार सहिदहरूलाई मृत्युदण्ड दिएर जनतालाई तर्साउने काम त्यहि समयमा भएको थियो । त्यसैले पनि विदेशी भूमिलाई आत्मसाथ गरेर बस्नु पर्ने अवस्था थियो । उनको समयमा नेपालमा दासप्रथा, सती प्रथाले समाजलाई पुरै गाजेको अवस्था थियो भने समयको अन्तरालमा दासप्रथा र सतीप्रथालाई गैरकानूनी भनी राज्यले घोषणा गऱ्यो । नेपालमा जन्मलिए पनि नेपालमा शिक्षा दिक्षाका निम्ति अन्धकार रहेकाले भारत मै शिक्षा दिक्षा लिएर त्यही जीविकोपार्जन गरेपनि जन्मभूमिको पीरमर्का बुझेर विदेशी जीवनको दुःख, कष्ट खपेर स्वदेशको माया प्रेम र उन्नतिका निम्ति चुर्लुम्ब डुवेका राष्ट्रवादी तथा स्वतन्त्रताप्रेमी नेपाली साहित्य सृजनामा इतिहासका प्रतिष्ठित व्यक्तित्व सावित भएको छ । राणाकालीन समयमा आएको "नैबेध" ले पाठक समाज र सचेत नागरिकका लागि प्रारम्भिककालका सृजनामा राष्ट्रवादी भावना प्राप्त गर्न सार्थक बनाउनको साथै राष्ट्रव्यापी जागरण ल्याउन थप शक्ति दियो भनी समालोचक जयप्रसाद ढकालले आफ्नो विद्यार्थी जीवनका गुरु तथा नेपाली मातृभूमिका सार्थक व्यक्तित्वको प्रशंसा तथा संस्मरण गरेका छन् ।

### ५.४.२ महानन्द सापकोटा स्वच्छन्दतावादको प्रवर्तक

सापकोटाले साहित्यमा पुऱ्याएको योगदान उनको व्यक्तित्व उनको व्यक्तित्व र प्रतिभाको विवेचना गर्ने काम गरेका छन् । भाषाशास्त्री महानन्द सापकोटाको जन्म इलाम जिल्लाको देवन्छाप भन्ने स्थानमा भएको थियो । उनी आफू जान्ने बुझ्ने सचेत भएपछि भौगोलिक कठिनाई तथा दुर्गमताका कारण आफ्नो जन्म स्थान जति नै प्यारो भएपनि हृदयभरि वेदना बोकेर कोशी अञ्चलको विराटनगर गएर बसोबास गर्न थालेपछि आफ्नो जन्म स्थानको आघात माया र स्नेह प्रस्फुटन गर्दै हृदय स्पर्सी कविता "मेरो प्यारो देवन्छाप" शीर्षकमा कविता रचना गर्नु भएको छ । आफूले छाडेर गए पनि आफ्नो जन्म स्थानको विकासको निम्ति जीवनभर प्रयास गर्ने र बारम्बार अवलोकन गर्न जाने काम गरिनैरहे । उहाँको मृत्यु पश्चात् मेची अञ्चलको उत्तर दक्षिण जोड्ने मेची राजमार्गसँग जोडिने गरी झापा जिल्लाको शान्तिनगर गा.वि.स. हुँदै महानन्द सापकोटाको जन्म स्थान देवन्छाप पुऱ्याई त्यहाँको पर्यटन विकासमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ "महानन्द राजमार्ग" नामाकरण गरी त्यहाँका स्थानीयवासीले आफ्नै परिश्रमद्वारा कच्ची मोटरबाटो निर्माण गरिरहेका छन् ।

महानन्द सापकोटा विराटनगरमा बसोबास गरेर मेची अञ्चल र कोशी अञ्चलको साहित्यिक विकासका निम्ति लागि परेको र छुटपुटमा राजाधानीसम्म पुग्ने गरेको कुरा समालोचक जयप्रसाद ढकालले उल्लेख गरेका छन् । महानन्द सापकोटा नेपाली भाषा प्रचार सङ्घका कूलपति (अध्यक्ष) थिए । त्यसैले पनि

उनी नेपाली भाषा प्रचारसङ्घको बैठकमा उपस्थित हुनु अनिवार्य थियो । त्यस समयमा नेपाली भाषा प्रचार सङ्घको कार्यालय करफोक इलाममा रहेको थियो । त्यस समयमा यातायातको कुनै सुविधा नभएको कारणले चाहेको समयमा तोकिएको स्थानमा पुग्न पनि ज्यादै गाऱ्हो थियो । महानन्द सापकोटा सधैं एकै किसिमको साधारण पहिरनमा रहने तथा साधारण खानपिन र उनको स्वभावबाट प्रभावित समालोचक ढकाल महानन्दको व्यक्तित्व देखेर उनलाई तपसीका गुणले युक्त भएको मानी "तपसी"को सत्ता दिन्छन् । महानन्द सापकोटा नेपाली साहित्यका सफल स्वच्छन्दतावादको प्रवर्तक र राष्ट्रका महान भाषाशास्त्रीका रूपमा रहेको कुरा ढकाल उल्लेख गर्नुहुन्छ । भाषा साहित्यका निम्ति मरिमेट्ने उनी राष्ट्रवादी तथा स्वच्छन्दवादका अग्रज थिए । सापकोटाले "नेपालको वेदना" नामक कृति प्रकाशन गरेका थिए र आफूले २००६ सालमा फेला परेर पढेको कुरा स्मरण गर्दै ढकाल तर त्यो पुस्तक हाल उपलब्ध गर्न नसकिने कुरा व्यक्त गर्दछन् । उक्त वेदनामा राणाशासनकालमा नेपाली जीवनको चित्र विश्व उतारिएको थियो । लोकभाषामा भएको त्यो "वेदना" मा राष्ट्रभाव, नेपाली पराधिन्ताको विरोध, स्वतन्त्रताको पुकार, मातृभूमिको वेदना र राष्ट्रियता पाइन्छ । पूर्व आधुनिक कालका भाषाशास्त्री महानन्दले प्रकृति र ईश्वरका ठाउँमा शुद्ध मनुष्य जीवनको कल्पना ल्याएर कविता साहित्यमा महत्त्वपूर्ण स्थान प्राप्त गरेका छन् । २००६ साल सम्म प्राप्त हुने "नेपालको वेदना" २०११ सालमा आउँदा स्वयं लेखकसँग पाण्डुलिपि समेत नरहेको कुरा ढकालल व्यक्त गरेका छन् । उक्त मूल्यवान कृति कस्तो थियो भन्ने जिज्ञासालाई मेट्ने उद्देश्यले समालोचक ढकालले आफ्ना स्मरणमा रहेका केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

"हे मरा भाइ ! हे मेरा बहिनी ! हे मेरा साथी हो !

लौ घोरिएर विचार गर के हुन आँटियो ।

मदेश भोट पनौता खेत छाँगा र छहरा ।

मलिला बारी, हरिया घारी घँसिला चउर ।

गाई र बाखा लिएर डुल्दा के लाग्छ रहर ।

भोका र नाङ्गा रैतीको धारो विदेश लागेका ।

यस्तो देखेर पनि यी राणाशहीलाई नलाज लागेको ।

श्री धर्मभक्त, श्री शुक्तराज, श्री दशरथका ।

रक्तका थोपा शहस्र भई देखाऊ जागेका ।

श्री टंक आदि जेलमा जाकी के विऊ मासियो ।

यो कामबाट प्रजामा अझ अशान्ति मच्चियो ।

प्रजा र तन्त्र शासन विना दुःख नै पाइयो ।

लौ हामीलाई प्रजा र तन्त्र शासन चाहियो ।

मुडेर हुन्न, गिडेर हुन्न देशको सुधार ।

यी माथिका कवितांशमा राणाशासनको चित्र उतारेर अशिक्षित, भोका समाजलाई सजग सचेत गराउने उद्देश्य लिएर राणाको एकतन्त्री शासनको विरोध गर्दै, राणाको पञ्जबाट राष्ट्रिय मुक्तिका लागि बलिदान हुने बीर आत्माको सम्मान गर्दै देशमा मारकाट, द्वन्द्व, अशान्ति तथा नरसंहारले राज्यको दुष्परिणाम अशान्तिको संकेत हो भन्दछन् । भाषाशास्त्री तथा कवि महानन्दका "वेदना" लगायत थुप्रै काव्य कृति छन् । जसको आधारमा उनी नेपाली स्वच्छन्दवादका महान र अग्रज साहित्यकार हुन तर आजसम्म नेपाली साहित्यका आलोचकले महानन्द सापकोटाको बारेमा कलम चलाएका छैनन । साथै आवाज नउठनुको मुल कारण उनी राजधानी काठमाडौं भन्दा बाहिरका साहित्यकार भएर पनि हुन सक्छ । किनकी नेपाली साहित्यकारका आँखामा राजधानी मात्र अँटाको छ । नेपाली साहित्यको स्वच्छन्दतावादमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठको नाम आउँछ भने यसैको हाराहारीमा महानन्द सापकोटाको नाम आउनु पर्ने समालोचक ढकालको तर्क रहेको छ । आजीवन सामाजिक तथा भाषा साहित्यका क्षेत्रमा समर्पित महानन्द सापकोटानलाई मेची, कोशी अञ्चलका सबै साहित्यिक कार्यक्रममा भेट्न सकिन्थ्यो । उनका हर कदममा राष्ट्रवाद र स्वच्छन्दतावाद झल्कनुका साथै राष्ट्र र राष्ट्रियता उनको कवि रूप हो । यहाँ उनकै शब्दमा "अब सबै देवता माथि राष्ट्रिय देवताको उदर भएको छ । अथवा राष्ट्रको देव उत्पन्न भएको छन् । देश देशवासी र भाषाको समष्टि रूप भएको छ ।

वि.सं. २०१० सालमा करफोक इलामले नेपाली भाषा प्रचारक सङ्घको नेतृत्वमा विराह कवि गोष्ठिको आयोजना गरेको थियो । उक्त गाष्ठिमा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, बालकृष्ण सम., धरणिधर कोइराला जस्ता चर्चित साहित्यकारहरूको ठूलो जमघट थियो । त्यो भव्य सम्मेलनमा भाषाका विषयमा समयानुकुल महानन्द सापकोटाको ओजस्वी व्यक्तित्व र सृजनात्मक कार्यक्रमको बारेमा बौद्धिक जगतमा राष्ट्रको प्रशंसा भएको थियो । उक्त कवि गोष्ठि साँस्कृतिक आन्दोलन र राष्ट्रिय साहित्यमा विकाशको गति ल्याउन सक्ने बौद्धिक क्रान्ति सरह थियो । गोष्ठिमा स्थानीय देखि राष्ट्र स्तरका सबै लेखक साहित्यकार पत्रकार २०२५ साल फागुन ८, ९ र १० गते मेची अञ्चलको झापा शनिश्चरेमा नेपाली साहित्यिक कार्यक्रम भएको थियो । यस साहित्यिक कार्यक्रममा राष्ट्रिय स्तरका कवि साहित्यकारहरूको उपस्थिति थियो । कार्यक्रमको उद्घाटन उनै महानन्द सापकोटाबाट भएको थियो । त्यसबखत उहाँबाट भएको यथार्थवादी राष्ट्रवादी भाषण सुनेर सबै साहित्यप्रेमी प्रभावित बनेका थिए । वि.सं. २०३३ साल

जेष्ठमा झापा शनिश्चरेमा बृहत अध्यात्मिक सम्मेलनमा महानन्द सापकोटाले तीनदिन सम्म सहभागी भएर राष्ट्रहितका वाणी दिएर सबैलाई प्रभावित बनाएका थिए । उनले उक्त सम्मेलनमा मानवतावाद सम्बन्धी व्यवहार अभिव्यक्ति र उनको महायात्राका जीवनबाट सबै प्रभावित भएको थिए । यसरी राष्ट्र जनता र भाषा साहित्यको सेवा नै मानवतावादको मुल धर्म ठान्ने स्वच्छन्दतावादी विश्वका अन्य मुलुकमा दाँजिन सक्छ भन्ने विश्व व्यक्त गरेका थिए भनी समालोचक जयप्रसाद ढकालले आफ्नो मूल्यवान कृतिको संस्मरण भागमा गौरवताका साथ उल्लेख गरेका छन् ।

## ५.४.३ भीमनिधि : स्वर्णयुगका प्रतिनिधि साहित्यकार

साहित्यकार जयप्रसाद ढकालले साहित्यकार भीमनिधी तिवारीको संस्मरण गर्दै उनले साहित्य क्षेत्रमा पुऱ्याएको योगदानको विवेचना गरेका छन् । यस संस्मरण लेखको शीर्षक भीमनिधि स्वर्णयुगका प्रतिनिधि साहित्यकार राखिएकोले नेपाली साहित्य इतिहासको स्वर्णयुग भन्नाले वि.सं. १९६८ देखि २००७ साल सम्मको समय अवधिलाई संकेत गरिन्छ । भीमनिधि तिवारीको जन्म १९६८ मा भएको थियो । यस सयमभित्र थुप्रै साहित्यकारहरूका धेरै धेरै सृजनाहरू प्रकाशनमा आए जसको आँकडा गर्दा नेपाली साहित्यको इतिहासमा यति धेरै र बहुचर्चित साहित्य कृति र प्रतिभाका खानी भएको साहित्यकारहरू अहिलेसम्म देखापरेका छैन् । भीमनिधि तिवारी पनि यसै समयभित्रका साहित्यकार हुन् । भीमनिधि तिवारीको साहित्यिक कृतिबाट प्रभावित भएर समालोचक जयप्रसाद ढकाल साहित्यकार भीमनिधि तिवारीको निष्पक्ष रूपमा आलोचना हुन सकेको छैन भन्ने कुरा व्यक्त गर्दै उनीप्रति आलोचकहरूबाट उपेक्षित गरिएको भन्दछन् । तिवारीको नाट्य साहित्यको आलोचना अगाडि बढे पनि अरु कुनै साहित्यिक कृतिको सहि छानविन हुँदै नभएको कुरा समालोचकको कथन रहेको छ । साहित्यकार भीमनिधि तिवारी युगका शिकार हुँदा हुँदै पनि स्वर्ण युग निर्माणार्थ उनको योगदान महत्त्वपूर्ण रहेको छ । उनले सृजनाका गद्य पद्य दुवै क्षेत्रको साहित्यमा योगदान पुऱ्याएका छन् । उनले कथा, कविता, खण्डकाव्य, एकाङ्की, नाटक, गजल, निबन्ध, उपन्यास आदि साहित्यका सबै विधामा कलम चलाएका छन् । साथै निरङ्कुश राणाशासनमा राज्यबाट साहित्यकारप्रति भएको दमन अरु साहित्यकार झैं उनले पनि भोगेका हुन तर त्यसको मूल्याङ्कन हुन बाँकी नै छ । समालोचक जयप्रसाद ढकाल विद्यार्थी अवस्थामा दार्जिलिङ्मा अध्ययनरत रहँदा आफ्ना गुरु पारसमणि प्रधानबाट भीमनिधि तिवारीको साहित्य सृजनाका बारेमा सुन्दै आएको र उनीप्रति श्रद्धा भाव जाग्दै गएकाले उनको “भरिया र कान्य लुग लुग त्यो” शीर्षकका कविता आफ्ना मनमा अहिलेसम्म गाडेर रहेको र यसरी नै उनका रचनाबाट सबै पाठक समाज प्रभावित भएको कुरा समालोचक ढकाल गर्दछन् ।

भीमनिधि तिवारीको लेख, रचना तथा साहित्यिक कृति अध्ययन पश्चात् उनी स्वर्ण युगका ठूला कवि हुन भन्ने कुरा प्रमाणित हुन्छ । स्वर्ण युगभन्दा अगाडि काव्यको बोलबाल थियो तर भाषामा परिमार्जन थिएन । स्वर्ण युगमा कम आएर भाषा साहित्य तथा सृजनामा परिमार्जन र प्रतिद्वन्दीतापूर्ण हुँदै खारिदै आयो । लेखनाथ पौड्याल, बालकृष्ण सम., वी.पी. कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण

श्रेष्ठ, रुद्रराज पाण्डे र भीमनिधि तिवारी जस्ता बहुप्रतिभाशाली व्यक्तिका सृजनाद्वारा नै नेपाली साहित्य शिखरमा पुगेको थियो । यसै समयका यी साहित्कारका साथै भीमनिधि तिवारीको युग नेपाली साहित्य इतिहास ऋणि हुनाका साथै उनी पनि स्वर्ण युगका एक प्रतिनिधि साहित्यकार हुन भनी समालोचक जयप्रसाद ढकाल आफ्नो संस्मरणमा व्यक्त गर्दछन् ।

## ५.४.४ महिमायुक्त काशी र स्वर्गीय काशी बहादुर श्रेष्ठ

लेखक जयप्रसाद ढकालले विद्यार्थी अवस्थामा अध्ययन गरेको स्थल, धार्मिक, तिर्थास्थल, पूर्वीय संस्कृति परम्परा अनुसार शिक्षाको मुहान काशी तथा आफ्ना जीवनका प्रेरणादायी व्यक्तित्व स्वर्गीय काशीबहादुर श्रेष्ठको सम्झना गर्दै आफ्ना मन मस्तिष्कमा अविस्मरणीय रूपमा रहेको कुरा संस्मरण लेखमा उल्लेख गरेका छन् । समालोचक ढकाल आफ्नो माता पिताका साथमा सूर्य ग्रहणको मौका पारेर काँशी गएको र त्यहाँ नेपाली विद्यार्थीहरूको जमात देखेपछि साथै त्यहाँको शिक्षा ग्रहणको रमाईलो वातावरण पाएर त्यहीँ बसी आफ्नो अध्ययन अगाडि बढाएको र त्यहीँको विद्यार्थी जीवन नै आफ्नो भविष्यको आधार सृजनाको तथा जीवनको धार्मिक सामाजिक, राजनैतिक, लगायतका धेरै धेरै कुराका महत्त्वले काँशीको बसाई अविस्मरणीय भएर रहेको कुरा समालोचक ढकाल यहाँ उल्लेख गर्दछन् ।

सन् १९५३ मा काँशीकै बसाईका समयमा राष्ट्रका प्रसिद्ध इतिहासकार स्वर्गीय बालचन्द्र शर्मासँग छोटो समय भएपनि राम्रोसँग साहित्यिक छलफलबाट आफूले सृजना क्षेत्रमा प्रेरणा पाएकोले नै आफू सृजनाका क्षेत्रमा यति अगाडि आउन सफल भएकोले उहाँकै आदर्श, दूरदर्शी प्रभावले अगाडि बढ्ने प्रेरणा र हौसला पाएको हुँदा स्वर्गीय शर्माप्रति समालोचक ढकाल आदर सम्मान व्यक्त गर्दछन् । नेपालबाट काँशी पढ्न जाने नेपाली विद्यार्थीका लागि प्रेरणादायी स्थान काँशी बराबर अर्को नभएको कुरा उल्लेख गर्दै समालोचक ढकाल भन्नुहुन्छ । त्यहाँको राजनैतिक, सामाजिक परिवेश नेपालको भाग्य रेखा कोर्ने एक मुख्य आधार भएको यथार्थ इतिहास सबैका अगाडि स्पष्ट रहेको छ भन्ने कुरा उल्लेख गर्दै आदिकवि भानुभक्त, युवाकवि मोतीराम भट्ट, देवीप्रसाद सापकोटा आदि लगायतका नेपालका धेरै साहित्यकारहरू वनारसकै अध्ययनले अगाडि बढ्दै आएर साहित्य इतिहासको स्वच्छन्दवादको प्रारम्भ वनारसबाटै भएको हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले काँशीबाटै स्वच्छन्दवादको माध्यमद्वारा राणाशासनको विरोध र मातृभूमिको निम्ति स्वतन्त्रताको लागि योगदान दिएका थिए । नेपालको एकीकरणपूर्व पृथ्वीनारायण शाहले पनि काँशीबाटै एकीकरणको यात्रा प्रारम्भ गरेका थिए । नेपाली कांग्रेसको स्थापना काँशीबाट नै भएको थियो । नेपाल र नेपालीका निम्ति काँशीको पावन भूमि आदि कालदेखि नै शैक्षिक राजनैतिक, धार्मिक, सामाजिक, साँस्कृतिक तथा अन्य हरेक क्षेत्रमा उपयोगी बन्दै आएको कुरा समालोचक जयप्रसाद कढाल उल्लेख गर्दछन् । उनले अध्ययनका क्रममा वनारसमा बस्दा भाषाशास्त्री बालकृष्ण पोखेलसँग भेट भएको र आफू विद्यार्थी अवस्थामा रहँदा उहाँबाट धेरै कुरा सिक्न पाउनुका साथै साहित्यप्रति अभिरुची उहाँबाटै बढेको कुरा उल्लेख गर्दै समालोचक जयप्रसाद ढकाल आफ्नो काँशी बसाई र काँशीको महत्त्व अत्यन्त अविस्मरणीय रहेको कुरा व्यक्त गरेका छन् ।

वनारस बसाईकै क्रममा एक दिन बालकृष्ण पोखेल र समालोचक जयप्रसाद ढकालको वनारसबाट प्रकाशित हुने "उदय" का सम्पादक काशीबहादुर श्रेष्ठसँग भेट हुँदा बालकृष्ण पोखेलले परिचय गराएपछि आफ्नो बारम्बार काशीबहादुरसँग सम्पर्क बढ्दै गए । आफ्ना रचना पत्रिका मार्फत प्रकाशित गरिदिन आग्रह गरेको र उनैको पत्रिका उदयमा ढकालको समिक्षात्मक निबन्ध पहिलो पटक वि.सं. २०१३ सालमा प्रकाशित हुँदा उक्त प्रकाशनको खर्च र परिश्रम परेको हुँदा समालोचक ढकाल आफ्ना लागि त्यो समय र स्वर्गीय काशीबहादुरप्रति श्रद्धा व्यक्त गर्दै उनको आत्माले चिरशान्ति पाओस् भन्ने कामना गर्दै आफ्नो अविस्मरणीय संस्मरण टुङ्ग्याउछन् ।

### ५.४.५ नामसालिङ्ग : वर्णकालदेखि स्वर्णजयन्तीसम्म

ढकालले लेखमा आफ्नो अत्यन्त प्रिय जन्मभूमि नामसालिङ्ग तथा त्यस समयमा त्यहाँको शैक्षिक अवस्थाका बारेमा आफ्नो संस्मरणमा परेका कुरा व्यक्त गरेका छन् । वि.सं. १९९५ मा साउँअक्षर सिक्दासम्म इलाम जिल्लाको नामसालिङ्गमा कुनै विद्यालय थिएनन् । त्यस समयमा नेपालमा राणाका स्वीकृतिले काठमाडौँमा खुलेका २/४ वटा बाहेक कतै विद्यालय थिएनन् । त्यतिखेरको समयमा समाजमा उच्चवर्ग मानिने ब्राह्मण तथा सम्पन्न परिवारमा धार्मिक ग्रन्थ रामायण, महाभारत जस्ता धार्मिक ग्रन्थ तथा श्लोकका पुस्तक वाचन गर्ने चलन थियो नत्र नेपालका सम्पूर्ण ठाउँ शिक्षाका निम्ति अन्धकारमय थियो । राणाहरूले देश र जनतलाई आफ्नो इच्छा अनुसार एक बन्दीका रूपमा राखेर देशको ढुकुटी आफ्नो निजी थैली बनाएका थिए । छिमेकी राष्ट्र भारतसँग सिमाना जोडिएका सिमित ठाउँको जनता भने भारतको शिक्षाको प्रभावबाट लभान्वित हुँदै गरेको अवस्था थियो । आफ्नो देशमा शिक्षाका निम्ति कुनै व्यवस्था नभएको कारणले घरकमो आर्थिक अवस्था राम्रो भएको तथा सचेत नागरिकहरूले आफ्ना सन्तानलाई भारतका दार्जिलिङ्ग, वनारस, काँशी जस्ता ठाउँमा लगेर शिक्षा हाँसिल गर्ने गरेको इतिहास छ भने वर्तमान अवस्थामा पनि नेपालको कतिपय आन्तरिक कारणले गर्दा भारतको दार्जिलिङ् लगायतका अन्य ठाउँमा पढाउने चलन यथावत छ ।

समालोचक ढकाल पाँच वर्षको हुँदा उनका पिताजीले खरीपाटीमा चन्दन, अक्षता, फूल छर्केर गणेश र सरस्वतीको पूजा गरी अक्षराम्भ गरेको स्मरण गर्दै, त्यसवेला नामसालिङ्गमा कतै पनि विद्यालय नभएकोले घरमा एक जना शर्मानन्द निरौलालाई बोलाएर पढाउन लगाएको थियो । समालोचक जयप्रसाद ढकाल र उनका भाइ डा. गुरुप्रसाद ढकाललाई वाल्यकालमा व्रतबन्धको समयमा मन्त्र सुनाउने गुरु पनि हुन् । वि.सं. १९९५ मा नामसालिङ्गको होटेडाँडा भन्ने ठाउँमा देवीको मन्दिर नजिकै सानो खरले छापेर वरिपरिबाट तितेपाती र स्याउलाले बारेको झुप्रो समालोचक प्रथम विद्यालय भएको र त्यहीबाट आफूले ठूला बर्णमाला अध्ययन शुरु गरेको अक्षराम्भ गर्ने एक मात्र विद्यालयका रूपमा रहेको थियो । त्यही सानो झुप्रामा ढकाललाई गुरु नरनाथ निरौलाले ठूलो वर्णमाला सिकाउनु हुन्थ्यो र त्यो झुप्रो नै शिक्षा आरम्भ स्थलका रूपमा रहेको थियो । त्यस समयमा छिमेकी राज्य भारतमा अंग्रेजका प्रभाव प्रशस्त अङ्ग्रेजीमाध्यममा विद्यालयहरू रहेका थिए । दार्जिलिङ्को अङ्ग्रेजीशिक्षाको प्रभाव इलाम जिल्लाका सिमाना

जोडिएका स्थान लगायत नामसालिङ्गमा पर्नु स्वाभाविक मान्नु हुन्छ। समालोचक ढकाल अर्को तर्फ इलाम जिल्लाको सदरमुकाम जाने मूलबाटो पनि नामसालिङ्ग भएर जाने हुँदा त्यहाँबाट ओहोर दोहोर गर्ने यात्रीबाट पनि नामसालिङ्ग सुसुचित हुँदै गएको थियो। ढकालका पिता लप्टन अविवनारायण ढकाल पनि शिक्षाकै प्रभावमा भारतका विभिन्न ठाउँको भ्रमण गरेर शिक्षाको महत्त्व बुझेकाले सन् २०३० भन्दा अगाडि नै आफ्ना छोराहरूलाई दार्जिलिङ्गबाट म्याट्रिक पास गराई उच्च शिक्षाका लागि छोरा धर्मप्रसादलाई कलकत्ता पठाएको कुरा ढकालले उल्लेख गरेको छन्। ढकाल आफ्ना पिता लप्टन अविनारायण ढकालको तुलना मा युवाकवि मोतीराम भट्टसँग गर्दै मोतीराम भट्टभन्दा छ वर्ष अगाडि नै उनका पितामा आएको स्मरण गर्दै यो नेपाली शिक्षाका लागि ऐतिहासिक कदम मान्नुपर्छ भन्दछन्।

वि.सं. २००० सालमा समालोचकका दाजु धर्मप्रसादले दार्जिलिङ्गबाट अङ्ग्रेजीशिक्षा पढाउन भनी संकर राईलाई गाउँमा ल्याएर अङ्ग्रेजीसिकाउन शुरु गरेको कुरा ढकाल उल्लेख गर्दछन्। त्यसपछि बिस्तारैबिस्तारैत्यहाँका जनता शिक्षाप्रति सचेत बन्दै जान थाले स्कूलहरू पनि धमाधम खुल्न थाले। यसै परिप्रेक्षमा राणाशासनको स्थितिसँग जुधेर पनि २००७ साल पूर्व धर्मप्रसाद ढकालले राजधानीबाट नामसालिङ्ग मिडिल स्कूलको स्वीकृति लिएर आएपछि उपयुक्त साधनको छनौटगर्दा अहिले नामसालिङ्ग माध्यमिक विद्यालयको नामबाट प्रख्यात छ। त्यसमा त्यहाँका सबै बासीले आफ्नो क्षमता अनुसारको सहयोग गरेर शिक्षालाई जोडतोडले अगाडि बढाउने प्रयास गरिनै रहे पनि उक्त विद्यालयले मा.वि.को स्वीकृति पाउन सकिरहेको थिएन र एक जना पनि प्र.अ. हुने योग्यता भएको शिक्षक नभएको कारण समालोचक आफै प्र.अ. भएर मा.वि.को स्वीकृति लिन सफल भएका थिए। त्यसपछि आफूले कुनै पनि पारिश्रमिक नलिइई आर्थिक, सामाजिक, बौद्धिक रूपमा सहयोग गर्दै आएको तर त्यही आफूले स्वीकृति दिई प्रथम प्र.अ. भएर चलाएको विद्यालयको स्वर्ण जयन्तीमा समालोचक आफै उपस्थित हुन नसकेकोमा पछुतो मान्दै उक्त स्वर्ण जयन्तीको प्रशंसा गरेका छन्। उक्त स्वर्ण जयन्ती समारोह आयोजक समितिको कार्यक्रममा आफू जान नसकेकोमा दुःख मान्दै आफ्नो जन्मभूमि नामसालिङ्ग वर्णमालादेखि स्वर्ण जयन्तीसम्मको शीर्षक राखेर आफ्नो संस्मरण व्यक्त गर्दै समालोचक जयप्रसाद ढकाल संस्मरण पुरा गर्दछन्।

## ५.परिशिष्ट

### ५.५ विविध विषयसाग सम्बन्धित

#### ५.५.१. परिशिष्ट शनिश्चरे प्रकाशन विमोचन समारोह

लेखक तथा समालोचक जयप्रसाद कढालले २०५५ साल असोज ७ गते अतिथि सदन विर्तामोड झापामा शनिश्चरे प्रकाशनले विमोचन समारोहको आयोजना गरेको थियोउ। उक्त विमोचन समारोहको कार्यक्रम तथा त्यस कार्यक्रमप्रति असन्तुष्टि व्यक्त गर्ने समूहले प्रकाशन र आयोजक समितिमाथि लगाइएको आक्षेप र आलोचनामा सत्यता र निराधार रहेको स्पष्ट पार्ने कोशिस गरेका छन्।

यस प्रकाशनका तत्कालिन अध्यक्ष जयप्रसाद ढकालको अध्यक्षतामा विमोचन समारोह भएको थियो भने विमोचन समारोहको प्रमुख अतिथिमा वैरागी काइला हुनुहुन्थ्यो । उक्त विमोचन समारोहमा दुईवटा कृतिको विमोचन भएको थियो । ती कृतिहरू क्रमशः झापाली कविता र मेची दर्पण प्रकाशमा आए भने ती कृतिसँगै अनौपचारिक रूपमा अन्य तीनवटा कृतिहरू महानन्द स्मृति प्रतिष्ठानको "देवन्छाप", जयप्रसाद आचार्यको "राजन" (शोककाव्य) र डम्बर बस्नेतको "भताभङ्ग" (हास्यव्यङ्ग्य) रहेका थिए । यस शनिश्चरे प्रकाशनको विमोचन समारोहले झापा जिल्लाको साहित्यलाई निकै हलचल ल्यायो । यस विमोचन समारोहका सकरात्मका र नकरात्मक दुवै पक्ष अगाडि आए पनि समालोचक ढकाल शनिश्चरे प्रकाशन शुद्ध एक साहित्यिक संस्था हो भन्ने तर्क प्रस्तुत सधै आफ्नो जिल्लाका रचनात्मक कृति र राष्ट्रका यथार्थवादी रचनालाई महत्त्व दिदै आएको छ । समय लक्ष्य अनुरूप अगाडि बढ्दै आइरहेको र देखा परेका समस्या पनि निराकरण हुँदै जाने कुराको अध्यक्ष ढकाल प्रतिबद्धता जनाउछन् ।

मेची दपर्ण प्रकाशनका लागि समालोचक जयप्रसाद ढकाल, देवी पन्थी र कृष्ण धारावासीका सल्लाह अनुसार शनिश्चरे प्रकाशनले विमोचन गर्ने कार्यक्रम राखेको हो । यो कार्यक्रम राम्ररी सम्पन्न भएको थियो तर केही पत्रकारले यस कार्यक्रमबाट असन्तुष्ट व्यक्त गर्दै विभिन्न आरोप लगाएका छन् । आयोजक समितिमाथि लगाइएको आरोप गलत हो । यस गलत आरोपप्रति समालोचक ढकाल आफ्ना तर्क अगाडि सार्दै गलत आरोपको खण्डन गर्दै भद्रपुर र चन्द्रगडीका केही पत्रकारले शनिश्चरे प्रकाशनको कार्यक्रमप्रति लगाएको आरोप अनावश्यक र भ्रमक हो भनी विश्वास गराउन चाहानु हुन्छ । चुडामणी रेग्मी लागायतका केही लेखक तथा साहित्यकारहरूले ईर्ष्या र डाहाको चक्करमा छट्पटिएर आरोप लगाएका छन् भन्दै आफ्नो नयाँ सोचका साथ अगाडि बढ्न आग्रह गर्दै अरुको पछि नलागी एक दृष्टि अगाडि बढ्नु उचित हुन्छ । यसरी आफूलाई विचार नरी गलत र भ्रममा पर्दै गए भोलिका आउने युवा पिढींले स्वीकार्ने छैनन् । लेखक तथा साहित्यकारले पुरानो सोंचले अगाडि बढ्न सकिदैन । त्यसैले जनता तथा पाठक आफै सचेत तथा सतर्क छन सही र गलत आफै छुट्याउन सक्छन् भन्दै समालोचक ढकालले आफ्नो यो संस्मरणात्मक लेखमा उल्लेख गरेका छन् ।

## ५.५.२. नरहरि यतिको जापान यात्रा

लेखक तथा समालोचक जयप्रसादले यतिको जापान भ्रमणमा दृष्यावलोकन तथा अनुभव गरेका कुराहरूलाई यात्रा साहित्यका रूपमा "जापान शब्द चित्रम" शीर्षक राखेर आफ्नो यात्रा वृतान्त प्रकाशनमा ल्याएका छन् । उक्त यात्रा वृत्तान्त नरहरि यतिले संस्कृत भाषामा तयार गर्नु भएको छ । "जापान शब्द चित्रम" लाई साहित्यकार रोहिणीविलास लुइटेलले नेपाली भाषामा अनुवाद गर्नु भएको थियो । सो कृतिको विमोचनका साथै योगी नरहरिनाथको अभिनन्दन तथा सम्मान गर्न अन्तर्राष्ट्रिय प्रज्ञा पुरस्कार गुठीद्वारा कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सम्मान कार्यक्रममा समालोचक ढकाललाई लिखित वक्तव्यमा निजी विचारहरू प्रस्तुत गरेको कुरा ढकालले उल्लेख गरेका छन् । उनको वक्तव्यमा "जन्मभूमिका" का निम्ति योग दिदै आएका राष्ट्रका महान धुमक्कड पुरातत्वविद इतिहासकारविद, कविको

यो अनुपम अभिनन्दन राज्यका निम्ति उदाहरण बन्ने छ । नेपालका महान धुमक्कड नरहरि यतिका अनुभवी र उपयोगी यात्रा सहि साहित्यले सृनजाका क्षेत्रमा सगर्व इतिहास निर्माणार्थ प्रशंसनीय पाइलो चालेको छ ।

यस यात्रा निबन्धमा आधुनिक जापानमा बैज्ञानिक युगले ल्याएको आर्थिक, सामाजिक, राजनैतिक, धार्मिक तथा साँस्कृतिक जीवन तथा त्यहाँ ईश्वरीय प्रदान प्राकृतिक सौन्दर्य, एवं आधुनिक वैज्ञानिक शक्तिसँगको परिचय नै यस "जापान शब्द चित्रम" को मुख्य उद्देश्य रहेको छ भने यस यात्रा निबन्धबाट नेपाली नागरिकलाई जापानको वैज्ञानिक विकास आफ्नो परम्परा र साँस्कृतिको पहिचान जन्मभूमिप्रतिको कर्तव्य तथा मेहनती दूरदर्शीतासँग परिचित हुन सजिलो हुनेछ । वैज्ञानिक प्रविधिले महत्त्व पाएको जापानमा भूकम्पको असर नपर्ने गरेर निर्माण गरिएको गगनचुम्बि घरहरू यातायातको निम्ति पंक्षीको बथानका उडान जस्ता हवाईसेवा लाइन तानेका जस्ता स्थलका राजमार्ग व्यवस्थित जल यातायात साथै वैज्ञानिक महत्त्वका रूपमा रहेका हरेक कुरालाई उच्च प्राथमिकताका साथ सजिसजाउ गरिएको प्रकृतिबाट प्राप्त हरेक प्रकारका सौन्दर्यलाई पूर्ण रूपमा उपयोग गरिएको हुनाले नै होला संसारका पर्यटकहरूका लागि जापान आकर्षकको केन्द्र बिन्दु बन्न सफल भएको छ । जापान पुगे हरेक व्यक्तिलाई त्यहाँको मनोहारी दृष्यले औधि नै प्रभावित बनाउँछ । मानौ जापानका प्रत्येक, मानव, जीवजन्तु, पशुपंक्षी, सम्पूर्ण सुख, शान्ति, हर्ष र उत्साहमा मग्न छन र त्यो चिन्ता, दुःख कष्टवीहिन आनन्दमा रहेको जापानी जीवन अद्भूत विकास निर्माणमा सधै सचेतताका साथ अघि बढिरहेको छ । आधुनिक शिक्षाले निपूर्ण र सक्रिय जापानी जनजीवन शिष्ट र गुणै गुणले युक्त रहेको छ । जापान स्वास्थ्य, सवल, अर्थवान, अति आधुनिक रूपमा अगाडि बढ्दै गरेको हुनाका साथै त्यहाँका राष्ट्रप्रेमी जनता जन्मभूमिप्रति मरिमेट्छन् । ती परिश्रमी र देशभक्त जनताका बलमा जापान गौरव गर्दछ । त्यहाँका प्राकृतिक सम्पादनलाई पूर्ण रूपमा उपयोगमा ल्याएको यो राष्ट्र आत्मनिर्भर रहेको छ । यहाँका जनताका मनोभाव तथा धैर्य परिश्रमका साथै उद्धार भावना भएका जापानी जनताहरू संसारकै निम्ति अनुकरणीय रहेका छन् । यहाँका जनता स्वतन्त्र रूपमा एक अर्काप्रति ठूलो र सानो जातजातिको भेद्भाव नरहेको सबै समान रहेका र मानव अधिकारको पूर्ण ज्ञान भएको जनता राष्ट्र उन्नतिमा हरदम तत्पर विश्ववजारमा देखिएको आधुनिक प्रविधिको ज्ञानबाट पूर्णरूपमा परिचित भएर अग्र स्थानमा आइरहेका छन् भने उनीहरूको मङ्गलमय जीवन अति नै लोभलाग्दो र आकर्षक छ । यो राष्ट्र वैदेशिक हस्तक्षेप तथा एकअर्काका छिमेकी राष्ट्रका आरोपप्रत्यारोपबाट पनि पूर्ण रूपमा मुक्त रहेको छ । यहाँका जनता पौरखी, साक्षर, समाजमा अन्य वस्त्र तथा वासको कमि छैन । बाबु, आमा, गुरु, देवता, श्रद्धा भक्ति गर्ने परम्परा र संस्कार उनीहरूको वंशाणुगत गुण नै रहेको छ ।

जापान कला सीपमा निपूर्ण र विकशित जातिको एक्य भावमा प्राप्त देशको सम्पूर्ण जनशक्ति देश निर्माणमा जुटेको छ । आफ्नै राष्ट्रिय भाषा, राष्ट्रिय पोशाक, राष्ट्रिय आभूषण र राष्ट्रिय भावनामा जापानी जीवन धेरै अगाडि रहेको छ । आफ्नो प्रथा परम्परा तथा कला संस्कृतिको सधैं ख्याल राख्ने जापानी संस्कार संसारकै लागि उदाहरणीय रहेको छ । बुद्ध धर्ममा विश्वास राख्ने जनता अरुको मान सम्मान र सत्कारमा

सधै तत्पर रहेर कहि कतै असन्तोष रहन नदिने यतिको सचेत रहेका कुरा योगी नरहरि यतिको जापान यात्रा वृत्तान्तमा रहेको छ भनी समालोचक जयप्रसाद ढकालले आफ्नो कृतिमा उल्लेख गरेका छन् ।

### ५.५.३ समकालीन साहित्य हेर्दा

समालोचक जयप्रसाद ढकालको समालोचनात्मक कृतिमा "समकालीन साहित्य हेर्दा" शीर्षकमा आलोचना प्रकाशित भएको छ । यस आलोचनामा ढकालले गोरखा पत्र संस्थानद्वारा प्रकाशित हुने **गरिमा** पत्रिकाका सम्पादकको साप्ताहिक समकालीन पत्रिका मार्फत प्रकाशित भएको हो । यस आलोचना अनुसार केही समय अगाडि गरिमा पत्रिकाले राष्ट्रका लेखक साहित्यकारहरूसँग आफूसँग भएका र आफूलाई राम्रो लागेका लेख रचना पठाइदिन आग्रह गरेको हुनाले ढकालले पनि आफ्नो लेख पनि प्रकाशनार्थ पठाउनु भएको रहेछ तर आफूले पठाएको रचनाको प्रकाशन नभएपछि त्यहाँ सम्पादकलाई सम्पर्क गर्दा प्रकाशन गरिदिन आस्वासन दिने र प्रकाशन गरिदिने गर्दा गर्दै प्रधानसम्पादक नै परिवर्तन भएको र नवनियुक्त सम्पादकले पनि प्रकाशन तर्फ ध्यान नदिएको गुनासो पोख्दै गोरखापत्र संस्थान अन्तर्गत प्रकाशित हुने गरिमाले राजधानीमा बसोबास गर्ने लेखक साहित्यकारका लेख रचनाहरूलाई प्राथमिकता दिने तर राजधानी बाहिरबाट आउने लेख रचना तर्फ ध्यान नदिन र प्राथमिकतामा नपर्ने प्रवृत्तिको विरोध गर्नुपर्छ यो प्रवृत्तिलाई हटाउनुपर्छ । साहित्य भनेको राज्य भरि जहाँबाट आएपनि सबैलाई समान रूपमा हेर्ने र प्रकाशन गर्नुपर्छ । साहित्यकार राज्यको जुनसुकै कुनामा बसेर साहित्य सिर्जना गरेपनि साहित्य राज्यको सम्पत्ति हो । भौगोलिक रूपमा छुट्याउन हुँदैन । लेखरचना पठाइदिन आग्रह गरेपछि सबैलाई प्राथमिकता दिनुपर्छ । राजनीतिका लेखक, साहित्यकार तथा सिर्जनालाई मात्र प्राथमिकता दिनुपर्छ भन्दै समालोचक ढकालले यो आलोचना मार्फत आफ्नो गुनासो पोखेका छन् ।

### ५.५.४ लेखक परिचय

आधुनिक नेपाली आलोचना २०५७ को अन्तिममा लेखक परिचय शीर्षकमा रविमान लमजेलले समालोचक जयप्रसाद ढकालको परिचय प्रस्तुत गर्नु भएको छ । यस लेखमा लमजेलले ढकालको वाल्यकाल, शिक्षाहरू तथा साहित्यकारिताको बारेमा विवरण प्रस्तुत गर्नु भएको छ । समालोचक ढकालको सबै किसिमका परिचय तथा सबै विवरण माथि नै चर्चा भइसकेको हुनाले यहाँ पुनः चर्चा गर्नु पर्ने आवश्यकता नदेखिएकाले यतिमा समाप्त गर्ने काम गरिएको छ ।

## अध्याय छ

### ६. आधुनिक नेपाली पत्रजगत् समीक्षा

समालोचक जयप्रसाद ढकालको तेस्रो साहित्यिक कृति "आधुनिक नेपाली पत्र जगत" शीर्षकको पुस्तक २०५९ सालमा प्रकाशित भएको छ । यो पुस्तक आकारमा सानो भए पनि नेपाली पत्रकारिताको इतिहास खोज्न अनुसन्धान गर्न तथा शोधार्थीहरूका निम्ति उपयोगी सावित भएको छ । यस पुस्तकमा जम्मा चारवटा अध्याय रहेका छन् ।

यस पुस्तकको पहिलो अध्यायमा आधुनिक नेपाली पत्रजगत रहेको छ । यस अध्यायमा नेपाली पत्रकारिता इतिहासको परिचय दिदै यसको आरम्भ र त्यसपछिको विकासलाई चार चरणमा विभाजन गरेर नेपाली पत्रकारिताको इतिहासलाई स्पष्ट पारिएको छ । यी चरणहरू निम्न प्रकारका छन् :

१. राणाकालीन नेपाली पत्रकारिता

२. २००७ को क्रान्ति पश्चात् २०१७ सम्मको पत्रकारिता

३. पञ्चायतकालीन पत्रकारिता

४. २०४६ साल पश्चात् अथवा बहुदलीय युगको नेपाली पत्रकारिता

यी चार चरणमा विभाजन गरेर समालोचक ढकालले नेपाली पत्रकारिताको इतिहासमा राणाशासन कालमा नेपाली पत्रकारिताको स्थिति त्यस वेला नेपालभित्र र नेपाल बाहिर अर्थात् भारतका विभिन्न ठाउँमा बस्ने नेपाली साहित्यकार पाठक तथा विद्यार्थीहरूले नेपाली पत्रकारितामा पुऱ्याएका सहयोग पत्रपत्रिकाका चर्चा गरिएको छ । नेपाली पत्रकारिताको दोस्रो चरणमा नेपालमा बहुदलीय व्यवस्था आरम्भ भएपछि अर्थात् २००७ सालदेखि २०१७ साल सम्मको अवधिमा नेपाली पत्रकारिताले पाएको स्वतन्त्रता विकासको चर्चा रहेको छ । तेस्रो चरणमा २०१७ सालमा पञ्चायती व्यवस्था लागु भएपछि नेपाली पत्रपत्रिकामा लागेका वन्देज र सेन्सरका परिधिमा रहेर विकसित भएका अवस्था तथा पत्रपत्रिकाले व्यहोर्नु परेका कठिनाइका बारेमा चर्चा रहेको छ भने चौथो चरण अर्थात वि.सं. २०४६ साल बहुदलीय व्यवस्थाको पुनरागमन पछि नेपाली पत्रकारिता जगत्मा आएको स्वतन्त्रता विकास उपलब्धि तथा पत्रकारिता जगत्ले भोग्नु परेका समस्याका बारेमा चर्चा गरिएको छ ।

यस पुस्तकको दोस्रो अध्ययनमा मेची अञ्चल संक्षिप्त परिचय र पत्रकारिता रहेको छ । यसमा मेची अञ्चलका चारवटा जिल्ला ताप्लेजुङ्ग पाँचथर, इलाम र झापाको सीमाना, भौगोलिक अवस्था शिक्षा स्वास्थ्य, विकास तथा पत्रकारिताको सम्बन्धमा भएका विकास सरकारबाट भएको सहयोग तथा भोगिरहेका

समस्याका बारेमा चर्चा गरिएको छ भने भविष्यमा आशा गर्न सकिने कुरालाई समेत ढकालले उल्लेख गरेका छन् ।

आधुनिक नेपाली पत्रजगतको तेस्रो अध्यायमा "नयाँ कामना साप्ताहिक पत्रिकाको संक्षिप्त चर्चा गरेका छन् । "नयाँ कामना साप्ताहिक" वि.सं. २०४७ साल भदौ १८ गते देखि प्रकाशन सुरु गरेर हालसम्म लगातार रूपमा प्रकाशित भइरहेको कुरा समालोचक ढकालले उल्लेख गरेका छन् । यस साप्ताहिकले विशेष गरेर देश र जनताको अवस्थालाई नजिकबाट नियालेर सरकार तथा राजनीतिक पार्टीका काम कर्तव्य तथा दिशानिर्देशकका रूपमा काम  गर्दै मुलुक तथा राष्ट्रका सामुन्नेमा देखापरेका चुनौतिका सन्दर्भमा कलम चलाउने काम गरेको छ भन्दै ढकालले नयाँ कामना साप्ताहिकका सम्पादकको प्रशंसा गर्नु भएको छ ।

आधुनिक नेपाली पत्र जगतको चौथो अध्यायमा रहेको परिशिष्ट अन्तर्गत पाँचवटा उपशीर्षक रहेका छन् । जसमा पहिलो उपशीर्षक **गोर्खे खवर कागतमा** नेपाली पत्रकारिताको आरम्भमा नेपाली पत्रकारिताको आरम्भमा नेपाल भन्दा बाहिरबाट अर्थात विदेशवाट नेपाली भाषामा प्रकाशित प्रथम नेपाली पत्रिका सन्  १९०१ देखि १९३० सम्म दार्जिलिङ्गबाट प्रकाशित भएको थियो । यो पत्रिका पादरी गङ्गाप्रसाद प्रधानले प्रकाशन गर्नुभएको थियो । (हीरा क्षेत्री, भारतेली नेपाली पत्रपत्रिकाको शताब्दी, १८८७-१९८६) ।

परिशिष्ट दुईको उपशीर्षकमा नेपालका पाँचै विकास क्षेत्रमा पर्ने जिल्लाहरूको जनसंख्या तथा क्षेत्रफलको विवरण दिइएको छ । यसमा क्षेत्रफलका आधारमा सना ठूला जिल्लाको विवरण दिइएको छ  ( केन्द्रीय तथ्याङ्क विभाग) परिशिष्टको उपशीर्षक तीनमा नेपालका १४ अञ्चलका ७५ जिल्लाहरूको नाम र तिनका सदरमुकामको विवरण दिइएको छ । परिशिष्टको चौथो उपशीर्षकमा नेपालका पाँचै विकास क्षेत्रका टेलिफोन लाईन सम्बन्धी आर्थिक वर्ष २०५७-२०५८ सम्मको टेलिफोन लाईन र क्षमताको तथ्याङ्क प्रस्तुत रहेको छ । परिशिष्टको पाँचौ उपशीर्षकमा वि.सं. २०५७-२०५८ सम्म देशभर दर्ता भएका पत्र पत्रिकाका बारेमा छोटो चर्चा गरिएको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५८/५९) । आधुनिक नेपाली पत्रजतको अन्त्यमा सुरेन्द्र के.सी.ले समालोचक जयप्रसाद ढकालले नेपाली पत्र जगतको इतिहास देखि वर्तमान सम्मको अवस्थामा उल्लेख गर्दै देशको जिल्ला जिल्लासम्म पुगेर संकलन गरेको विवरणलाई मध्यनजर गर्दै यो असाध्यै पुनित कार्य हो भनी लेखकको यसैमा अभिनन्दन गर्दछु भनेका छन् । प्रस्तुत शोकार्यको शीर्षक समालोचक **जयप्रसाद ढकाल र उनका समालोचनाको अध्ययन** रहेकाले यो आधुनिक नेपाली पत्रजगत शोधकार्यको विषय भन्दा बाहिर पर्ने भएकाले यसलाई संक्षिप्त रूपमा मात्र उल्लेख गरिएको छ ।

**उपसंहार**

समालोचक जयप्रसाद ढकालको जन्म पिता लप्टन अविनारायण ढकाल र माता मदनकुमारी ढकालको कोखबाट वि.सं. १९९० सालमा असोज १४ गते इलाम जिल्लाको नामसालिङ्ग गा.वि.स.मा भएको थियो । ढकालका पिता स्व् अविनारायण ढकाल राणाकालीन समयमा उच्च ओहोदाका सरकारी जागिरे (लप्टन) थिए भने पुर्ख्यौली सम्पत्ति पनि प्रशस्त भएका कारण उहाँको बाल्यकाल सुखमय बितेको जानकारी पाइएको छ । आर्थिक रूपमा सम्पन्न ढकाल परिवार शिक्षा क्षेत्रमा पनि ढकालका पिता सचेत हुनाका साथै आफू शिक्षित भएर देश विदेश भ्रमण गरी आफ्ना छोराछोरीलाई आधुनिक शिक्षा दीक्षा दिएको पाइन्छ । ढकाल परिवार सम्पन्न तथा शिक्षित भएका करण नेपालमा निरङ्कुश राणाशासन कालमा स्कूल कलेज केही नभएका कारण धेरैमा शिक्षक राखेर अक्षराम्भ भएको बुझिन्छ । त्यसपछि गाउँमा सबै मिलेर गाउँकै (दवीयान) देवीको मन्दिर नजिकै खरले छाए र स्याउलाले बारेर स्कुलको स्थापना गरेर त्यही गाउँकै एक शिक्षकले गाउँका केटाकेटीलाई शिक्षा  दिने क्रममा ढकालले पनि केही समय गाउँमा स्थापना भएको पहिलो स्कुलमा विद्या आर्जन गरेको जानकारी प्राप्त छ घर गाउँमै अक्षराम्भ पछि वि.सं. २००३ सालदेखि दार्जलिङ्गको गर्भर्नमेन्ट हाइस्कुलमा ढकालको शिक्षा आरम्भ भयो । दार्जिलिङ्मा छात्रावासमा बसेर अध्ययन आरम्भ गरेपनि त्यहाँको पढाइलाई निरन्तरता दिन नसकेर विद्यालय स्तरको शिक्षा पनि दार्जिलिङ् कहिले इलाम र कहिले बनारस गर्दै स्थानतरण गरेका कारणका साथै उरन्ठेउलो उमेर पनि भएकाले पढाइमा एकाग्रता नपुगी म्याट्रिकको परीक्षामा उक पटक असफल भोगेको जानकारी भएको छ । दोस्रो पल्टमा ढकालले बनारसको हिन्दू विश्वविद्यालयबाट माध्यमिक तह उत्तीर्ण गरेर कलेज स्तरको पढाई पनि सोही विश्वविद्यालयमा सुरु गरेको थाहा हुनछ । त्यतिबेला नेपालमा कलेजस्थापना भइ पढाइ सञ्चालन हुन थालेकाले ढकाल नेपालको राजधानी आएर काठमाडौँको नेशनल कलेजमा भर्ना भएर आइ. ए. दोस्रो वर्षदेखिको पढाइ शुरु गरी त्यही कलेजबाट स्नातक तहसम्मको पढाइ पूरा गरी स्नातकोत्तर तहको पढाइका लागि त्रिभूवन विश्वविद्यालय कीर्तिपुरमा राजनीतिकशास्त्र संकायमा भर्ना गरेर अध्ययन आरम्भ गरे पनि आफ्नो व्यवहारिक कारणले पढाइलाई बीचैमा छोडेर घर व्यवहार तर्फ लागेको जानकारी हुन्छ । उहाँले पुनः अध्ययनलाई निरन्तर्ता दिन नसकेकाले स्नातकोत्तरको अध्ययन पूरा हुन नसकेको बुझिन्छ ।

समालोचक जयप्रसाद ढकालको पारिवारिक जीनव सामान्य नै देखिन्छ । ढकाल परिवार शिक्षित कलाएको थियो नै समालोचक ढालले पनि आफ्ना छोराछोरीलाइ आधुनिक शिक्षा दिन सकेकोमा आफैमा गौरव गर्नुहुन्छ । उहाँले आफू बनरसमा अध्ययन गर्दादेखि नै अर्थात विद्यार्थी जीवनदेखि नै प्रगतिवादि समालोचक डी.पी. अधिकारीको संगतमा राजनीतिकजीवन सुरु गरेको थाहा हुन्छ । त्यसबेला ढकालले आफ्नी बहिनीलाई लेखेको चिठी हेर्दा उहाले आफूमा भएको प्रगतिवादी धारणा स्पष्ट रूपमा व्यक्त गरेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै मार्क्सवादी कम्युनिष्ट पार्टीको गतिविधिमा लागेको ले पनि उहाँको अध्ययनमा बाधा पुगेको देखिए पनि मार्क्सवादी चिन्तनले यिनको राजनीतिकव्यक्तित्व निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । ढकाल आफ्नो विद्यार्थी जीवनमा विभिन्न किसिमका

राजनीतिकगतिविधि तथा नेपालमा प्रजातन्त्रको स्थापनाका निम्ति सक्रिय भएर लागेको देखिन्छ । वि.सं. २०१४ सालमा प्रजातान्त्रिक मोर्चाले आह्वान् गरेको भद्रअवज्ञा आन्दोलनमा ढकाल उपत्यका इन्टर कलेज युनियनका कार्यवाहक सभापतिका हैसियतले विद्यार्थीहरूको ठूलो संख्यालाई नेतृत्वमा लिएर प्रत्यक्ष रूपमा भद्रअवज्ञा आन्दोलनमा सहभागी भएको पाइन्छ । वि.सं. २०१५ साल यता बिस्तारै बिस्तारै राजनीतिक गतिविधिमा कम हुँदै आएको देखिन्छ र राजनीतिक सक्रियतालाई त्याग्दै साहित्यको फाँटतिर सिर्जना तथा समालोचनातर्फ आक्रिष्ट हुँदै आएको पाइन्छ । यस पछिका दिनहरूमा उनको राजनीतिकगौण बन्दै गएर साहित्यतर्फ नै देखा पर्न थालेको पाइन्छ । समालोचक ढकालका  सिर्जनाहरूमा २०१३ सालमा 'कन्नेदान' कथा, एकरातको भेट 'उषा पाउला कि ? कविता २०१४ सालमा 'कथा' शीर्षकको कथा, २०१७ सालमा 'सपना शीर्षकको कविता छन् भने समालोचना'- 'समीक्षा तथा निबन्धप्रबन्धहरूमा', 'संस्कृति २०१३, 'वुद्ध २०१५' जगदीश शमशेरको साहित्य र कला २०१६, मल्लको कालो चश्मा २०१७, गोठाले र कथानक २०१८/१९ छन् ।

वि.सं. २०१८ सालमा प्रगतिशील लेखका हैसियतले प्रगतिशील लेखक सङ्घको सचिव बन्न सफल भएको देखिन्छ । उहाँले राजनीतिकआधारमा कुनै पनि पद ग्रहण गरेको देखिँदैन । उहाँ विद्यार्थी जीवनदेखि नै मार्क्सवादी सिद्धान्तप्रति आकर्षित भएकाले समाजमा भएका अव्यवहारिक तथा रुढीवादी प्रथा परम्परा तथा जातियताको भेद्भावको विरोध गर्ने भएकाले सामाजिक विकासका निम्ति समाजका विभिन्न सङ्घसंस्थाहरूमा आवद्ध भएर सहयोग गरेको देखिन्छ भने विद्यालय क्याम्पस, अस्पताल, बाटोघाटो, मन्दिर, क्लब, चौतारो तथा धार्मिक सङ्घसस्थाका लागि नगद, जिन्सी  तथा भूमि समेत प्रदान गरेको देखिन्छ ।

मानिसमा भएका प्रतिभा तथा क्षमतालाई अगाडि बढाउदै लैजान कहिँ कतैबाट उसको प्रतिभाको हौसला, प्रतिभाको हौसला, सम्मान आदर, सत्कार तथा प्रेरणाले पत्यक्ष अप्रत्यक्ष रूपमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । प्रत्येक मानिसमा आआफ्नै किसिमका रुचि हुन्छन् । जयप्रसाद ढकालले पनि आफ्नो साहित्यकारितालाई पनि अगाडि बढाउन आफ्ना अग्रज तथा साथीभाइको प्रेरणा तथा सहयोगले अहम् भूमिका खेलेको पाइन्छ । बनारसमा अध्ययन गर्दा केही नेपाली उत्साही व्यक्तिहरूमा इतिहासकार बालचन्द्र शर्मा, साहित्यकार डा. तारानाथ शर्मा, भाषाशास्त्री बालकृष्ण पोखरेल, चुडामणि रेग्मीका संगतमा ढकालमा पनि साहित्यिक वातावरणको प्रभाव पर्दै गयो । यीमध्ये पनि ढकालमा साहित्यकारिताको विजारोपण गराउने अग्रज बालचन्द्र शर्मासँगको सम्पर्क उहाँको प्रेरणा र हौसला नै साहित्यकारिताको मूल स्रोत भएको देखिन्छ । उहाँकै देनले गर्दा जयप्रसाद ढकाल वि.सं. २०१३ सालदेखि साहित्यकारितामा लागेर विचमा २४/२५ वर्षको गुप्तवासपछि पुनः साहित्य क्षेत्रमा दत्तचित्त भएर लागिरहनु भएको छ ।

समालोचक जयप्रसाद ढकालको साहित्यिक यात्रालाई उहाँको साहित्यिक प्रवृत्ति र मोडका आधारमा तथा समयको लामो अवधिसम्म निस्कृयताले गर्दा उहाँको साहित्यिक यात्रालाई दुई खण्डमा बाँडेर हेर्न सकिन्छ । वि.सं. २०१३ सालदेखि २०२२ सालसम्मको लगभग एक दशकको अवधिलाई पूर्वाद्ध

मानेर चर्चा गर्न सकिन्छ भने यो अवधिलाई ढकालको साहित्यिक लेखनको अभ्यासिक काल भनिन्छ । यो अवधिमा नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । उहााको पूर्वाद्ध अर्थात २०१३ सालदेखि २०२२ सालका बीचका साहित्यिक रचनाहरू बनारस तथा नेपालबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा छपाएको पाइन्छ । ढकालका पूर्वाद्धका लेखनरचनामा मार्क्सवादी प्रगतिवादी चिन्तनको गहिरो प्रभाव परेको पाइन्छ । ढकालको साहित्यिक यात्राको पूर्वार्द्धकाल साहित्यिक सिर्जनाको उर्वराकाल भनिन्छ । यो अवधिमा ढकालका साहित्यिक रचना हेर्दा उनमा विधागत सचेतता कमै मात्रामा रहेको पाइन्छ । यस चरणका उनका समालोचनाहरूमा पनि सैद्धान्तिक पक्षभन्दा व्यावहारिक पक्षलाई नै बढी जोड दिएको पाइन्छ ।

वि.सं. २०२२ सालपछिको लामो समय अर्थात २०२३ सालदेखि २०४७ सम्मको २४/२५ वर्षको कालखण्डमा ढकालले साहित्यिक गतिविधिबाट पूर्ण विश्राम लिएको देखिन्छ । पारिवारिक र व्यावहारिक विभिन्न समस्याले गर्दा उनले आफ्नो साहित्यिक साधानालाई निरन्तरता दिन नसकेको देखिन्छ । एकातिर देशको शासन व्यवस्था पनि निरङ्कुश तथा सीमित घेराभित्र बसेर साहित्यकारिता गर्नु पर्ने आयो भने प्रशासनको गिद्धेदृष्टि र आफ्नो पारिवारिक र व्यावहारिक समस्याका चापमा पर्दा पर्दै दुई अठाइ दशकपछि २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि २०४८ देखि देखिएको खुला वातावरण ढकालमा पुनः साहित्यिक निर्माणको वातावरण प्राप्त भयो । उहाँका पारिवारिक तथा व्यावहारिक समस्या घटनाहरूको घाउका पनि खाटा बस्दै गइरहेका थिए । समालोचक ढकालको पारिवारिक सहयोग, साथीभाइ तथा शुभचिन्तकहरूको सरसल्लाह र हौसलाले ढकालको अन्तर्निहित साहित्यिक प्रतिभा बहिर प्रस्फुटन हुन गयो भने उहाँको पूर्वाद्ध र उत्तरार्द्धकालको बीचको समयमा गरेको अध्ययनले खारिएर अगाडि बढेको अड्कल गर्न सकिन्छ ।

वि.सं. २०४८ सालपछि हालसम्मको समयलाई ढकालको साहित्यिक यात्रालाई उत्तरार्द्ध मानिन्छ । यस अवधिमा समालोचक ढकाल सिर्जनाभन्दा समालोचनामा नै बढी केन्द्रित भएको देखिन्छ । उनले यो अवधिमा समालोचना मात्र होइन एक दर्जन जति संस्मराणात्मक निबन्ध पनि लेखेका छन् । उनका बढी मात्रामा समालोचनामा कलम चलाएकाले यो चरणको उहाँको पहिलो ग्रन्थ 'साहित्य र संस्कृति' २०५२ नामक पुस्तक प्रकाशित भएको थियो । यस पुस्तकमा पन्ध्रवटा समालोचनात्मक लेखहरू मध्ये ६ वटा पूर्वार्द्धमा आएर ढकालमा वैचारिक स्पष्टता आउनुको साथै उनको लेखनले पनि नयाँ मोड लिएको पाइन्छ । प्रगतिवादी र प्रगतिवादी साहित्यको नौलो व्याख्याबाट उनको दोस्रो चरणको लेखन आरम्भ पाइन्छ ।

यथार्थवादी समालोचक जयप्रसाद ढकालको दोस्रो साहित्यिक कृति 'आधुनिक नेपाली आलोचना' ( २०५७) सालमा प्रकाशित भएको छ । यस कृतिलाई तीन खण्डमा बाँडेर राखिएको छ । यस कृतिलाई तीन खण्डमा बाँडेर राखिएको छ । पहिलो खण्डमा समालोचनातमक लेखहरू छन्, दोस्रो खण्डमा संस्मरणात्मक निबन्ध रहेका छन् भने तेस्रो खण्डमा परिशिष्ट राखिएको छ । यी लेखहरमा ढकालले नेपाली साहित्यमा इतिहासदेखि वर्तमानसम्मको यथार्थतालाई अवलोकन गर्दा पाएको अस्तव्यस्तता र निश्चित मार्ग

नसमातेको साहित्यबाट आफू चिन्तित हुँदै उनका लेखहरू विचारोत्तेजक, छलफल र मननयोग्य छन् भने कतिपय लेखहरू अरु साहित्यकारका विचारसँग फरक दृष्टिकोण रहेको पाइन्छ । नेपाली साहित्यको आधुनिककाल तथा आदिकवि भानुभक्तको विषयमा पनि उनको फरक विचार देखिन्छ भने इतिहास देखि हालसम्म पनि नेपाली साहित्यको सही र यथार्थ इतिहास नलेखिएको भनी गुना सो पनि पोखेका छन् । यथार्थवादी र प्रगतिशील मार्क्सवादी समालोचनाका विषयमा पनि आफ्नो अलगै विचार व्यक्त गरेका छन् । यी उनीबाट आएका विचार दृष्टिकोण तथा टिप्पणीहरू निजी भए पनि यथार्थता पाइन्छ ।

समालोचक जयप्रसाद ढकालको तेस्रो कृति ‘आधुनकि नेपाली पत्रजगत् समीक्षा’ वि.सं. २०५९ सालमा प्रकाशित भएको छ । यो पुस्तक हेर्दा सानो भए पनि चारवटा अध्याय रहेका छन् पहिलो अध्यायमा ‘आधुनिक नेपाली पत्र जगत्, दोस्रो अध्यायमा मेची अञ्चलको संक्षिप्त परिचय र पत्रकारिता तेस्रो अध्यायमा कामना साप्ताहिक पत्रिका सबन्ध समालोचक ढकालका धारणा र चौथो अध्यायमा पत्रकारिता सम्बन्धी विविध जानकारी रहेको छ । वि.सं. २०६५ सालमा समालोचक ढकाली जीवनसङ्गीनी स्व. जया ढकालको स्मृतिमा ‘जीवन स्मारक’ प्रकाशित भएको छ भने तीनवटा कृतिहरू ‘अमेरिका यात्रा विवरण’ स्मृति साहित्य’ र ‘नेपाली साहित्यको इतिहास लेखन सामस्या नामक पुसतकहरू निकट भविष्यमा प्रकाशनधीन अवस्थामा रहेका छन् ।

समालोचक ढकालले उनको साहित्यिक यात्रामा पूर्वार्द्धकालमा साहित्यका कथा र कविता विधामा कलम चलाए पनि दुवै कालको लेखाजोखा गर्दा समालोचना क्षेत्रमा नै उनको बढी योगदान रहेको देखिन्छ । यसरी हेर्दा उनका कृति तथा समालोचनालाई तीन खण्डमा बाँडेर हेर्न सकिन्छ ।

१. केतिकेन्द्रित समालोचना

२. प्रतिभा केन्द्रित समालोचना

३. निबन्ध तथा संस्मरण साहित्यकारिता

उनको कृति केन्द्रित  समालोचनामा नेपाली साहित्यमा ख्याति प्राप्त अथाव स्थापित साहित्यकारहरू जस्तै बालकृष्ण समको नाटक ‘प्रल्हाद’ गोपालप्रसाद रिमालको ‘यो प्रेम’ विजय मल्लको कथा ‘कालो चश्मा’ र ‘भोली के हुन्छ’, ‘नाटकको साहित्यकारिताबाट अध्येता’, पाठक, समाज तथा भावि पुस्तालाई के कस्तो लाभ पुगेको छ । साथै ती कृतिका उद्देश्य र प्रतिफल के कस्तो रहेको छ भनी व्यावहारिक पक्षबाट जोख्ने काम गरेका छन् । यस्तै कवि सरोज ओलीको कविता सङ्ग्रह ‘विद्रोह र मुक्ति’लाई यथार्थपरक ढंगले अवलोकन गरेको पाइन्छ । झापाली साहित्यकार रोहिणी विलास लुईटेलको कवितासङ्ग्रह ‘मेरो मानस’को काव्यात्मक समालोचना गरेका छन् ।

यथार्थवादी समालोचक जयप्रसाद ढकालका दोस्रो वर्गीकरणमा प्रतिभाकेन्द्रित समालोचनामा पनि नेपाली साहित्यका फाँटमा कलम चलाउने स्थापित साहित्यकार तथा अग्रजहरूलाई नै केन्द्रविन्दु बनाएर

समालोचना गर्ने काम गर्नु भएको छ । यी प्रतिभाहरू उनको पहिलो कृतिबाट क्रमशः जगदीश शमशेरको साहित्य र कला, भाषा शास्त्री बालकृष्ण पोखेल, गोविन्दबहादुर गोठाले, आदि कवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्ट कवि शीरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, नाट्यसम्राट बालकृष्ण सम, भीमनिधि तिवारी, कथाकार गोविन्दबहादुर गोठाले विचमा मल्ल, झर्रोवादी यथार्थवादी चूडामणि रेग्मी, डा. ऋषिकेश उपाध्याय, पत्रकार डिल्लीराम निर्भिक, महानन्द सापकोटा आदि साहित्यकाहरूको योगदान तथा साहित्यिक प्रतिभाको मूल्याङ्कनको आधारमा नै समालोचना गरिएको पाइन्छ ।

समालोचक ढकालका साहित्यिक कृतिहरूमा मध्येमा तेस्रो वर्गमा परेका साहित्यिक कृतिहरू बौद्धिक तथा वैचारिक दृष्टिका समीक्षात्मक निबन्धहरू तथा संस्मरणात्मक लेखहर रहेका छन् । यसमा समालोचक ढकालका जीवनमा अविस्मरणीय बनेका सन्दर्भहरूलाई समेटिएको छ । उनका यी सामग्रीहरू पाठक समाज, अनुसन्धानकर्ता, शोधार्थीहरूलाई समेटिएको छ । उहाँका यी सामग्रीहरू पाठक समाज, अनुसन्धानकर्ता, शोधार्थी लगायत नेपाली साहित्यप्रति चारो, सरोकार राख्ने सबैका निम्ति उपयोगी र व्यावहारिक दृष्टिकोणले जोख्ने काम भएको छ भने यथार्थवादी समालोचक जयप्रसाद ढकालले यथार्थ तथा तठस्त रहेर निष्पक्ष ढंगले सैद्धान्तिकभन्दा व्यवहारिक पक्षलाई जोड दिएर समालचेना गरेका छन् । ढकालको तेस्रो कृतिमा नेपाली पत्रकारिताको इतिहासदेखि वर्तमानसम्मको चर्चा गरेका छन् भने आफ्नो गृह अञ्चल अर्थात मेची अञ्चलका चारैवटा जिल्लाको परिचय र पत्रकारिताको परिच दिँदै आफ्ना दृष्टिको राख्नु भएको छ ।

यसरी यथार्थवादी समालोचक जयप्रसाद ढकाल आफ्ना समालोचनामार्फत असम्भव स्वैर काल्पनिक, असंगत, विसङ्गत तथा उत्तरआधुनिक साहित्यले पाठक, अध्येता, समाज, आदि कसैलाई पनि लाभान्वित गर्न सक्दैन त्यसैले त्यस्ता अव्यवहारिक साहित्यलाई सबैले तिरस्कार गर्नुपर्छ भन्ने विचार राख्दै त्यस्ता कृतिको मूल्याङ्कन गर्न भावी पुस्तालाई आग्रह समेत व्यक्त गरेका छन् । ढकालका लेख रचनाहरूलाई तुलनातमक दृष्टिले हेर्दा पूर्वाद्धका लेख रचनाहरू मार्क्सवादी यथार्थवादी धाराबाट प्रभावित रहेका पाइन्छन् भने उनको साहित्यिक यात्राको उत्तरार्द्धका लेख रचनाहरू गैरमार्क्सवादी यथार्थवादी धारामा आएका भेटिन्छन् । उनका लेख रचनाको भाषाशैली, सिल्प उत्तरार्द्धमा परिस्कृत, परिमार्जित, सरल, सहज तथा प्रभाव युक्त किसिमको पाइन्छ ।

समग्रमा समेट्नु पर्दा जयप्रसाद ढकाल नेपाली साहित्यका यथार्थवादी समालोचक हरेक पक्षबाट अध्ययन गर्दा स्पष्टवक्ता, सहयोगी सरल अत्यन्तै अध्ययनशील सहहृदयी नेपाली साहित्य, नेपाली संस्कृति, सामाजिक विकास आदिमा सधै चिन्तनशील भइरहने ढकालका यथार्थवादी तथा व्यावहारिक समालोचनाले नेपाली साहित्य जगतमा प्रभावकारी रूपमा सकारात्मक पार्दै जान्छ भन्ने पूर्ण विश्वास गर्न सकिन्छ ।

## सन्दर्भसामाग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०५०), **पूर्वीय समालोचना सिद्धान्त,** पाँचौ संस्करण, काठमाडौँ : सभ्का प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४८), **पूर्वीय साहित्य सिद्धान्त,** दोस्रो संस्करण, काठमाडौँ : साभ्का प्रकाशन ।

_______________ **व्यक्ति र कृति** (२०५५), चौथो संस्करण, काठमाडौँ : साभ्का प्रकाशन ।

चापागाई, नरेन्द्र (२०५१), **केही सिद्धान्त, केही विश्लेषण**, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४६), **नेपाली कविता भाग चार,** काठमाडौँ : साभ्का प्रकाशन ।

_______________ **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१,** (२०४८), तेस्रो संस्करण, काठमाडौँ : साभ्का प्रकाशन ।

_______________ **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-२,** (२०४९), तेस्रो संस्करण, काठमाडौँ : साभ्का प्रकाशन ।

पोखेल, बालकृष्ण (सम्पा.) (२०४०), **नेपाली बृहत शब्दकोश**, काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, सोमनाथ (२०५६), **शोधकार्य-शोधार्थी,** विराटनगर : स्नातकोत्तर क्याम्पस ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४०) **साभ्का समालोचना चौथो संस्करण**, काठमाडौँ : साभ्का प्रकाशन ।

प्रसाई, नरेन्द्रराज (२०५४), **नेपाली साहित्यका प्रमुख समालोचक**, काठमाडौँ : एकता प्रकाशन ।

बराल, ईश्वर (२०५३), **भ्यालबाट,** छैटौ संस्करण, काठमाडौँ : साभ्का प्रकाशन ।

मिश्रा, शान्तिराम, शर्मा, हिरामणि (२०४४), **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौँ : त्रि.वि.वि. शोधपत्र ।

शर्मा, चिरञ्जीवी, शर्मा निर्मला (२०५४), **शिक्षा मनोविज्ञान,** काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिबयूटर्स ।

शर्मा, तारानाथ (२०२९), **सम र समका कृति**, काठमाडौँ : साभ्का प्रकाशन ।

_______________(सम्पा.) **समसामयिक सभ्का कविता**, (२०४०), काठमाडौँ : साभ्का प्रकाशन ।

शर्मा, बालचन्द्र (२०४८), **नेपाली साहित्यको इतिहास,** तेस्रो संस्करण, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५०) **कथाको विकास प्रक्रिया,** दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज, लुईटेल, खगेन्द्रप्रसाद (२०५२), **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नातकोत्तर कथासङ्ग्रह**, काठमाडौँ : साझा प्रकाशन ।

# विषयसूची


**परिच्छेद एक** १

**शोधपरिचय** १

१.१ शोध शीर्षक १

१.३ शोधकार्यको प्रयोजन १

१.४ विषयपरिचय १

१.५ शोधकार्यको समस्याकथन १

१.६ शोधकार्यको उद्देश्य २

१.७ पूर्वकार्यको समीक्षा २

१.८ शोधकार्यको औचित्य र महत्त्व ५

१.९ शोधकार्यको सीमाङ्कन ५

१.१० शोधविधि ६

१.११ शोधपत्रको रूपरेखा ६

**परिच्छेद दुई** ७

**समालोचक श्री जयप्रसाद ढकालको संक्षिप्त जीवनी** ७

२.१ जयप्रसाद ढकालको पुर्ख्यौली र जन्म ७

२.२ बाल्यकाल ७

२.३ शिक्षादीक्षा ७

२.४ दाम्पत्य र पारिवारिक जीवन ९

२.५ पेशा १०

२.६ आर्थिक अवस्था १०

२.७ प्रेरणा र साहित्यमा संलग्नता १०

२.८ आकाङ्क्षा ११

२.९ दिनचर्या र अभिरुचि १२

२.१० जीवनका आरोहअवरोह १२

२.११ साहित्यिक कृति तथा सिर्जना १३

२.१२ सम्मान तथा पुरस्कार १५

२.१३ भ्रमण १६
२.१४ सङ्घ संस्थामा आबद्धता १६
२.१५ जीवनका आनन्द तथा दु:खका क्षण १७

**परिच्छेद तीन** १९
**जयप्रसाद ढकालको कृतित्वको अध्ययन** १९
३.१ जयप्रसाद ढकालको साहित्ययात्रा र प्रवृत्ति १९
३.१.१ पूर्वार्द्ध (२०१३-२०२२) १९
३.१.२ उत्तरार्द्ध (२०४८-हालसम्म) २०
३.२ जयप्रसाद ढकालका कविता कृतिको अध्ययन २४
३.२.१ उषा पाउला कि ? २५
३.२.२ एकरातको भेट २६
३.२.३ सपना २७
३.३ जयप्रसाद ढकालको कथाकृतिको अध्ययन २८
३.३.१ कन्नेदान २८
३.३.२ कथा २९
३.४ जयप्रसाद ढकालको संस्मरण साहित्य ३०

**अध्याय चार** ३१
**साहित्य संस्कृति** ३१
४.१ कृतिगत परिचय ३१
४.२ साहित्य र सैद्धान्तिक समालोचना ३१
४.२.१ प्रगतिवाद एक दृष्टि ३१
४.२.(ख) नेपाली साहित्यको स्वर्ण युग ३५
४.२. (ग) साहित्यिक समस्या ३८
४.३ व्यक्ति र कृति समालोचना ४०
४.३ (क) जगदीश शमशेरको साहित्य र कला ४०
४.३ (ख) मल्लको कालो चश्मा (गगल्स) ४२
४.३ (ग) बालकृष्ण पोखरेल : नेपाली भाषा र साहित्य (२०२२) ४३
४.३ (घ) कथाकार गोठाले र कथानक ४४
४.३ (ङ) रिमालको नाटक यो प्रेम: ५२

| | |
|---|---|
| ४.३ (च) नाटक तथा एकाङ्कीमा गोविन्द गोठाले | ५३ |
| ४.३ (छ) भोलि के हुन्छ ? विजय मल्ल | ५६ |
| ४.३ (ज) मल्लको नाटक एक चर्चा | ५७ |
| ४.३ (झ) पूर्ववर्ती आधुनिक नाटककार सम | ६० |
| ४.३ (ञ) विष्णुभक्त प्रह्लाद | ६५ |
| ४.४ संस्कृति र इतिहास केन्द्रित समालोचना | ६७ |
| ४.४.१ संस्कृति | ६७ |
| ४.४.२ बुद्ध | ६९ |
| **अध्याय पाँच** | ७२ |
| **आधुनिक नेपाली आलोचना** | ७२ |
| ५.१ कृतिगत परिचय | ७२ |
| ५.२ समालोचना | ७२ |
| ५.२.१ सैद्धान्तिक समालोचना | ७२ |
| ५.२.२ (क) साहित्य : इतिहास र चर्चा | ७२ |
| ५.२.२.(ख) आधुनिक साहित्य यथार्थ अयथार्थ दृष्टि | ७७ |
| ५.२.२. (ग) व्यावहारिक समालोचना | ८२ |
| ५.२.२ (ग) अ. भानुः आदिकवि र आधुनिकताको प्रसङ्गमा | ८२ |
| ५.२.२. (ग) आ. युवाकवि मोतीराम भट्ट | ८४ |
| ५.२.२. (ग)इ. लेखनाथका काव्य भाषामा रूप र अर्न्तवस्तु | ८६ |
| ५.२.२. (ग)ई देवकोटा र स्वच्छन्दतावाद | ८८ |
| ५.२.२ (ग)ऊ. कविताको संसारमा सिद्धिचरण | ९३ |
| ५.२.२. (ग)ऊ कथाकार : विश्वेश्वर गोठाले भिक्षु र कथानक | ९६ |
| ५.२.२. (ग)ए. रोहिणीविलासको मेरो मानस | ९७ |
| ५.२.२. (ग)ऐ. ऋषिकेशको मूल्याङ्कन किन ? | ९८ |
| ५.२.२. (ग)ओ. झर्रोवाद-यथार्थवाद र रेग्मी | १०० |
| ५.३. ऐतिहासिक समालोचना | १०२ |
| ५.३.१ (क) के बृहत नेपाली साहित्य सम्मेलन २०५१ सफल छ ? | १०२ |
| ५.३.२ मेची अञ्चलको साहित्य विवेचना | १०४ |
| ५.४ सस्मरणात्मक संरचना | १०६ |

५.४.१ पण्डित धरणिधर : एक राष्ट्रवादी १०६
५.४.२ महानन्द सापकोटा स्वच्छन्दतावादको प्रवर्तक १०७
५.४.३ भीमनिधि : स्वर्णयुगका प्रतिनिधि साहित्यकार ११०
५.४.४ महिमायुक्त काशी र स्वर्गीय काशी बहादुर श्रेष्ठ १११
५.४.५ नामसालिङ्ग : वर्णकालदेखि स्वर्णजयन्तीसम्म ११२
५.परिशिष्ट ११३
५.५ विविध विषयसाग सम्बन्धित ११३
५.५.१. परिशिष्ट शनिश्चरे प्रकाशन विमोचन समारोह ११३
५.५.२. नरहरि यतिको जापान यात्रा ११४
५.५.३ समकालीन साहित्य हेर्दा ११६
५.५.४ लेखक परिचय ११६

अध्याय छ ११७
६. आधुनिक नेपाली पत्रजगत् समीक्ष ११७
उपसंहार
सन्दर्भसामग्रीसूची